अपदिश ३-८, विदिश् २ [दिशाको-माझ-(आग्नेय-वायव्य-ईशान-नैर्ऋत्य)-का नाम] ॥ ५ ॥ अभ्यन्तर ३, अन्तराल ३ [२ सामान्य-माझका नाम] चक्रवाल ३, मण्डल ३ [बाटुला-घेराका नाम] अभ्र ३, मेघ १, वारिवाह १, स्तनयित्नु १, बलाहक १, ॥ ६ ॥ धाराधर १, जलधर १, तडित्वत् १, वारिद १, अम्बुभृत् १, घन १, जीमूत १, मुदिर १, जलमुच् १, धूमयोनि १, [१५ मेघ(बादल)का नाम] ॥ (व) ॥ ७॥ कादम्बिनी २, मेघमाला २ [२ मेघका-पङ्क्ति(लश्कर)को नाम] मेघभवे अभ्रियं त्रिषु (मेघमा-भयेका-वस्तुलाई-कहँदा विशेष्यवाचकशब्दका-अनुसार अभ्रियशब्द तीनैलिङ्गमा रहनशक्तछ) अभ्रिय ७ [१ मेघमा-भयेका-वस्तुको नाम] अभ्रियः ध्वनिः (मेघमा-भयेको-आवाज) । अभ्रिया शोभा (मेघमा-भयेकी-शोभा) ।

(ल) दिग्-देवता-ग्रह-गजहरुको विन्यास

ऐशानीविदिक्	प्राचीदिक्	आग्नेयीविदिक्
ईशानः	इन्द्रः	अग्निः
गुरुः	रविः	शुक्रः
सुप्रतीकः, अञ्जनावती	ऐरावतः, अभ्रमुः	पुण्डरीकः, कपिला
उत्तरादिक्, कुबेरः, बुधः, सार्वभौमः, अङ्गना		दक्षिणादिक्, यमः, भौमः, वामनः, पिङ्गला
कुमुदः, अनुपमा	अञ्जनः, ताम्रकर्णी	पुष्पदन्तः, शुभ्रदन्ती
राहुः	शनिः	चन्द्रः
निर्ऋतिः	वरुणः	वायुः
नैर्ऋतीविदिक्	पश्चिमादिक्	वायवीविदिक्

(व) (१) जलवाचकशब्ददेखी परतिर कप्रत्यान्तदानार्थकदाधातु(द), (२) अण्प्रत्ययान्तधारणार्थक-वहधातु(वाह), (३) क्विप्प्रत्ययान्त-मोचनार्थक-मुचधातु(मुच्), जोरेमा पनि

१७४ शम्पा शतह्रदाह्लादिन्यैरावत्यः क्षणप्रभा ।
१७५ तडित् सौदामनी विद्युच्चञ्चला चपला अपि ॥९॥
१७६ स्फूर्जथुर्वज्रनिर्घोषो मेघज्योतिरिरम्मदः ।
१७७ इन्द्रायुधं शक्रधनुस्तदेव ऋजुरोहितम् ॥१०॥
१७८ वृष्टिर्वर्षं तद्विघातेऽवग्राहाऽवग्रहौ समौ ।
१७९ धारासंपात आसारः शीकरोऽम्बुकणाः स्मृताः ॥११॥
१८० वर्षोपलस्तु करका मेघच्छन्नेऽह्नि दुर्दिनम् ।
१८१ अन्तर्धा व्यवधा, पुंसि त्वन्तर्धिरपवारणम् ॥१२॥
१८२ अपिधानतिरोधानपिधानाऽऽच्छादनानि च ।
१८३ हिमांशुश्चन्द्रमाश्चन्द्र इन्दुः कुमुदबान्धवः ॥१३॥
१८४ विधुः सुधांशुः शुभ्रांशुरोषधीशो निशापतिः ।
१८५ अब्जो जैवातृकः सोमो ग्लौर्मृगाङ्कः कलानिधिः ॥१४॥

अभ्रियं-जलम् (मेघमा-भयेको-जल) इत्यादि ॥ स्तनित ३ गर्जित ३ रसित ३ [३ मेघका-गर्जनको नाम] आदिपदले ध्वनित ३, ह्राद १, रास १, इत्यादिशब्दपनि मेघगर्जनवाचक हुन् भनि जान्नुपर्दछ। शम्पा २, शतह्रदा २, ह्रादिनी २, ऐरावती २, क्षणप्रभा २, तडित् २, सौदामनी २, (सौदामिनी २) विद्युत् २, चञ्चला २, चपला २, [१० विजुलीका नाम] ॥ ९ ॥

स्फूर्जथु १, वज्रनिर्घोष १, [२ वज्रपर्दा-चट्कनाका नाम] मेघज्योतिस् ३, इरम्मद १, [२ वज्रका-अग्निका नाम] इन्द्रायुध ३ शक्रधनुष् ३ [२ बाङ्गो-इन्द्रयाणीका नाम] ऋजु (सोझो-भयेको) तदेव (तेही-इन्द्रयाणी) रोहितम् (रोहित कहिन्छ) रोहित ३ [१ सोझो-इन्द्रयाणीको नाम] ॥ १० ॥ वृष्टि २, वर्ष ३, [२ वृष्टिका नाम] तद्विघाते (वृष्टिको-रोकावटलाई-कहँदामा) अवग्राहाऽवग्रहौ (अवग्राह,-र-अवग्रहशब्द प्रयोग गरिन्छन्) तौ समौ (ती २ शब्द समानार्थक समानलिङ्ग छन्) अवग्राह १, अवग्रह १, [२ खडेरीका नाम] धारासंपात १, आसार १ [२ धारोलागेर-पानीपर्नाका (गाढवृष्टिका) नाम] शीकर १ (सीकर १) [१ पानीका-छीटाको नाम] ॥ ११ ॥ वर्षोपल १, करका २ [२ असिनाका नाम] दुर्दिन ३, [१ बादललागेर-अँध्यारो-भएका-दिनको नाम] अन्तर्धा २, व्यवधा २, अन्तर्धि १, अपवारण ३ ॥ १२ ॥ अपिधान ३, तिरोधान ३, पिधान ३, आच्छादन ३, [८ ढाक्नु-छोप्नुका नाम] हिमांशु १, चन्द्रमस् १, चन्द्र १, इन्दु १, कुमुदबान्धव १, ॥ १३ ॥ विधु १, सुधांशु १, शुभ्रांशु १, ओषधीश १, निशापति १, अब्ज १, जैवातृक १, सोम १, ग्लौ १, मृगाङ्क १, कलानिधि १, ॥ १४ ॥ द्विजराज १,

---

मेघको नाम हुन्छ, जस्तै—(१) तोयदः, जलदः, अम्बुदः, । (२) तोयवाहः, जलवाहः, अम्बुवाहः । (३) तोयमुक्, अम्बुमुक्, पयोमुक् । इत्यादि ।

१८६ द्विजराजः शशधरो नक्षत्रेशः क्षपाकरः ।
१८७ कला तु षोडशो भागो बिम्बोऽस्त्री मण्डलं त्रिषु ॥१५॥
१८८ भित्तं शकलखण्डे वा पुंस्यर्धोऽर्धं समेंऽशके ।
१८९ चन्द्रिका कौमुदी ज्योत्स्ना प्रसादस्तु प्रसन्नता ॥१६॥
१९० कलङ्काङ्कौ लाञ्छनं च चिह्नं लक्ष्म च लक्षणम् ॥
१९१ सुषमा परमा शोभा शोभा कान्तिर्द्युतिश्छविः ॥१७॥
१९२ अवश्यायस्तु नीहारस्तुषारस्तुहिनं हिमम् ।
१९३ प्रालेयं मिहिका चाऽथ हिमानी हिमसंहतिः ॥१८॥

शशधर १, नक्षत्रेश १, क्षेपाकर १, [२० चन्द्रमाका नाम] ॥ (श) ॥

कला २ [१ चन्द्रमण्डलको-सोह्रौं-हिस्साको नाम] बिम्ब ५ मण्डल ७ [२ सूर्यचन्द्रप्रभृतिका-मण्डलको नाम] ॥ १५ ॥ भित्त ३, शकल ५, खण्ड ५, अर्ध १, [४ टुकुरा(खंड-हिस्सा)का नाम] समे अंशके अर्धम् (अर्द्धम्) (बराबरभयेका-आधा-भागलाई-कहँदा, अर्ध(अर्द्ध)शब्द नपुंसकलिङ्गी हुन्छ) अर्ध(र्द्ध) ३ [१ आधाको नाम] अर्धः पटस्य (कपडाको टुकुरा) । अर्धम् पटस्य(कपडाको आधाभाग) इत्यादि-रूपले अर्धशब्दको रूप हेरेर अर्थ बुझ्नु-पर्छ । चन्द्रिका २, कौमुदी २, ज्योत्स्ना २, [३ चन्द्रिका(जुन्)का नाम] प्रसाद १, प्रसन्नता २, [२ निर्मलता(स्वच्छता)का नाम] ॥ १६ ॥ कलङ्क १, अङ्क १, लाञ्छन ३ [३ कलङ्क(दाग)का नाम] चिह्न ३ लक्ष्मन् ३ लक्षण ३ [३ चिह्नानी(चिह्न)का नाम] सुषमा २ [१ उत्त-मोत्तमशोभाको नाम] शोभा २ (अभिख्या २) कान्ति २, द्युति २, छवि २, [४ शोभा-सामान्यका नाम] अवश्याय १, नीहार १, तुषार १, तुहिन ३, हिम ३, प्रालेय ३, मिहिका २ (महिका २) [७ हिउँका नाम] ॥ (ष) ॥ हिमानी २ हिमसंहति २ [२ हिउँका-थुप्राका नाम] ॥ १८ ॥

(श) (१) [1]अमृत, [2]श्वेत, [3]शीतवाचकशब्ददेखी परतिर किरणवाचकशब्द, (२) [1]रात्रि, [2]नक्षत्रवाचकशब्ददेखी परतिर स्वामिवाचकशब्द जोरेमा पनि चन्द्रमाको नाम हुन्छ, जस्तै—

(१) (१) पीयूषमयूखः, सुधाकरः, अमृतकिरणः । (२) धवलांशुः, सितकिरणः, अवदातदीधितिः । (३) हिमकरः, शीतांशुः, शिशिररश्मिः इत्यादि ।

(२) (१) निशानाथः, निशीथिनीदयितः, रजनीपतिः । (२) ताराधीशः, ऋक्षपतिः, उडुनाथः इत्यादि ।

(ष) यहाँ अवश्याय-आदिगरेका (सातै) शब्द गतानुगतिकरीतिले हिउँका नाम भनि लेखियो ता पनि वाचस्पत्यप्रभृति-बृहत्कोशमा नीहारशब्दका-पर्यायमा कुज्झटि २ कुज्झटी २ कुज्झटिका २ ई ३ शब्द दियेको-हुनाले अवश्याय १ नीहार १ कुज्झटि २ कुज्झटिका २ कुज्झटी २ [५ कुहिरा(हुस्सू)का नाम] हुन् भनि बुझ्नु-पर्दछ ।

१९४ शीतं गुणे, तद्वदर्थाः सुषीमः शिशिरो जडः ।
१९५ तुषारः शीतलः शीतो हिमः सप्ताऽन्यलिङ्गकाः ॥१९॥
१९६ ध्रुव औत्तानपादिः स्यादगस्त्यः कुम्भसंभवः ।
१९७ मैत्रावरुणिरस्यैव लोपामुद्रा सधर्मिणी ॥२०॥
१९८ नक्षत्रमृक्षं भं तारा तारकाऽप्युडु वा स्त्रियाम् ।
१९९ दाक्षायण्योऽश्विनीत्यादितारा अश्वयुगश्विनी ॥२१॥

गुणे (शीतस्पर्शरूप-गुणलाई-कहँदामा) शीतम् (शीतशब्द नपुंसकलिङ्गी रहन्छ) । ॥(स)॥ शील ३ [१ शीतगुण(केवलशीतस्पर्श)को नाम] तद्वदर्थाः (शीतस्पर्श-भयेका(शीतगुणी) वस्तुलाईबुझाउने) सुषीमः शिशिरः जडः तुषारः शीतलः शीतः हिमः एते सप्त अन्यलिङ्गकाः (सुषीम, शिशिर, जड, तुषार, शीतल, शीत, हिम, ई ७ शब्द अन्यलिङ्गी (शीतगुणीवस्तुका-वाचकशब्दको-जुन्-लिङ्गछ,-तेही-लिङ्गमा रहने अर्थात् विशेष्यनिघ्नलिङ्गी छन्) सुषीम ७, शिशिर ७, जड ७, तुषार ७, शीतल ७, शीत ७, हिम ७, [७ चीसा-वस्तुका नाम] ॥१९॥ ध्रुव १, औत्तानपादि १, [ध्रुवताराका नाम] अगस्त्य १, (अगस्ति १) कुम्भसंभव १, मैत्रावरुणि १, [३ अगस्त्यमुनिका नाम] ॥(ह)॥ अस्यैव (इनै-अगस्त्यकी) सहधर्मिणी (पत्नी जोछिन्सो) लोपामुद्रा (लोपामुद्रा कहिन्छन्) लोपामुद्रा २ [१ अगस्त्यपत्नीको नाम] ।

नक्षत्र ३, ऋक्ष, भ ३, तारा २, तारा का २, उडु ६ [६ नक्षत्र (सामान्य तारा) का नाम] अश्विन्यादि ताराः (अश्विनी-भरणी-आदि गरेका २७ तारा जो छन्सो) दाक्षायण्यः (दाक्षायणी कहिन्छन्) दाक्षायणी २, [१ अश्विन्यादि २७ ताराको

(स) अर्थात् शीतशब्द गुणलाई-कहँदा नित्यनपुंसकलिङ्गी छ, गुणीलाई-कहँदा गुणिवाचक-शब्दको-जुन्-लिङ्ग-राखियेको छ, त्यहीलिङ्गमा रहन्छ । जस्तै—

३ शीतं वरीवर्ति निशान्तकाले	विहानीपख शीत खूब रहन्छ	गुणलाई कहँदा-क्लीवलिङ्ग छ
१ शीतः सरीसर्ति समीरणोऽपि	चीसो-हावा-पनि खूब चल्दछ	वायुकोविशेषणहुँदा पुंलिङ्ग छ
२ शीता नरीनर्ति जगत्त्रयी किं ?	चीसोभएकी त्रिलोकी नाच्छेकी ?	त्रयीकोविशेषणहुँदा स्त्रीलिङ्ग छ
३ शीतंचरी कर्ति न सद्म सौख्यम्	चीसोभयेको घर सुख दिदैन	सद्मकोविशेषण-हुँदा क्लीव-लिङ्ग छ

शीतहिमशब्दवाहेक-सुषीम-आदिगरेका-५शब्द केवल-गुणवाचक छदै-छैनन् गुणिवाचकछन् । ती ५ शब्दका लिङ्ग पनि गुणिवाचक-शीतशब्दका-जस्तै हुन्छन्, हेक्का राख्नु पर्दछ । हेम-शब्द हिउँलाई र शीतगुणलाई कहँदा नित्यनपुंसक छ, चीसोवस्तुलाई कहँदा विशेष्य-निघ्न छ ।

(ह) ई-अगस्त्यमुनि ताराकोरूपले भाद्रमहिनाका-आखोरमा दक्षिण-पट्टी उदाउँछन्, नेपाली-कृषिजीवीहरु त्यो-तारालाई पठुवा-तारा भन्दछन् । ई-उदाये-पछि पृथ्वीको धमिलोजल सङ्लो हुन्छ ।

२०० राधा विशाखा पुष्ये तु सिध्यतिष्यौ श्रविष्ठया ।
२०१ समा धनिष्ठा स्युः प्रोष्ठपदा भाद्रपदाः स्त्रियः ॥२२॥
२०२ मृगशीर्षं मृगशिरस्तस्मिन्नेवाग्रहायणी ।
२०३ इल्वलास्तच्छिरोदेशे तारका निवसन्ति याः ॥२३॥
२०४ बृहस्पतिः सुराचार्यो गीर्पतिर्धिषणो गुरुः ।
२०५ जीव आङ्गिरसो वाचस्पतिश्चित्रशिखण्डिजः ॥२४॥
२०६ शुक्रो दैत्यगुरुः काव्य उशना भार्गवः कविः ।
२०७ अङ्गारकः कुजो भौमो लोहिताङ्गो महीसुतः ॥२५॥

नाम]॥ (अ)॥ अश्वयुज् २ अश्विनी २ [२ अश्विनीतारा(नक्षत्र)का नाम] ॥ २१ ॥ राधा २ विशाखा २ [२ विशाखाताराका नाम] पुष्य १, सिध्य १, तिष्य १, [३ पुष्यका नाम] श्रविष्ठा २ ॥ २ धनिष्ठा २ [२ धनिष्ठाका नाम] प्रोष्ठपदा २ [१ पूर्वभाद्रको नाम] भाद्रपदा २ [१ उत्तरभाद्रको नाम]॥ (आ) ॥ २२ ॥ मृगशीर्ष ३ मृगशिरस् ३, तस्मिन् एव (त्यसैलाई कहँदामा) आग्रहायणी २ (आग्रहायणी-शब्द-पनि प्रयोग गरिन्छ) [३ मृगशिराका नाम] तच्छिरोदेशे (मृगशिरा-भन्दा-माथी) याः तारकाः (जो तारा) निवसन्ति (रहन्छन्) ताः इल्वलाः (ती इल्वला कहिन्छन्) इल्वला २, (इन्वका २) [१ मृगशिराभन्दा-माथी-रहने-५ तारा-(गुजमुजेतारा)का नाम] ॥ २३ ॥

बृहस्पति १, सुराचार्य १, गीर्पति १॥, (गीँ̥पति १, गीःपति) धिषण १, गुरु १, जीव १, आङ्गिरस १, वाचस्पति १ चित्रशिखण्डिज १, [९ बृहस्पतिका नाम]॥ (इ) ॥२४॥ शुक्र १, दैत्यगुरु १, काव्य १, उशनस् १, भार्गव १, कवि १, [६ शुक्राचार्यका नाम] अङ्गारक १, कुज १, भौम १, लोहिताङ्ग १, महीसुत १,

---

(अ) अश्विन्यादि २७ ताराका नाम

अश्विनी १ । भरणी २ । कृत्तिका ३ । रोहिणी ४ । मृगशिरा ५ । आर्द्रा ६ । पुनर्वसु ७ । पुष्य ८ । आश्लेषा ९ । मघा १० । पूर्वफाल्गुनी ११ । उत्तरफाल्गुनी १२ । हस्त १३ । चित्रा १४ । स्वाति १५ । विशाखा १६ । अनुराधा १७ । ज्येष्ठा १८ । मूल १९ । पूर्वाषाढा २० । उत्तराषाढा २१ । श्रवण २२ । धनिष्ठा २३ । शतभिषा २४ । पूर्वभाद्र २५ । उत्तरभाद्र २६ । रेवती २७ ।

(आ) प्रोष्ठपदा-र भाद्रपदा दुवैशब्द पूर्वभाद्र-र-उत्तरभाद्रलाई कहँन्छन्, दुवैशब्द बहुवचनान्त हुन् भनी कोही भन्दछन् ।

(इ) (१) वचनवाचक-शब्ददेखी परतिर पतिशब्द, (२) देववाचकशब्ददेखी परतिर गुरुवाचक-शब्द राखेमा बृहस्पतिको नाम हुन्छ, जस्तै—

(१) वाक्पतिः, वाणीपतिः, भारतीपतिः इत्यादि ।

(२) त्रिदशदेशिकः, अमरगुरुः, विबुधगुरुः, इत्यादि ।

(॥) गीर्पतिः, गीँ̥पतिः, गीःपतिः यस्ता ३ रूप ठीक हुन्, गीष्पतिः यस्तोरूप प्रामाणिक होइन ।

२०८ रोहिणेयो बुधः सौम्यः समौ शौरिशनैश्चरौ ।
२०९ तमस्तु राहुः स्वर्भानुः सैंहिकेयो विधुन्तुदः ॥२६॥
२१० सप्तर्षयो मरीच्यत्रिमुखाश्चित्रशिखण्डिनः ।
२११ राशीनामुदयो लग्नं ते तु मेषवृषादयः ॥२७॥
२१२ सूरसूर्यार्यमादित्यद्वादशात्मदिवाकराः ।
२१३ भास्कराहस्करब्रध्नप्रभाकरविभाकराः ॥२८॥
२१४ भास्वद्विवस्वत्सप्ताश्वहरिदश्वोष्णरश्मयः ।
२१५ विकर्तनार्कमार्तंडमिहिरारुणपूषणः ॥२९॥
२१६ द्युमणिस्तरणिर्मित्रश्चित्रभानुर्विरोचनः ।
२१७ विभावसुर्ग्रहपतिस्त्विषांपतिरहर्पतिः ॥३०॥
२१८ भानुर्हंसः सहस्रांशुस्तपनः सविता रविः ।
२१९ "पद्माक्षस्तेजसांराशिश्छायानाथस्तमिस्रहा ।
२२० कर्मसाक्षी जगच्चक्षुर्लोकबन्धुस्त्रयीतनुः ॥१॥
२२१ प्रद्योतनो दिनमणिः खद्योतो लोकबान्धवः ।
२२२ इनो भगो धामनिधिश्चांशुमाल्यब्जिनीपतिः" ॥२॥

[५ मङ्गलका नाम] ॥२५॥ रौहिणेय १, बुध १, सौम्य १, [३ बुधका नाम] शौरि १, (सौरि १) (सौर १, शौर १, शनि १) शनैश्चर १, [२ शनैश्चरका नाम] तमस् ३ (तम १), राहु १, स्वर्भानु १, सैंहिकेय १, विधुन्तुद १, [५ राहुका नाम] ॥२६॥ मरीच्यत्रिमुखाः सप्त ऋषयः चित्रशिखण्डिनः (मरीचि-अत्रि-आदि गरेका-सात-ऋषि चित्रशिखण्डी कहिन्छन्) चित्रशिखण्डिन् १ [७ मरीचि, अङ्गिरा, अत्रि, पुलस्त्य, पुलह, क्रतु, वसिष्ठ, ई ७ ऋषिको नाम ॥ (ई) ॥

राशीनाम् (१२ राशिको) उदयः (उदय जो छ सो) लग्नम् (लग्न कहिन्छ) लग्न ३ [१ तत्तत् लग्न(लगन्)को नाम] ते तु मेषवृषादयः (तीलग्न मेष, वृष, आदिगरेका मिथुन, कर्कट, सिंह, कन्या, तुला, वृश्चिक, धनु, मकर, कुम्भ, मीन, सहित) १२ छन् ॥२७॥ सूर १, (शूर १) सूर्य १, अर्यमन् १, आदित्य १, द्वादशात्मन् १, दिवाकर १, भास्कर १, अहस्कर १, ब्रध्न १, प्रभाकर १, विभाकर १, ॥२८॥ भास्वत् १, विवस्वत् १,, सप्ताश्व १, हरिदश्व १, उष्णरश्मि १, विकर्तन १, अर्क १, मार्तंण्ड १, (मार्ताण्ड १) मिहिर १, अरुण १, पूषन् १, ॥२९॥ द्युमणि १, तरणि १, मित्र १, चित्रभानु १, विरोचन १, विभावसु १, ग्रहपति १, त्विषांपति १, अहर्पति १, ॥३०॥ भानु १, हंस १, सहस्रांशु १, तपन १, (तापन १) सवितृ १, रवि १, "पद्माक्ष १, तेजसांराशि १, छायानाथ १, तमिस्रहन् १, कर्मसाक्षिन् १, जगच्चक्षुस् १, लोकबन्धु १, त्रयीतनु १, ॥ १ ॥ प्रद्यातन १, दिनमणि १, खद्योत १,

---

(ई) मरीचिरङ्गिरा अत्रिः पुलस्त्यः पुलहः क्रतुः ।
ऋषयोऽमी वसिष्ठश्च ज्ञेयाश्चित्रशिखण्डिनः ॥

२२३ माठरः पिङ्गलोदण्डश्चण्डांशोः पारिपार्श्विकाः ॥३१॥
२२४ सूरसूतोऽरुणोऽनूरुः काश्यपिर्गरुडाग्रजः ।
२२५ परिवेषस्तु परिधिरुपसूर्यकमण्डले ॥३२॥
२२६ किरणोस्रमयूखांशुगभस्तिघृणिरश्मयः ।
२२७ भानुः करो,मरीचिः स्त्रीपुंसयो,दीधितिः स्त्रियाम् ॥३३॥
२२८ स्युः प्रभारुग्रुचिस्त्विड्भाभाश्छविद्युतिदीप्तयः ।
२२९ रोचिः शोचिरुभे क्लीबे प्रकाशो द्योत आतपः ॥३४॥

लोकबान्धव १, इन १, भग १, धामनिधि १, अंशुमालिन् १, अब्जिनीपति १," [५४ सूर्यका नाम] ॥ (उ) ॥ २ ॥

माठरः, पिङ्गलः, दण्डः, (ई ३ जोछन्सो) चण्डांशोः (सूर्यका) पारिपार्श्विकाः (वरिपरिरहने-सेवक हुन्) माठर १, पिङ्गल १, दण्ड १, [३ सूर्यका-पार्श्ववर्ती-सेवकका नाम] ॥ (ऊ) ॥ ३१ ॥ सूरसूत १, अरुण १, अनूरु १, काश्यपि १, गरुडाग्रज १, [५ सूयंका-सारथिका नाम] परिवेष १, परिधि १, उपसूर्यक ३, मण्डल ३, [४ सूर्यका-वरीपरी-कहिलेकाहीं-लाग्ने-मण्डल(घेरा)का नाम] ॥ (ऋ) ॥३२॥ किरण १, उस्र १, मयूख १, अंशु १, गभस्ति १, घृणि १, रश्मि १ (वृष्णि १) भानु १, कर १, मरीचि ४, दीधिति २, [११ किरणका नाम] ॥ ३३ ॥ प्रभा २, रुच् २, रुचि २, त्विष् २,

(उ) (१) दिनवाचकशब्ददेखी परतिर मणिशब्द, (२) [१]दिनवाचकशब्द, [२]कमलिनीवाचकशब्द, [३]ग्रहशब्द, [४]छायाशब्द, [५]संज्ञाशब्द-देखी परतिर पतिवाचकशब्द, (३) सहस्रशब्ददेखी परतिर किरणवाचकशब्द, (४) सप्तशब्ददेखी परतिर अश्ववाचकशब्द राखेमा सूर्यको नाम हुन्छ, जस्तै —

(१) वासरमणिः, अहर्मणिः । (२) [१]दिनपतिः, [१]वासरपतिः। [२]सरोजिनीदयितः, [२]कमलिनीवल्लभः। [३]ग्रहाधीशः, [३]ग्रहपरिवृढः। [४]छायापतिः, [४]छायानायकः। [५]संज्ञावल्लभः, [५]संज्ञाधवः। (३) सहस्रकिरणः, सहस्रमयूखः। (४) सप्तसप्तिः, सप्ततुरगः, इत्यादि।

(ऊ) सूर्यकावायाँ-पट्टी दण्ड-नाम लियेर दण्डकर्ता भइकन इन्द्र रहन्छन्, दाहिनेपट्टी पिङ्गलनाम-भयेका अग्नि रहन्छन्, इन्लाई वामन पनि भन्दछन्, यमराज-पनि माठर नाम लियेर दाहिने-पट्टीनै रहन्छन् ।

शक्रोऽस्य वामपार्श्वे तु दण्डाख्यो दण्डनायकः ।
वह्निस्तु दक्षिणे पार्श्वे पिङ्गलो वामनश्च सः ।
यमोऽपि दक्षिणे पार्श्वे भवेन्माठरसंज्ञया ।

(ऋ) उपसूर्यक भन्नाले सूर्यका-वरीपरी-लाग्ने भन्ने अर्थ बुझिन्छ ता पनि, त्योशब्द उपलक्षक हुनाले अन्यत्र-वरीपरीलाग्ने-मण्डललाई पनि परिवेष, परिधि, उपसूर्यक, मण्डल भन्नुपर्दछ । चन्द्रमामा-लाग्ने-मण्डललाई पनि श्रीहर्षमहाकविले नैषधकाव्यमा परिवेष भनेका छन् ।

तदोजसस्तद्यशसः स्थिताविमौ वृथेति चित्ते कुरुते यदा यदा ।
तनोति भानोः परिवेषकैतवात् तदा विधिः कुण्डलनां विधोरपि ॥

२३० कोष्णं कवोष्णं मन्दोष्णं कदुष्णं त्रिषु तद्वति ।
२३१ तिग्मं तीक्ष्णं खरं तद्वन्मृगतृष्णा मरीचिका ॥३५॥

इति दिग्वर्गः ॥३॥

भा २, भास् २, छवि २, द्युति २, दीप्ति २, रोचिस् ३, शोचिस् ३ [११ कान्तिका नाम] प्रकाश १, द्योत १, आतप १, [३ आतप(घाम)का नाम] ॥ ३४ ॥ कोष्ण ७, कवोष्ण ७, मन्दोष्ण ७, कदुष्ण ७, [४ मन्ताता वस्तुका नाम] तिग्म ७, तीक्ष्ण ७, खर ७, [३ साह्रैताता-वस्तुका नाम] मृगतृष्णा २, मरीचिका २ [२ मृग-तृष्णाका(*) नाम] ॥ ३५ ॥

इति दिग्वर्गः ॥३॥

(*) वालुवैवालुवाभएका-मैदानमा घाम-र-जुन्-लागेका-वेलामा टाढावाट हेर्दा पानी-टल्केजस्तो देखिन्छ, प्यासले-व्याकुल-भयेका-मृगहरू त्यतैतिर दौडेर पुग्दछन्, त्यहाँ पानी पाउदैनन्, अनि टाढाहेर्दा उस्तै देख्तछन् र फेरी उतै दौडन्छन्, एवं-रीत्या दौड्दादौड्दैमा तिन्को जिन्दगी खतं हुन्छ, मर्छन् । मृगहरूलाई झुक्याउने त्यो-वालुवामा-टल्केको-तेज मृगतृष्णा र मरीचिका भनिन्छ ।

२३२ कालो दिष्टोऽप्यनेहाऽपि समयोऽप्यथ पक्षतिः ।
२३३ प्रतिपद् द्वे इमे स्त्रीत्वे तदाद्यास्तिथयो द्वयोः ॥१॥
२३४ घस्रो, दिनाहनी, वा तु क्लीबे दिवसवासरौ, ।
२३५ प्रत्यूषोऽहर्मुखं कल्यमुषः प्रत्युषसी अपि ॥२॥
२३६ "व्युष्टं विभातं द्वे क्लीबे पुंसि गोसर्ग इष्यते" ।
२३७ प्रभातं च दिनन्ति तु सायं सन्ध्या पितृप्रसूः ।
२३८ प्राह्णाऽपराह्णमध्याह्नास्त्रिसन्ध्यमथ शर्वरी ॥३॥
२३९ निशा निशीथिनी रात्रिस्त्रियामा क्षणदा क्षपा ।
२४० विभावरीतमस्विन्यौ रजनी यामिनी तमी ॥४॥
२४१ तमिस्रा तामसी रात्रिर्ज्यौत्स्नी चन्द्रिकयाऽन्विता ।
२४२ आगामिवर्तमानाहर्युक्तायां निशि पक्षिणी ॥५॥
२४३ गणरात्रं निशा बह्व्यः प्रदोषो रजनीमुखम् ।
२४४ अर्धरात्रनिशीथौ द्वौ, द्वौ यामप्रहरौ समौ ॥६॥

काल १, दिष्ट १, अनेहस् १, समय १, [४ काल(समय = वखत)का नाम] पक्षति२ प्रतिपद् २ [२ परेवा-तिथिका नाम] तदाद्याः तिथयः (परेवा-आदिगरेका दिन तिथि कहिन्छन्)। द्वयोः (तिथिशब्द पुंलिङ्ग-र-स्त्रीलिङ्गमा रहन्छ)। तिथि ४ [१ प्रतिपदादितिथिको नाम] ॥ १ ॥ घस्र १, दिन ३, अहन् ३, दिवस ५, वासर ५, [५ दिनका नाम] प्रत्यूष १, अहर्मुख ३, कल्य ३, (काल्य ३) उषस् ३ प्रत्युषस् ३ (उष १, उषा ८, ऊष १, प्रत्यूषस् ३) ॥ २ ॥ "व्युष्ट ३, विभात ३,गोसर्ग १," प्रभात ३, [९ प्रातःकाल(विहाना)का नाम] दिनान्त १, साय १, (सायम् ८) सन्ध्या २, पितृप्रसू २ [४ साँझका नाम] प्राह्ण १, [१ पूर्वाह्ण(दिनका-३भागको-पहिलो-भाग)को नाम] अपराह्ण १, [१ दिनका-तिन-भागको-तेस्रो भागको नाम] मध्याह्न १ [१ दिनका ३ भागको-दोस्रो-भागको नाम] त्रिसन्ध्य ३ [१ पूर्वाह्णमध्याह्न-अपराह्ण ई-तीनै-कालको नाम] शर्वरी २ ॥ ३ ॥ निशा २. निशीथिनी २, रात्रि २ (रात्री २), त्रियामा २, क्षणदा २, क्षपा २, विभावरी २, तमस्विनी २, (रजनि २) रजनी २, यामिनी २, तमी २, (तमि २) (तमा २) [१२ रात्रि(रात)का नाम] ॥ ४ ॥ तामसी रात्रिः तमिस्रा (अँध्यारी-रात तमिस्रा कहिन्छे) तमिस्रा २ [१ अँध्यारीरातको नाम] चन्द्रिकया अन्विता रात्रिः ज्यौत्स्नी (चन्द्रिकाले-युक्त-भयेकी-(जुनेली)रात ज्यौत्स्नी कहिन्छे) ज्यौत्स्नी २, [१ उज्याली(जुनेली)रातको नाम]

आगामिवर्तमानाहर्युक्तायां निशि पक्षिणी (भोलीपल्ट-आउने-दिन-र-आजको-दिनले-युक्तभयेकी-रात्रिलाई-कहँदामा पक्षिणी शब्दको प्रयोग हुन्छ) पक्षिणी २ [१ अघिल्ला--दिनको--४प्रहर--र--पछिल्ला-दिनको-४प्रहरले-युक्तभयेकी,--४प्रहरवालीरात्रि,-अर्थात् १२ प्रहरका-कालको नाम] ॥ ५ ॥ गणरात्र ३ [१ धेरै रात्रिको नाम]

(१) हलन्तस्त्रीलिङ्गी-प्रतिपद्-शब्ददेखी भागुरिकामतमा टाप्प्रत्यय गर्दा प्रतिपदा शब्द पनि हुन्छ।

२४५ स पर्वसन्धिः प्रतिपत्पञ्चदश्योर्यदन्तरम् ।
२४६ पक्षान्तौ पञ्चदश्यौ द्वे पौर्णमासी तु पूर्णिमा ।।७।।
२४७ कलाहीने साऽनुमतिः पूर्णे राका निशाकरे ।
२४८ अमावास्या त्वमावस्या दर्शः सूर्येन्दुसङ्गमः ।।८।।
२४९ सा दृष्टेन्दुः सिनीवाली सा नष्टेन्दुकला कुहूः ।
२५० उपरागो ग्रहो राहुग्रस्ते त्विन्दौ च पूष्णि च ।।९।।
२५१ सोपप्लवोपरक्तौ द्वावग्न्युत्पात उपाहितः ।
२५२ एकयोक्त्या पुष्पवन्तौ दिवाकरनिशाकरौ ।।१०।।

प्रदोष १, रजनीमुख २ [२ प्रदोषकालका[1] नाम] अर्धरात्र १, निशीथ १, [२ आधारातका नाम] याम १, प्रहर १, [२ प्रहरका नाम] ६० घडीको-अष्टमांश-काल-(७।। घडी)को १ प्रहर हुन्छ ।। ६ ।। प्रतिपत्पञ्चदश्योः (परेवा-र-औंसीपूर्णिमाको) यत् अन्तरम् (जो-बीच छ) स सन्धिः (त्यो-जोर जो छ सो) पर्व (पर्व कहिन्छ) पर्वन् ३ (पर्वसन्धि १) [१ परेवा-र औंसी-पूर्णिमाको-जोर(सन्धि)को नाम] पक्षान्त १ पञ्चदशी २ [२ अउँसी-पूर्णिमा दुवैका नाम] पौर्णमासी २ पूर्णिमा २ [२ पूर्णिमा-तिथिका नाम] सा निशाकरे कलाहीने सति अनुमतिः (त्यो-पूर्णिमा चन्द्रमामा-१६ कला-पूर्णभयेका-छैनन् भने अनुमति कहिन्छे) अनुमति २ [१ सोह्रै कलानभयेका-चन्द्रमा-उदाउनेपूर्णिमा-तिथिको नाम] पूर्णे निशाकरे राका (सोह्रैकलाले-पूर्णभयेका-चन्द्रमाले-युक्तभयेकी-पूर्णिमा राका कहिन्छे) राका २ [१ सोह्रै कलाले-पूर्ण-भयेका-चन्द्रमाले-युक्तभयेकी-पूर्णिमाको नाम]

अमावास्या २, अमावस्या २, (अमा २) दर्श १, सूर्येन्दुसङ्गम १, [४ औंसीका नाम] सा दृष्टेन्दुः सिनीवाली (त्योअउँसी चन्द्रकलाको-केही-शेषले युक्त-छ-भने सिनीवाली कहिन्छे) सिनीवाली २ [१ चन्द्रकला-शेष-रहने-औंसीको नाम] नष्टेन्दुकला सा कुहूः (चन्द्रकला-जम्मै-नष्टभयेकी-त्यो-अउँसी कुहू कहिन्छे) कुहू २ [१ चन्द्रकला-कत्ति-नभयेकी-अउँसीको नाम] इन्दौ पूष्णि च (चन्द्रमा-र-सूर्य) राहुग्रस्ते (राहुले-ग्रास-गरियेमा) उपरागः ग्रहः (उपराग-र-ग्रह-भनिन्छ) उपराग १ ग्रह १ [२ चन्द्र-सूर्यग्रहणको नाम] ।। ९ ।। सोपप्लव १, उपरक्त १, [२ ग्रहणलागेका-(राहुले-ग्रस्तपारेका-अवस्थाका)सूर्यचन्द्रका नाम] अग्न्युत्पात १, उपाहित १ [२ तेजिला-स्वरूपले-प्रकट-भएर-अशुभसूचनगर्ने-उल्कापात, तारापात, धिषायापात, वज्रपात,

(१) सामान्य-प्रदोष प्रतिदिन सूर्यास्तदेखी २ घडीसम्म हुन्छ । ई २ त्यसैका नाम हुन् । सारस्वत-प्रदोष (अनध्यायप्रदोष) त्रयोदशी, सप्तमी, चतुर्थीतिथिमा मानिन्छ । आधारातसम्ममा त्रयोदशी लाग्दछ भने द्वादशीकै-दिन, डेढप्रहर-रातजाउन्ज्यालसम्म सप्तमी लाग्दछ भने षष्ठीकै-दिन, १ प्रहररातजाउन्ज्यालसम्म चतुर्थी लाग्दछ भने तृतीयैका-दिन प्रदोष मान्नु-पर्दछ, शिवव्रतकाप्रदोपको नियम् वेग्लै छ ।

२५३ अष्टादश निमेषास्तु काष्ठा, त्रिंशत्तु ताः कला ।
२५४ तास्तु त्रिंशत् क्षण,स्ते तु मुहूर्तो द्वादशाऽस्त्रियाम् ॥११॥
२५५ ते तु त्रिंशदहोरात्रः, पक्षस्ते दश पञ्च च ।
२५६ पक्षौ पूर्वापरौ शुक्लकृष्णौ मासस्तु तावुभौ ॥१२॥
२५७ द्वौद्वौ मार्गादिमासौ स्यादृतु, स्तैरयनं त्रिभिः, ।
२५८ अयने द्वे गतिरुदग्दक्षिणाऽ,अर्कस्य वत्सरः ॥१३॥
२५९ समरात्रिन्दिवे काले विषुवद्विषुवं च तत् ।

विद्युत्पात धूमकेतु-ई-उत्पातका नाम] दिवाकरनिशाकरौ (सूर्य-र-चन्द्रमा-ई २ जो छन्सो) एकया उक्त्या (एउटै-उक्तिले = अभिन्नबोलीले) पुष्पवन्तौ कथ्येते (पुष्पवत् कहिन्छन्) पुष्पवत् १ [१ सूर्य-चन्द्र-दुवैको १ नाम] यो-शब्द नित्यद्विवचनान्त छ, एउटालाई-मात्र-कहँदा यस्को प्रयोग हुँदैन ॥ लृ ॥

काष्ठा २ [१ अठारचोटी-निमेष-(नेत्रनिमीलन)गर्दा लाग्ने-काल-वरावरका-कालको नाम] कला २ [१ ३०काष्ठाको नाम] क्षण १ [१ ३०कलाको नाम] मुहूर्त ५ [१ १२क्षणको(२घडीको) नाम] ॥ ११ ॥ अहोरात्र १, [१ ३०मुहूर्तको (६० घडीको) नाम] पक्ष १ [१ पन्ध्र-अहोरात्रको नाम] शुक्लकृष्णौ पक्षौ (शुल्कपक्ष-र-कृष्णपक्ष) पूर्वापरौ पक्षौ (पूर्वपक्ष र अपरपक्ष कहिन्छन्) पूर्वपक्ष १ [१ शुक्लपक्षको नाम] अपरपक्ष १ [१ कृष्णपक्षको नाम] हाम्रो-देशमा कृष्णपक्ष-देखी आरंभगरेर पूर्णिमामा माससमाप्ति भये पनी अन्यत्र प्रायः अमावास्यामा माससमाप्ति हुन्छ, त्यही अमान्तमान-पक्ष लियेर कोशकारले शुक्लपक्षलाई पूर्वपक्ष भनेको हो । तौ उभौ मासः (ती २ पक्षको समुदाय मास कहिन्छ) मास १ [१ २पक्ष(१ महिना)को नाम] ॥ १२ ॥ द्वौद्वौ मार्गादिमासौ ऋतुः (मंशीरदेखी शुरु-गरेर २।२ महिनाको हेमन्तआदिगरेको १।१ ऋतु हुन्छ) तैस्त्रिभिः अयनम् (ती ३।३ ऋतुले) अयनम् (अयन हुन्छ) । ऋतु १ [१ मंशीरप्रभृति १२ महिनामा २।२ महिनाले-मानिने-हेमन्तादि-सामान्यऋतुको नाम] अयन ३ [१ ३।३ ऋतुको नाम] अर्कस्य उदक्-दक्षिणा-गतिः द्वे अयने (सूर्यको-उत्तरतर्फको-र-दक्षिणतर्फको) गति (ढल्काई) २ अयन (उत्तरायण-दक्षिणायन) हुन्छन् । वर्षाऋतु, देखी ३ ऋतु दक्षिणायन, शिशिरऋतुदेखी ३ ऋतु उत्तरायण हुन्छ । द्वे अयने वत्सरः (२ अयनको-काल १ वर्ष हुन्छ) वत्सर १ [१ वर्षको नाम ॥ १३ ॥

विषुवत् ३, विषुव ३ [२ रातदिन-वरावर-हुने-समय-(मेषसंक्रान्ति-र-तुला-संक्रान्ति)का नाम]

(लृ) शीतकालका-वर्णनको प्रारम्भ-गर्दा मङ्गलाचरणश्लोकमा—"समयका-प्रभावले समानगुण हुन-आयेका (हुस्सुलागेका वेलामा) समानशोभावाला भयेका, नाम एक भयेका पुष्पवत्-लाई प्रणाम गरेर शीतको वर्णन गरिन्छ" भन्ने आशय कसैले देखायेको छ—

समगुणतां प्रतिपन्नौ समानशोभावभिन्ननामानौ ।
प्रणयेन पुष्पवन्तौ प्रणम्य शीतस्य वर्णनं क्रियते ॥ शीतवर्णन, अमरभारती

२६० "पुष्ययुक्ता पौर्णमासी पौषी, मासे तु यत्र सा ।
२६१ नाम्ना स पौषो, माघाद्याश्चैवमेकादशाऽपरे" ॥ १ ॥

"पुष्ययुक्ता (पुष्यनक्षत्रले-युक्त-भयेकी) पौर्णमासी (पूर्णिमा जो छे सो) पौषी (पौषी कहिन्छे) पौषी २ [१ पुष्यनक्षत्रले-युक्त भयेकी-पूर्णिमाको नाम] सा यत्र मासे भवति (त्योपौषीपूर्णिमा जुन्-महिनामा हुन्छे) सः मासः पौषः (त्यो महिना पौष कहिन्छ) पौष १ [१ पौषीपूर्णिमाले-युक्त-भयेका-महिनाको नाम] अपरे माघाद्याः एकादश एवम् (अरु-माघ-आदिगरेका-११महिनाका-नाम पनि यस्तै व्युत्पत्तिले सिद्ध हुन्छन्)" ॥ १ ॥

यहाँ १८ निमेषदेखी उत्तरोत्तर-स्थूल-भएका-कालको केही-परिचय देखाइयो, पुराणमा निमेष-भन्दा-पनि-सूक्ष्म-भएका-कालको परिचय देखायेको छ । प्रकृतोपयोगी-हुनाले र केही-मतभेदहुनाले त्यो देखाइन्छ ।

यउटा-पार्थिवपरमाणुलाई-पारगर्दा सूर्यलाई जाति काल लाग्दछ, त्यो-सूक्ष्मातिसूक्ष्मकाललाई परमाणुकाल भन्दछन् । अब उत्तरोत्तर-स्थूलकाल कालचक्रबाट बुझ्नु ।

कालपरिचयचक्र

२	पमाणुको	१	अणु	हुन्छ	३०	मुहूर्तको	१	दिन	हुन्छ
२	अणुको	१	त्रसरेणु	"	१५	दिनको	१	पक्ष	"
३	त्रसरेणुको	१	त्रुटि	"	२	पक्षको	१	मास†	"
१००	त्रुटिको	१	वेध	"	२	मासको	१	ऋतु	"
३	वेधको	१	लव	"	३	ऋतुको	१	अयन*	"
३	लवको	१	निमेष	"	२	अयनको	१	वर्षA	"
३	निमेषको	१	क्षण	"	३६०	वर्षको	१	दिव्यवर्ष	"
५	क्षणको	१	काष्ठाx	"	१२०००	दिव्यवर्षको	४	युग	"
१५	काष्ठाको	१	लघु	"	४	मानुषयुगको	१	दिव्ययुग	"
१५	लघुको	१	नाडी❀	"	७१	दिव्ययुगको	१	मन्वन्तर	"
२	नाडोको	१	मुहूर्तX	"	२०००	दिव्ययुगको	१	ब्राह्मदिन	१

(x) पुराणमतमा १५ निमेपको १ काष्ठा भयो । कोशकार १८ निमेषको १ काष्ठा हुन्छ भन्छन् ।

(❀) १ नाडी र १ घडो पर्याय हो ।

(X) १ मुहूर्त-र-२ घडी एकै हो ।

(†) हाम्रो १ मास पितृहरुको १ दिन हुन्छ ।

(*) उत्तरायण दिन, दक्षिणायन देवताको रात्रि हुन्छ ।

(A) हाम्रो १ वर्ष देवताको १ दिन हुन्छ ।

२६२ मार्गशीर्षे सहा मार्ग आग्रहायणिकश्च सः ॥१४॥
२६३ पौषे तैषसहस्यौ द्वौ, तपा माघे,ऽथ फाल्गुने ।
२६४ स्यात्तपस्यः फाल्गुनिकः, स्याच्चैत्रे चैत्रिको मधुः ॥१५॥
२६५ वैशाखे माधवो राधो ज्यैष्ठे शुक्रः शुचिस्त्वयम् ।
२६६ आषाढे श्रावणे तु स्यान्नभाः श्रावणिकश्च सः ॥१६॥
२६७ स्युर्नभस्यप्रौष्ठपदभाद्रभाद्रपदाः समाः ।
२६८ स्यादाश्विन इषोऽप्याश्वयुजोऽपि स्यात्तु कार्तिके ॥१७॥
२६९ बाहुलोर्जौ कार्तिकिको हेमन्तः शिशिरोऽस्त्रियाम् ।
२७० वसन्ते पुष्पसमयः सुरभिर्ग्रीष्म ऊष्मकः ॥१८॥

मार्गशीर्ष १ सहस् १, मार्ग १, आग्रहायणिक १ [४ मङ्सीर-महिनाका नाम] मृगशीर्षनक्षत्रले-युक्तभयेकी-पूर्णिमा मार्गशीर्षा, मार्गशोर्षीले-युक्त-भयेको-महिना मार्गशीर्षं कहिन्छ ॥ १४ ॥ पौष १, तैष १, सहस्य १, [३ पौष-महिनाको नाम] पौष शब्दको-व्युत्पत्ति अघिल्लाक्षेपकमा देखाइयेको छ ॥ तपस् १, माघ १ [२ माघ-महिनाका नाम] मघा-नक्षत्रले-युक्त-भयेकी-पूर्णिमा-माघी, माघीले-युक्त-भयेको-महिना माघ कहिन्छ ॥ फाल्गुन १, तपस्य १, फाल्गुनिक १, [३ फागुन-महिनाका नाम] फल्गुनी-नक्षत्रले (पूर्वं-फाल्गुनी-उत्तर-फाल्गुनीले) युक्त-भयेकी-पूर्णिमा फाल्गुनी, फाल्गुनीले-युक्त-भयेको-महिना फाल्गुन कहिन्छ ॥ चैत्र १, चैत्रिक १, मधु १, [३ चैत महिनाका नाम] चित्राले-युक्त-भयेकी-पूर्णिमा चैत्री, चैत्रीले-युक्तभयेको-महिना चैत्र कहिन्छ ॥

वैशाख १, माधव १, राध १, [वैशाखमहिनाका नाम] विशाखानक्षत्रले-युक्त-भएकी-पूर्णिमा वैशाखी, वैशाखीले-युक्त-भयेको-महिना वैशाख कहिन्छ ॥ ज्यैष्ठ १ (ज्येष्ठ १) शुक्र १ [२ जेठ-महिनाका नाम] ज्येष्ठानक्षत्रले-युक्त-भएकी-पूर्णिमा ज्यैष्ठी, ज्यैष्ठीले-युक्तभयेको-महिना ज्यैष्ठ कहिन्छ ॥ शुचि १, आषाढ १, [२ असार-महिनाका नाम] आषाढा-(पूर्वाषाढा-उत्तराषाढा)ले-युक्तभयेकी पूर्णिमा आषाढी, आषाढीले-युक्तभयेको-महिना आषाढ कहिन्छ ॥ श्रावण १, नभस् १ श्रावणिक १, [३ साउन महिनाका नाम] श्रवणनक्षत्रले-युक्त-भयेकी-पूर्णिमा श्रावणी, श्रावणीले-युक्त-भयेको-महिना श्रावण कहिन्छ ॥ १६ ॥ नभस्य १, प्रौष्ठपद १, भाद्र १, भाद्रपद १, [४ भदौ-महिनाका नाम] भद्रपदा-(पूर्वभाद्र-उत्तरभाद्र)-ले-युक्तभयेकी-पूर्णिमा भाद्रपदी, भाद्रपदीले-युक्त-भयेको-महिना भाद्रपद कहिन्छ ॥ आश्विन १, इष १, आश्वयुज १, [३ असौज-महिनाका नाम] अश्विनीले-युक्त-भयेकी-पूर्णिमा आश्विनी, आश्विनीले-युक्त-भयेको-महिना आश्विन कहिन्छ ॥ कार्तिक १, ॥ १७ ॥ बाहुल १, ऊर्ज १, कार्तिकिक १, [४ कार्तिक-महिनाका नाम] कृत्तिका-नक्षत्रले-युक्त-भयेकी-पूर्णिमा कार्तिकी, कार्तिकीले-युक्तभयेको-महिना कार्तिक कहिन्छ ॥ हेमन्त १, [१ हेमन्तऋतु (मङ्सीर-पूस)को नाम] शिशिर ५ [१ शिशिरऋतु (माघ-फागुन)को नाम] वसन्त १, पुष्पसमय १, सुरभि १, [३ वसन्तऋतु (चैत-वैशाख)का नाम] ग्रीष्म १, ऊष्मक १ ॥ १८ ॥

५

२७१ निदाघ उष्णोपगम उष्ण ऊष्मागमस्तपः ।
२७२ स्त्रियां प्रावृट्, स्त्रियां भूम्नि वर्षा अथ शरत् स्त्रियाम् ॥१९॥
२७३ षडमी ऋतवः पुंसि मार्गादीनां युगैः क्रमात् ।
२७४ संवत्सरो वत्सरोऽब्दो हायनोऽस्त्री शरत् समा ॥२०॥
२७५ मासेन स्यादहोरात्रः पैत्रो, वर्षेण दैवतः ।
२७६ दैवे युगसहस्रे द्वे ब्राह्मः, कल्पौ तु तौ नृणाम् ॥२१॥

निदाघ १, उष्णोपगम १, उष्ण १, ऊष्मागम १, तप १ [७ ग्रीष्मऋतु (ज्येष्ठ-आषाढ)का नाम] प्रावृष् २, वर्षा २ (वर्षाशब्द स्त्रीलिङ्गी छ, त्यस्को एकवचन द्विवचन छैन,-बहुवचनमात्र हुन्छ) [२ वर्षाऋतु (श्रावण-भाद्र)का नाम] शरद् २ [शरद्ऋतुको (आश्विन-कार्तिकको) नाम] अमी षट् (ई-पहिले-देखाइयेका-हेमन्त-प्रभृति ६ जो छन्सो) ऋतवः (ऋतु कहिन्छन्) । ऋतुशब्दः पुंसि (ऋतुशब्द पुंलिङ्गमा रहन्छ) अमी मार्गादीनां युगैः क्रमात् ज्ञेयाः (ई ६ ऋतु मार्गशीर्षआदिगरेका-महिनाका-युगलले (२।२ ले) क्रमैसँग जान्नुपर्दछन्) ॥ (ए)

संवत्सर १, वत्सर १, अब्द १, हायन ५, शरद् २, समा २, [६ वर्षका नाम] ॥ २० ॥ मासेन पैत्रः अहोरात्रः (हाम्रा १ महिनाले पैत्र (पितृहरुको) अहोरात्र (१ दिन) हुन्छ) ॥ वर्षेण दैवतः अहोरात्रः (हाम्रा १ वर्षले दैव (देवताको) अहोरात्र (१ दिन) हुन्छ) ॥ दैवे द्वे युग सहस्रे ब्राह्मः अहोरात्रः (दुई हजार दैवयुगको (२००० दैव-

---

(ए) यस्तो-ऋतुक्रम "मधु-र-माधव (चैत-र-वैशाख) वासन्तिक ऋतु हुन्छ" भन्ने वैदिक-वचनानुसारी-ग्रन्थानुसार लेखियो. तदनुसारै शास्त्रोक्त आधानादि-(अग्निहोत्रग्रहण-उपनयन-संकल्पमा ऋतुका उल्लेख इत्यादि) कर्म गरिन्छन्. परन्तु शारीरकहितैषी-आयुर्वेदले ऋतुचर्या-दिनचर्यामा भिन्नभिन्न-आहारविहारको व्यवस्था-गर्दा वर्षाऋतुदेखी-ऋतुको आरम्भ गरेको छ, शिशिरऋतुको उल्लेख नगरेर हेमन्तकोमात्र उल्लेख गरीकन आखीरमा प्रावृट्-ऋतुको उल्लेखगरेको छ. अत-एव, पुण्यकर्म गर्दा वैदिकमतानुसारीऋतुक्रम र, शारीरकस्वास्थ्यका निमित्तको ऋतुचर्या(ऋतु अनुसारका पथ्यापथ्य-आहारविहारादिको व्यवस्था) गर्दा आयुर्वेदानुसारीऋतुक्रमको अनुसार गर्नु मुनासीव हुन्छ ।

इह तु वर्षा-शरद्-हेमन्त-वसन्त-ग्रीष्म-प्रावृषः षड्तवो भवन्ति, दोषोपचयप्रकोपोपशमनिमित्तम्····तद्यथा—भाद्रपदाश्वयुजौ वर्षाः, कार्तिकमार्गशीर्षौ शरत्, पौषमाघौ हेमन्तः, फाल्गुनचैत्रौ वसन्तः, वैशाखज्येष्ठौ ग्रीष्मः, आषाढश्रावणौ प्रावृट्, इति. [सुश्रुतसंहिता]

वैदिक-ऋतुचक्र							आयुर्वेदीय-ऋतुचक्र						
ऋतु नाम	हेमन्त	शिशिर	वसन्त	ग्रीष्म	वर्षा	शरत्	ऋतु नाम	वर्षा	शरत्	हेमन्त	वसन्त	ग्रीष्म	प्रावृट्
मास नाम	मार्गशीर्ष पौष	माघ फाल्गुन	चैत्र वैशाख	ज्येष्ठ आषाढ़	श्रावण भाद्र	आश्विन कार्तिक	मास नाम	भाद्र आश्विन	कार्तिक मार्गशीर्ष	पौष माघ	फाल्गुन चैत्र	वैशाख ज्येष्ठ	आषाढ़ श्रावण

२७७ मन्वन्तरं तु दिव्यानां युगानामेकसप्ततिः ।
२७८ संवर्तः प्रलयः कल्पः क्षयः कल्पान्त इत्यपि ॥२२॥
२७९ अस्त्री पङ्कं पुमान् पाप्मा पापं किल्विषकल्मषम् ।
२८० कलुषं वृजिनैनोऽघमंहोदुरितदुष्कृतम् ॥२३॥

युगको) ब्राह्म (ब्रह्माको) १ अहोरात्र हुन्छ,) तौ तु नृणां कल्पौ (ती ब्राह्मदिन र ब्राह्मीरात्री मानिसका १ कल्प हुन्छन् अर्थात् १००० (एक हजार) दैवयुग १ ब्राह्मदिन, १००० दैवयुग १ ब्राह्मीरात्रि हुन्छ, ब्राह्मदिन स्थितिकाल हो, ब्राह्मीरात्रि प्रलयकाल हो, त्यो-दुईकालको समष्टि (ब्राह्मअहोरात्र) हाम्रो १ कल्पकाल हो । ब्रह्माको दिनकालमा सृष्टि र स्थिति,-रात्रिकालमा प्रलय हुन्छ, भोलीपल्ट ब्रह्माजी फेरी सृष्टि गर्दछन् , त्योकल्पको नाम वेग्लै हुन्छ, सृष्टिको तरीका पनि प्रायः वेग्लै२ हुन्छन्) ॥ (ऐ) ॥

दिव्यानां युगानाम् एकसप्ततिः मन्वन्तरम् (दिव्य ७१ युगको १ मन्वन्तरकाल हुन्छ,) प्रत्येक कल्पमा १४ मन्वन्तर हुन्छन् ॥ (ओ) ॥ मन्वतर ३ [१ एकमनुकाराज्यकालको नाम]

संवर्त १, प्रलय १, कल्प १, क्षय १, कल्पान्त १, [५ प्रलय (सर्वसंहार)का नाम] ॥ २२ ॥ पङ्क ५, पाप्मन् १, पाप ३, किल्विष ३, कल्मष ३, कलुष ३, वृजिन ३, एनस् ३, अघ ३, अंहस् ३, दुरित ३, दुष्कृत ३ [१२ पापका नाम] ॥ २३ ॥(औ)

(ऐ) कल्पको परिचय

(१) श्वेतकल्प	(७) बृहत्कल्प	(१३) उदानकल्प	(४) सोमकल्प	(१०) घोरकल्प
(२) नीललोहित,,	(८) कन्दर्प ,,	(१४) गारुड ,,	(५) मानव ,,	(११) वाराह ,,
(३) वामदेव ,,	(९) सद्यः ,,	(१५) कौर्म ,,	(६) तत्पुमान्,,	(१२) वैराज ,,
(४) रथन्तर ,,	(१०) ईशान ,,	(१) नारसिंह,,	(७) वैकुण्ठ ,,	(१३) गौरी ,,
(५) रौरव ,,	(११) व्यान ,,	(२) समान ,,	(८) लक्ष्मी ,,	(१४) माहेश्वर,,
(६) प्राण ,,	(१२) सारस्वत,,	(३) आग्नेय ,,	(९) सावित्री,,	(३०) पितृकल्प

अघिल्ला १५ कल्प ब्रह्माजीको १५ दिन अर्थात् १ पक्ष हुन्छ,—पन्ध्रौँ कौर्मकल्प ब्रह्माजीको पूर्णिमातिथि हो। पछिल्ला १५ कल्प ब्रह्माजीका कृष्णपक्षका १५ दिन हुन् अर्थात् पितृकल्प ब्रह्माजीको अमावास्यातिथि हो। यस्तै हिसाबले ब्रह्माजी सयेवर्षका बुढा भइसकेपछि महाप्रलय हुन्छ, ऐले ब्रह्माजी ५१ वर्ष लाग्तुभयेको छ। [मत्स्यपुराण]

(ओ) १४ मनुका नाम

स्वायंभुव १, स्वारोचिष २, उत्तम ३, तामस ४, रैवत ५, चाक्षुष ६, वैवस्वत ७, सार्वणि ८, दक्षसावर्णि ९, मेरुसावर्णि १०, सूर्यसावर्णि ११, चन्द्रसावर्णि १२, रुद्रसावर्णि १३, विष्णुसावर्णि १४।

(औ) पाप साधारणरूपले, [१]कायिक, [२]वाचिक, [३]मानसिक, ई ३ प्रकारका हुन्छन्—

२८१ स्याद्धर्ममस्त्रियां पुण्यश्रेयसी सुकृतं वृषः ।
२८२ मुत्प्रीतिः प्रमदो हर्षः प्रमोदाऽऽमोदसम्मदाः ॥२४॥
२८३ स्यादानन्दथुरानन्दः शर्मसातसुखानि च ।
२८४ श्वःश्रेयसं शिवं भद्रं कल्याणं मङ्गलं शुभम् ॥२५॥
२८५ भावुकं भविकं भव्यं कुशलं क्षेममस्त्रियाम् ।
२८६ शस्तं चाऽथ त्रिषु द्रव्ये पापं पुण्यं सुखादि च ॥२६॥
२८७ मतल्लिका मर्चचिका प्रकाण्डमुद्घतल्लजौ ।
२८८ प्रशस्तवाचकान्यमून्ययः शुभावहो विधिः ॥२७॥

धर्म ५, पुण्य ३, श्रेयस् ३, सुकृत ३, वृष १, [५ धर्मका नाम] मुद् २, प्रीति २, प्रमद १, हर्ष १, प्रमोद १, आमोद १, सम्मद १ ॥ २४ ॥ आनन्दथु १, आनन्द १, शर्मन् ३, सात ३, सुख ३, [१२ सुख (आनन्द-हर्ष)का नाम]

श्वःश्रेयस ३, शिव ३, भद्र ३, कल्याण ३, मङ्गल ३, शुभ ३ ॥ २५ ॥ भावुक ३, भविक ३, भव्य ३, कुशल ३, क्षेत्र ५, शस्त ३, [१२ कल्याणका नाम] पापं पुण्यं सुखादि च द्रव्ये त्रिषु (माथिवतायेका पापशब्द[1] १, पुण्यशब्द[2] १, सुखआदिगरेका शब्द १३, जो छन्सो द्रव्यलाई कहँदामा (पापवान् , पुण्यवान् , सुखवान् -कल्याणवान् व्यक्तिलाई-कहँदामा विशेष्यानुसार तिनै लिङ्गमा रहन्छन्) ॥ (अं) ॥ २६ ॥ मतल्लिका २, मर्चचिका २, प्रकाण्ड ५, उद्घ १, तल्लज १ [५ असलका नाम] असललाई कहे-पनि ई ५ शब्द विशेष्य-निघ्नलिङ्गी होइनन्, विशेष्य जस्तो-लिङ्गी-भये पनि इन्को-लिङ्ग देखायेवमो-

(१) कायिकपाप—अदत्तादान (नदियेको कुरालिनु १), अवैधहिंसा (वृथाप्राणिवध २), परदारसेवा (परस्त्रीगमन ३) यस्ता ३ प्रकारको हुन्छ ।

(२) वाचिकपाप—अप्रियभाषण १, असत्यभाषण २, पैशुन्य (पछाड़ी अर्काको दोष-कीर्तन ३), असंबद्धभाषण ४, यस्ता ४ प्रकारको हुन्छ ।

(३) मानसिकपाप—परद्रव्यको लालचा १, अर्काको अनिष्टचिताउनु २, झूटाकुरामा ढिपीगर्नु ३, यस्ता ३ प्रकारको हुन्छ ।

अदत्तानामुपादानं हिंसा चैवाऽविधानतः ।
परदारोपसेवा च शारीरं त्रिविधं स्मृतम् ॥
पारुष्यमनृतं चैव पैशुन्यं चापि सर्वशः ।
असंबद्धप्रलापश्च वाङ्मयं स्याच्चतुर्विधम् ॥
परद्रव्येष्वभिध्यानं मनसाऽनिष्टचिन्तनम् ।
वितथाभिनिवेशश्च त्रिविधं कर्म मानसम् ॥ [मनु.]

(अं) इन्को नपुंसकलिङ्गी-रूप मूलैमा छ. पापः पुरुषः (पापी पुरुष) पापा नारी (पापिनी स्त्री) पुण्यः पुरुषः (पुण्यात्मा पुरुष) पुण्या नारी (पुण्यात्मा स्त्री)। सुखः पुरुषः (सुखवान्पुरुष) सुखा नारी (सुखवती स्त्री)। श्वःश्रेयसः, शिवः, भद्रः, कल्याणः,

२८९ दैवं दिष्टं भागधेयं भाग्यं, स्त्री नियतिर्विधिः ।
२९० हेतुर्ना कारणं बीजं निदानं त्वादिकारणम् ॥२८॥
२९१ क्षेत्रज्ञ आत्मा पुरुषः प्रधानं प्रकृतिः स्त्रियाम् ।
२९२ विशेषः कालिकोऽवस्था गुणाः सत्त्वं रजस्तमः ॥२९॥
२९३ जनुर्जननजन्मानि जनिरुत्पत्तिरुद्भवः ।
२९४ प्राणी तु चेतनोजन्मी जन्तुजन्युशरीरिणः ॥३०॥
२९५ जातिर्जातं च सामान्यं व्यक्तिस्तु पृथगात्मता ।
२९६ चित्तं तु चेतो हृदयं स्वान्तं हृन्मानसं मनः ॥३१॥

इति कालवर्गः ॥४॥

जीम रहन्छ, ई ५ शब्द समासमा उत्तरपद भयेर विशेष्यका अगाडी रहन्छन्, एकाकी रहँदैनन् ॥ (अः) ॥ अय १, [१ भलैभलोगर्न लागेका दैवको नाम ॥ २७ ॥

दैव ३, दिष्ट ३, भागधेय ३, भाग्य ३, नियति २, विधि १, [६ भाग्य = दैवका नाम] हेतु १, कारण ३, बीज ३, [सामान्य-कारणका नाम] निदान ३, आदि-कारण ३, [२ मुख्य-कारणका नाम] ॥२८॥ क्षेत्रज्ञ १, आत्मन् १, पुरुष १, [३ आत्माका नाम] प्रधान ३, प्रकृति २, [२ प्रकृति(माया)का नाम] कालिकः विशेषः अवस्था (कालले-गरेको-फरक (मनुष्यको बाल्य-यौवन-वार्धक्य,-फलको शलाटुता-पक्वता-शीर्णताजस्तो हालत) अवस्था कहिन्छ) अवस्था २, [१ अवस्थाको नाम] सत्त्वम् रजः तमः गुणाः (सत्त्व-रज-तम ई३ गुण कहिन्छन्)। गुण १, [१ सत्त्वरजतम ई३-गुणको नाम] ॥२९॥ जनुस् ३, जनन ३, जन्मन् ३, जनि २, उत्पत्ति २, उद्भव १, [६ जन्मका नाम] प्राणिन् १, चेतन १, जन्मिन् १, जन्तु १, जन्यु १, शरीरिन् १, [६ प्राणि(प्राणवाला)का नाम] ॥३०॥ जाति २, जात ३, सामान्य ३, [३ मनुष्य-गो-गजप्रभृतिमा रहने मनुष्यत्व-गोत्व-गजत्व-प्रभृतिका नाम] व्यक्ति २, पृथगात्मता २, [२ जातिमान्-अलग-वस्तुका नाम] चित्त ३, चेतस् ३, हृदय ३, स्वान्त ३, हृद् ३, मानस ३, मनस् ३ [७ चित्त(मन)का नाम] ॥३१॥

इति कालवर्गः ॥४॥

मङ्गलः, शुभः, भावुकः, भविकः, भव्यः, कुशलः, क्षेमः, शस्तः पुरुषः (कल्याणवान् पुरुष)। श्वःश्रेयसी, शिवा, भद्रा, कल्याणी, मङ्गला, शुभा, भावुका, भविका, भव्या, कुशला, क्षेमा, शस्ता—नारी (कल्याणवती स्त्री)। पापं कुलम्, पुण्यं कुलम्, श्वःश्रेयसं कुलम् इत्यादिरूपले क्लीवलिङ्गीरूप चलाउनु ।

(अः) प्रशस्तः ब्राह्मणः (असल-ब्राह्मण) भन्दा,—ब्राह्मणमतल्लिका, ब्राह्मणमर्चचिका, ब्राह्मण-प्रकाण्डम्, ब्राह्मणोद्घः, ब्राह्मणतल्लजः, यस्तो प्रयोग हुन्छ ।

प्रशस्ता-नारी (असल स्त्री) भन्दा पनि—नारीमतल्लिका, नारीमर्चचिका, नारीप्रकाण्डम्, नार्युद्घः, नारीतल्लजः, यस्तै-प्रयोग हुन्छ ।

प्रशस्तं गृहम् (असल घर) भन्दा पनि—गृहमतल्लिका, गृहमर्चचिका, गृहप्रकाण्डम्, गृहोद्घः; गृहतल्लजः, यस्तै प्रयोग हुन्छ ।

२९७ बुद्धिर्मनीषा धिषणा धीः प्रज्ञा शेमुषी मतिः ।
२९८ प्रेक्षोपलब्धिश्चित्संवित्प्रतिपज्ज्ञप्तिचेतनाः ॥१॥
२९९ "प्रतिभा धीः स्फूर्तिमती पण्डा सैव विवेकिनी ।"
३०० धीर्धारणावती मेधा संकल्पः कर्ममानसम् ।
३०१ "अवधानं समाधानं प्रणिधानं तथैव च" ।
३०२ चित्ताभोगो मनस्कारश्चर्चा संख्या विचारणा ॥२॥
३०३ "विमर्शो भावना चैव वासना च निगद्यते" ।
३०४ अध्याहारस्तर्क ऊहो विचिकित्सा तु संशयः ।
३०५ सन्देहद्वापरौ चाऽथ समौ निर्णयनिश्चयौ ॥३॥
३०६ मिथ्यादृष्टिर्नास्तिकता व्यापादो द्रोहचिन्तनम् ।
३०७ समौ सिद्धान्तराद्धान्तौ भ्रान्तिर्मिथ्यामतिर्भ्रमः ॥४॥

बुद्धि २, मनीषा २, धिषणा २, धी २, प्रज्ञा २, शेमुषी २, मति २, प्रेक्षा २, उपलब्धि २, चित् २, संवित् २, प्रतिपद् २, ज्ञप्ति २, चेतना २, [१४ बुद्धिका नाम] ॥१॥ "स्फूर्तिमती धीः प्रतिभा (स्फूर्तिले-युक्त-भयेकी = नयाँनयाँ-कल्पना-गर्न-शक्ने = फुर्तिबाज-भयेकी बुद्धि प्रतिभा कहिन्छ) प्रतिभा २, [१ कल्पनाकुशल-भयेकी बुद्धिको नाम] विवेकिनी सैव पण्डा (विवेकवती-त्यही-बुद्धि पण्डा कहिन्छे) पण्डा २ [१ विवेकवती-बुद्धिको नाम] "यही-पण्डा-हुने-लाई पण्डित भन्दछन्" । धारणावती धीः मेधा (देखेसुनेको-कुरा-संझीराख्ने-बुद्धि मेधा कहिन्छे) मेधा १ [१ धारणगर्ने-बुद्धिको नाम] ॥ (का) ॥ मानसं कर्म संकल्पः (मनले-गरेको-काम (आँट) संकल्प कहिन्छ) संकल्प १ [मनका आँटको नाम] "अवधान ३, समाधान ३, प्रणिधान ३ [३ ख्यालराख्नु-(चित्तलाउनु)का नाम]" चित्ताभोग १, मनस्कार १, [२ मनको तत्परता-(मन्सुवा)का नाम] चर्चा २, संख्या २ विचारणा २, [३ विचारका नाम] ॥ २ ॥ "विमर्श १, भावना २, वासना २, [३ अनुभवगरेका-कुरा-संझी-राख्नाका नाम]" अध्याहार १, तर्क १ ऊह १, [३ तर्कनाका नाम] विचिकित्सा २, संशय १, संदेह १, द्वापर १ [४ सन्देहका नाम] निर्णय १, निश्चय १ [२ निश्चयका नाम] ॥ ३ ॥

मिथ्यादृष्टि २, नास्तिकता २, [२ नास्तिक्यबुद्धि ("स्वर्गनरक केही छैन, पुनर्जन्म हुदैन, मन्परीगर्न-पाउनुनै स्वर्ग हो, आफुलाई तकलीफ दिनुनै नरक हो," यसो-भन्ठान्ने-बुद्धि)को नाम] व्यापाद १, द्रोहचिन्तन ३ [२ अर्काको-द्रोह-चिताउनु (कुभलोगर्नखोज्नु)का नाम] सिद्धान्त १ राद्धान्त १, [२ छलफल-गरेर-निर्णय-

(का) सुन्नखोज्नु, सुन्नु, सुनेकाकुरा-पकडनु, संझीरहनु, तर्कगर्नु, अर्थ ठीक बुझ्नु, तात्पर्य बुझ्नु, बुद्धिका ई ७ गुण छन् भने बुद्धि उत्तम ठहरिन्छे ।

शुश्रूषा श्रवणं चैव ग्रहणं धारणं तथा ।
ऊहापोहोर्थऽविज्ञानं तत्त्वज्ञानं च धी गुणाः ॥

३०८ संविदागूः प्रतिज्ञानं नियमाश्रवसंश्रवाः ।
३०९ अङ्गीकाराऽभ्युपगमप्रतिश्रवसमाधयः ॥५॥
३१० मोक्षेधीर्ज्ञानमन्यत्र विज्ञानं शिल्पशास्त्रयोः ।
३११ मुक्तिः कैवल्यनिर्वाणश्रेयोनिःश्रेयसाऽमृतम् ॥६॥
३१२ मोक्षोऽपवर्गोऽथाज्ञानमविद्याऽहंमतिः स्त्रियाम् ।
३१३ रूपं शब्दो गन्धरसस्पर्शाश्च विषया अमी ॥७॥
३१४ गोचरा इन्द्रियार्थाश्च हृषीकं विषयीन्द्रियम् ।
३१५ कर्मेन्द्रियं तु पाय्वादि मनोनेत्रादि धीन्द्रियम् ॥८॥
३१६ तुबरस्तु कषायोऽस्त्री मधुरो लवणः कटुः ।

गरियेका-कुराको नाम] भ्रान्ति २, मिथ्यामति २, भ्रम १, [३ भ्रान्ति-(डोरीमा-सर्पको,-सीपीमा-चाँदीको-जस्तो-भ्रम)का नाम] ॥ ४ ॥ संविद् २, आगू २, प्रतिज्ञान ३, नियम १, आश्रव १, संश्रव १, अङ्गीकार १, अभ्युपगम १, प्रतिश्रव १, (प्रति-श्रय १) समाधि १ [१० अङ्गीकार (कबूल)का नाम] ॥ ५ ॥ मोक्षे धीः ज्ञानम् (मुक्तिदिने बुद्धि ज्ञान कहिन्छे) अन्यत्र शिल्पशास्त्रयोः धीः विज्ञानम् (अरु-व्याकरणादि शास्त्र-र-शिल्पशास्त्र (कारीगरी)मा प्रवीण-भयेकी-बुद्धि विज्ञान कहिन्छे) ज्ञान ३ [१ मोक्षदायिनी बुद्धिको नाम] विज्ञान ३ [२ शास्त्रज्ञान-र-कलाकौशलको नाम] मुक्ति २, कैवल्य ३, निर्वाण ३ श्रेयस् ३, निःश्रेयस ३, (निश्रेयस ३) अमृत ३, ॥ ६ ॥ मोक्ष १, अपवर्ग १, [८ मोक्ष (मुक्ति = ब्रह्मैकता)का नाम] ॥ (खा) ॥ अज्ञान ३, अविद्या २, अहंमति २, [३ अज्ञानका नाम] रूप ३ [१ आँखाले-जानिने-गुणको नाम] शब्द १ [१ कानले-जानिने-गुणको नाम] गन्ध १ [१ नाकले-जानिने-गुणको नाम] रस १ [१ जिह्वाले-जानिने-गुणको नाम] स्पर्श १ [१ त्वक्(छाला)-ले-जानिने-गुणको नाम] अमी (रूपादि ५ जो छन् ती)

विषयाः ॥ ७ ॥ गोचराः इन्द्रियार्थाः च कथ्यन्ते (विषय, गोचर, इन्द्रियार्थ, पनि कहिन्छन्) विषय १, गोचर १, इन्द्रियार्थ १, [३ रूपप्रभृति-इन्द्रियग्राह्यवस्तुका नाम] हृषीक ३, विषयिन् ३, इन्द्रिय ३, [३ इन्द्रिय (चक्षुरादि)का नाम] पाय्वादि तु कर्मेन्द्रियम् (पायु-उपस्थ-प्रभृति ५ कर्मेन्द्रिय कहिन्छन्) कर्मेन्द्रिय ३ [१ पायु, उपस्थ, वाक्, पाणि, पाद, ई ५ इन्द्रियको नाम] मनोनेत्रादि धीन्द्रियम् (मन-र-चक्षु-, श्रोत्र, घ्राण, रसन, त्वक्, ई ५ ज्ञानेन्द्रिय कहिन्छन्) मन कर्मेन्द्रिय पनि हो।

(खा) (१) साकार-ईश्वरको-उपासनाले कैलास-वैकुण्ठप्रभृतिलोकमा-वस्नपाउनुलाई सालोक्यमुक्ति भन्दछन् ।

(२) शिव-विष्णु-प्रभृतिसाकारईश्वरका-नगीचै-रहन-पाउनुलाई सामीप्यमुक्ति भन्दछन् ।

(३) शिव-विष्णुप्रभृतिकै-जस्तो-रूपपायेर-तत्तल्लोकमा वस्नपाउनुलाई सारूप्यमुक्ति भन्दछन् ।

(४) निरञ्जननिराकार-परब्रह्ममा पानीमा-पानी-मिलेझैं-मिल्नुलाई कैवल्यमुक्ति भन्दछन् ।

३१७ तिक्तोऽम्लश्च रसाः पुंसि तद्वत्सु षडमी त्रिषु ॥९॥
३१८ विमर्दोत्थे परिमलो गन्धे जनमनोहरे ।
३१९ आमोदः सोऽतिनिर्हारी वाच्यलिङ्गत्वमागुणात् ॥१०॥

धीन्द्रिय ३ [१ ज्ञानेन्द्रियचक्षुरादि ५ र-मनको समेत नाम] ॥ (गा) ॥ ८ ॥

तुबर ५, (तुवर ५) कषाय ५, [२ टर्रो-रसका नाम] मधुर १, [१ गुलियो-रसको नाम] लवण १, [१ तुनिलो-रसको नाम] कटु १ [१ पिरो-रसको नाम] तिक्त १, [१ तितो-रसको नाम] अम्ल १, [१ अमिला-रसको नाम] रसाः पुंसि (पूर्वोक्त-रसवाचक-तुबर-कषाय,-मधुर,-लवण,-कटु,-तिक्त,-अम्ल,-शब्द पुंलिङ्गमा रहन्छन्) । अमी षट् तद्वत्सु त्रिषु (ई-पूर्वोक्तसबैशब्द रसवान्‌लाई कहँदामा रसवान्‌लाई कहनेशब्दका-मुताविक तिनैलिङ्गमा रहन्छन्) अर्थात् ई शब्द रसवान्‌लाई पनि कहन्छन्,-रसलाई पनि कहन्छन्, रसवान्‌लाई-कहँदा विशेष्यको जुन्-लिङ्ग छ उही-लिङ्गमा रहन्छन्, केवलरसलाई कहँदा पुंलिङ्गी छन्—जस्तै—तुवरः कषायः अक्षः (टर्रो बर्रो) तुबरी-कषाया हरीतकी (टर्रो हर्रो) तुबरं-कषायं फलम् (टर्रो फल) मधुरः गुडः (गुलियो चाकु) मधुरा कदली (गुलियो केरा) मधुरम् फलम् (गुलियो फल) यहाँ क्रमैले पुंलिङ्गी-विशेष्यवाचक-अक्षशब्दवमोजीम तुबरशब्द पुंलिङ्गी, हरीतकीशब्दवमोजीम स्त्रीलिङ्गी, फलशब्दवमोजीम नपुंसकलिङ्गी भयो । यस्तै प्रकारले ३ लिङ्गका विशेष्य खोजेर मधुरलवणादिशब्दका प्रयोगगर्नु स्त्रीलिङ्गीरूपमा सन्देह भयो भने वर्णानु-क्रमणिकामा त्यो शब्द खोजेर वायाँपट्टीका-रूपबोधकअङ्कका सहाराले निर्णय गर्नु ।

(गा) इन्द्रियहरूको र विषयको स्पष्टीकरण

इन्द्रिय	चक्षु आँखा	श्रोत्र कान	घ्राण नाक	रसन जिह्वा	त्वक् छाला	मन		वाक् वाक्य	पाणि हात	पाद पाउ	पायु गुद	उपस्थ लिं. भ.	इन्द्रिय
विषय	रूप (रूपको ज्ञान)	शब्द (शब्दज्ञान)	गन्ध (गन्धज्ञान)	रस (रसज्ञान)	स्पर्श (स्पर्श ज्ञान)	संकल्पविकल्प गरेर ई ज्ञाने-न्द्रियलाई काममा लाउनु	आफनार काममा लाइदिनु प्रवर्तन ई कर्मेन्द्रियलाई	वचन (बोल्नु)	आदान (लिनुदिनु)	विहरण (हिंडडुलगर्नु)	उत्सर्ग (मलत्याग)	आनन्द (रतिसुखानुभव)	विषय
संज्ञा	ज्ञानेन्द्रिय					ज्ञाने-न्द्रिय	कर्मे-न्द्रिय	कर्मेन्द्रिय					संज्ञा

बुद्धीन्द्रियाणि चक्षुः,-श्रोत्रघ्राणरसनत्वगाख्यानि ।
वाक्-पाणिपादपायू ,पस्थानि कर्मेन्द्रियाण्याहुः ॥२६॥
शब्दादिषु पञ्चानामालोचनमात्रमिष्यते वृत्तिः ।
वचनादानविहरणोत्सर्गानन्दाश्च पञ्चानाम् ॥२८॥
उभयात्मकमत्रमनः सङ्कल्पकमिन्द्रियं च साधर्म्यात् । [साङ्ख्यकारिका]

३२० समाकर्षी तु निर्हारी सुरभिर्घ्राणतर्पणः ।
३२१ इष्टगन्धः सुगन्धिः स्यादामोदी मुखवासनः ॥११॥
३२२ पूतिगन्धस्तु दुर्गन्धी विस्रं स्यादामगन्धि यत् ।
३२३ शुक्लशुभ्रशुचिश्वेतविशदश्येतपाण्डराः ॥१२॥
३२४ अवदातः सितो गौरो वलक्षो धवलोऽर्जुनः ।
३२५ हरिणः पाण्डुरः पाण्डुरीषत्पाण्डस्तुधूसरः ॥१३॥
३२६ कृष्णे नीलाऽसितश्यामकालश्यामलमेचकाः ।
३२७ पीतो गौरो हरिद्राभः पालाशो हरितो हरित् ॥१४॥
३२८ लोहितो रोहितो रक्तः शोणः कोकनदच्छविः ।
३२९ अव्यक्तरागस्त्वरुणः श्वेतरक्तस्तु पाटलः ॥१५॥

विमर्दोत्थे (विमर्दबाट-उत्पन्न-भयेका (रगडियेर-माडियेर-पैदा भयेका) जनमनोहरे गन्धे (प्राणिको मनहरणगर्ने उत्तम-गन्धलाई कहदामा) परिमलः (परिमल कहिन्छ) परिमल १ [१ माड्दा-उत्पन्नहुने-उत्तमगन्धको नाम] आमोद १, [१ मनहरण-गर्ने उत्तमगन्ध (वास्ना)को नाम] आगुणात् वाच्यलिङ्गत्वम् यहाँदेखी-आरंभ भयेका "गुणे शुक्लादयः पुंसि" भन्ने सत्रौं (१७) श्लोकसम्ममा कहिने-शब्द वाच्यलिङ्गी (विशेष्यनिघ्न) छन् ॥ १० ॥

समाकर्षिन् १।७, निर्हारिन् १।७, [२ टाढासम्म-पुग्ने-सुगन्ध र त्यस्तो सुगन्धहुने वस्तुका नाम] सुरभि १।७, घ्राणतर्पण १।७, इष्टगन्ध १।७, सुगन्धि १।७, [४ असलगन्ध र त्यस्तो गन्ध हुने वस्तुका नाम] आमोदिन् १।७, मुखवासन १।७, [२ मुखसुगन्धपार्ने गन्ध र त्यस्तो वस्तुका नाम] ॥ ११ ॥ पूतिगन्ध १।७, दुर्गन्ध १।७, [२ दुर्गन्ध र दुर्गन्धि वस्तुका नाम] विस्र १।७, आमगन्धि १।७, [२ काँचा-पदार्थ-सडेको-दुर्गन्ध र त्यस्ता पदार्थका नाम] शुक्ल १।७, शुभ्र १।७, शुचि १।७, श्वेत १।७, विशद १।७, श्येत १।७, पाण्डर १।७, ॥ १२ ॥ अवदात १।७, सित १।७, गौर १।७, वलक्ष १।७, (अवलक्ष १।७) धवल १।७, अर्जुन १।७, [१३ सेतोवर्ण र सेतोवर्णहुनेवस्तुका नाम] हरिण १।७, पाण्डुर १।७, पाण्डु १।७, [३ सेतोपहेलोमिलेको वर्ण र त्यस्तो वर्णहुनेवस्तुका नाम] ईषत्पाण्डु १।७, धूसर १।७, [२ धुस्रोवर्ण र त्यस्तो वर्णहुनेवस्तुका नाम ॥ १३ ॥ कृष्ण १।७, नील १।७, असित श्याम १।७, काल १।७, श्यामल १।७, मेचक १।७, [७ कालोवर्ण र त्यस्तो वर्णहुनेवस्तुका नाम] पीत १।७, गौर १।७, हरिद्राभ १।७, [३ पहेंलोवर्ण र त्यो वर्णहुनेवस्तुका नाम] पालाश १।७, हरित १।७, हरित् १।७, [३ हरियो वर्ण र त्यो वर्णहुनेवस्तुका नाम] ॥ १४ ॥ लोहित १।७, रोहित १।७, रक्त १।७, शोण १, कोकनदच्छवि १।७, [५ रातोवर्ण र त्यो वर्णहुनेवस्तुका नाम] अरुण १।७

(१) ती शब्दको अर्थभेदले लिङ्गभेद हुनाले गुणलाई-कहँदा पुंलिङ्गको, गुणीलाई-कहँदा तिनैलिङ्गको सूचना-गर्नु-पर्ने-हुनाले शब्दका अगाडी २/२ अङ्क राखिनेछन् जस्तै समाकर्षिन् १/७ इत्यादि ।

३३० श्यावः स्यात्कपिशो धूम्रधूमलौ कृष्णलोहिते ।
३३१ कडारः कपिलः पिङ्गपिशङ्गौ कद्रुपिङ्गलौ ॥१६॥
३३२ चित्रं किर्मीरकल्माषशबलैताश्च कर्बुरे ।
३३३ गुणे शुक्लादयः पुंसि गुणिलिङ्गास्तु तद्वति ॥१७॥

इति धीवर्गः ॥ ५ ॥

[१ कालोवर्णअलीकतिमिलेको रातोवर्ण र त्यस्तो वर्णहुनेवस्तुको नाम] पाटल १।७, [१ गुलावीवर्ण र त्यो वर्णहुनेवस्तुको नाम] ॥ १५ ॥ श्याव १।७, कपिश १।७, [२ कालोपहेंलोमिलेको वर्ण र त्यो वर्णहुनेवस्तुका नाम] धूम्र १।७, धूमल १।७, कृष्णलोहित १।७, [३ ध्वासेरङ्ग र त्यस्तो रङ्गहुनेवस्तुका नाम] कडार १।७, कपिल १।७, पिङ्ग १।७, पिशङ्ग १।७, कद्रु १।७, पिङ्गल १।७, [६ कैलोवर्ण र त्यस्तो वर्णहुनेवस्तुका नाम] ॥ १६ ॥ चित्र ३।७, किर्मीर १।७, कल्माष १।७, शबल १।७, एत १।७, कर्बुर १, [६ चित्रवर्ण र त्यो वर्णहुनेवस्तुका नाम] शुक्लादयः गुणे पुंसि (शुक्लशुभ्रआदिगरेका यहासम्मका शब्दपनि गुणलाई कहँदा पुंलिङ्गमा रहन्छन्) तद्वति तु गुणिलिङ्गाः (गुणवानूलाई-कहँदा ता गुणवानूवस्तुवाचकशब्दकालिङ्ग-मुताविकका लिङ्गमा रहन्छन्) ॥ १७ ॥

इति धीवर्गः ॥५॥

३३४ ब्राह्मी तु भारती भाषा गीर्वाग्वाणी सरस्वती ।
३३५ व्याहार उक्तिर्लपितं भाषितं वचनं वचः ॥१॥
३३६ अपभ्रंशोऽपशब्दः स्याच्छास्त्रे शब्दस्तु वाचकः ।
३३७ तिङ्सुवन्तचयो वाक्यं क्रिया वा कारकान्विता ॥२॥
३३८ श्रुतिः स्त्री वेद आम्नायस्त्रयीधर्मस्तु तद्विधिः ।
३३९ स्त्रियामृक्सामयजुषी इति वेदास्त्रयस्त्रयी ॥३॥
३४० शिक्षेत्यादि श्रुतेरङ्गमोङ्कारप्रणवौ समौ ।
३४१ इतिहासः पुरावृत्तमुदात्ताद्यास्त्रयः स्वराः ॥४॥
३४२ आन्वीक्षीकी दण्डनीति स्तर्कविद्यार्थशास्त्रयोः ।
३४३ आख्यायिकोपलब्धार्था पुराणं पञ्चलक्षणम् ॥५॥

ब्राह्मी २, भारती २, भाषा २, गिर् २, वाच् २, वाणी २, सरस्वती २, व्याहार १, उक्ति २, लपित ३, भाषित ३, वचन ३, वचस् ३, [१३ वाणीका (वचनका) नाम] ॥ १ ॥ अपभ्रंश १, अपशब्द १, [२ अशुद्धशब्दका नाम] शास्त्रे वाचकः तु शब्दः (शास्त्रमा सिद्धभयेको अर्थबुझाउनेपद शब्द कहिन्छ) शब्द १, [१ अर्थबोधक पदको नाम] तिङ्सुवन्तचयः वाक्यम् (तिङन्त-र-सुवन्तको परस्पर-सम्बन्धी-पदसमुदाय वाक्य कहिन्छ) कारकान्विता क्रिया वा वाक्यम् (कर्तृ-कर्म-करणादि-कारकले युक्तभयेको क्रियापद पनि वाक्य कहिन्छ) वाक्य ३ [१ वाक्यको नाम] ॥ २ ॥ श्रुति २, वेद १, आम्नाय १, [३ वेदका नाम] तद्विधिस्तु (वेदले-विधान-गरियेको-कर्मता) त्रयीधर्मः (त्रयीधर्म कहिन्छ) त्रयीधर्म १ [१ वेदोक्तधर्मको नाम] ऋच् २ [१ ऋग्वेदको नाम] सामन् ३, [१ सामवेदको नाम] यजुस् ३ [१ यजुर्वेदको नाम] इति त्रयः वेदाः त्रयी स्त्रियाम् (ई ३ वेदको समुदायत्रयी कहिन्छ त्यो शब्द स्त्रीलिङ्गमा रहन्छ) त्रयी २ [१ पूर्वोक्त ३ वेदका समुदायको नाम] ॥ अङ्ग ३ [१ शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्दोविचिति, ज्योतिष, ई ६ रूपी वेदाङ्गको नाम] ॥ घा ॥ ओंकार १, प्रणव २, [१ ओंकारका नाम] इतिहास १, पुरावृत्त ३, [२ इतिहास (प्राचीनचरित्रसंग्रह)का नाम] स्वर १, [१ उदात्त-अनुदात्त-स्वरित ई ३ स्वरको नाम] ॥ ४ ॥ आन्वीक्षीकी २, तर्कविद्या २ [२ तर्क (न्याय) शास्त्रका नाम] दण्डनीति २ अर्थशास्त्र ३ [२ धनार्जनविद्या (नीति)का नाम]

उपलब्धार्था आख्यायिका (जस्मालेखियेका-कुरा उपलब्ध (सर्वविदित) छन् त्यो ग्रन्थ आख्यायिका कहिन्छ) आख्यायिका २ [१ साँचाकथाका-ग्रन्थको नाम] पञ्चलक्षणम् पुराणम् (५ लक्षणले (सर्ग, प्रतिसर्ग, वंश, मन्वन्तर, वंशानुचरितले)

(घा) शिक्षा[१] कल्पो[२] [३]व्याकरणं [४]निरुक्तं ज्योतिषां [५]गतिः ।
[६]छन्दोविचितिरित्येष षडङ्गो वेद उच्यते ॥

३४४ प्रबन्धकल्पना कथा प्रबह्लिका प्रहेलिका ।
३४५ स्मृतिस्तु धर्मसंहिता समाहृतिस्तु सङ्ग्रहः ॥६॥

युक्त-भएको-ग्रन्थविशेष पुराण कहिन्छ) पुराण ३ [१ पुराणको नाम] ॥ (ङ) ॥५॥ प्रबन्धकल्पना कथा कथ्यते (कसैको-कल्पित-चरित्रले-रचियेको-ग्रन्थ कथा कहिन्छ) कथा २ [१ झूटा(कल्पित)कुराका ग्रन्थको नाम] प्रबह्लिका २, प्रहेलिका २, [२ प्रहेलिकाका नाम] (चा) ॥ स्मृति २, धर्मसंहिता २, [२ धर्मशास्त्रका नाम] ॥ (छा) ॥ समाहृति २, सङ्ग्रह १ [२ संग्रहग्रन्थका नाम] ॥६॥

(ङ) सर्गश्च प्रतिसर्गश्च वंशोमन्वन्तराणि च । वंशानुचरितं चैव पुराणं पञ्चलक्षणम् । पञ्चतन्मात्रा, पञ्चभूत, बुद्धि, प्राण, इन्द्रिय, इन्को प्रथम उत्पत्ति सर्ग कहिन्छ । साकार ईश्वरवाट पैदा भयेका व्रह्माजी र तिन्का अङ्गवाट पैदा भयेका पुलस्त्य पुलह मरीच्यादि ऋषिहरुवाट फैलियेको सृष्टिप्रपञ्च प्रतिसर्ग कहिन्छ । वंश, मन्वन्तर, वंशचरित्र ई प्रसिद्धै छन्, यति ५ लक्षणले युक्त भयेको ग्रन्थ पुराण कहिन्छ ।

(चा) वाह्य अर्थ अर्कै राखेर गूढ-अर्का-अर्थको जिज्ञासा भयेको प्रश्नलाई प्रहेलिका भन्दछन् । यस्का धेरै भेद विदग्धमुखमण्डनमा लेखियेका छन् । हाम्रा देशमा प्रचलित भयेका 'सानु सानु प्याङ्, प्याङ् भरि दाम्' क्या हो ?, 'खुर्सानी' इत्यादि-जान्ने कथा प्रहेलिका हुन्—

'तरुणीले समातेर कटिमाथी चढाउँदा । समाजका अगाडीमा को कराउँछ लौ भन ?'
[उत्तर—आधा पानी भयेको गाग्रो । यो आर्थप्रहेलिका हो ।

एक्कापछीको भन वस्तु के हो ? चोरी हुँदा के भन खोजिने हो ? ।
अशुद्ध यौटा दिन लौ वताऊ ? चलाक भन्ने पदवी कमाऊ ॥
[दुवा-दसी । यो शाब्दप्रहेलिका हो ।

जीवितेशविरहाकुलान्तरा क्षौममेत्य किल गातुमुत्सका ।
काऽपि पाणिधृतवल्लकी विधुं वीक्ष्य मौनमभजत् कुतो वद ? ॥

[कोही विरहिणी युवती गाउँछु भनेर हातमा वीणा लिएर कौसीमा गई चन्द्रमा देख्ता त्यस्ले मौन लिई, गाइन, किन हो ? लौभन ? 'गाना वजाना सुनेर चन्द्रमण्डलको कलङ्कमृग यता आउला र निष्कलङ्क चन्द्रमाले झन्वढता ताप गर्ला भन्ने डरले' यो उत्तर हो ।]

(छा) मनुस्मृति—अत्रिस्मृति प्रभृति स्मृतिका रचना गर्ने ऋषिहरुका नाम याज्ञवल्क्यस्मृतिमा लेखियेका छन् ।

मन्वत्रिविष्णुहारीतयाज्ञवल्क्यो शनोङ्गिराः । यमापस्तम्बसंवर्ता : कात्यायन बृहस्पती ॥
पराशरव्यासशङ्खलिखिता दक्षगौतमौ । शातातपो वसिष्ठश्च धर्मशास्त्रप्रवर्तकाः ॥

३४६ समस्या तु समासार्था किंवदन्ती जनश्रुतिः ।
३४७ वार्ता प्रवृत्तिर्वृत्तान्त उदन्तः स्यादथाऽऽह्वयः ॥७॥
३४८ आख्याह्वे अभिधानं च नामधेयं च नाम च ।
३४९ हूतिराकारणाऽऽह्वानं संहूतिर्बहुभिः कृता ॥८॥
३५० विवादो व्यवहारः स्यादुपन्यासस्तु वाङ्मुखम् ।
३५१ उपोद्घात उदाहारः शपनं शपथः पुमान् ॥९॥

समस्या २, समासार्था २, [२ समस्याका नाम] ॥(जा)॥ किंवदन्ती २, जनश्रुति २, [२ लोकमा-चलेका-कुराका नाम] वार्ता २, प्रवृत्ति २, वृत्तान्त १, उदन्त १, [४ हालखवरका नाम] आह्वय १, ॥७॥ आख्या २, आह्वा २, अभिधान ३, नामधेय ३, नामन् ३, [६ नामका नाम] हूति २, आकारणा ६, आह्वान ३, [३ हपार्नाका नाम] संहूति २, [१ धेरैजनाले एकैचोटी-हपार्नाका नाम] ॥८॥ विवाद १, व्यवहार १, [२ झगरामामलामुद्दाका नाम] उपन्यास १, वाङ्मुख ३ [२ वाक्यारम्भ(बोल्नथाल्नु)का नाम] उपोद्घात १, उदाहार १, [२ प्रस्तुतविषयको-र-पूर्वोक्तविषयको-सम्बन्ध-गराउने-वचनसन्दर्भ(प्रस्तावना)का नाम] शपन ३, शपथ १, [२ शपथ-(किरिया)का नाम] ॥९॥

(जा) कविहरुकाशक्तिको परीक्षागर्न अपुरो-गरि वनायेका वाक्यांश वाक्यलाई समस्या भन्दछन्, कविले आफ्नाकल्पनानुसार संगत-पारिदिन-थपिदियेका अंशलाई समस्यापूर्ति भन्दछन् । जस्तै—(नेपाली भाषामा—)

'म नाथका साथ मिलाप गर्दछू' यो-समस्या कसैले-दियेमा कुनै-कविले—

'रु०मा अलग् एक म तङ्ग वासमा रहेर हेराम ! विलाप गर्दछू ।
छदैंछु सुग्रीवसमान सर्वथा म नाथका-साथ मिलाप गर्दछू' ॥
[राघवालङ्कार]

यसरी पूर्ति गरेको छ । यस्को अर्थ—राघवालङ्कारको श्लेषप्रकरणमा लेखियेको छ ।

संस्कृतभाषामा 'मृगात् सिंहः पलायते' यस्तो-समस्या कसैले-दियेमा, समस्यादिने-सकसले-दियेका पञ्चम्यन्तको भान-पारेर-कविलाई-अलमल्याउन-खोज्ने 'मृगात्' यो-पदलाई कविले 'मृगम् अत्ति = मृगात्' यस्तो-कल्पनाले 'मृगखाने' यो-अर्थ-भयेको-प्रथमान्तपद पारेर "जहाँ-सम्म अतिबलिष्ठ-व्यक्ति देखिदैन, तहींसम्ममात्रै मामूली-बलिष्ठ-व्यक्ति बलिष्ठ ठहरिन्छ, हेर सिंहलाई-खाइदिने-अष्टापद (शरभ-नाम-भयेको-आठखुट्टे-जङ्गी-जानवर) आउँछ, मृगलाई-खाने सिंह भाग्दछ" भन्ने-आशयले—

'तावद्बली बली, यावद् बलीयान् नावलोक्यते ।
सिंहात् अष्टापदोऽभ्येति मृगातः सिंह पलायते' ॥
यस्तो पूर्ति भएको छ, इत्यादि ॥

३५२ प्रश्नोऽनुयोगः पृच्छा च प्रतिवाक्योत्तरे समे ।
३५३ मिथ्याऽभियोगोऽभ्याख्यानमथ मिथ्याभिशंसनम् ॥१०॥
दात्र ३, लवित्र ३ [२ हँसिया, खुर्पाहरुका नाम] आबन्ध १, योत्र ३, योक्त्र ३ [जूवाबाँधने-डोरीका नाम] फल ३, निरीश ३, कुटक ३ (कूटक ३) फाल १, कृषक १ (कृषिक १) [५ फालीका नाम] लाङ्गल ३, ह(हा)ल ३ ॥१३॥ गोदारण ३, सी(शी)र १ [४ हलाका नाम] शम्या २, युगकीलक १ [२ जूवाका कीला (सोइला)का नाम] ईषा २ (ईशा २), लाङ्गलदण्ड १ [२ हरिसुका नाम] सी(शी)ता २, लाङ्गलपद्धति २ [२ हलाका सियाका नाम] ॥१४॥ मेधि १ (मेथि १) [१ दाँत्रिगर्दा खलाका माझमा गाडनु पर्ने काठ(मेह)को नाम] आशु १, व्रीहि १ (आशुव्रीहि १), पाटल १ (पाटलि १) [३ धान्य(धान)का नाम] शित-शूक १ (सितशूक १), यव १ [२ जउका नाम] ॥१५॥ तोक्म १ [१ हरिया-जउको नाम] कलाय १, स(सा)तीनक १, हरेणु १, रेणुक १ (खण्डिक १) [४ केराउका नाम] कोरदूष १, कोद्रव १, काद्रव १ [२ कोदाका नाम] ॥१६॥ मङ्गल्य(क) १, मसू(रा)र १ [२ मसूराका नाम] मकु(कू)ष्ठक १, मुकुंष्ठ १, मयुष्ठक १, वनमुद्ग १ [३ वन्मुगी(गुराँस)का नाम] सर्षप १, तन्तुभ १ (तुन्तुभ १), कदम्बक १ [३ तोरीका नाम] ॥१७॥ सिद्धार्थ १ [१ सेतो-तोरी(सस्र्यूँ)को नाम] गोधूम १, सुमन १ [२ गहुँका नाम] यावक १, कुल्मास १ (कुल्माष १) [२ भटमाँसका नाम] चणक १, हरिमन्थक १ [२ चनाका नाम] ॥१८॥ तिलपेज १, तिलपिञ्ज १ [२ तेलनहुनेतिल(जरतिल)का नाम] क्षव १ (क्षुताभिजनन १) क्षुधाभिजनन १, राजिका २, कृष्णिका २, आसुरी २ [५ रायोका नाम] ॥१९॥ कङ्गु २ (कङ्गू २) प्रियङ्गु २ [२ कागुनुका नाम] अतसी २, उमा २, क्षुमा २ [३ तिसी(आलस)का

१८०५ किंशारुः शस्यशूकं स्यात्कणिशं शस्यमञ्जरी ।
१८०६ धान्यंव्रीहिः स्तम्बकरिः स्तम्बोगुच्छस्तृणादिनः ॥२१॥
१८०७ नाडी नालं च काण्डोऽस्य पलालोऽस्त्री सनिष्फलः ।
१८०८ कडङ्गरो बुसं क्लीवे धान्यत्वचि तुषः पुमान् ॥२२॥
१८०९ शूकोऽस्त्री श्लक्ष्णतीक्ष्णाग्रे शमी शिम्बा त्रिषूत्तरे ।
१८१० ऋद्धमावसितं धान्यं पूतं तु बहुलीकृतम् ॥२३॥
१८११ माषादयः शमीधान्ये शूकधान्ये यवादयः ।
१८१२ शालयः कलमाद्याश्च षष्टिकाद्याश्च पुंस्यमी ॥२४॥
१८१३ तृणधान्यानि नीवाराः स्त्री गवेधुर्गवेधुका ।
१८१४ अयोग्रं मुसलोऽस्त्री स्यादुदूखलमुलूखलम् ॥२५॥

नाम] मातुलानी २, भङ्गा २ [२ भाङका नाम] अणु १ [१ सामा-(साँवा)धानको नाम] 'चिनिञा-धानको नाम' पनि भन्दछन् ॥२०॥

किंशारु १, शस्यशूक ५ [२ टुँडाका नाम] कणिश ३, शस्यमञ्जरी २ [२ धानप्रभृतिका-वालाका नाम] धान्य ३, व्रीहि १, स्तम्बकरि १ [३ सामान्य धान्य(गहुँ, मकै-आदिगरेका-सव अन्न)का नाम[१]] स्तम्ब १, गुच्छ १ [२ धान्, तृण आदिका फेद(गाँज = झाङ)का नाम] ॥२१॥ नाडी २, नाल ३, काण्ड ५ [३ डाँठका नाम] पलाल ५ [१ परालको नाम] कडङ्गर १ (कडङ्कर १), बुस ३ (बुष ३) [२ पोवटाका नाम] तुष १ [१ भुसको नाम] ॥२२॥ शूक ५ [१ जउप्रभृतिका तोखा-टुप्पाको नाम] शमी २, सिम्बा २ [२ कोसा(केराउ, वोडी, सिमी-प्रभृतिका-बीजकोश)का नाम] ऋद्ध ७, आवसित ७[२ भरखर-झाँटेर-थुप्प्यायेका-धानप्रभृतिका नाम] पूत ७, बहुलीकृत ७ [२ वत्तायेर-रास-लायेका-धान-प्रभृतिका नाम] ॥२३॥शमीधान्य ३[१ कोसाभित्र-दाना-हुने, मास्, मुगी, केराउ, प्रभृति-अन्न-को नाम] शूकधान्य ३ [१ टुँडोहुने, जउ, गँहुँ, धान, प्रभृति-अन्नको नाम] शालि १, कलम १, षष्टिक १ [३ धान्य-विशेषका १।१ नाम] 'शालि' धान मार्सी भनेर प्रसिद्ध छ ॥ डाँठ अरुभन्दा ठुलो-हुने, धेरै-पानी चाँहिने-सेतोधान(सेते)लाई 'कलम' भन्दछन् ॥ सठिया धानलाई 'षष्टिक' भन्दछन् ॥२४॥ तृणधान्य १, नीवार १ [२ तृणधान्य (साँवा-प्रभृति, नछरि-आफै-हुने-अन्न)का नाम] गवेधु २ (गवेडु २), गवे-धुका २ [२ वाजराका नाम] अयोग्र ३, मुसल ५ [२ मुसलका नाम] उदूखल ३, उलूखल ३ [२ ओखल्का नाम] ॥२५॥

प्रस्फोटन ३, शू(सू)र्प ५ [२ नाङ्लाका नाम] चालनी २, तितउ १ [२

---

(१) यरौवर्गका पन्ध्रौं श्लोकमा आशु-व्रीहि-पाटल ई ३ नाम खास धानका लेखिये, यहाँ सामान्य अन्नका धान्य-व्रीहि-स्तम्बकरि ई ३ नाममध्यमा पनि व्रीहि शब्द परचो, तसर्थ व्रीहि शब्द सामान्य अन्नवाचक र विक्षेषअन्न = धान वाचक रहेछ भनि बुझ्नु पर्दछ, धान्य शब्द पनि सामान्य-अन्न र विशेष धान दुवैलाई कहन्छ ।

१८१५ प्रस्फोटनं शूर्पमस्त्री चालनी तितउः पुमान्।
१८१६ स्यूतप्रसेवौ कण्डोलपिटौ कटकिलिञ्जकौ ॥२६॥
१८१७ समानौ रसवत्यां तु पाकस्थानमहानसे।
१८१८ पौरोगवस्तदध्यक्षः सूपकारास्तु बल्लवाः ॥२७॥
१८१९ आरालिका आन्धसिकाः सूदा औदनिका गुणाः।
१८२० आपूपिकः कान्दविको भक्ष्यकार इमे त्रिषु ॥२८॥
१८२१ अश्मन्तमुद्धानमधिश्रयणी चुल्लिरन्तिका।
१८२२ अङ्गारधानिकाऽङ्गारशकट्यपि हसन्त्यपि ॥२९॥
१८२३ हसन्यप्यथ न स्त्री स्यादङ्गारोऽलातमुल्मुकम्।
१८२४ क्लीबेऽम्बरीषंभ्राष्ट्रो ना कन्दुर्वा स्वेदनी स्त्रियाम् ॥३०॥
१८२५ अलिञ्जरः स्यान्मणिकः कर्कर्यालुर्गलन्तिका।
१८२६ पिठरः स्थाल्युखाकुण्डं कलशस्तु त्रिषु द्वयोः ॥३१॥
१८२७ घटः कुटनिपावस्त्री शरावो वर्धमानकः।
१८२८ ऋजीषं पिष्टपचनं कंसोऽस्त्री पानभाजनम् ॥३२॥
१८२९ कुतूः कृत्तेः स्नेहपात्रं सैवाल्पा कुतुपः पुमान्।
१८३० सर्वमावपनं भाण्डं पात्रामत्रं च भाजनम् ॥३३॥

चलनी (चाल्नु)का नाम] स्यूत १ (स्पोन १), प्रसेव १ [२ धोक्रा, थैला, वोराका नाम] कण्डोल १, पिट १ (पिण्ड १) [२ डोका, डाला, दौडी, टोकरीका नाम] कट १, किलिञ्जिक १ [२ ढक्किका नाम] ॥२६॥ रसवती २, पाकस्थान ३, महानस ३ [३ भान्साका नाम] पौरोगव ७ [१ भान्साका-अध्यक्ष (अधिकारी)को नाम] सूपकार ७, बल्लव ७ ॥२७॥ आरालिक ७, आन्धसिक ७, सूद ७, औदनिक ७, गुण ७ [७ भान्सेका नाम] सूपकार, बल्लव, शब्दले केवल 'तर्कारी पकाउने'लाई कहन्छन्, पनि भन्दछन् ॥ आपूरिक ७, कान्दविक ७ [२ माल्पुवा-प्रभृति-भक्ष्य (रोटी) पकाउनेका नाम] ॥२८॥ अश्मन्त ३, उद्धान ३ (उद्ध्मान ३) अधिश्रयणी २, चुल्लि २ (चुल्ली २), अन्तिका २ (अन्दिका २) [५ चुह्लाका नाम] अङ्गारधानिका २, अङ्गारशकटी २, हसन्ती २ ॥२९॥ हसनी २ [४ मकल, अटल, बोरसीका नाम] अङ्गार ५ [१ अँगारका नाम] अलात ३, उल्मुक ३ [२ अहुल्टाका नाम] अम्बरीष ३, भ्राष्ट्र १ [२ भर्साई (भर्साही)का नाम] कन्दु ४, स्वेदनी २ [२ कराहीका नाम] ॥३०॥ अलिञ्जर १, मणिक १ [२ घ्यांपाका नाम] कर्करी २, आलु २ (आलू २), गलन्तिका २ [३ करुवा, गडुवा, झारीका नाम] पिठर १ (४), स्थाली २, उखा २ (उषा २), कुण्ड ३ [४ पकाउने भाँडा (कसौंडी तसला, ताप्के, तपेस-प्रभृति) का नाम] कलश ७ (कलस ७) ॥३१॥ घट ४, कुट १, निप १ [४ गाग्रा-घडा-हंडा प्रभृतिका नाम] श(स)राव ५, वर्धमानक १ [२ कहतारा पाला पाली प्रभृतिका नाम] ऋजीष ३ (ऋचीष ३), पिष्टपचन ३ [२ पिठोपकाउने भाँडा (झ्याँगा-तावा-ताइतापके प्रभृति)का नाम] कंस ५, पानभाजन ३ [२ पिउँने भाँडा (अंखोरा, गिलाँस प्रभृति)का नाम] ॥३२॥

१८३१ दर्विः कम्बिः खजाका च स्यात्तर्दू र्दारुहस्तकः ।
१८३२ अस्त्री शाकं हरितकं शिग्रुरस्य तु नाडिका ॥३४॥
१८३३ कलम्बश्च कडम्बश्च वेसवार उपस्करः ।
१८३४ तिन्तिडीकं च चुक्रं च वृक्षाम्लमथ वेल्लजम् ॥३५॥
१८३५ मरिचं कोलकं कृष्णमूषणं धर्मपत्तनम् ।
१८३६ जीरको जरणोऽजाजी कणा कृष्णे तु जीरके ॥३६॥
१८३७ सुषवी कारवी पृथ्वी पृथुः कालोपकुञ्चिका ।
१८३८ आर्द्रकं शृङ्गवेरं स्यादथ छत्रा वितुन्नकम् ॥३७॥
१८३९ कुस्तुम्बुरु च धान्य कमथ शुण्ठी महौषधम् ।
१८४० स्त्रीनपुंसकयोर्विश्वं नगरं विश्वभेषजम् ॥३८॥
१८४१ आरनालकसौवीरकुल्माषाभिषुतानि च ।
१८४२ अवन्तिसोमधान्याम्लकुञ्जलानि च काञ्जिके ॥३९॥

कुतू २ [१ सिरिया (चिल्ला-पदार्थ हालेर राख्ने छालाका भाँडा)को नाम] कुतुप १ [१ सानु-सिरियाको नाम] आवपन ३, भाण्ड ३, पात्र ३, अमत्र ३, भाजन ३ [५ सामान्य-भाँडा वर्तनका नाम] ॥३३॥

दर्वि २ (दर्वी २), कम्बि २ (कम्बी २),खजाका २ [३ डाडूका नाम]तर्दू १, दारुहस्तक १ [२ पन्यूका नाम] शाक ५,हरितक ३, शिग्रु १ [३ सामान्य-सागपातका नाम]नालिका २ ॥३४॥ कलम्ब १, कडम्ब १ [३ सागपातका-डाँठका नाम] वेस(श-ष) वार१, उपस्कर १ [२ वेसवारका नाम] हिंग्वार्द्रमरिचं जीरं हरिद्रा धान्यकं तथा ॥ क्रमेण द्विगुणं सर्वं वेसवारमिदं शुभम् ॥ हिङ्, अदुवा, मरिच, जीरा, हलेदो, धनियाँ यती क्रमैले पहिलो२-भन्दा दोवर२ गरेर वनायेका मसलालाई 'वेसवार' भन्नु, भनेर वैद्यशास्त्रमा भनेको छ[१] ॥ तिन्तिडीक ३ (तितिडीक ३), चुक्र ३, वृक्षाम्ल ३ [३ चूक-अमिलाका नाम]॥ वेल्लज ३ ॥३५॥ मरिच ३(मरीच ३),कोलक ३, कृष्ण ३, ऊषण ३, धर्मपत्तन ३ [६ मरिचका नाम] जीरक १, जरण १, अजाजी २, कणा २ [४ जीराका नाम] ॥३६॥ सुषवी २, कारवी २, पृथ्वी २, पृथु २, काला २, उपकुञ्चिका २ [५ कालोजिराका नाम] आर्द्रक ३, शृङ्गवेर ३ [२ अदुवाका नाम] छत्रा २, वितुन्नक ३ ॥३७॥ कुस्तुम्बुरु ३ (कुस्तुम्बरी २, कुस्तुम्बरु ३), धान्याक ३ (धन्याक ३)[४ धनियाँका नाम] शु(ण्ठि)ण्ठी २, महौषध ३, विश्व ५, नागर ३, विश्व-भेषज ३, [५ सुठाका नाम] ॥३८॥ आरनालक ३, सौवीर ३, कुल्माषाभिषुत ३ (कुल्माष ३), अवन्तिसोम ३, धान्याम्ल ३, कुञ्जल ३, काञ्जिक ३ (काञ्चिक ३), [७ काञ्जी (औषधिविशेष)का नाम] ॥३९॥ पानीमा रायो नुन् प्रभृति मसला हालेर वनायेको औषधिविशेषलाई काञ्जिक भन्दछन् ।

---

(१) यो वेसवारको अभावमा केवल हलेदाका धूलालाई लियेर वेसार भन्ने चलन चलेको हो की ?

२२

१८४३ सहस्रवेधि जतुकं बाह्लीकं हिङ्गु रामठम् ।
१८४४ तत्पत्री कारवी पृथ्वी बाष्पिका कबरी पृथुः ॥४०॥
१८४५ निशाख्या काञ्चनी पीता हरिद्रा वरवर्णिनी ।
१८४६ सामुद्रं यत्तु लवणमक्षीवं वशिरं च तत् ॥४१॥
१८४७ सैन्धवोऽस्त्री शीतशिवं माणिमन्थं च सिन्धुजे ।
१८४८ रौमकं वसुकं पाक्यं बिडं च कृतके द्वयम् ॥४२॥
१८४९ सौवर्चलेऽक्षरुचके तिलकं तत्र मेचके ।
१८५० मत्स्यण्डी फाणितं खण्डविकारः शर्करासिता ॥४३॥
१८५१ कूर्चिका क्षीरविकृतिः स्याद्रसाला तु मार्जिता ।
१८५२ स्यात्तेमनं तु निष्ठानं त्रिलिङ्गा वासितावधेः ॥४४॥
१८५३ शूलाकृतं भटित्रं स्याच्छूल्यमुखं तु पैठरम् ।
१८५४ प्रणीतमुपसंपन्नं प्रयस्तं स्यात्सुसंस्कृतम् ॥४५॥

सहस्रवेधिन् ३, जतुक ३, वाह्लीक ३ (वाह्लिक ३), हिङ्गु ३, रामठ ३ [५ हिङ्कानाम] (त्वक्पत्री २), कारवो २, पृथ्वी २, वाष्पि(ष्पी)का २, कबरी २, पृथु २ [५ हिङ्का-वृक्षको-पातका नाम] ॥४०॥ निशा २ (रात्रि २), काञ्चनी २, पीता २, हरिद्रा २, वरवर्णिनी २ [५ हलेदाका नाम] अक्षीव ३ (अक्षिब ३), वशिर ३ (वसिर ३) [२ समुद्रनुन्का नाम] ॥४१॥ सैन्धव ५, शी(सि)तशिव ३, मणिमन्थ ३, सिन्धुज ३ [४ सिंधेनुन्का नाम] रौमक ३, वसुक ३ (वसूक ३) [२ साँमरी नुन्का नाम] पाक्य ३, विड ३ [२ खारानुन्का नाम] ॥४२॥ सौवर्चल १, अक्ष ३, रुचक ३ [३ सौंचर-नुन्का नाम] तिलक ३ [१ विरेनुन्को नाम] कसैरले सौवर्चल-आदि-गरेका ४ रै-शब्दले 'विरेनुन्' लाई कहन्छन् भनेको छ ॥ मत्स्यण्डी २, फाणित ३ [२ खुदाका नाम] शर्करा २, सिता २ [२ चीनीका नाम] ॥४३॥ कूर्चिका २ [१ कराउनी (खुवा-खोवा)को नाम] रसाला २, मार्जिता २ [२ सिखर्नी (रसाला[1])का नाम] तेमन ३, निष्ठान ३ [२ तिहुन्का नाम] ॥४४॥ शूलाकृत ७, भटित्र ७, शूल्य ७ [३ झिर, सुइरामा-उनेर-पकायेका-मासुप्रभृतिका नाम] उख्य ७, पैठर ७ [२ कसौडो, ताप्के,

---

(१) यो रसाला (सिखर्नी) बनाउने तर्कीव-

अस्सल् मीठो आठ माना दहीको पोको पारी पानि जम्मै निथारी ।
आरीमाथी त्यो चुहाउन् निचोरी सफ्फा सुग्घरौंहि छोरी बुहारी ॥
चोखा चीनी सेर भर् , चार तोला मक्खन् खारी साफ पारी मिलाऊ ।
घमौरीको चोर संपत्ति ल्याऊ मक्खनजत्ति त्यै दहीमा लुकाऊ ॥
अस्सल् छोटी लायची, दालचीनी, चोखा, केसर, सौठ्, मरिच् , ई जुटाऊ ।
कूटी छानी तौल वेग्लै हाल डब्बल् (२) तोला डाडुले खूब फाऊ ॥
खुश्बूवाला पात्रमा राख ढाकी तयार् भो लौ भीमसेनी रसाला ।
ल्याऊ खाऊ इष्टमित्रादि डाकी यस्को तर्कीव् को नसोधेर जाला ? ॥

१८५५ स्यात्पिच्छिलं तु विजिलं संमृष्टं शोधितं समे ।
१८५६ चिक्कणं मसृणं स्निग्धं तुल्ये भावितवासिते ॥४६॥
१८५७ आपक्वं पौलिरभ्यूषो लाजाः पुंभूम्नि चाक्षताः ।
१८५८ पृथुकः स्याच्चिपिटको धाना भ्रष्टयवे स्त्रियः ॥४७॥
१८५९ पूपोऽपूपः पिष्टकः स्यात्करम्भो दधिसक्तवः ।
१८६० भिस्सास्त्रीभक्तमन्धोऽन्नमोदनोऽस्त्री स दीदिविः ॥४८॥
१८६१ भिस्सटा दग्धिका सर्वरसाग्रे मण्डमस्त्रियाम् ॥
१८६२ मासराचामनिस्रावा मण्डे भक्तसमुद्भवे ॥४९॥
१८६३ यवागूरुष्णिका श्राणा विलेपी तरला च सा ।
१८६४ "म्रक्षणाभ्यञ्जने तैलं कृसरस्तु तिलोदनः ।"
१८६५ गव्यं त्रिषु गवां सर्वंगोविट् गोमयमस्त्रियाम् ॥५०॥

प्रभृति-भाँडामा पकायेका भाततिहुन-मासुप्रभृतिका नाम] प्रणीत ७, उपसंपन्न ७ [२ पाकेर तयार भयेका-अन्नप्रभृतिका नाम] प्रयस्त ७, सुसंस्कृत ७ [२ मसला हाली पकायेका-वस्तुका नाम] ॥४५॥

पिच्छिल ७, विजिल ७ (विज्जन ७, विज्जल ७) [२ झोल् पारेका-तर्कारी-प्रभृतिका नाम] संमृष्ट ७, शोधित ७ [२ निफनी-नाफनी,-केलाई-कुलाई, धोई-धाई सफापारेका वस्तुका नाम] चिक्कण ७, मसृण ७, स्निग्ध ७ [३ मसीना-वस्तुका नाम] भावित ७, वासित ७ [२ वास्ना-आँउने-गरी-वनायेका वस्तुका नाम] ॥४६॥ आपक्व ३, पौलि १, अभ्यूष १ (अभ्योष १, अभ्युष १) [३ भुटेका-हरिया-जउ, मकै, चना प्रभृतिका नाम] लाज १, [१ लावाको नाम] लाज शब्द नित्य बहुवचनान्त छ ॥ अक्षत १ [१ अक्षता (अछेता)-को नाम] अक्षत शब्द पनि बहुवचनान्त नै छ ॥ कसैले लाज, अक्षत २ शब्द 'लावाका नाम' भनेको छ ॥ पृथुक १, चिपिटक १ [२ चिउराका नाम] धाना २ [१ भुटेका-जउको नाम] धाना शब्द बहुवचनान्त छ ॥४७॥ पूप १, अपूप १, पिष्टक १ [३ पुवा-मालपूवाप्रभृति रोटीका नाम] करम्भ १ (करम्ब १) [१ दहि र सातुका मिलानको नाम] भिस्सा २, भक्त ३, अन्धस् ३, अन्न ३, ओदन ५, दीदिवि १ [६ भातको नाम] ॥४८॥ भिस्सटा २, दग्धिका २ [२ मास्रीका (केही जलेका अन्नका) नाम] मण्ड ५ [१ माँडको नाम] मासर १, आचाम १, नि(वि)स्राव १ [३ भातको-माँडका नाम] ॥४९॥ यवागू २, उष्णिका २, श्राणा २, विलेपी २, तरला २ [५ फाँडाको नाम] "म्रक्षण ३, अभ्यञ्जन ३, तैल ३ [३ तेलका नाम] कृसर १ [१ खिचडी[२] (खिच्रो)को नाम]" गव्य ७ [१ गाई-संवन्धि-दूद दहिघ्यू-प्रभृतिको

(१) सुकेका-भृटेका सवै अन्न लावा कहिन्छन्, केवल धानको लावा वुझाउनु पर्दा धान्यलाजाः भन्नुपर्दछ, इत्यादि ।

(२) यो क्षेपकले तिल र भातको मिलान भयेका खिचडीलाई कृसर भन्यो ता पनि मुगीप्रभृति अरु अन्नको खिचडीलाई पनि कृसर भन्ने व्यवहार चलेको छ ।

१८६६ तत्तु शुष्कं करीषोऽस्त्री दुग्धं क्षीरं पयः समम् ।
१८६७ पयस्यमाज्यदध्यादि द्रप्सं दधि घनेतरत् ॥५१॥
१८६८ घृतमाज्यं हविः सर्पिर्नवनीतं नवोद्धृतम् ।
१८६९ तत्तु हैयंगवीनं यद्ध्योगोदोहोद्भवं घृतम् ॥५२॥
१८७० दण्डाहतं कालशेयमरिष्टमपि गोरसः ।
१८७१ तक्रं ह्युदश्विन्मथितं पादाम्ब्वर्धाम्बु निर्जलम् ॥५३॥
१८७२ मण्डं दधिभवं मस्तु पीयूषोऽभिनवं पयः ।
१८७३ अशनाया बुभुक्षा क्षुद्ग्रासस्तु कवलः पुमान् ॥५४॥
१८७४ सपीतिः स्त्री तुल्यपानं सग्धिः स्त्री सहभोजनम् ।
१८७५ उदन्या तु पिपासातृट् तर्षो जग्धिस्तु भोजनम् ॥५५॥
१८७६ जेमनं लेह आहारो निघसो न्याद इत्यपि ।
१८७७ सौहित्यं तर्पणं तृप्तिः फेला भुक्तसमुज्झितम् ॥५६॥

नाम]गोविष् २ गोमय ५ [२ गोवरका नाम] ॥५०॥

करीष ५ [१ गुइँठाको नाम] दुग्ध ३, क्षीर ३, पयस् ३ [३ दूधका नाम] पयस्य ३ [१ दूधको विकार(दहि घ्यू प्रभृति)को नाम] द्रप्स ५ [१ पद्याँलो-दहिको नाम]॥५१॥ घृत ३, आज्य ३, हविस् ३, सर्पिस् ३ [४ घिउका नाम]नवनीत ३ [१ नउनीको नाम] हैयङ्गवीन १ [१ एकराते-दहीका नउनीको नाम] ॥५२॥ दण्डाहत ३, कालशेय ३, अरिष्ट ३, गोरस १ [४ मही(मोही)को नाम] तक्र ३ [१ दहीका चतुर्थ भाग (चौथाई) पानी हालेका-महीको नाम] उदश्वित् २ [१ आधापानिहालेको-महीको नाम]मथित ३ [१ पानीनहालिकन-फायेका-दहीको नाम] ॥५३॥मस्तु ३ [१ दहीका पानीको नाम] पीयूष ३ (पेयूष ५) [१ भर्खर-दुहेका दूधको नाम] कसैकसैले वियायेकि-गाईका ७ दिनभित्रका दूधको नाम भनि भनेको छ। अशनाया २, बुभुक्षा २, क्षुध् २ [३ भोकका नाम] ग्रास १, कवल १ [२ गाँसका नाम] ॥५४॥ सपीति २, तुल्यपान ३ [२ घेरै जना मिलेर साथसाथ-पिउँनाका नाम] सग्धि २, सहभोजन ३ [२ घेरै-जना-मिलेर साथसाथ-खानाको नाम] उदन्या २, पिपासा २, तृष् २, तर्ष १ [४ प्यास (तिर्खा)का नाम] जग्धि २, भोजन ३ ॥५५॥ जेमन ३, (जमन ३), लेह १ (लेप १), आहार १, निघस १, न्याद १ [७ खानु (भोजन)का नाम] सौहित्य ३, तर्पण ३, तृप्ति २ [३ अघाउनाका नाम] फेला २ [१ खायेर-बाँकी रहेको-अन्नादि (पूरा)को नाम[१]] ॥५६॥

काम ३, प्रकाम ३, पर्याप्त ३, निकाम ३, इष्ट ३, यथेप्सित ३ [६

(१) "भोजनगर्नें वेलामा-पूराखाने, विरोधी, क्रूर, रोगी, भोको, निन्दित मानिस नगीचै नरहोस्" भनि आचार शास्त्रमा—'फेलाभुक् प्रतिकूलः क्रूरमनाः सामयः क्षुधाक्रान्तः । न स्यात् समीपवर्ती भोजनकाले विनिन्द्यश्च" [वृ० सं०] यो वचन देखियेकोले फेलाशब्दको अर्थ 'वान्तगरेको—उगेलेको अन्नादि' होइन ।

१८७८ कामं प्रकामं पर्याप्तं निकामेष्टं यथेप्सितम् ।
१८७९ गोपे गोपालगोसंख्यगोधुगाभीरबल्लवाः ।।५७।।
१८८० गोमहिष्यादिकं पादबन्धनं द्वौ गवीश्वरे ।
१८८१ गोमान्गोमी गोकुलं तु गोधनं स्याद्गवां व्रजे ।।५८।।
१८८२ त्रिष्वाशितङ्गवीनं तद्गावो यत्राशिताः पुरा ।
१८८३ उक्षा भद्रो बलीवर्द ऋषभो वृषभो वृषः ।।५९।।
१८८४ अनड्वान्सौरभेयो गौरुक्षणां संहतिरौक्षकम् ।
१८८५ गव्या गोत्रा गवां वत्सधेन्वोर्वात्सकधैनुके ।।६०।।
१८८६ वृषो महान्महोक्षः स्याद्वृद्धोक्षस्तु जरद्गवः ।
१८८७ उत्पन्न उक्षा जातोक्षः सद्योजातस्तुतर्णकः ।।६१।।
१८८८ शकृत्करिस्तु वत्सः स्याद्दम्यवत्सतरौ समौ ।
१८८९ आर्षभ्यः षण्डतायोग्यः षण्डो गोपतिरिट्चरः ।।६२।।
१८९० स्कन्धदेशस्त्वस्य वहः सास्ना तु गलकम्बलः ।
१८९१ स्यान्नस्तितस्तु नस्योतः प्रष्ठवाड् युगपार्श्वगः ।।६३।।
१८९२ युगादीनां तु वोढारो युग्यप्रासङ्ग्यशाकटाः ।
१८९३ खनति तेन तद्वोढाऽस्येदं हालिकसैरिको ।।६४।।

यथेष्ट (मनूलागेजति)का नाम] गोप १, गोपाल १, गोसंख्य १, गोदुह् १, आभीर १ (अभीर १), बल्लव १ [६ अहीर (ग्वाला)का नाम] ।।५७।। पादवन्धन ३ [१ खुट्टामा-वाधनु-पर्ने-पशुको नाम] गोमत् १, गोमिन् १ [२ गाईका धनीका नाम] गोकुल ३, गोधन ३ [२ गाईका-बथानका नाम] ।।५८।। आशितङ्गवीन ७ [१ पहिले गाईलाई-ख्वायेका-ठाँउको नाम] उक्षन् १, भद्र १, बलीवर्द १ (वरीवर्द १), ऋषभ १, वृषभ १, वृष १ ।।५९।। अनडुह् १, सौरभेय १, गो १ [९ गोरूका नाम] औक्षक ३ [१ गोरूका-बथानको नाम] गव्या २, गोत्रा २ [२ गाई-गोरुका-बथानका नाम] वात्सक ३ [१ वाछावाछीका-बथानको नाम] धैनुक ३ [१ गाईका-बथानको नाम] ।।६०।। महोक्ष १ [१ ठुला-साँढे (गोरु)को नाम] वृद्धोक्ष १, जरद्गव १ [२ बुढासाँढेका नाम] जातोक्ष १ [१ दायेका-वहरको नाम] तर्णक १ [१ कलिला वाछाको नाम] ।।६१।। शकृत्करि १, वत्स १ [२ साना-वाछाका नाम] दम्य १, वत्सतर १ [२ वहरका नाम] आर्षभ्य १ [१ सज्ने वेलाभयेका-बहरको नाम] षण्ड १ (शण्ढ १, शण्ड १, षण्ढ १), गोपति १, इट्चर १ (इत्वर १) [३ साँढेका नाम] ।।६२।। वह १ [१ गोरुका-काँधको नाम] सास्ना २, गलकम्बल १ [२ गाई, गोरुका माल (घाँटिमा झुन्डियेको मासु)-का नाम] नस्तित १, नस्योत १ [२ नाक-छेडेर डोरी-लायेका-गोरुप्रभृतिका नाम] प्रष्ठवाह् १, युगपार्श्वग १ [२ दाँउन-लागेका-गोरुका नाम] ।।६३।। युग्य १ [१ जूवावोकने (जोतने) गोरुको नाम] प्रासङ्ग्य १ [१ प्रासङ्ग (दाउँदा काँधमा राख्ने-काठ)वोकने-गोरुको नाम] शाकट १ [१ गाडातान्ने-गोरुको नाम] हालिक १,

१८९४ धूर्वहे धुर्यधौरेयधुरीणाः सधुरंधराः ।
१८९५ उभावेकधुरीणैकधुरावेकधुरावहे ॥६५॥
१८९६ स तु सर्वधुरीणः स्याद्यो वै सर्वधुरावहः ।
१८९७ माहेयी सौरभेयी गौरुस्रा माता च शृङ्गिणी ॥६६॥
१८९८ अर्जुन्यघ्न्या रोहिणी स्यादुत्तमा गोषु नैचिकी ।
१८९९ वर्णादिभेदात्संज्ञाः स्युःशवलीधवलादयः ॥६७॥
१९०० द्विहायनी द्विवर्षा गौरेकाब्दा त्वेकहायनी ।
१९०१ चतुरब्दा चतुर्हायण्येवं त्र्यब्दा त्रिहायणी ॥६८॥
१९०२ वशा बन्ध्याऽवतोका तु स्रवद्गर्भाऽथ संधिनी ।
१९०३ आक्रान्ता वृषभेणाथ वेहद्गर्भोपघातिनी ॥६९॥
१९०४ काल्योपसर्या प्रजने प्रष्ठौही बालगर्भिणी ।
१९०५ स्यादचण्डी तु सुकरा बहुसूतिः परेष्टुका ॥७०॥
१९०६ चिरप्रसूता वष्कयणी धेनुः स्यान्नवसूतिका ।
१९०७ सुव्रता सुखसंदोह्या पीनोध्नी पीवरस्तनी ॥७१॥

सरिक १ [२ हलाले-जोतने, हलो वोक्ने, हलो संम्वन्धि वस्तु, ई ३ का नाम] ॥६४॥

धूर्वह १, धुर्य १, धौरेय १, धुरीण १, धुरन्धर १ [५ भारिवोकनेका नाम] एकधुरीण १, एकधुर १, एकधुरावह १ [३ अनेक मिलेर एक भारिवोकनेका नाम] ॥६५॥ सर्वधुरीण १, सर्वधुरावह १ [२ सवैजम्मैभारि-वोकनेका नाम] माहेयी २, सौरभेयी २, गो २, उस्रा २, मातृ २, शृङ्गिणी २ ॥६६॥ अर्जुनी २, अघ्न्या २, रोहिणी २ [९ गाईका नाम] नैचिकी २ (नीचिका २, नीचिकी २) [१ असल-गाईको नाम] शव(ला)ली २ [१ माले (चित्रा)गाईको नाम] धवला २ (धवली २) [१ सेती-गाईको नाम] त्यस्तै—काली, कैली, राती, गाईलाई कहँदा, कृष्णा, कपिला, पाटला, पाटला, शब्दको क्रमैले प्रयोग गर्नु ॥ ई शब्द वर्णोपाधि (जस्तो वर्ण छ उस्तै नामभयाका) हुन् ॥ अङ्गोपाधि (जस्तो अङ्ग छ उस्तैनाम भयेका) शब्द पनि वनाउनु ॥ ठुली, सानी गाईलाई कहँदा, महती, वामनी, शब्दको क्रमैले प्रयोग गर्नु ॥६७॥ द्विहायनी २, द्विवर्षा २ [२ दुई (२) वर्षकी गाईका नाम] एकाब्दा २, एकहायनी २ [२ एकवर्षकोगाईका नाम] चतुरब्दा २, चतुर्हायणी २ [२ चारवर्ष-की-गाईका नाम] त्र्यब्दा २, त्रिहायणी २ [२ तिन्वर्षकी-गाईका नाम] ॥६८॥ वशा २, बन्ध्या २ [२ वाँझी-गाईका नाम] अवतोका २, स्रवद्गर्भा २ [२ तुहेकी-गाईका नाम] संधिनी २ [१ वहर, साँढे, सँग-लागेकी-गाईको नाम] वेहत् २ [१ वारंवार वहर, साँढे, सँग-लाग्नाले-गर्भरहन-नदिने-गाईको नाम] ॥६९॥ काल्या २, उपसर्या २ [२ सांढे खोज्न-लागेकी-गाईका नाम] प्रष्ठौही २ (पष्ठौही २) [१ पहि-लेवेत-कंलायेकी-गाईको नाम] अचण्डी २, सुकरा २ [२ साधु-गाईका नाम] वहु-सूति २, परेष्टुका २ [२ धेरैवेत-व्यायेकी-गाईका नाम] ॥७०॥ चिरसूता २, वष्क-यणी २ (वष्कयिणी २) [२वकेर्नी गाईका नाम] धेनु २, नवसूतिका २ [२ लैनी गाई-

१९०८ द्रोणक्षीरा द्रोणदुघा धेनुष्या बन्धके स्थिता ।
१९०९ समांसमीना सा यैव प्रतिवर्षं प्रसूयते ॥७२॥
१९१० ऊधस्तु क्लीबमापीनं समौ शिवककीलकौ ।
१९११ न पुंसि दाम संदानं पशुरज्जुस्तु दामनी ॥७३॥
१९१२ वैशाखमन्थमन्थानमन्थानो मन्थदण्डके ।
१९१३ कुठरो दण्डविष्कम्भो मन्थनी गर्गरी समे ॥७४॥
१९१४ उष्ट्रे क्रमेलकमयमहाङ्गाः करभः शिशुः ।
१९१५ करभाः स्युः शृङ्खलका दारवैः पादबन्धनैः ॥७५॥
१९१६ अजा छागी स्तभच्छागवस्तच्छगलका अजे ।
१९१७ मेढ्रोरभ्रोरणोर्णायुमेषवृष्णय एडके ॥७६॥
१९१८ उष्ट्रोरभ्राजवृन्दे स्यादौष्ट्रकौरभ्रकाजकम् ।
१९१९ चक्रीवन्तस्तु बालेया रासभा गर्दभाः खराः ॥७७॥
१९२० वैदेहकः सार्थवाहो नैगमो वणिजो वणिक् ।
१९२१ पण्याजीवो ह्यापणिकः क्रयविक्रयिकश्च सः ॥७८॥

का नाम] सुव्रता २, सुखसंदोह्या २ [२ दुहुँदा दुःख नदिने (सजिली)गाईका नाम] पीनोध्नी २, पीवरस्तनी २ [२ कचौंडो-ठुलो हुने-गाईका नाम] ॥७१॥

द्रोणक्षीरा २, द्रोणदुघा २ [२एकद्रोण दुददिने गाईका नाम] द्रोणशब्दको अर्थ यसै-बर्गका (८८) श्लोकमा छ॥ धेनुष्या [१ बँधुवी (बाँधेर पालियेकी) गाईको नाम] समांसमीना २ [१ वर्षेनी (वर्षवर्षमा) ब्याउने-गाईको नाम] ७२॥ ऊधस् ३, आपीन ३ [२ कचौंडाका नाम] शिवक १, कीलक १ [२ गाईगोरु प्रभृति बाँधने कीलाका नाम] दामन् ६, सन्दान ३ [२ दाम्लाका नाम] पशुरज्जु २, दामनी २ (बन्धनी २) [२ छाँदका नाम] कसैकसैले 'धेरै पशुलाईबाँधने लामू (दाम्नीप्रभृतिको) दाम्लाका नाम' भनेको छ ॥७३॥ वैशाख १, मन्थ १, मन्थान १, मन्थिन् १, मन्थ(न)-दण्ड १, [६ मधानीका नाम] कुठर १ (कुटर १), दण्डविष्कम्भ १ [२ मधानी-अड्याउने-काठका नाम] मन्थनी १, गर्गरी २ (कलशी २) [२ ठेकीका नाम] ॥७४॥ उष्ट्र १, क्रमेलक १, मय १, महाङ्ग १ [४ उँटका नाम] करभ १ [१ ऊँटका बच्चाको नाम] शृङ्खलक १ [१ खुट्टामा-काठका-बन्धनले (ठिंगुराले) बाँधेका ऊँटको नाम] ॥७५॥ अजा २, छागी २ [२ वाख्रीका नाम] स्तभ २ (तुभ १), छाग २, वस्त १, छगल(क) १, अज १ [५ खसी, वोकाका नाम] मेढ्र १, उरभ्र १, उरण १, ऊर्णाय ७, मेष १, वृष्णि १, एड(क) १ [७ भेडाका नाम] ॥७६॥ औष्ट्रक ३ [१ ऊँटका-वथानको नाम] औरभ्रक ३ [१ भेडाका-वथानको नाम] आजक ३ [१ वोका-वाख्राका-बथानको नाम] चक्रीवत् १, वालेय १, रासभ १, गर्दभ १, खर १ [५ गदहा (गधा)का नाम] ॥७७॥ वैदेहक १, सार्थवाह १, नैगम १, वाणिज १, वणिज् १, पण्याजीव १, आपणिक १, क्रयविक्रयिक १ [८ वेपारी (पसले)का नाम ॥७८॥

१९२२ विक्रेता स्याद्विक्रयिकः क्रायकक्रयिकौ समौ ।
१९२३ वाणिज्यं तु वणिज्यास्यान्मूल्यं वस्नोऽप्यवक्रयः ॥७९॥
१९२४ नीवी परिपणो मूलधनं लाभोऽधिकं फलम् ।
१९२५ परिदानं परीवर्तो नैमेयनिमयावपि ॥८०॥
१९२६ पुमानुपनिधिर्न्यासः प्रतिदानं तदर्पणम् ।
१९२७ क्रये प्रसारितं क्रय्यं क्रेयं क्रेतव्यमात्रके ॥८१॥
१९२८ विक्रेयं पणितव्यं च पण्यं क्रय्यादयस्त्रिषु ।
१९२९ क्लीबे सत्यापनं सत्यंकारः सत्याकृतिः स्त्रियाम् ॥८२॥
१९३० विपणो विक्रयः संख्याः संख्येये ह्यादश त्रिषु ।
१९३१ विंशत्याद्याः सदैकत्वे सर्वाः संख्येयसंख्ययोः ॥८३॥

विक्रेतृ १, विक्रयिक १ [२ वेच्नेका नाम] क्रायक १, क्रयिक १ [२ किन्ने (गाँहक)का नाम] वाणिज्य ३, वणिज्या २ [२ वेपार (व्यापार)का नाम] मूल्य ३, वस्न १, अवक्रय १ [३ मोल(दाम)का नाम] ॥७९॥ नीवी २ (नीवि २), परिपण १, मूलधन ३ [३ साउँका नाम] लाभ १ [१ नाफा (नफा)को नाम] परिदान ३, परीवर्त १ (परिवर्त १), नै(वै)मेय १, नि(वि)मय १ [४ साट्नुका नाम] ॥८०॥ ऊपनिधि १, न्यास १ [२ नासोका नाम] प्रतिदान ३ [१ नासो-बुझाउनाको नाम] क्रय ७ [१ वेच्न-राखेका-मालको नाम । क्रेय ७ [१ किन्नलाई-योग्य भयेका (वेच्न-नमनेर-नराखेका) वस्तुको नाम] ॥८१॥ विक्रेय ७, पणितव्य ७, पण्य ७ [३ वेच्ने-वस्तुका नाम] सत्यापन ३, सत्यङ्कार १, सत्याकृति २ [३ लेनुदेनुमा विश्वास-गराउनालाई वोलेको-वचन, गरेको कर्म (बैनावट्टा)का नाम] ॥८२॥ विपण १, विक्रय १ [२ वेच्नाका नाम] एक, दुई, प्रभृति अठारसम्मका सङ्ख्यावाचक शब्द, सङ्ख्येय (सङ्ख्याले युक्त भयेको वस्तु)लाई पनि कहन्छन् । सङ्ख्येयलाई कहँदा विशेष्यनिघ्नलिङ्गी हुन्छन् ॥ जस्तै—एकः पटः (यौटा वस्त्र) एका शाटी (यौटा फरिया) एकं रूप्यकम् (यौटा रुपिया) यहाँ एकशब्द, क्रमैले, पट, शाटी, रूप्यक, ई संख्येय(गनिने)लाई कहँदा विशेष्यवाचक ती ३ शब्दवमोजीम, पुं० लि०, स्त्री० लि०, न० लि० भयो ॥ यस्तै रितले २।३ आदि अठारसंमलाई कहने द्वि, त्रि, आदिगरेका अष्टादश-नवदशशब्दसम्मका शब्द, सङ्ख्येयवाचकशब्द जुन्लिङ्गको छ तेहोलिङ्गमा रहन्छन् ॥ उन्नैस्, विस, आदि-गरेका-नब्वेका पयो (उनान्सये) सम्मका सङ्ख्या-वाचक, एकोनविंशति, आदिगरेका नवति (नवनवति) सम्मका शब्द सङ्ख्या र, सङ्ख्येय, दुवै २ लाई कहँदा, धेरैलाई कहन्छन् ता पनि, एकवचनान्तमात्र रही स्त्रीलिङ्गमा रहेका छन् ॥ जस्तै—विंशतिः पणाः (विस २० पैसा) यहाँ सङ्ख्येय पण (२० पैसा) लाई कहँदा पनि विंशति शब्द एकवचनान्त स्त्रीलिङ्ग भयो ॥ पणानां विंशतिः (पैसाको विस संख्या, अर्थात् २० पैसा) यहाँ केवल-संख्या-वाचक विंशतिशब्द स्त्रीलिङ्गी एकवचनान्त भयो ॥ यस्तै अरुशब्द पनी जान्नु ॥८३॥ इनै विंशति आदिगरेका

१९३२ संख्यार्थे द्विबहुत्वे स्तस्तासु चानवतेः स्त्रियः।
१९३३ पंक्तेः शतसहस्रादि क्रमाद्दशगुणोत्तरम् ॥८४॥
१९३४ यौतवं द्रुवयं पाय्यमिति मानार्थकं त्रयम्।
१९३५ मानं तुलाऽगुलिप्रस्थैर्गुञ्जाः पञ्चाद्यमाषकः ॥८५॥
१९३६ ते षोडशाक्षः कर्षो स्त्री पलं कर्षचतुष्टयम्।
१९३७ सुवर्णविस्तौ हेम्नोऽक्षे कुरुविस्तस्तु तत्पले ॥८६॥

शब्द केवल सङ्ख्या-वाचक हुँदा द्विवचन, बहुवचनान्त पनि हुन्छन् ॥ जस्तै—द्वे विंशती (दुई २ बीस, अर्थात् चालीस) तिस्रः विंशतयः (तिन् ३ बीस अर्थात् साठी) यहाँ विंशतिशब्द केवल-सङ्ख्या वाचक हुँनाले द्विवचन, बहुवचन, पनि भयो ॥ यस्तै अरुपनि जान्नु ॥ विंशति-आदिगरेका-नवनवति (९९) सम्मका-शब्द स्त्रीलिङ्गी छन् ॥ (पंक्ति) दशदेखी-उप्रान्त-दशदश गुना बढता-लाई कहने शतसहस्र-अयुत-आदि-परार्ध सम्मका-संख्यावाचकशब्द प्रायः नपुंसकलिङ्गमा रहन्छन्। तिन्को नाम-लिङ्ग-स्वरूप हेर—

एकम्	१	वृन्दम् (अन्जम्)	१०००००००००
दश	१०	खर्वः	१००००००००००
शतम्	१००	निखर्वः	१०००००००००००
सहस्रम	१०००	शङ्खः (महापद्म)	१००००००००००००
अयुतम्	१००००	पद्मः (शङ्कु)	१०००००००००००००
लक्षम् (लक्षा)	१०००००	सागरः	१००००००००००००००
प्र(नि)युतम्	१००००००	अन्त्यम्	१०००००००००००००००
कोटिः	१०००००००	मध्यम्	१००००००००००००००००
अर्बुद	१००००००००	परार्धम्	१०००००००००००००००००

एकदशशतसहस्रायुतलक्षप्रयुतकोटयः क्रमशः।
अर्बुदमब्जं खर्वनिखर्वमहापद्मशङ्कव स्तस्मात्।
जलधिश्चान्त्यं मध्यं परार्धमितिदशगुणोत्तरं संज्ञाः।

[लीलावती]

यस्को अर्थ स्पष्टै छ ॥८४॥ यौतव ३, द्रुवय ३, पाय्य ३ [३ परिमाणका नाम] मानं तुलाङ्गुलि प्रस्थैः (पूर्वोक्त परिमाण तुला, अङ्गुलि, प्रस्थले हुन्छ) अर्थात्—तुलामान ३ [१ तौलेर = जोखेर गरिने परिमाणको नाम] अङ्गुलिमान ३ [१ नापेर गरिने परिमाणको नाम] प्रस्थमान ३ [१ मानापाथीहरुले भरेर गरिने परिमाणको नाम] ॥ आद्यमाषक १ [१ ५लालभरका परिमाणको नाम] ॥८५॥ अक्ष १, कर्ष ५ [२ कर्ष (सोहमासा)को नाम] पल ३ [१ चार ४ कर्ष (६४ मासा, अर्थात् ५ तोला ४ मासा)को नाम] सुवर्ण १, विस्त १ [२ सोह्र

१९३८ तुला स्त्रियां पलशतं भारः स्याद्विंशतिस्तुलाः ।
१९३९ आचितो दश भाराः स्युः शाकटो भार आचितः ॥८७
१९४० कार्षापणः कार्षिकः स्यात्कार्षिके ताम्रिके पणः ।
१९४१ अस्त्रियामाढकद्रोणौ खारी वाहो निकुञ्चकः ॥८८॥
१९४२ कुडवः प्रस्थ इत्याद्याः परिमाणार्थकाः पृथक् ।
१९४३ पादस्तुरीयो भागः स्यादंशभागौ तु वण्टके ॥८९॥
१९४४ द्रव्यं वित्तं स्वापतेयं रिक्थमृक्थं धनं वसु ।
१९४५ हिरण्यं द्रविणं द्युम्नमर्थरैविभवा अपि ॥९०॥
१९४६ स्यात्कोशश्च हिरण्यं च हेमरूप्ये कृताकृते ।
१९४७ ताभ्यां यदन्यत्तत्कुप्यं रूप्यं तदद्वयमाहतम् ॥९१॥
१९४८ गारुत्मतं मरकतमश्मगर्भो हरिन्मणिः ।
१९४९ शोणरत्नं लोहितकः पद्मरागोऽथ मौक्तिकम् ॥९२॥

१६ मासा-सुन्को नाम] कुरुविस्त १ [१ एक पल (५ तोला ४ मासा) सुन्को नाम] ॥८६॥

तुला २ [१ तुला (सये १०० पल, अर्थात् ५३३ तोला र ४ मासा)को नाम] भार १ [१ भार (बीस तुला, अर्थात् १०६६६ तोला र ८ मासा)को नाम] आचित १ [१ दशभार (१०६६६६ तोला र ८ मासा)को नाम] मानिसले बोक्न नसकिने, गाडामा हालेर चलाउनुपर्ने भारीलाई पनि 'आचित' भन्दछन् ॥८७॥ कार्षापण १, कार्षिक १ [२ सोह्र १६ मासाभरको रुपियाका नाम] आजकालको रुपिया १६ मासाको हुदैन तापनि 'कार्षापण' भन्दछन् ॥ पण १ [१ सोह्र १६ मासाको तामाका पैसाको नाम] आजकालका पैसालाई पनि 'पण' भन्दछन् ॥ आढक ५, द्रोण ५, खारी २, वाह १, निकुञ्चक १ ॥८८॥ कुडव १ (कुडप १), प्रस्थ १ [७ परिमाण (नाप, भराई)विशेषका १।१ नाम] ४ पाथीलाई '१ आढक' १६ पाथिलाई '१ द्रोण', १६ द्रोण (१२ मुरी १६ पाथि)लाई '१ खारी', २० खारी (२४६ मूरी)लाई '१ वाह' भन्दछन् ॥ ५ मुठी (आधामाना)लाई '१ निकुञ्चक' भन्दछन् ॥ ४ निकुञ्चक (२ माना अर्थात् १ कुरुवा) लाई '१ कुडव' भन्दछन् ॥ ४ कुडव (८ माना अर्थात् १ पाथि)लाई '१ प्रस्थ' भन्दछन् ॥ आदिशब्दले सूर्प, गोणी, प्रभृतिपरिमाणवाचक शब्द छन् ॥ २ द्रोणलाई '१ सूर्प,' २ सूर्पलाई '१ गोणी' भन्दछन् ॥ ई सब परिमाणलाई 'प्रस्थमान' भन्दछन् ॥ पाद १ [१ चारौंभाग (चौथाई)को नाम] अंश १, भाग १, वण्टक १ [३ भाग (अंश, हिस्सा)का नाम] ॥८९॥ द्रव्य ३, वित्त ३, स्वापतेय ३, रिक्थ ३, ऋक्वथ ३, धन ३, वसु ३, हिरण्य ३, द्रविण ३, द्युम्न ३, अर्थ १, रै १ (४) विभव १ [१३ धनका नाम] ॥९०॥कोश १ (कोष १), हिरण्य ३ [३ केही चीज बनायेका अथवा कोरा सुनचाँदी-रूप नगद धनका नाम] कुप्य ३ [१ सुनचाँदी-वाहेक-जिनिस्मालको नाम] रूप्य ३ [१ रुपियाँ र असर्फीको नाम] ॥९१॥ गारुत्मत ३, मरकत ३, अश्मगर्भ

१९५० मुक्ताऽथ विद्रुमः पुंसि प्रवालं पुंनपुंसकम् ।
१९५१ रत्नं मणिर्द्वयोरश्मजातौ मुक्तादिकेऽपि च ॥९३॥
१९५२ स्वर्णं सुवर्णं कनकं हिरण्यं हेम हाटकम् ।
१९५३ तपनीयं शातकुम्भं गाङ्गेयं भर्म कर्बुरम् ॥९४॥
१९५४ चामीकरं जातरूपं महारजतकाञ्चने ।
१९५५ रुक्मं कार्तस्वरं जाम्बूनदमष्टापदोऽस्त्रियाम् ॥९५॥
१९५६ अलंकारसुवर्णं यच्छृङ्गीकनकमित्यदः ।
१९५७ दुर्वर्णं रजतं रूप्यं खर्जूरं श्वेतमित्यपि ॥९६॥
१९५८ रीतिः स्त्रियामारकूटो न स्त्रियामथ ताम्रकम् ।
१९५९ शुल्वं म्लेक्षमुखं द्व्यष्टवरिष्ठोदुम्बराणि च ॥९७॥
१९६० लोहोऽस्त्री शस्त्रकं तीक्ष्णं पिण्डं कालायसायसी ।
१९६१ अश्मसारोऽथ मण्डूरं सिंघाणमपि तन्मले ॥९८॥
१९६२ सर्वं च तैजसं लोहं विकारस्त्वयसः कुशी ।
१९६३ क्षारः काचोऽथ चपलो रसः सूतश्च पारदे ॥९९॥
१९६४ गवलं माहिषं शृङ्गमभ्रकं गिरिजामले ।
१९६५ स्रोतोञ्जनं तु सौवीरं कापोताञ्जनयामुने ॥१००॥

१, हरिन्मणि ४ [४ पन्ना(रत्नविशेष)का नाम] शोणरत्न ३, लोहितक १, पद्मराग १ [३ माणिक(लाल)का नाम] मौक्तिक ३ ॥९२॥ मुक्ता २ [२ मोतीका नाम] विद्रुम १, प्रवाल ५ [२ मुँगाका नाम] रत्न ३, म(णी)णि ४ [२ रत्न (हिरा, पन्ना, माणिक आदि)का नाम] ॥९३॥ स्वर्ण ३, सुवर्ण ३, कनक ३, हिरण्य ३, हेमन् ३, हाटक ३, तपनीय ३, शात(कौ)कुम्भ ३, गाङ्गेय ३, भर्मन् ३, कर्बुर ३ ॥९४॥ चामीकर ३, जातरूप ३, महारजत ३, काञ्चन ३, रुक्म ३, कार्तस्वर ३, जाम्बूनद ३, अष्टापद ५ [१९ सुवर्ण(सुन)का नाम] ॥९५॥ शृङ्गीकनक ३ [१ गहनाका-सुवर्णको नाम] दुर्वर्ण ३, रजत ३, रुप्य ३, खर्जूर ३, श्वेत ३ [५ चाँदीका नाम] ॥९६॥ रीति २, आरकूट ५ [२ पितलका नाम] ताम्र ३, शुल्व ३, म्लेच्छमुख ३, द्व्यष्ट ३ (द्विष्ट ३), वरिष्ठ ३, उदुम्बर ३ (औदुम्वर ३) [६ तामाका नाम] ॥९७॥ लोह ५, शस्त्रक ३, तीक्ष्ण ३, पिण्ड ३, कालायस ३ (कृष्णायस ३), अयस् ३, अश्मसार १ [७ फलामका नाम] मण्डूर ३, सिङ्घाण ३ [२ कीटका नाम] ॥९८॥ तैजस ३, लोह ३ (लौह ३) [२ धातु(सुवर्णादि)का नाम] सुवर्णं रजतं ताम्रं रीतिः कास्यं तथा त्रपु ॥ सीसं कालायसं चैवमष्टौ लोहानि चक्षते ॥ सुन, चाँदी, तामा, पितल, काँसो, राङ्, सीसा, फलाम, यतीलाई लोह भन्दछन्, भनि वैद्यशास्त्रमा भनेको छ ॥ कुशी २ [१ फाली(लोहविकार)-को नाम] क्षार १, काच १ [२ काँचका नाम] चपल १, रस १, सूत १, पारद १ [४ पाराका नाम] ॥९९॥ गवल ३ [१ भैंसी-राँगाका-सिङ्को नाम] प्रायः पारालाई भैंसिका-राँगाका सिङ्मा राख्तछन्, तेसै प्रसङ्गले पाराका नगीचमा ई

१९६६ तुत्थाञ्जनं शिखिग्रीवं वितुन्नकमयूरके ।
१९६७ कर्परी दार्विकाक्वाथोद्भवं तुत्थं रसाञ्जनम् ॥१०१॥
१९६८ रसगर्भं तार्क्ष्यशैलं गन्धाश्मनि तु गन्धकः ।
१९६९ सौगन्धिकश्च चक्षुष्याकुलाल्यौ तु कुलत्थिका ॥१०२॥
१९७० रीतिपुष्पं पुष्पकेतु पौष्पकं कुसुमाञ्जनम् ।
१९७१ पिञ्जरं पीतनं तालमालं च हरितालके ॥१०३॥
१९७२ गैरेयमर्थ्यं गिरिजमश्मजं च शिलाजतु ।
१९७३ बोलगन्धरसप्राणपिण्डगोपरसाः समाः ॥१०४॥
१९७४ हिण्डीरोऽब्धिकफः फेनः सिन्दूरं नागसंभवम् ।
१९७५ नागसीसकयोगेष्टवप्राणि त्रपु पिच्चटम् ॥१०५॥
११७६ रङ्गवङ्गे अथ पिचुस्तुलोऽथ कमलोत्तरम् ।
१९७७ स्यात्कुसुम्भं वह्निशिखं महारजनमित्यपि ॥१०६॥
१९७८ मेषकम्बल ऊर्णायुः शशोर्णं शशलोमनि ।
१९७९ मधु क्षौद्रं माक्षिकादि मधूच्छिष्टं तु सिक्थकम् ॥१०७॥

सिङ्को नाम लेखेको हो भनि टीकाकार महेश्वरले भनेको छ ॥ अभ्रक ३, गिरिज ३, अमल ३ (गिरिजामल ३) [३ अभ्रकका नाम] स्रोतोञ्जन ३, सौवीर ३, कापोताञ्जन ३, यामुन ३ [४ सुर्मा(आँखामा-लाउने औषधिविशेष)का नाम] ॥१००॥

तुत्थाञ्जन ३, शिखिग्रीद ३, वितुन्नक ३, मयूरक २, कर्परी ३ [५ तुत्थाञ्जन (आँखाको औषधि विशेष)का नाम] रसाञ्जन ॥१०१॥ रसगर्भ ३, तार्क्ष्यशैल ३ [३ रसाञ्जनका नाम] दार्वीक्वाथसमं क्षीरं पादं पक्त्वा यथा घनम् ॥ तदा रसाञ्जनं नाम नेत्रयोः परमं हितम् ॥ चुत्राका काढामा वरावर दूध मिलायेर ४ भागको १ भाग वाँकीराखेर पकायेको (तुत्थ) रसाञ्जन (चुत्राको रसाञ्जन) नेत्रलाई साह्रै हितगर्दछ भनि वैद्यशास्त्रमा भनेको छ ॥ गन्धाश्मन् १, गन्धक १, सौगन्धिक १ [३ गन्धकका नाम] चक्षुष्या २, कुलाली २, कुलत्थिका २ [३ गहतका नाम] ॥१०२॥ रीतिपुष्प २, पुष्पकेतु ३, पौ(पु)ष्पक ३, कुसुमाञ्जन ३ [४ पितलका-कीटका-अञ्जनका नाम] पिञ्जर ३, पीतन ३, ताल ३, आल ३, हरितालक ३ [५ हरितालका नाम] ॥१०३॥ गैरेय ३, अर्थ्य ३, गिरिज ३, अश्मज ३, शिलाजतु ३ [५ शिलाजीतका नाम] वोल १, गन्धरस १, प्राण १, पिण्ड १, गोपरस १ [५ वोल(औषधिविशेष)का नाम] नेपाली वोलीमा त्यसलाई वैद्यहरु वोलै भन्दछन् । हिन्दी वोलीमा 'गन्धरस' भन्दछन् ॥१०४॥ हिण्डीर १ (डिण्डीर १), अब्धिकफ १, फेन १ [३ समुद्रफेनका नाम] सिन्दूर ३, नागसंभव ३ [२ सिंदूरका नाम] नाग ३, सीसक ३, योगेष्ट ३, वप्र ३ [४ सीसाका नाम] त्रपु ३, पिच्चट ३ ॥१०५॥ रङ्ग ३, वङ्ग ३ [४ राङ्का नाम] पिचु १, तूल १ [२ रुवो(रुओ)-का नाम] कमलोत्तर ३, कुसुम्भ ३, वह्निशिख ३, महारजन ३ [४ कुसुमका नाम] ॥१०६॥ मेषकम्वल १, ऊर्णायु १ [२ भेडाका-रँउँको-काम्लो, पाखीका नाम]

१९८० मनःशिला मनोगुप्ता मनोह्वा नागजिह्विका ।
१९८१ नैपाली कुनटी गोला यवक्षारो यवाग्रजः ॥१०८॥
१९८२ पाक्योऽथ सर्जिकाक्षारः कापोतः सुखवर्चकः ।
१९८३ सौवर्चलं स्याद्रुचकं त्वक्क्षीरी वंशरोचना ॥१०९॥
१९८४ शिग्रुजं श्वेतमरिचं मोरटं मूलमैक्षवम् ।
१९८५ ग्रन्थिकं पिप्पलीमूलं चटकाशिर इत्यपि ॥११०॥
१९८६ गोलोमी भूतकेशो ना पत्राङ्गं रक्तचन्दनम् ।
१९८७ त्रिकटु त्र्यूषणं व्योषं त्रिफला तु फलत्रिकम् ॥१११॥

इति वैश्यवर्गः ॥९॥

शशोर्ण ३, शशलोमन् ३ [२ खरायोका रँउँका नाम] मधु ३ (५) क्षौद्र ३, माक्षिक ३ [३ मौरीले वनायेका-महका नाम] त्यस्तै-भँवरा, पुतलीले वनायेको-महलाई क्रमैले 'भ्रामर, पौत्तिक' भन्दछन् ॥ मधूच्छिष्ट ३, सिक्थक ३ [२ मइनका नाम] ॥१०७॥

मनःशि(ल)ला २, मनोगुप्ता २, मनोह्वा २, नागजिह्विका २, नैपाली २, कुनटी २, गोला २ [७ मनशिलाका नाम] यवक्षार १, यवाग्रध १ ॥१०८॥ पाक्य १ [३ जवाखार(औषधिविशेष)का नाम]॥ स(स्व)र्जिकाक्षार १, कापोत १, सुखवर्चक १, सौवर्चल ३, रुचक ३ [५ साज्जीखार(प्रसिद्ध औषधिविशेष)का नाम] त्वक्क्षीरी २, वंशरोचना २ [२ वंशलोचनका नाम] ॥१०९॥ शिग्रुज ३, श्वेतमरिच ३ [२ सेतो-मरीचका नाम] मोरट ३ [१ उखुका जराको नाम] ग्रन्थिक ३, पिप्पलीमूल ३, चटकाशिरस् ३ [३ पिप्लाका-जरा(पिपलामूल)को नाम] ॥११०॥ गोलोमी २, भूतकेश १ [२ जटामसीका नाम] पत्राङ्ग ३, रक्तचन्दन ३ [२ वकम् (रातो-चन्दन-जस्तो-औषधिविशेष)का नाम] त्रिकटु ३, त्र्यूषण ३ (त्र्युषण ३), व्योष ३ [३ त्रिकटु (सूँठो मरीच, पिप्ला, ई ३)का नाम] त्रिफला २, फलत्रिक ३ [२ त्रिफला (हर्रो, वर्रो, अमला)का नाम] ॥१११॥

इति वैश्यवर्गः ॥९॥

१९८८ शूद्राश्चावरवर्णाश्च वृषलाश्च जघन्यजाः ।
१९८९ आचण्डालात्तु संकीर्णा अम्बष्ठकरणादयः ॥१॥
१९९० शूद्राविशोस्तु करणोऽम्बष्ठो वैश्याद्विजन्मनोः ।
१९९१ शूद्राक्षत्रिययोरुग्रो मागधः क्षत्रियाविशोः ॥२॥
१९९२ माहिष्योऽर्याक्षत्रिययोः क्षत्ताऽर्याशूद्रयोः सुतः ।
१९९३ ब्राह्मण्यां क्षत्रियात्सूतस्तस्यां वैदेहको विशः ॥३॥
१९९४ रथकारस्तु माहिष्यात्करण्यां यस्य संभवः ।
१९९५ स्याच्चण्डालस्तु जनितो ब्राह्मण्यां वृषलेन यः ॥४॥
१९९६ कारुः शिल्पी संहतैस्तैर्द्वयोः श्रेणिः सजातिभिः ।
१९९७ कुलकः स्यात्कुलश्रेष्ठी मालाकारस्तु मालिकः ॥५॥
१९९८ कुम्भकारः कुलालः स्यात्पलगण्डस्तु लेपकः ।
१९९९ तन्तुवायः कुविन्दः स्यात्तुन्नवायस्तु सौचिकः ॥६॥
२००० रङ्गाजीवश्चित्रकरः शस्त्रमार्जोऽसिधावकः ।
२००१ पादूकृच्चर्मकारः स्याद्व्योकारो लोहकारकः ॥७॥

शूद्र १, अवरवर्ण १, वृषल १, जघन्यज १ [४ शूद्रका नाम] सङ्कीर्ण १ [१ संकर (अंबष्ठ, करण, आदि)को नाम] अंबष्ठ, करण, प्रभृतिको अर्थ लेख्नेवेला भयो ॥१॥ करण १ [१ करण (शूद्रामा जन्मेका वैश्य सन्तान)को नाम] अम्बष्ठ १ [१ अम्बष्ठ (वैश्यामा जन्मेका ब्राह्मण सन्तान)को नाम] उग्र १ [१ उग्र (शूद्रामा जन्मेका क्षत्रिय सन्तान)को नाम] मागध १ [१ मागध (क्षत्रियामा जन्मेका वैश्य सन्तान)को नाम] ॥२॥ माहिष्य १ [१ माहिष्य (वैश्यामा जन्मेका क्षत्रिय सन्तान)को नाम] क्षत्तृ १ [१ क्षत्ता (वैश्यामा जन्मेका शूद्र सन्तान)को नाम] सूत १ [१ सूत (ब्राह्मणीमा जन्मेका क्षत्रिय सन्तान)को नाम] वैदेहक १ [१ वैदेहक (ब्राह्मणीमा जन्मेका वैश्य सन्तान)को नाम] ॥३॥ रथकार १ [१ रथकार (शूद्रामा जन्मेकी वैश्यकन्यामा-वैश्यामा जन्मेका क्षत्रियपुत्रले जन्मायेका सन्तान)को नाम] चण्डाल १ (चाण्डाल १) [२ चाण्डाल (ब्राह्मणीमा शूद्रले जन्मायेको सन्तान)का नाम] ॥४॥ कारु १, शिल्पिन् १ [२ कालीगडका नाम] श्रेणि ४ [१ कालीगडैकालीगडका-समूहको नाम] कुलक १ (कुलिक १) [१ मुख्यकालीगड (नाइके)को नाम] मालाकार १, मालिक १ [२ मालीका नाम] ॥५॥ कुम्भकार १, कुलाल १ [२ कुह्मालेका नाम] पलगण्ड १, लेपक १ [२ पोत्नेकालीगड (लिउनकर्मी-वज्रकर्मी)का नाम] तन्तुवाय १ (तन्त्रवाय १, तन्त्रवाप १, तन्द्रवाय १, तन्द्रवाप १), कुविन्द १ (कुपिन्द १) [२ जोलाहा (लुगावुन्ने)का नाम] तुन्नवाय १, सौचिक १ [२ सूचीकारका नाम] ॥६॥ रङ्गाजीव १, चित्रकर १ [२ चित्रकारीका नाम] शस्त्रमार्ज १, असिधावक १ [२ तरवार-प्रभृतिहथियार-सफा गर्नेका नाम] पादूकृत् १, चर्मकार १ [२ सार्कीका नाम] व्योकार १, लोहकार(क) १ [२ कामीकौका नाम] ॥७॥

२००२ नाडिंधमः स्वर्णकारः कलादो रुक्मकारकः ।
२००३ स्याच्छांखिकः काम्बविकः शौल्बिकस्ताम्रकुट्टकः ॥८॥
२००४ तक्षा तु वर्धकिस्त्वष्टा रथकारश्च काष्ठतट् ।
२००५ ग्रामाधीनो ग्रामतक्षः कौटतक्षोऽनधीनकः ॥९॥
२००६ क्षुरी मुण्डी दिवाकीर्तिनापितान्तावसायिनः ।
२००७ निर्णेजकः स्याद्रजकः शौण्डिको मण्डहारकः ॥१०॥
२००८ जावालः स्यादजाजीवो देवाजीवस्तु देवलः ॥
२००९ स्यान्माया शाम्बरी मायाकारस्तुप्रातिहारिकः ॥११॥
२०१० शैलालिनस्तु शैलूषा जायाजीवाः कृशाश्विनः ।
२०११ भरता इत्यपि नटाश्चारणास्तु कुशीलवाः ॥१२॥
२०१२ मार्दङ्गिका मौरजिकाः पाणिवादास्तुपाणिघाः ।
२०१३ वेणुध्माः स्युर्वैणविका वीणावादास्तु वैणिकाः ॥१३॥
२०१४ जीवान्तकः शाकुनिको द्वौ वागुरिकजालिकौ ।
२०१५ वैतंसिकः कौटिकश्च मांसिकश्च समं त्रयम् ॥१४॥

नाडिन्धम १, स्वर्णकार १, कलाद १, रुक्मकार(क) १ [४ सुन्‌चाँदीको कारीगर(बाँडा सुनार)का नाम] शाङ्खिक १, काम्बविक १ [२ शंखको गहना-प्रभृति-बनाउने-कालीगडका नाम] शौल्बिक १, ताम्रकुट्टक १ [२ कसाल् (ताँमाँका-भाँडा-बनाउने)का नाम ॥८॥ तक्षन् १, वर्धकि १, त्वष्टृ १, रथकार १, काष्ठतक्ष् १ [५ काठका कालीगड(सिकर्मी)का नाम] ग्रामतक्ष १ [१ गाँउँलेसित-वालीलियेर-अधीनभई-कामगर्ने-सिकर्मीको नाम] कौटतक्ष १ [१ स्वतंत्र (आफुखुसी) सिकर्मीको नाम] ॥९॥ क्षुरि १ (क्षुरिन् १), मुण्डि १ (मुण्डिन् १), दिवाकीर्ति १, नापित १, अन्तावसायिन् १ [५ नाउ (हजाम)का नाम] निर्णेजक १, रजक १ [२ धोबीका नाम] शौण्डिक १, मण्डहारक १ [२ सुँढी (जाँडराख्ने)का नाम] ॥१०॥ जावाल १, अजाजीव १ [२ बोकावाखा-वेच्‌बिखन् गरेर-जिउजहानपाल्नेका नाम] देवाजीव १ (देवाजीविन् १), देवल १ [२ पूजारी (ज्यालालियेर-पूजागर्ने)का नाम] माया २, शाम्बरी २ [२ चटक्‌का नाम] मायाकार १, प्रतिहारक १ (प्रातिहारिक १, प्रतिहारिक १) [२ चटकगर्ने-का नाम] ॥११॥ शैलालिन् १, शैलूष १, जायाजीव १, कृशाश्विन् १, भरत १, नट १ [६ नट्‌वा (नाच्ने)का नाम] चारण १, कुशीलव १ [२ कत्थकका नाम] ॥१२॥ मार्दङ्गिक १, मौरजिक १ [२ मृदङ्ग-बजाउन-सिपालुका नाम] पाणिवाद १, पाणिघ १ [२ ताल्(ताली)बजाउन जान्नेका नाम] वेणुध्म १, वैणविक १ [२ बाँसुरी-बजाउन सिपालुका नाम] वीणावाद १, वैणिक १ [२ वीणा वजाउनसिपालुका नाम] ॥१३॥ जीवान्तक १ (जीवन्तिक १), शाकुनिक १ [२ पक्षीका-सिकार-गर्नेका नाम] वागुरिक १, जालिक १ [२ जाल्हाल्ने(थाप्ने)सिकारीका नाम] वैतंसिक १, कौटिक १, मांसिक १ [३ मासु वेच्ने(वकरकसाई)का नाम] ॥१४॥

२०१६ भृतको भृतिभुक् कर्मकरो वैतनिकोऽपि सः ।
२०१७ वार्तावहो वैवधिको भारवाहस्तु भारिकः ॥१५॥
२०१८ विवर्णः पामरो नीचः प्राकृतश्च पृथग्जनः ।
२०१९ निहीनोऽपसदो जाल्मः क्षुल्लकश्चेतरश्च सः ॥१६॥
२०२० भृत्ये दासेरदासेयदासगोप्यकचेटकाः ।
२०२१ नियोज्यकिंकरप्रैष्यभुजिष्यपरिचारकाः ॥१७॥
२०२२ पराचितपरिस्कन्दपरजातपरैधिताः ।
२०२३ मन्दस्तुतुन्दपरिमृजआलस्यः शीतकोऽलसोऽनुष्णः ॥१८॥
२०२४ दक्षे तु चतुरपेशलपटवः सूत्थान उष्णश्च ।
२०२५ चण्डालप्लवमातङ्गदिवाकीर्तिजनंगमाः ॥१९॥
२०२६ निषादश्वपचावन्तेवासिचाण्डालपुक्कसाः ।
२०२७ भेदाः किरातशबरपुलिन्दा म्लेच्छजातयः ॥२०॥

भृतक १, भृतिभुज् १, कर्मकर १, वैतनिक १ [४ ज्यालादार-जागीरदारका नाम] वार्तावह १, वै(वि)वधिक १ [२ खबर-पुऱ्याउनेका नाम] भारवाह १, भारिक १ [२ भारि-वोक्नेका नाम] ॥१५॥ विवर्ण १, पामर १, नीच १, प्राकृत १, पृथग्जन १, निहीन १, अपसद १, जाल्म १, क्षुल्लक १, इतर १ [१० हल्का (सानु)मानिसका नाम] ॥१६॥ भृत्य १, दासेय १, दासेर १, दास १, गोप्यक १, चेटक १, नियोज्य १, किङ्कर १, प्रै(प्रे)ष्य १, भुजिष्य १, परिचारक १ [११ चाकर-का नाम] ॥१७॥ पराचित १ (पराजित १), पारिस्क(ष्क)न्द १ (परिस्कन्न १), परजात १, परैधित १ [४ भतुवाका नाम] मन्द १, तुन्दपरिमृज १, आलस्य १, शीतक १, अलस १ (आलस १), अनुष्ण १ [६ अल्छीका नाम] ॥१८॥ दक्ष १, चतुर १, पेशल १, पटु १, सूत्थान १, उष्ण १ [६ चतुरा-जाङरियेका नाम] चण्डाल १, प्लव १, मातङ्ग १, दिवाकीर्ति १, जनङ्गम १ (जलङ्गम १) ॥१९॥ निषाद १, श्व(वाक)पच १, अन्तेवासिन् १, चाण्डाल १, पुक्क(ल्क)स १ [१० चण्डाल(पोडे)-का नाम] किरात १, शबर १, पुलिन्द १ [३ चण्डाल-बिशेषका ११ नाम] ई सव जङ्गलमा-रहन्छन्, इनूलाई 'म्लेच्छ' पनि भन्दछन् ॥ गोमांसभक्षको यस्तु लोक-बाह्यं च भाषते ॥ सर्वाचारविहीनोऽसौ म्लेच्छ इत्यभिधीयते ॥ गाईको मासुपनि खाने, बोली बेग्लै बोल्ने, केही आचार नभयेका चण्डालविशेषलाई 'म्लेच्छ' भन्दछन् ॥२०॥

---

(१) तेह्रौं श्लोकका मार्दङ्गिक-मौरजिक शब्ददेखी यहाँसम्मका शब्द पुंलिङ्ग भनि "प्रायशो-रूपभेदेन" भन्ने परिभाषाका अनुरोधले लेखिये ता पनि विवक्षानुसार स्त्रीलिङ्ग क्लीव-लिङ्गमा पनि रहन शक्तछन्, जस्तै--मृदङ्गवजाउन जान्ने स्त्री छ भने मार्दङ्गिकी, वीणावजाउनजान्ने स्त्री छ भने वैणिकी इत्यादि जान्नुपर्दछ, यसै वर्गका सैंतालिसौं श्लोकवाट यो कुरा प्रमाणसिद्ध हुन आउँछ ।

२०२८ व्याधो मृगवधाजीवो मृगयुर्लुब्धकोऽपि सः ।
२०२९ कौलेयकः सारमेयः कुक्कुरो मृगदंशकः ॥२१॥
२०३० शुनको भषकः श्वा स्यादलर्कस्तु स योगितः ।
२०३१ श्वा विश्वकद्रुर्मृगयाकुशलः सरमा शुनी ॥२२॥
२०३२ विट्चरः सूकरो ग्राम्यो वर्करस्तरुणः पशुः ।
२०३३ आच्छोदनं मृगव्यं स्यादाखेटो मृगया स्त्रियाम् ॥२३॥
२०३४ दक्षिणारुर्लुब्धयो गाद्दक्षिणेर्मा कुरङ्गकः ।
२०३५ चौरैकागारिकस्तेनदस्युतस्करमोषकाः ॥२४॥
२०३६ प्रतिरोधिपरास्कन्दिपटच्चरमलिम्लुचाः ।
२०३७ चौरिका स्तैन्यचौर्ये च स्तेयं लोप्त्रं तु तद्धने ॥२५॥
२०३८ वीतंसस्तूपकरणं बन्धने मृगपक्षिणाम् ।
२०३९ उन्माथः कूटयन्त्रं स्याद्वागुरा मृगबन्धिनी ॥२६॥
२०४० शुल्बं वराटकः स्त्री तु रज्जुस्त्रिषु वटी गुणः ।
२०४१ उद्घाटनं घटीयन्त्रं सलिलोद्वाहनं प्रहेः ॥२७॥
२०४२ पुंसि वेमा वापदण्डः सूत्राणि नरि तन्तवः ।
२०४३ वाणिर्व्यूतिः स्त्रियौ तुल्ये पुस्तं लेप्यादिकर्मणि ॥२८॥

व्याध १, मृगवधाजीव १, मृगयु १, लुब्धक १ [४ ब्याधाका नाम] कौलेयक १, सारमेय १, कुक्कुर १ (कुकुर १, कुर्कुर १) मृगदंशक १ ॥२१॥ शुनक १, भषक १, श्वन् १ [७ कुकुरका नाम] अलर्क १ [१ बहुलायेका-कुकुर्को नाम] विश्वकद्रु १ [१ सिकारी-कुकुर्को नाम] सरमा २, शुनी २ [२ कुकुर्नीका नाम] ॥२२॥ विट्चर १ [१ सुङ्गुरको नाम] वर्कर १ [१ तरुण(जवान)पशुको नाम] आच्छोदन ३, मृगव्य ३, आखेट १ (आखोड १) मृगया २ [४ सिकारका नाम] ॥२३॥ दक्षिणेर्मन् १ [१ ब्याधाले दाहिने-पट्टी-घाइते पारेका मृग (जनावर)-को नाम] चौर १, ऐकागारिक १, स्तेन १, दस्यु १, तस्कर १, मोषक १ ॥२४॥ प्रतिरोधिन्, १, परास्कन्दिन् १, पटच्चर १ (पाटच्चर १), मलिम्लुच १ [१० चोरका नाम] चौरिका २ (चोरिका २), स्तैन्य ३, चौर्य ३, स्तेय ३ [४ चोरी-(चोरिनु)का नाम] लोप्त्र ३ (लोत्र) [१ चोरीका धन(दसी)को नाम] ॥२५॥ वीतंस १ (वित्तंस १) [१ सिकारका-सर्जामको नाम] उन्माथ १ [१ खोरको नाम] वागुरा २, मृगबन्धिनी २ [२ मृगहरु-बल्झाउने-पासाका नाम] ॥२६॥ शुल्ब ३ (शुल्वा, २ शुल्वी २) वराटक १ (३) रज्जु २, वटी ७, गुण १ [५ डोरीका नाम] उद्घाटन ३, घटीयन्त्र ३ [२ रहट(इनारवाट पानी झिक्न गाग्रा डोल वाल्टी झुन्डाइने काठ, बाँस)का नाम] ॥२७॥ वेमन् १, वाप(य)दण्ड १ [२ वेमा(लुगाबुन्दा-गजपट्टीठोक्ने-चेप्टो-काठ)का नाम] तन्तु १ [१ धागाको नाम] वाणि २, व्यूति २ [२ वस्त्र-बुन्नाका नाम] पुस्त ३ [१ माटो, काठ, लुगा, प्रभृतिले पुतली(खेलाउना) बनाउनाको नाम] ॥२८॥

२०४४ पाञ्चालिका पुत्रिका स्याद्वस्त्रदन्तादिभिः कृता ।
२०४५ जतुत्रपुविकारे तु जातुषं त्रापुषं त्रिषु ॥२९॥
२०४६ पिटकः पेटकः पेटा मञ्जूषाऽथ विहङ्गिका ।
२०४७ भारयष्टिस्तदालम्बि शिक्यं काचोऽथ पादुका ॥३०॥
२०४८ पादूरुपानत्स्त्री सैवानु पदीना पदायता ।
२०४९ नध्री वध्री वरत्रा स्यादश्वादेस्ताडनी कशा ॥३१॥
२०५० चाण्डालिका तु कण्डोलवीणा चण्डालवल्लकी ।
२०५१ नाराची स्यादेषणिका शाणस्तु निकषः कषः ॥३२॥
२०५२ व्रश्चनः क्षत्रपरशुरीषिका तुलिका समे ।
२०५३ तैजसावर्तनी मूषा भस्त्रा चर्मप्रसेविका ॥३३॥
२०५४ आस्फोटनी वेधनिका कृपाणी कर्तरी समे ।
२०५५ वृक्षादनी वृक्षभेदी टंकः पाषाणदारणः ॥३४॥

पाञ्चालिका २, पुत्रीका २ [२ लुगा-हाथीदाँत, प्रभृतिले-बनायेका-पुतलीका नाम] जातुष ७ [१ लाहको विकार-भयेका(लाहाले बनायेका) वस्तुको नाम] त्रापुष ७ [१ सीसाको-विकार भयेका(सीसाले बनायेका) वस्तुको नाम] ॥२९॥ पिटक १, पेटक १, पेटा २ (पेडा २), मञ्जूषा २ [४ पेटाराका नाम] आजकाल सन्दूस, कन्तूर, वाकस, व्यागहरुलाई कहँदा पनि सामान्य इनै ४ शब्दको प्रयोग गर्द-छन् ॥ विहङ्गिका २ (विहङ्गमा २), भारयष्टि २ [२ नोल (भारि झुन्डाउने वाँस-काठ)का नाम] शिक्य ३, काच १ [२ नोलमा २तिर झुन्डायेको-भारि अड्याउने भाँडा (खर्पन)का नाम] घरैमा केही राख्न झुन्डायेको डोरी (सिका)लाई कहँदा पनि ई २ शब्दको प्रयोगगर्नु ॥ पादुका २ ॥३०॥ पादू २, उपानह् २ [३ जुत्ताका नाम] पादुका, पादू, ई २ शब्दले खराउलाई पनि कहन्छन् ॥ अनुपदीना २ [१ सवैखुट्टा-ढाक्ने-जुत्ताविशेष (अर्थात् मोजा)का नाम] नध्री २, वर्ध्री २, वरत्रा २ [३ छालाको डोरी (कोडा)का नाम] कशा २ [१ सामान्य-कोडाको नाम] ॥३१॥ चाण्डालिका २ (चण्डालिका २), कण्डोलवीणा २ (कण्टोलवीणा २) (कण्डोली २), चण्डालवल्लकी [३ चण्डालले-वजाउने-वीणा (सारङ्गी)को नाम] नाराची २, एषणिका २ [२ काँटा (सुन् चाँदी जोख्ने)का नाम] शाण १, निकष १, कष १ [३ कसी (सुन्जाच्नेढुङ्गा)का नाम] ॥३२॥ व्रश्चन १, क्षत्रपरशु १ (पत्रपरशु १) [२ सुन्-चाँदी-काटने-छिनुका नाम] एषिका २ (ईषिका २, इषिका २), तूलिका २ [सुन्मा-वान्गी चढाउँदा, मसला-लाउने सानु कूचीको नाम] तैज-सावर्तनी २, मूषा २ (मुषा २) [२ सुन् चाँदी पगाल्ने-भाँडाका कटौरीका नाम] भस्त्रा २, चर्मप्रसेविका २ (चर्मप्रसेवक १) [२ खलाँतीका नाम] ॥३३॥ आ(ला)-स्फोटनी २, वेधनिका २ [२ मोतीहरु-छेडनेसुइराका नाम] कृपाणी २, कर्तरी २ [२ कतर्नु (कतर्नी, कैंची)का नाम] वृक्षादन १, वृक्षभेदिन् १ [२ वोसिला (काठ-ताछ्नेहथियार)का नाम] टङ्क १, पाषाणदारण १ [२ टाँका (ढुङ्गा काटने हथियार)-

२०५६ क्रकचोऽस्त्री करपत्रमारा चर्मप्रभेदिका ।
२०५७ सूर्मी स्थूणाऽयःप्रतिमा शिल्पं कर्म कलादिकम् ॥३५॥
२०५८ प्रतिमानं प्रतिबिम्बं प्रतिमा प्रतियातना प्रतिच्छाया ।
२०५९ प्रतिकृतिरर्चा पुंसि प्रतिनिधिरुपमोपमानं स्यात् ॥३६॥
२०६० वाच्यलिङ्गाः समस्तुल्यः सदृक्षः सदृशः सदृक् ।
२०६१ साधारणः समानश्च स्युरुत्तरपदे त्वमी ॥३७॥
२०६२ निभसंकाशनीकाशप्रतीकाशोपमादयः ।
२०६३ कर्मण्या तु विधाभृत्याभृतयो भर्म वेतनम् ॥३८॥
२०६४ भरण्यं भरणं मूल्यं निर्वेशः पण इत्यपि ।
२०६५ सुरा हलिप्रिया हाला परिस्रुद्वरुणात्मजा ॥३९॥
२०६६ गन्धोत्तमा प्रसन्नेराकादम्बर्यः परिस्रुता ।
२०६७ मदिरा कश्यमद्ये चाप्यवदंशस्तु भक्षणम् ॥४०॥
२०६८ शुण्डा पानं मदस्थानं मधुवारा मधुक्रमाः ।
२०६९ मध्वासवो माधवको मधुमार्द्वीकमद्वयोः ॥४१॥

का नाम]॥३४॥ क्रकच ५, करपत्र ३ [२ करौंतीका नाम] आरा २, चर्मप्रभेदिका २ [२ वागं (छालाकाट्ने हथियार)का नाम] सू(र्मि)र्मी २, स्थूणा २, अयःप्रतिमा २ [३ फलामका मूर्ति(इस्टाचू)का नाम] शिल्प ३ [१ सीप् (नृत्यगीतादि चातुर्य)को नाम] ॥३५॥ प्रतिमान ३, प्रतिबिम्ब ३, प्रतिमा २, प्रतियातना २, प्रतिच्छाया २, प्रतिकृति २, अर्चा २, प्रतिनिधि १ [८ प्रतिविम्ब (परछाई)का नाम] उपमा २, उपमान ३ [२ सादृश्य (बराबरी)का नाम] ॥३६॥ सम ७, तुल्य ७, सदृक्ष ७, सदृश ७, सदृश् ७, साधारण ७, समान ७ [७ तुल्य (बरोवर)का नाम] ॥३७॥ निभ ७, संकाश ७, नीकाश ७, प्रतीकाश ७, उपमा ७ [५ तुल्य (वरोवरै)का नाम] हुन्, तर–अघिका ७ शब्द, तुल्यलाई कहँदा पूर्वमा पनि रहन सक्छन् जस्तै—समो हरिणा (हरिले तुल्य) यहाँ सम शब्द पूर्वतिर रह्यो, परतिर पनि रहन्छ, हरिणा समः ई ५ शब्द ता, केवल समासमा उत्तरपद भइकन-मात्रै रहन्छन्, तुल्यलाई कहँदा केवल इन्को प्रयोग हुँदैन जस्तै–विष्णु निभः (विष्णुले तुल्य) यस्तोमात्रै हुन्छ, निभः विष्णुना, यस्तो हुँदैन, यसै कारणले ई शब्दको-प्रयोग-भयेका-ठाँउमा अस्वपद-विग्रह गरेर समास गर्दछन् ॥ कर्मण्या २, विधा २, भृत्या २, भृति २, भर्मन् ३, वेतन ३ ॥३८॥ भर(ण्या)ण्य ३, भरण ३, मूल्य ३, निर्वेश १, पण १ [११ ज्यालाका नाम] सुरा २, हलिप्रिया २, हाला २, परिस्रुत् २, वरुणात्मजा २ ॥३९॥ गन्धोत्तमा २, प्रसन्ना २, इरा २, कादम्बरी २, परिस्रुता २, मदिरा २, कश्य ३, मद्य ३ [१३ मदिरा (रक्सी)का नाम] अवदंश १ [१ मदिरामा-अरुचिहुँदा रुचिवढाउन-खाइने-वस्तुको नाम] ॥४०॥ शुण्डा २, पान ३, मदस्थान ३ [३ मदिरा-राख्ने-ठाँउँका नाम] मधुवार १, मधुक्रम १ [२ मदिरा-पान-गर्दा हुने दशा छाँटका नाम] मध्वासव १, माधवक १, मधु ३ (५) मार्द्वीक ३,

२०७० मैरेयमासवः शीधुर्मेदको जगलः[१] समौ ।
२०७१ संधानं स्यादभिषवः किण्वंपुंसितु[२] नग्नहूः ॥४२॥
२०७२ कारोत्तरः सुरामण्ड आपानं पानगोष्ठिका ।
२०७३ चषकोऽस्त्री पानपात्रं सरकोऽप्यनुतर्षणम् ॥४३॥
२०७४ धूर्तोऽक्षदेवी कितवोऽक्षधूर्तो द्यूतकृत्समाः ।
२०७५ स्युर्लग्नकाः प्रतिभुवः सभिका द्यूतकारकाः ॥४४॥
२०७६ द्यूतोऽस्त्रियामक्षवती कैतवं पण इत्यपि ।
२०७७ पणोऽक्षेषु ग्लहोऽक्षास्तु देवना पाशकाश्च ते ॥४५॥
२०७८ "शारोऽक्षगुटिका शारिः शारिका सारिकेत्यपि" ।
२०७९ परिणायस्तु शारीणां समन्तान्नयनेऽस्त्रियाम् ।
२०८० अष्टापदं शारिफलं प्राणिद्यूतं समाह्वयः ॥४६॥

माध्वीक ३ [४ मौवाका-रक्सीका नाम] कसैरले, 'मधु, मार्द्वीक, ई २ शब्दले दाखका मदिरालाई कहन्छन्' भनेको छ। योग्य पनी हो॥४१॥

मैरेय ३, आसव १, शी(सी)धु १ [३ इक्षु(उखुका)रसको-विकार-भयेका र, शाक(साग)को-विकार-भयेका-मदिराका नाम] मेदक १, जगल १ [२ मदिराका-कट-(छोक्रा)का नाम[१]] सन्धान ३, अभिषव १ [२ मदिरा-वनाउने-तर्कीवका नाम] किण्व ३ (कण्व ३) नग्नहू १ [२ मदिरा वनाउँदा हाल्नु पर्ने मसालाका नाम[२]] ॥४२॥ कारोत्तर १ (कारोत्तय १), सुरामण्ड १ [२ मदिराका-माडका नाम] आपान ३, पानगोष्ठिका २ (पानगोष्ठी २) [२ रक्सी जाँड पिउनेको सभा (वैठक)का नाम] चषक ५, पानपात्र ३ [२ रक्सी-पिउने-भाँडाका नाम] सरक १, अनुतर्षण ३ [२ मदिरापान गर्नाका नाम] ॥४३॥ धूर्त १ (धार्त १), अक्षदेविन् १, कितव १, अक्षधूर्त १, द्यूतकृत् १ [५ जुवारी(जुवाखेल्ने)का नाम] लग्नक १, प्रतिभू १ [२ जमानी(यस्ले तिरेनभने-म तिरुला भन्ने)का नाम] सभिक १, द्यूतकारक १ [२ जूवा खेलाउने खाल राख्नेका नाम] ॥४४॥ द्यूत ५, अक्षवती २, कैतव ३, पण १ [४ जूवाका नाम] पण १, ग्लह १ [२ थपनीका नाम] अक्ष १, देवन १, पाशक १ [३ पासाका नाम] "शार १, अक्षगुटिका २, शारि २, शारिका २, सारिका २ [५ गोटीका नाम]" ॥४५॥ परिणाय ५ [१ गोटी चाल्नाको नाम] अष्टापद ३, शारिफल ३ [२ थर्कीका नाम] प्राणिद्यूत ३, समाह्वय १ [२ प्राणिद्यूत(वार्जीथापेर वट्टाई-भेडा-तित्रा प्रभृति लडाउनु, घोडा दौडाउनु इत्यादि जूवा)का नाम] ॥४६॥ यसवर्गमा-मालाकार, मार्दङ्गिक, आदिगरेका यौगिक (नाम-वमोजीम-काम-भयेका) शब्द, प्रायः पुंलिङ्गमा ज्यादा प्रयोग देखियेको

(१) कोहो—मेदक १, जगल १ [२ जाँडका नाम] हुन् भन्छन् ।
(२) कोही—किण्व ३, नग्नहू १ [२ रक्सी-जाँड खायेपछी हुने रक्सीवाज-जँड्याहाहरुको नग्ननृत्य (वेशर्मी हाहाहूहू)का नाम] हुन् भन्दछन् ।

उक्ता भूरिप्रयोगत्वादेकस्मिन्येऽत्र यौगिकाः ।
ताद्धर्म्यादन्यहो वृत्तावूह्या लिङ्गान्तरेऽपि ते ॥४७॥

इति शूद्रवर्गः ॥१०॥

हुनाले पुंलिङ्गमा लेखिये, तथापि (तैपनि) नामवमोजीं-काम-हुने स्त्री, अथवा कुल छ भने क्रमैले स्त्री० लि०, न० लि० पनि हुन्छ, जस्तै—मालाकारी—स्त्री मालाकारं कुलम् । यहाँ मालावनाउन स्त्री-र-कुल २ दुवैले सक्ने हुनाले मालाकारशब्द दुवै २ लिङ्गमा रह्यो । यस्तै अरु यौगिक शब्दमा पनि विचार गर्नु ॥४७॥

इति शूद्रवर्गः ॥१०॥

इत्यमरसिंहकृतौ नामलिङ्गानुशासने ।
द्वितीयः काण्डो भूम्यादिः साङ्ग एव समर्थितः ॥

अङ्ग (प्रधान, मुख्यका-नाम-लेखदाचाहिने)का
नाम-समेत भूमी-आदिगरेका १० वर्गले,
द्वितीयकाण्ड समाप्त भयो ॥

अलब्धोचिताध्यापकानां शिशूनां धियः शुद्धिमाधातुमेषा प्रणीता ।
निबन्धेऽमरस्य द्वितीयेऽत्र काण्डे स्वयंबोधिनी, पूर्णभावं प्रपन्ना ॥२॥

॥ इति शिवम् ॥

अथ

तृतीयं काण्डम्



विशेष्यनिघ्नैः संकीर्णैर्नानार्थैरव्ययैरपि ।
लिङ्गादिसंग्रहैर्वर्गाः सामान्ये वर्गसंश्रयाः ॥१॥
स्त्रीदाराद्यैर्यद्विशेष्यं यादृशैः प्रस्तुतं पदैः ।
गुणद्रव्यक्रियाशब्दास्तथा स्युस्तस्य भेदकाः ॥२॥

सामान्ये (साधारण शब्दका-संग्रहले-युक्त भयेका-यस-काण्डमा) विशेष्यनिघ्नैः (विशेष्यवाचकशब्दका-अनुसार-लिङ्गहुने-शब्दले) संकीर्णैः (परस्परमा-सम्बन्ध, नभयेका-छयासमिस-गरियेका-शब्दले) नानार्थैः (अनेक-अर्थ-हुने-शब्दले) अव्ययैः (अव्यय आ, च, इत्यादि शब्दले) लिङ्गादिसंग्रहैः (प्रत्ययादिद्वारा-लिङ्गको-परिचय-हुने-शब्दले) वर्गसंश्रयाः (पूर्वोक्त-स्वर्गवर्गादिमा-कहियेका-वस्तुको-सम्बन्धभयेका) वर्गाः (सजातीयवस्तुवाचक-शब्द-का-समूह) "वक्ष्यन्ते" (बताइनेछन्) ॥१॥

यादृशैः स्त्रीदाराद्यैः पदैः यत् विशेष्यं प्रस्तुतम् (जस्ता स्त्री-दार-कलत्र-आदि-गरेका-पदले जो-विशेष्य राखियेको छ) तस्य भेदकाः गुण-द्रव्य-क्रियाशब्दाः तथा स्युः (त्योविशेष्यका-विशेषणरूपभयेका-गुणोपाधिक-द्रव्योपाधिक-क्रियोपाधिक-शब्द त्यस्तै (विशे-ष्यका-लिङ्ग-वचन-जस्ता-छन्-त्यस्तै-लिङ्गवचन हुने) हुन्छन् ।

(१) **गुणोपाधिकशब्दको विशेष्यनिघ्नता**—सुकृती पुरुषः, सुकृतिनी नारी, सुकृति कुलम् । पुण्यवान् पुरुषः, पुण्यवती नारी, पुण्यवत् कुलम् । यहाँ विशेष्यवाचक-पुरुष, नारी, कुल-शब्दको-वमोजीम सुकृतिन्-पुण्यवत्-ई२विशेषणका लिङ्गवचन भये । सुकृतिन्-पुण्यवत्-शब्द सुकृत(पुण्य)रूप-गुणको-सम्बन्ध-वुझाउने गुणोपाधिक हुन्, इत्यादि ।

द्रव्योपाधिकशब्दको विशेष्यनिघ्नता—आयुष्मान् पुरुषः, आयुष्मती नारी, आयुष्मत् कुलम् । यहाँ विशेष्यवाचक-पुरुष-नारी-कुल-शब्दवमोजीम आयुष्मत्-शब्द तिनै-लिङ्गमा रह्यो, योशब्द आयूरूपद्रव्योपाधिक हो ।

क्रियोपाधिकशब्दको विशेष्यनिघ्नता—पाचकः पुरुषः, पाचिका स्त्री, पाचकं कुलम् । यहाँ पाचक यो क्रियोपाधिक(पकाउनुरूपक्रियावाचकपचधातुवाटबनेको)शब्द यथाक्रम विशेष्यानुसार तिनै-लिङ्गमा रह्यो ।

हेक्का राख्नुपर्ने अर्को कुरा

विशेष्यवाचकशब्दको वाच्य(वुझिनेवस्तु) स्त्री-पुरुष-क्लीव-जस्तो हुन्छ तद-

२०८१ सुकृती पुण्यवान् धन्यो महेच्छस्तु महाशयः ।
२०८२ हृदयालुः सुहृदयो महोत्साहो महोद्यमः ॥३॥
२०८३ प्रवीणे निपुणाभिज्ञविज्ञनिष्णातशिक्षिताः ।
२०८४ वैज्ञानिकः कृतमुखः कृती कुशल इत्यपि ॥४॥
२०८५ पूज्यः प्रतीक्ष्यः सांशयिकः संशयापन्नमानसः ।
२०८६ दक्षिणीयो दक्षिणार्हस्तत्र दक्षिण्य इत्यपि ॥५॥
२०८७ स्युर्वदान्यस्थूललक्षदानशौण्डा बहुप्रदे ।
२०८८ जैवातृकः स्यादायुष्मानन्तर्वाणिस्तु शास्त्रवित् ॥६॥
२०८९ परीक्षकः कारणिको वरदस्तु समर्धकः ।
२०९० हर्षमाणो विकुर्वाणः प्रमना हृष्टमानसः ॥७॥

नुसार विशेषणको लिङ्ग-वचन हुन्छ भनेको होइन, किन्तु विशेष्यवाचकशब्द जुन-लिङ्ग-वचनको छ, विशेषणवाचकशब्दको-पनि उही-लिङ्ग-वचन राख्नु भनेको हो। स्त्री व्यक्ति स्त्री हो ता पनि त्यस्लाई-कहने-सबैशब्द स्त्रीलिङ्गी हुन्छन् भन्ने नियम छैन, स्त्रीलाई-कहने-दारशब्द पुंलिङ्गी-बहुवचनान्त छ, त्यसैलाई-कहने-कलत्रशब्द नपुंसकलिङ्गी छ, त्यसैलाई-कहने-भार्याशब्द भने स्त्रीलिङ्गी छ, त्यसो-हुनाले सुकृतिनः दाराः यहाँ यउटी-स्त्रीलाई-कहँदा-पनि दारशब्दको अनुसार सुकृतिन्शब्द पुंलिङ्गी-वहुवचनान्त भयो। सुकृति कलत्रम्, यहाँ क्लीबलिङ्गी-कलत्रशब्दको-अनुसार क्लीबलिङ्गी भयो । सुकृतिनी भार्या, यहाँ भार्या-शब्दानुसार सुकृतिन्शब्द स्त्रीलिङ्गी भयो । अर्थात् विशेष्य जस्तो-भये-पनि विशेष्यवाचकशब्द कस्तो छ, त्यस्को विचार राखेर विशेषणको लिङ्गवचन तदनुसार राख्नुपर्दछ ॥२॥

यल्लिङ्गं यद्वचनं या च विभक्तिर्विशेष्यस्य ।
तल्लिङ्गं तद्वचनं सैव विभक्तिर्विशेषणस्याऽपि,

यो-वचनको हमेशा हेक्का चाहिन्छ।

सुकृतिन् ७, पुण्यवत् ७, धन्य ७ [३ पुण्यात्माका नाम] महेच्छ ७, महाशय ७ [२ ठुलो-इच्छाहुनेका नाम] हृदयालु ७, सुहृदय ७ [२ मन शुद्धहुने(निष्कपट)-का नाम] महोत्साह ७, महोद्यम ७ [२ ठूलो-उत्साह-गर्ने(उत्साही)का नाम] ॥३॥ प्रवीण ७, निपुण ७, अभिज्ञ ७, विज्ञ ७, शिक्षित ७, वैज्ञानिक ७, कृतमुख ७, कृतिन् ७, कुशल ७ [१० सिपालुका नाम] ॥४॥ पूज्य ७, प्रतीक्ष्य ७ [२ मान्नु-पर्नेका नाम] सांशयिक ७, संशयापन्नमानस ७ [२ सन्देहगर्नेका नाम] दक्षिणीय ७, दक्षिणार्ह ७, दक्षिण्य ७ [३ दक्षिणादिन-योग्यका नाम] ॥५॥ वदान्य ७, स्थूल-लक्ष ७ (स्थूललक्ष्य ७), दानशौण्ड ७, बहुप्रद ७ [५ खुवदिने(ठुलोदाता)का नाम] जैवातृक ७, आयुष्मत् ७ [२ आयु-धेरै-हुनेका नाम] अन्तर्वाणि ७, शास्त्रवित् ७ [२ शास्त्रजान्नेका नाम] ॥६॥ परीक्षक ७, कारणिक ७ [२ परीक्षागर्ने(जाँच्ने)-का नाम] वरद ७, समर्धक ७ [२ मागेको-कुरादिनेका नाम] हर्षमाण ७, विकुर्वाण ७, प्रमनस् ७, हृष्टमानस ७ [४ खुशी-हुनेका नाम] ॥७॥

२०९१ दुर्मना विमना अन्तर्मनाः स्यादुत्क उन्मनाः ।
२०९२ दक्षिणे सरलोदारौ सुकलो दातृभोक्तरि ॥८॥
२०९३ तत्परे प्रसितासक्ताविष्टार्थोद्युक्त उत्सुकः ।
२०९४ प्रतीते प्रथितख्यातवित्तविज्ञातविश्रुताः ॥९॥
२०९५ गुणैः प्रतीते तु कृतलक्षणाहतलक्षणौ ।
२०९६ इभ्य आढ्यो धनी स्वामी त्वीश्वरः पतिरीशिता ॥१०॥
२०९७ अधिभूर्नायको नेता प्रभुः परिवृढोऽधिपः ।
२०९८ अधिकर्द्धिः समृद्धः स्यात् कुटुम्बव्यापृतस्तु यः ॥११॥
२०९९ स्यादभ्यागारिकस्तस्मिन्नुपाधिश्च पुमानयम् ।
२१०० वराङ्गरूपोपेतो यः सिंहसंहननो हि सः ॥१२॥
२१०१ निर्वार्यः कार्यकर्ता यः संपन्नः सत्त्वसंपदा ।
२१०२ अवाचि मूकोऽथमनोजवसः पितृसन्निभः ॥१३॥

दुर्मनस् ७, विमनस् ७, अन्तर्मनस् ७ [३ दिग्दार-हुनेका नाम] उत्क ७,उन्मनस् ७ [२ उत्कण्ठितहुने (कुनैइष्टवस्तुको-प्राप्तिका-निमित्त-अनेकमन्सुवा-गर्ने)का नाम] दक्षिण ७, सरल ७, उदार ७ [३ सोझो-चित्त-हुनेका नाम] सुकल ७ [१ दिने-खानेको नाम] ॥८॥तत्पर ७, प्रसित ७, आसक्त ७ [३ तत्पर-हुनेका नाम]इष्टार्थोद्युक्त ७, उत्सुक ७ (इष्टार्थ ७, उद्युक्त ७, उत्सुक ७) [२ इष्टवस्तु-पाउन-उद्योग-गर्नेका नाम] प्रतीत ७, प्रथित ७, ख्यात ७, वित्त ७, विज्ञात ७, विश्रुत ७ ॥९॥ [६ प्रसिद्ध-हुनेका नाम] कृतलक्षण ७, आहतलक्षण ७ (आहितलक्षण ७) [२ गुणले-प्रसिद्ध-हुनेका नाम] इभ्य ७, आढ्य ७, धनिन् ७ [३ धनीका नाम] स्वामिन् ७, ईश्वर ७, पति १, ईशितृ ७ ॥१०॥ अधिभू ७, नायक ७, नेतृ ७, प्रभु ७, परिवृढ ७, अधिप ७ [१० मालिकका नाम] पतिशब्द अजहल्लिङ्ग(नित्यपुलिङ्ग) छ । अधिकर्द्धि ७, समृद्ध ७ [२ ज्यादा-धन-हुने(धनाढ्य)का नाम] कुटुम्बव्यापृत ७ ॥११॥ अभ्यागारिक ७, उपाधि १ [३ कुटुम्ब(जहानबच्चा)को-पालनपोषणमा-व्यग्रहुने(कुटुम्बी)का नाम] उपाधिशब्द अजहल्लिङ्ग (नित्यपुंलिङ्ग) छ । सिंहसंहनन ७ [१ हस्तपादादि-अङ्ग-र रूप-असलहुने(शरीरको-छाँटकाट-र-रूपसमेत-राम्रो-हुने)को नाम] ॥१२॥ निर्वार्य ७ [१ सत्त्वसंपन्न-भयेर-काम-सिद्धगर्ने(धीरगंभीर-भयेर-काम-फत्ते-गर्ने)को नाम] अवाच् ७, मूक ७ [२ लाटाका नाम] मनोजवस ७ (मनोजव ७), पितृसन्निभ ७ [३ बावुजस्तोहुनेका नाम] ॥१३॥(क)

(क) "मनोजवः स पितृसन्निभः" यस्तो पाठ राखेर सः पुत्रः यस्तो-अर्थ-गर्दा मनोजव शब्द पनि पितृतुल्यलाई कहन्छ । 'मनोजवं मारुततुल्यवेगं' यहाँ त्यहीअभिप्रायले मनोजव-शब्द राखेको हुनुपर्दछ, "प्राप्तं सर्वगुणैर्मनोजवसतां प्रासूत नक्तञ्चरी" यो-भारतचम्पूको-प्रयोगमा मनोजवस-शब्द लिइयेको छ । अतः दुवै शब्द प्रामाणिकै हुन् ।

२१०३ सत्कृत्याऽलंकृतां कन्यां यो ददाति स कूकुदः ।
२१०४ लक्ष्मीवाँल्लक्ष्मणः श्रीलः श्रीमान् स्निग्धस्तुवत्सलः ॥१४॥
२१०५ स्याद्दयालुः कारुणिकः कृपालुः सूरतः समाः ।
२१०६ स्वतन्त्रोऽपावृतः स्वैरी स्वच्छन्दो निरवग्रहः ॥१५॥
२१०७ परतन्त्रः पराधीनः परवान्नाथवानपि ।
२१०८ अधीनो निघ्न आयत्तोऽस्वच्छन्दो गृह्यकोऽप्यसौ ॥१६॥
२१०९ खलपूः स्याद्बहुकरो दीर्घसूत्रश्चिरक्रियः ।
२११० जाल्मोऽसमीक्ष्यकारी स्यात् कुण्ठो मन्दः क्रियासु यः ॥१७॥
२१११ कर्मक्षमोऽलङ्कर्मीणः क्रियावान् कर्मसूद्यतः ।
२११२ स कार्मः कर्मशीलो यः कर्मशूरस्तु कर्मठः ॥१८॥
२११३ भरण्यभुक्कर्मकरः कर्मकारस्तु तत्क्रियः ।
२११४ अपस्नातो मृतस्नातः आमिषाशी तु शौष्कुलः ॥१९॥

यः अलङ्कृतां कन्यां सत्कृत्य ददाति सः कूकुदः कथ्यते(जो श्रृङ्गारगरियेकी कन्याकन-सत्कार-गरेर [वरलाई] दिन्छ त्योदाता कूकुद कहिन्छ) कूकुद ७ [१ कन्यालाई अलंकृतपारेर-दानगर्नेको नाम] ॥(ख)॥ लक्ष्मीवत् ७, लक्ष्मण ७, श्रील ७, श्रीमत् ७ [४ धनवान्-शोभावान्का नाम] स्निग्ध ७, वत्सल ७ [२ प्रेमगर्ने (मायालु)का नाम] ॥१४॥ दयालु ७, कारुणिक ७, कृपालु ७, सूरत ७ [४ दयागर्नेका नाम] स्वतन्त्र ७, अपावृत ७, स्वैरिन् ७, स्वच्छन्द ७, निरवग्रह ७ [५ स्वतन्त्र(आफुसुखी)का नाम] ॥१५॥ परतन्त्र ७, पराधीन ७, परवत् ७, नाथवत् ७, अधीन ७, निघ्न ७, आयत्त ७, अस्वच्छन्द ७, गृह्यक ७ [९ परतन्त्रका नाम] ॥१६॥ खलपू ७, बहुकर ७ [२ खलो-सफा-गर्ने(खलोबढार्ने)का नाम] ई २शब्द सामान्य-झाड्-वढार-लिप-पोतगरेर भईं-साफगर्ने-व्यक्तिलाई पनि कहन्छन् । दीर्घसूत्र ७, चिरक्रिय ७ [२ दीर्घसूत्री(ढुम्सा)का नाम] जाल्म ७, असमीक्ष्यकारिन् ७ [२ विनाविचार-कामगर्ने-मूर्खका नाम] कुण्ठ ७ [१ काम-ढिलाउनेको नाम] ॥१७॥ कर्मक्षम ७, अलङ्कर्मीण ७ [२ कामगर्न-सहजैशक्नेका नाम] क्रियावत् ७ [१ कामदार(कामलिई रहने)को नाम] कार्म ७, कर्मशील ७ [२ कर्मशील(खालीवस्ननशक्ने)का नाम] कर्मशूर ७, कर्मठ ७ [२ कामगर्न-शुरिनेका नाम] ॥१८॥ भरण्यभुज् ७, कर्मकर ७ [२ ज्यालालियेरकामगर्नेका नाम] कर्मकार ७ [१ त्यसैकामगर्नेको नाम] अपस्नात ७, मृतस्नात ७ [२ खल्कोहाल्नेका नाम] आमिषाशिन् ७, शौष्कुल ७ [२ मांसाहारीका(मासु खानेका) नाम] ॥१९॥

(ख) अलङ्कृत-गरायेर कन्यादान-गर्ने-लाई कूपद पनि भन्दछन् "कूपदश्चाश्वमेधी च प्राणदाता भयेषु च । समं यान्ति रथा एषां त्रयो वै नात्रसंशयः" यो-संवर्तस्मृतिको व्याख्यान-गर्दा वीरमित्रोदयकारले 'कूपदोऽलङ्कृतकन्यादाता' भनेर 'दाने भूषितकन्यायाः कूपो गर्भे प्रवाहपि' यस्तो वैजयन्तीकोशको प्रमाण दियेको छ ।

२११५ बुभुक्षितः स्यात् क्षुधितो जिघत्सुरशनायितः ।
२११६ परान्नः परपिण्डादो भक्षको घस्मरोऽद्मरः ॥२०॥
२११७ आद्यूनः स्यादौदरिको विजिगीषाविवर्जिते ।
२११८ उभौ त्वात्मम्भरिः कुक्षिम्भरिः स्वोदरपूरके ॥२१॥
२११९ सर्वान्नीनस्तु सर्वान्नभोजी गृध्नुस्तु गर्धनः ।
२१२० लुब्धोऽभिलाषुकस्तृष्णक् समौ लोलुपलोलुभौ ॥२२॥
२१२१ सोन्मादस्तून्मदिष्णुः स्यादविनीतः समुद्धतः ।
२१२२ मत्ते शौण्डोत्कटक्षीबाः कामुके कमिताऽनुकः ॥२३॥
२१२३ कम्रः कामयिताऽभीकः कमनः कामनोऽभिकः ।
२१२४ विधेयो विनयग्राही वचनेस्थित आश्रवः ॥२४॥
२१२५ वश्यः प्रणेयो निभृतविनीतप्रश्रिताः समाः ।
२१२६ धृष्टे धृष्णग्वियातश्च प्रगल्भः प्रतिभान्विते ॥२५॥
२१२७ स्यादधृष्टे तु शालीनो विलक्षो विस्मयान्विते ।
२१२८ अधीरे कातरस्तस्ते भीरुभीरुकभीलुकाः ॥२६॥

बुभुक्षित ७, क्षुधित ७, जिघत्सु ७, अशनायित ७ [४ भोकायेकाका नाम] परान्न
७, परपिण्डाद ७ [२ परान्नलेजीविकागर्ने(मतुवा)का नाम] भक्षक ७, घस्मर ७,
अद्मर ७ [३ खवैया(खञ्जुवा)का नाम] ॥२०॥ विजिगीषाविवर्जिते(जयेच्छाले-रहित-
भयेका, उन्नतिको-उमेद-नगर्नें खान-पाये-पुग्ने व्यक्तिलाई कहँदा) आद्यूनः, औदरिकः
स्यात् (आद्यून-र-औदरिक शब्द प्रयोग गरिन्छ) आद्यून ७, औदरिक ७ [२ पेट-पाल्न-
पाये-पुग्ने(उन्नतिपराङ्मुख)का नाम] स्वोदरपूरके (आफ्नु-पेट-मात्रै-भर्नें, अरुको-वास्ता-
नराख्नेलाई कहँदा) आत्मम्भरिः, कुक्षिम्भरिः इति उभौ (आत्मम्भरि, कुक्षिम्भरि
ई २ शब्द प्रयोग गरिन्छन्) आत्मम्भरि ७, कुक्षिम्भरि ७ [२ आफ्नै-पेट-भर्नेका नाम]
यही-अर्थमा उदरम्भरि-शब्दको पनि प्रयोग हुन्छ ॥२१॥ सर्वान्नीन ७, सर्वान्नभोजिन्
७ [२ सर्वान्नभोजी(सबैको-अन्नखाने-वर्जित-अन्न-पनि नछाड्ने)का नाम] गृध्नु ७,
गर्धन ७, लुब्ध ७, अभिलाषुक ७, तृष्णज् ७ [५ लोभीका नाम] लोलुप ७,
लोलुभ ७ [ज्यादा लोभीका नाम] ॥२२॥ उन्मदिष्णु ७ [१ बहुलाउनेको
नाम] अविनीत ७, समुद्धत ७ [२ उद्धत (ठाडो)का नाम] मत्त ७,
शौण्ड ७, उत्कट ७, क्षीव ७ [४ भाङ्रक्सीप्रभृतिले वेहोश हुनेका नाम]
कामुक ७, कमितृ ७, अनुक ७ ॥२३॥ कम्र ७, कामयितृ ७, अभीक ७, कमन
७, कामन ७, अभिक ७ [९ कामी(स्त्रीलम्पट)का नाम] विधेय ७, विनय-
ग्राहिन् ७, वचनेस्थित ७, आश्रव ७ [४ अह्रायेको मान्नेका नाम] ॥२४॥ वश्य
७, प्रणेय ७ [२ वशपर्नेका नाम] निभृत ७, विनीत ७, प्रश्रित ७ [३ नम्र-
हुनेका नाम] धृष्ट ७, धृष्णज् ७, वियात ७ [३ ढिटाका नाम] प्रगल्भ ७, प्रतिभा-
न्वित ७ [२ प्रगल्भ(वखतमा बुद्धिको स्फूर्ति हुने)को नाम] ॥२५॥ अधृष्ट ७, शालीन
७ [२ अप्रगल्भका नाम] विलक्ष ७, विस्मयान्वित ७ [२ जिल्ल पर्नेका नाम]

२१२९ आशंसुराशंसितरि गृहयालुर्ग्रहीतरि ।
२१३० श्रद्धालुः श्रद्धया युक्ते पतयालुस्तु पातुके ॥२७॥
२१३१ लज्जाशीलेऽपत्रपिष्णुर्वन्दारुरभिवादके ।
२१३२ शरारुर्घातुको हिंस्रः स्याद्वर्धिष्णुस्तु वर्धनः ॥२८॥
२१३३ उत्पतिष्णुस्तूत्पतिताऽलङ्करिष्णुस्तु मण्डनः ।
२१३४ भूष्णुर्भविष्णुर्भविता वर्तिष्णुर्वर्तनः समौ ॥२९॥
२११५ निराकरिष्णुः क्षिप्नुः स्यात् सान्द्रस्निग्धस्तु मेदुरः ।
२१३६ ज्ञाता तु विदुरो विन्दुर्विकासी तु विकस्वरः ॥३०॥
२१३७ विसृत्वरो विसृमरः प्रसारी च विसारिणी ।
२१३८ सहिष्णुः सहनः क्षन्ता तितिक्षुः क्षमिता क्षमी ॥३१॥
२१३९ क्रोधानोऽमर्षणः कोपी चण्डस्त्वत्यन्तकोपनः ।
२१४० जागरूको जागरिता घूर्णितः प्रचलायितः ॥३२॥
२१४१ स्वप्नक् शयालुर्निद्रालुर्निद्राणशयितौ समौ ।
२१४२ पराङ्मुखः पराचीनः स्यादवाङप्यधोमुखः ॥३३॥

अधीर ७, कातर ७ [२ काँतरका नाम] भीरु ७, भीरुक ७, भीलुक ७ [३ डर्छेरुवाका नाम] ॥२६॥

आशंसु ७, आशंसितृ ७ [२ उमेद(आशाविशेष)गर्नेका नाम] गृहयालु ७, ग्रहीतृ ७ [२ ग्रहणगर्ने(लिने)का नाम] श्रद्धालु ७ [१ श्रद्धागर्ने (पूर्ण विश्वास गरेर आदर गर्ने)का नाम] पतयालु ७, पातुक ७ [२ खस्ने(झर्ने)का नाम] ॥२७॥ लज्जाशील ७, अपत्रपिष्णु ७ [२ ज्यादालाजमान्नेका नाम] वन्दारु ७, अभिवादक ७ [२ ढोग्दिनेका नाम] शरारु ७, घातक ७, हिंस्र ७ [३ हिंसा ज्यादा गर्नेका नाम] वर्धिष्णु ७, वर्धन ७ [२ बढालुका नाम] ॥२८॥ उत्पतिष्णु ७, उत्पतितृ ७ [२ उफ्रनेका नाम] अलङ्करिष्णु ७, मण्डन ७ [२ सिंगारपटार खूब गर्नेका नाम] भूष्णु ७, भविष्णु ७, भवितृ ७ [३ होनहार(सप्रने छाँट् हुने)का नाम] वर्तिष्णु ७, वर्तन ७ [२ टिकाउ(टिक्ने)का नाम ॥२९॥ निराकरिष्णु ७, क्षिप्नु ७ [२ मिल्काउने = हटाउनेका नाम] सान्द्रस्निग्ध ७, मेदुर ७ [२ बाक्ला-चिल्लाका नाम] ज्ञातृ ७, विदुर ७, विन्दु ७ [३ जान्नेका नाम] विकासिन् ७, विकस्वर ७ [२ प्रफुल्ल हुनेका नाम] ॥३०॥ विसृत्वर ७, विसृमर ७, प्रसारिन् ७, विसारिन् ७ [४ फैलिनेका नाम] सहिष्णु ७, सहन ७, क्षन्तृ ७, तितिक्षु ७, क्षमितृ ७, क्षमिन् ७ [६ सहनेका नाम] ॥३१॥ क्रोधन ७, अमर्षण ७, कोपिन् ७ [३ क्रोधीका नाम] चण्ड ७, अत्यन्तकोपन ७ [२ ज्यादाक्रोध हुनेका नाम] जागरूक ७, जागरितृ ७ [२ जागा रहनेका नाम] घूर्णित ७, प्रचलायित ७ [२ घुर्नेका नाम] ॥३२॥ स्वप्नज् ७, शयालु ७, निद्रालु ७ [३ सुत्नेका नाम] निद्राण ७, शयित ७ [२ निदाउनेका नाम] पराङ्मुख ७, पराचीन ७ [२ विमुख हुनेका नाम] अवाञ्च् ७, अधोमुख ७ [२ उँधोमुख हुने(निहुरने = घोप्टे)का नाम] ॥३३॥

२१४३ देवानञ्चति देवद्रयङ् विष्वद्रयङ् विष्वगञ्चति ।
२१४४ यः सहाञ्चति सध्र्यङ् स सतिर्यङ् यस्तिरोऽञ्चति ॥३४॥
२१४५ वदो वदावदो वक्ता वागीशो वाक्पतिः समौ ।
२१४६ वाचोयुक्तिपटुर्वाग्मी वावदूकोऽतिवक्तरि ॥३५॥
२१४७ स्याज्जल्पाकस्तु वाचालो वाचाटो बहुगर्ह्यवाक् ।
२१४८ दुर्मुखे मुखराबद्धमुखौ शक्लः प्रियंवदे ॥३६॥
२१४९ लोहलः स्यादस्फुटवाग् गर्ह्यवादी तु कद्वदः ।
२१५० समौ कुवादकुचरौ स्यादसौम्यस्वरोऽस्वरः ॥३७॥
२१५१ रवणः शब्दनो नान्दीवादी नान्दीकरः समौ ।
२१५२ जडोऽज्ञ एडमूकस्तु वक्तुं श्रोतुमशिक्षिते ॥३८॥
२१५३ तूष्णींशीलस्तु तूष्णीको नग्नोऽवासा दिगम्बरे ।
२१५४ निष्कासितोऽवकृष्टः स्यादपध्वस्तस्तु धिक्कृतः ॥३९॥

यः देवान् अञ्चति, सः देवद्रयङ् कथ्यते, (जो देवताहरुकन प्राप्त हुन्छ, अथवा पूज्दछ, त्यो देवद्रयङ् कहिन्छ) देवद्रयञ्च् ७ [१ देवताकन प्राप्तहुने, अथवा पूज्नेको नाम] यः विष्वक् अञ्चति सः विष्वद्रयङ् (जो सबैतिर पुग्दछ, त्यो विष्वद्रयङ् कहिन्छ) विष्वद्रयञ्च् ७ (विश्वद्र्यञ्च् ७) [१ सबैतिर पुग्नेको नाम] यः सह अञ्चति, सः सध्रयङ् (जो सँगै हिड्छ, त्यो सध्रयङ् कहिन्छ) सध्रयञ्च् ७ [१ सँगैहिड्नेको नाम] यः तिरः अञ्चति, सः तिर्यङ् (जो तेर्सो हिड्छ, त्यो तिर्यङ् कहिन्छ) तिर्यञ्च् ७ [१ तेर्सो हिंड्नेको नाम] ॥३४॥ वद ७, वदावद ७, वक्तृ ७ [३ बोलैयाका नाम] वागीश ७, वाक्पति ७ [२ धाराप्रवाहगरेर उत्तमवचन बोल्नेका नाम] वाचोयुक्तिपटु ७, वाग्मिन् ७, वावदूक ७, अतिवक्तृ ७ [४ धेरै बोल्नेका नाम] ॥३५॥ जल्पाक ७, वाचाल ७, वाचाट ७, बहुगर्ह्यवाच् ७ [४ धेरै खराब वचन(असत्य-अप्रिय) वचन बोल्नेका नाम] दुर्मुख ७, मुखर ७, अबद्धमुख ७ [३ फत्फतेका नाम] शक्ल ७, प्रियंवद ७ [२ प्यारोवचन बोल्नेका नाम] ॥३६॥ लोहल ७, अस्फुटवाच् ७ [२ अस्पष्ट बोल्नेका नाम] गर्ह्यवादिन् ७, कद्वद ७ [२ नराम्रोगरी बोल्नेका नाम] कुवाद ७, कुचर ७ [२ वकवादी कुरागर्नेका नाम] असौम्यस्वर १, अस्वर ७ [२ रूखो-स्वर-हुनेका नाम] ॥३७॥ रवण ७, शब्दन ७ [२ सामान्य-शब्दगर्ने(अवाज-दिने)का नाम] नान्दीवादिन् ७, नान्दीकर ७ [२ मङ्गलवचन-बोल्नेका नाम] जड ७, अज्ञ ७ [२ अजान्का नाम] वक्तुं श्रोतुम् अशिक्षिते एडमूकः (बोल्न-सुन्न नजान्ने(नशक्ने)लाई कहँदा एडमूक शब्दको प्रयोग गरिन्छ) एडमूक ७ [१ कानपनि नसुन्ने लाटाको नाम] ॥३८॥तूष्णींशील ७, तूष्णीक ७ [२ निमुखा, घोस्से नबोल्ने-वानीवालाका नाम] नग्न ७, अवासस् ७, दिगम्बर ७ [३ नाङ्गाका नाम] निष्कासित ७, अवकृष्ट ७ [२ निकालियेकाका नाम] अपध्वस्त ७, धिक्कृत ७ [२ धिक्कार-पाउनेका नाम] ॥३९॥

२१५५ आत्तगर्वोऽभिभूतः स्याद्दापितः साधितः समौ ।
२१५६ प्रत्यादिष्टो निरस्तः स्यात् प्रत्याख्यातो निराकृतः ॥४०॥
२१५७ निकृतः स्याद्विप्रकृतो विप्रलब्धस्तु वञ्चितः ।
२१५८ मनोहतः प्रतिहतः प्रतिबद्धो हतश्च सः ॥४१॥
२१५९ अधिक्षिप्तः प्रतिक्षिप्तो बद्धे कीलितसंयतौ ।
२१६० आपन्न आपत्प्राप्तः स्यात् कान्दिशीको भयद्रुतः ॥४२॥
२१६१ आक्षारितः क्षारितोऽभिशस्ते सङ्कसुकोऽस्थिरे ।
२१६२ व्यसनार्तोपरक्तौ द्वौ विहस्तव्याकुलौ समौ ॥४३॥
२१६३ विक्लवो विह्वलः स्यात्तु विवशोऽरिष्टदुष्टधीः ।
२१६४ कश्यः कशार्हे सनद्धे त्वाततायी बधोद्यते ॥४४॥
२१६५ द्वेष्ये त्वक्षिगतो वध्यः शीर्षच्छेद्य इमौ समौ ।
२१६६ विष्यो विषण यो वध्यो मुसल्यो मुसलेन यः ॥४५॥

आत्तगर्व ७ (आत्तगन्ध ७), अभिभूत ७ [२ घमण्डतोडियेकाका नाम] दापित ७, साधित ७ [२ दिलाइयेकाका नाम] प्रत्यादिष्ट ७, निरस्त ७, प्रत्याख्यात ७, निराकृत ७ [४ प्रत्याख्यान गरियेका (चाँहिदैंन भन्ने आशयले दूर गरियेका)का नाम] ॥४०॥ निकृत ७, विप्रकृत ७ [२ अपकारगरियेकाका नाम] विप्रलब्ध ७, वञ्चित ७ [२ ठगियेकाका नाम] मनोहत ७, प्रतिहत ७, प्रतिबद्ध ७, हत ७ [४ मनोहत (मनमा चोट परेर हिस्स पर्ने, ङिच्च पर्ने, खिस्स पर्ने)का नाम] ॥४१॥ अधिक्षिप्त ७, प्रतिक्षिप्त ७ [२ हप्काइयेकाका नाम] बद्ध ७, कीलित ७, संयत ७ [३ बाँधियेकाका नाम] आपन्न ७, आपत्प्राप्त ७ [२ आपत्तिमा-परेकाका नाम] कान्दिशीक ७, भयद्रुत ७ [२ भयले व्याकुलभयेका (कता भागौं ? भन्ठान्ने)का नाम] ॥४२॥ आक्षारित ७, क्षारित ७, अभिशस्त ७ [३ करणीको वात-लागेकाका नाम] सङ्कसुक ७, अस्थिर ७ [२ सक्सके (चञ्चलचित्त)-का नाम] व्यसनार्त ७, उपरक्त ७ [२ दैबले र-मानिस प्रभृतिले-आजीत-पारियेकाका नाम] विहस्त ७, व्याकुल ७ [२ व्याकुल भयेका (घबडायेका)का नाम] ॥४३॥ विक्लव ७, विह्वल ७ [२ पीडाले ग्रस्त पारियेकाका नाम] विवश ७, अरिष्टदुष्टधी ७ [२ अहँमत्यैं लागेकाका नाम] कश्य ७, कशार्ह ७ [२ कोर्राठोक्नलायक भयेकाका नाम] सन्नद्धे वधोद्यते आततायी (तयार-भयेको-मार्न-खोज्नेलाई कहँदामा आततायी शब्द प्रयोग गरिन्छ) आततायिन् ७ [१ आततायीको नाम] ॥(ग)॥४४॥ द्वेष्य ७, अक्षिगत ७ [२ रिसगरियेकाका नाम] वध्य ७, शीर्षच्छेद्य ७

(ग) घरमा-आगो-लाइदिने १, विष-खान-दिने २, हतियार-लियेर-आइलाग्ने ३, धन-हर्ने ४, खेत-वारी-हर्ने ५, स्त्रीहर्ने ६, ई आततायी कहिन्छन् ।

अग्निदो गरदश्चैव शस्त्रपाणिर्धनापहः ।
क्षेत्र-दार-हरश्चैव षडेते त्वाततायिनः ॥

२१६७ शिविदानोऽकृष्णकर्मा चपलश्चिकुरः समौ ।
२१६८ दोषकदृक् पुरोभागिन् निकृतस्त्वनृजुः शठः ॥४६॥
२१६९ कर्णेजपः सूचकः स्यात् पिशुनो दुर्जनः खलः ।
२१७० नृशंसो घातुकः क्रूरः पापो धूर्तस्तु वञ्चकः ॥४७॥
२१७१ अज्ञे मूढयथाजातमूर्खवैधेयबालिशाः ।
२१७२ कदर्ये कृपणक्षुद्रकिंपचानमितम्पचाः ॥४८॥
२१७३ निःस्वस्तु दुर्विधो दीनो दरिद्रो दुर्गतोऽपि सः ।
२१७४ वनीपको याचनको मार्गणो याचकार्थिनौ ॥४९॥
२१७५ अहङ्कारवानहंयुः शुभंयुस्तु शुभान्वितः ।
२१७६ दिव्योपपादुका देवा नृगवाद्या जरायुजाः ॥५०॥

[२ शिरकाट्न-लायकका नाम] विष्य ७ [१ विषखुवायेर-मार्नलायकका नाम] मुसल्य ७ [१ मुसलले-ठोकेर-मार्न-लायकका नाम] ॥४५॥

शिविदान ७, अकृष्णकर्मन् ७ [२ पुण्यकर्म (असल काम) गर्नेका नाम] चपल ७, चिकुर ७ [२ चट्पटेका नाम] दोषैकदृश् ७, पुरोभागिन् ७ [२ दोषमात्रै देख्ने (हरेक-कुरामा-खोट्-लाउने)का नाम] निकृत ७, अनृजु ७, शठ ७ [३ कपटीका नाम] ॥४६॥ कर्णेजप ७, सूचक ७, पिशुन ७, दुर्जन ७, खल ७ [५ छुल्याहा (चुल्कीखोर)का नाम] नृशंस ७, घातुक ७ (घातक ७), क्रूर ७, पाप ७ [४ निर्दयी-परद्रोहीका नाम] धूर्त ७, वञ्चक ७ [२ ठगका नाम] ॥४७॥ अज्ञ ७, मूढ ७, यथाजात ७, मूर्ख ७, वैधेय ७, बालिश [६ मूर्खका नाम] कदर्य ७, कृपण ७, क्षुद्र ७, किम्पचान ७, मितम्पच ७ (किंपच ७, अनमितंपच ७) [५ कृपण (कंजूसछुद्री)का नाम] ॥घ॥४८॥ निःस्व ७, दुर्विज ७, दीन ७, दरिद्र ७, दुर्गत ७ [५ गरीबका नाम] वनीपक ७ (वनीयक ७), याचनक ७, मार्गण ७, याचक ७, अर्थिन् ७ [५ मगन्ताका नाम] ॥४९॥ अहङ्कारवत् ७, अहंयु ७ [२ अहङ्कारीका (शेखीबाजका) नाम] शुभंयु ७, शुभान्वित ७, [२ कल्याणवान्का नाम] दिव्योपपादुक ७ [१ मातापितृ-संयोगादिगरेको कारण नभइकन दैवाधीन-भयेका पञ्चमहाभूतका आकस्मिकसंयोगले उत्पन्नहुने प्राणी (देवता)को नाम] जरायुज ७ [१ सालनालले युक्तभइकन जन्मने मनुष्य-गाई-गोरू प्रभृति प्राणिको नाम] ॥५०॥

(घ) आफुलाई, धर्मकर्मलाई, स्त्रीपुत्रादिलाई पीडा पर्नेगरी लोभले धनसंचय गर्नेलाई कृपण-कञ्जूस-छुद्री, कदर्य, भन्दछन् ।

आत्मानं धर्मकृत्यं च पुत्रदाराँश्च पीडयन् ।
यो लोभात् संचिनोत्यर्थान् स कदर्य इति स्मृतः ॥

२१७७ स्वेदजाः क्रिमिदंशाद्याः पक्षिसर्पादयोऽण्डजाः ।
२१७८ उद्भिदस्तरुगुल्माद्या उद्भिदुद्भिज्जमुद्भिदम् ॥५१॥

इति प्राणिवर्गः ।

स्वेदज ७ [१ पसीना-जमीनको गर्मीवाट पैदा हुने प्राणि (कमिला-डाँस-जम्रा-उडूस-लामखुट्टे प्रभृति प्राणि)को नाम] अण्डज ७ [१ अण्ड (फूल) वाट पैदा हुने पक्षी-सर्प-माछा प्रभृति प्राणिको नाम] उद्भिद् ७, उद्भिज्ज ७, उद्भिद ७ [३ पृथ्वीलाई छेडेर उम्रने तृण-गुल्म-लता-वृक्ष-वानस्पत्य-वनस्पति प्रभृत प्राणिहरुको नाम] ॥५१॥

इति प्राणिवर्गः ॥

२१७९ सुन्दरं रुचिरं चारु सुषमं साधु शोभनम् ।
२१८० कान्तं मनोरमं रुच्यं मनोज्ञं मञ्जु मञ्जुलम् ॥५२॥
२१८१ तदासेचनकं तृप्तेर्नास्त्यन्तो यस्य दर्शनात् ।
२१८२ अभीष्टेऽभीप्सितं हृद्यं दयितं वल्लभं प्रियम् ॥५३॥
२१८३ निकृष्टप्रतिकृष्टार्वरेफयाप्यावमाधमाः ।
२१८४ कुपूयकुत्सितावद्यखेटगर्ह्याणकाः समाः ॥५४॥
२१८५ मलीमसं तु मलिनं कच्चरं मलदूषितम् ।
२१८६ पूतं पवित्रं मेध्यं च वीध्रं तु विमलात्मकम् ॥५५॥
२१८७ निर्णिक्तं शोधितं मृष्टं निःशोध्यमनवस्करम् ।
२१८८ असारं फल्गु शून्यं तु वशिकं तुच्छरिक्तके ॥५६॥
२१८९ क्लीबे प्रधानं प्रमुखप्रवेकानुत्तमोत्तमाः ।
२१९० मुख्यवर्यवरेण्याश्च प्रवर्होऽनवरार्ध्यवत् ॥५७॥

सुन्दर ७, रुचिर ७, चारु ७, सुषम ७, साधु ७, शोभन ७, कान्त ७, मनोरम ७ (मनोहर ७), रुच्य ७, मनोज्ञ ७, मञ्जु ७, मञ्जुल ७ [१२ राम्राका नाम] ॥५२॥ य अस्य दर्शनात् तृप्तेः अन्तः नास्ति (जुन् वस्तु देख्ता प्रीतिको समाप्ति हुँदैन) तत् आसेचनकम् (त्यो आसेचनक कहिन्छ) आसेचनक ७ [१ हेर्दा-हेर्दा पनि आँखा नअघाउने(अतिसुन्दर)को नाम] अभीष्ट ७, अभीप्सित ७, हृद्य ७, दयित ७, वल्लभ ७, प्रिय ७ [६ प्याराका नाम] ॥५३॥ निकृष्ट ७, प्रतिकृष्ट ७, अर्वन् ७, रेफ ७, याप्य ७, अवम ७, अधम ७, कुपूय ७ (कपूय ७), कुत्सित ७, अवद्य ७, खेट ७, गर्ह्य ७, अणक ७ (आणक ७) [१३ घटिया(चुत्था)का नाम] ॥५४॥ मलीमस ७, मलिन ७, कच्चर ७, मलदूषित ७ [४ मैलाका नाम] पूत ७, पवित्र ७, मेध्य ७ [३ पवित्र(शुद्ध)का नाम] वीध्र ७, विमलात्मक ७ [२ स्वतःशुद्धका नाम] ॥५५॥ निर्णिक्त ७, शोधित ७, मृष्ट ७, निःशोध्य ७, अनवस्कर ७ [५ धुनु-पखाल्नु प्रभृति कर्मले-शुद्ध-पारियेका वस्तुको नाम] असार ७, फल्गु ७ [२ निःसारवस्तुका नाम] शून्य ७, वशिक ७, तुच्छ ७, रिक्तक ७ (रिक्त ७) [४ रित्ताका नाम] ॥५६॥ प्रधान ३ (योशब्द विशेषणरूप हो ता पनि नित्य नपुंसकलिङ्गी छ) ॥(ङ)॥ प्रमुख ७, प्रवेक ७, अनुत्तम ७, उत्तम ७, मुख्य ७, वर्य ७, वरेण्य ७, प्रवर्ह ७, अनवरार्ध्य ७, ॥५७॥

(ङ) प्रधानं धीराणां जयति जगदीड्यो रघुपतिः (धीरहरूमा-मुख्य-र-जगत्का-स्तुत्य-भयेका-रघुनाथजो सर्वोत्कृष्ट छन्) । प्रधानं साध्वीनां रघुपतिवधूं ध्यायत बुधाः ! (समुझदार-भलेआद्मीहो ! पतिव्रताहरूमा मुख्यभयेकी-रघुनाथजीकी-दुलही-(जनकनन्दिनी)को ध्यान गर) ।
यहाँ प्रधानशब्द पुरुष-स्त्री-विशेषण भये पनि क्लीवलिङ्गी रह्यो । रामः प्रधानः, सीता प्रधाना, भन्नु हुदैन । रामः प्रधानं, सीता प्रधानं भन्नु पर्दछ ।

२१९१ परार्ध्याग्रप्राग्रहरप्राग्र्याग्र्याग्रीयमग्रियम् ।
२१९२ श्रेयान् श्रेष्ठः पुष्कलः स्यात् सत्तमश्चातिशोभने ॥५८॥
२१९३ स्युरुत्तरपदे व्याघ्रपुङ्गवर्षभकुञ्जराः ।
२१९४ सिंहशार्दूलनागाद्याः पुंसि श्रेष्ठार्थगोचराः ॥५९॥
२१९५ अप्राग्र्यं द्वयहीने द्वे अप्रधानोपसर्जने ।
२१९६ विशङ्कटं पृथु बृहत् विशालं पृथुलं महत् ॥६०॥
२१९७ वड्रोरुविपुलं पीनपीव्नी तु स्थूलपीवरे ।
२१९८ स्तोकाल्पक्षुल्लकाः सूक्ष्मं श्लक्ष्णं दभ्रं कृशं तनु ॥६१॥
२१९९ स्त्रियां मात्रा, त्रुटिः पुंसि लवलेशकणाणवः ।
२२०० अत्यल्पेऽल्पिष्ठमल्पीयः कनीयोऽणीय इत्यपि ॥६२॥
२२०१ प्रभूतं प्रचुरं प्राज्यमदभ्रं बहुलं बहु ।
२२०२ पुरुहू पुरु भूयिष्ठं स्फारं भूयश्च भूरि च ॥६३॥

परार्ध्य ७, अग्र ७, प्राग्रहर ७, प्राग्र्य ७, अग्र्य ७, अग्रीय ७, अग्रिय ७ [१४ मुख्यका नाम] श्रेयस् ७, श्रेष्ठ ७, पुष्कल ७, सत्तम ७, अतिशोभन ७ [५ अति असलका नाम] उत्तरपदे (समासमा उत्तरपदभयेर रहेका) व्याघ्र-पुङ्गव-ऋषभ-कुञ्जराः, सिंह-शार्दूल-नागाद्याः (शब्दाः) श्रेष्ठार्थगोचराः (भवन्ति) (तेच) पुंसि (व्याघ्र-पुंगव-ऋषभ-कुञ्जर-सिंह-शार्दूल-नाग-इत्यादि शब्द श्रेष्ठ भन्ने अर्थ बुझाउछन्, ती पुंलिङ्गी हुन्छन्, विशेषणरूप भये पनि विशेष्यनिघ्न हुदैनन्) व्याघ्र १, पुङ्गव १, ऋषभ १, कुञ्जर १, सिंह १, शार्दूल १, नाग १ [७ श्रेष्ठका नाम] ॥५९॥(च)॥ अप्राग्र्य ७, अप्रधान ३, उपसर्जन ३ [३ अमुख्यका नाम] इनमा पछिल्ला २ शब्द नित्यनपुंसकलिङ्गी छन्, विशेषण हुन् ता पनि विशेष्यनिघ्न छैनन् । विशङ्कट ७, पृथु ७, बृहत् ७, विशाल ७, पृथुल ७, महत् ७, ॥६०॥ वड्र ७, उरु ७, विपुल ७ [९ ठुलाका (फैलियेकाका) नाम] पीन ७, पीवन् ७, स्थूल ७, पीवर ७ [४ मोटाका नाम] स्तोक ७, अल्प ७, क्षुल्लक ७, सूक्ष्म ७, श्लक्ष्ण ७, दभ्र ७, कृश ७, तनु ७, ॥६१॥ मात्रा २, त्रुटि १ ((त्रुटी १), लव १, लेश १, कण १, अणु १ [१४ सानाका नाम] ई १४ शब्दमा पहिलेका ८ शब्द सानावस्तुलाई कहन्छन्, बाँकी ६ शब्द कुनै वस्तुका साना-अवयवलाई कहन्छन् लिङ्ग देखायेमुताविक निश्चित रहन्छ, फरक यत्ति छ । अत्यल्प ७, अल्पिष्ठ ७, अल्पीयस् ७, कनीयस् ७, अणीयस् ७ [५ साह्रै-थोरैका नाम] ॥६२॥ प्रभूत ७, प्रचुर ७, प्राज्य ७, अदभ्र ७, बहुल ७, बहु ७, पुरुहू ७ (पुरुह ७), पुरु ७, भूयिष्ठ ७, स्फार ७ (स्फिर ७), भूयस् ७, भूरि ७ [१२ धेरैका नाम] ॥६३॥

(च) 'उपमितं व्याघ्रादिभिः सामान्याप्रयोगे' भन्ने सूत्रले उपमित समास गरेमा 'पुरुषः व्याघ्र इव' भन्दा 'पुरुषव्याघ्रः' यस्तो रूप हुन्छ, यस्को 'व्याघ्रजस्तो उत्तमतेजस्वी पुरुष' यस्तो अर्थ हुन्छ, 'नरः पुङ्गव इव—नरपुङ्गवः' (साँढेजस्तो धुरन्धर श्रेष्ठ पुरुष) यस्तो अर्थ हुन्छ, इत्यादि ।

२२०३ परःशताद्यास्ते येषां परासंख्या शतादिकात् ।
२२०४ गणनीये तु गणेयं संख्याते गणितमथ समं सर्वम् ॥६४॥
२२०५ विश्वमशेषं कृत्स्नं समस्तनिखिलाखिलानि निःशेषम् ।
२२०६ समग्रं सकलं पूर्णमखण्डं स्यादनूनके ॥६५॥
२२०७ घनं निरन्तरं सान्द्रं पेलवं विरलं तनु ।
२२०८ समीपे निकटासन्नसन्निकृष्टसनीडवत् ॥६६॥
२२१९ सदेशाभ्याशसविधसमर्याद सवेशवत् ।
२२१० उपकण्ठान्तिकाभ्यर्णाभ्यग्रा अप्यभितोऽव्ययम् ॥६७॥
२२११ संसक्ते त्वव्यवहितमपदान्तरमित्यपि ।
२२१२ नेदिष्ठमन्तिकतमं स्याद् दूरं विप्रकृष्टकम् ॥६८॥
२२१३ दवीयश्च दविष्ठं च सुदूरं दीर्घमायतम् ।
२२१४ वर्तुलं निस्तलं वृत्तं बन्धुरं तून्नतानतम् ॥६९॥
२२१५ उच्चप्रांशून्नतोदग्रोच्छ्रितास्तुङ्गेऽथ वामने ।
२२१६ न्यङ्नीचखर्वह्रस्वाः स्युरवाग्रेऽवनतानतम् ॥७०॥

येषां संख्या शतादिकात् परा (जस्को गिन्ती सयभन्दा वढता छ) ते परश्शताद्याः (ती परश्शत प्रभृति कहिन्छन्) परश्शत ७ [१ सयेभन्दा वढताहुनेको नाम] यस्तै प्रकारले हजारभन्दा बढतालाई कहँदा 'परस्सहस्र', अयुत(१००००)भन्दा वढतालाई कहँदा 'परोयुत', लक्षभन्दा वढतालाई कहँदा 'परोलक्ष', कोटिभन्दा वढतालाई कहँदा 'परःकोटि'शब्दको प्रयोग गर्नुपर्दछ, परश्शतादिशब्द बहुवचनान्तै रहन्छन्, लिङ्गभने विशेष्यवाचकशब्दको अनुसारै रहन्छ । गणनीय ७, गणेय ७ [२ गन्नशकिने-गन्नुपर्ने-गन्नयोग्यको नाम] संख्यात ७, गणित ७ [२ गनियेकाका नाम] सम ७, सर्व ७, ॥६४॥ विश्व ७, अशेष ७, कृत्स्न ७, समस्त ७, निखिल ७, अखिल ७, निःशेष ७, समग्र ७, सकल ७, पूर्ण ७, अखण्ड ७, अनून(क) ७ [१४ सवै (सिङ्गै-जम्मै)का नाम] ॥६५॥ घन ७, निरन्तर ७, सान्द्र ७ [३ बाक्लाका नाम] पेलव ७, विरल ७, तनु ७ [३ पातलाका नाम] समीप ७, निकट ७, आसन्न ७, सन्निकृष्ट ७, सनीड ७, ॥६६॥ सदेश ७, अभ्याश ७, सविध ७, समर्याद ७, सवेश ७, उपकण्ठ ७, अन्तिक ७, अभ्यर्ण ७, अभ्यग्र ७, अभितस् ८ [१५ नगीचमा रहनेका नाम] अभितस् शब्द अव्यय हो ॥६७॥ संसक्त ७, अव्यवहित ७, अपदान्तर ७ [३ जोरियेकाका नाम] नेदिष्ठ ७, अन्तिकातम ७ [२ साह्लै नगीचका नाम] दूर ७, विप्रकृष्टक ७ [२ टाढाका नाम] ॥६८॥ दवीयस् ७, दविष्ठ ७, सुदूर ७ [३ साह्लै टाढाका नाम] दीर्घ ७, आयत ७ [२ लामाका नाम] वर्तुल ७, निस्तल ७, वृत्त ७ [३ बाटुलाका नाम] बन्धुर ७, उन्नतानत ७, [२ ऊँचानीचाका नाम] ॥६९॥ उच्च ७, प्रांशु ७, उन्नत ७, उदग्र ७ उच्छ्रित ७, तुङ्ग ७, [६ अग्लाका नाम] वामन ७, न्यञ्च् ७, नीच ७, खर्व ७,

२२१७ अरालं वृजिनं जिह्ममूर्मिमत् कुञ्चितं नतम् ।
२२१८ आविद्धं कुटिलं भुग्नं वेल्लितं वक्रमित्यपि ॥७१॥
२२१९ ऋजावजिह्मप्रगुणौ व्यस्ते त्वप्रगुणाकुलौ ।
२२२० शाश्वतस्तु ध्रुवो नित्यसदातनसनातनाः ॥७२॥
२२२१ स्थास्नुः स्थिरतरः स्थेयानेकरूपतया तु यः ।
२२२२ कालव्यापी स कूटस्थः स्थावरो जङ्गमेतरः ॥७३॥
२२२३ चरिष्णुजङ्गमचरं त्रसमिङ्गं चराचरम् ।
२२२४ चलनं कम्पनं कम्प्रं चलं लोलं चलाचलम् ॥७४॥
२२२५ चञ्चलं तरलं चैव पारिप्लवपरिप्लवे ।
२२२६ अतिरिक्तः समधिको दृढसन्धिस्तु संहतः ॥७५॥
२२२७ कर्कशं कठिनं क्रूरं कठोरं निष्ठुरं दृढम् ।
२२२८ जरठं मूर्तिमन्मूर्तं प्रवृद्धं प्रौढमेधितम् ॥७६॥
२२२९ पुराणे प्रतनप्रत्नपुरातनचिरन्तनाः ।
२२३० प्रत्यग्रोऽभिनवो नव्यो नवीनं नूतनो नवः ॥७७॥
२२३१ नूतनश्च सुकुमारं तु कोमलं मृदुलं मृदु ।
२२३२ अन्वगन्वक्षमनुगेऽनुपदं क्लीबमव्ययम् ॥७८॥

ह्रस्व ७ [५ होचा(पुड्का)का नाम] अवाग्र ७, अवनत ७, आनत ७ [३ निहुरेकाका नाम] ॥७०॥

अराल ७, वृजिन ७, जिह्म ७, उर्मिमत् ७, कुञ्चित ७, नत ७, आविद्ध ७, कुटिल ७, भुग्न ७, वेल्लित ७, वक्र ७ [११ वाङ्गाका नाम] ॥७१॥ ऋजु ७, अजिह्म ७, प्रगुण ७ [३ सोझाका नाम] व्यस्त ७, अप्रगुण ७, आकुल ७ [३ छ्यासमिस भयेकाका नाम] शाश्वत ७, ध्रुव ७, नित्य ७, सदातन ७, सनातन ७ ॥७२॥ [५ नित्य(अविनाशी)का नाम] स्थास्नु ७, स्थिरतर ७, स्थेयस् ७ [३ स्थिरतरका(खूबटिक्ने)का नाम] यः एकरूपतया कालव्यापी, सः कूटस्थः (जो एकनासको भयेर युगयुगान्तरसम्म रहन्छ, त्यो कूटस्थ कहिन्छ) कूटस्थ ७ [१ निर्विकार भयेर हमेशा एकनासको रहने वस्तुको नाम] स्थावर ७, जङ्गमेतर ७ [२ अचल वस्तुका नाम] ॥७३॥ चरिष्णु ७, जङ्गम ७, चर ७, त्रस ७, इङ्ग ७, चराचर ७ [६ चल (हिड्नेडुल्ने मनुष्य-पशवादि)का नाम] चलन ७, कम्पन ७, कम्प्र ७, चल ७, लोल ७, चलाचल ७ ॥७४॥ चञ्चल ७, तरल ७, पारिप्लव ७, परिप्लव ७ [१० चञ्चलका नाम] अतिरिक्त ७, समधिक ७ [२ बढता(अर्घेला)का नाम] दृढसन्धि ७, संहत २ [२ टम्ममिलेकाका नाम] ॥७५॥ कर्कश ७ (कक्खट ७, खक्खट ७), कठिन ७, क्रूर ७, कठोर ७, निष्ठुर ७, दृढ ७, जरठ ७, मूर्तिमत् ७, मूर्त ७ [९ साह्रा(कठोर खस्रो)का नाम] प्रवृद्ध ७, प्रौढ ७, एधित ७ [३ बढेकाका नाम] ॥७६॥ पुराण ७, प्रतन ७, प्रत्न ७, पुरातन ७, चिरन्तन ७ [५ पुरानाका नाम] प्रत्यग्र ७, अभिनव

२२३३ प्रत्यक्षं स्यादैन्द्रियकमप्रत्यक्षमतीन्द्रियम् ।
२२३४ एकतानोऽनन्यवृत्तिरेकाग्रैकायनावपि ॥७९॥
२२३५ अप्येकसर्गं एकाग्रचोऽप्येकायनगतोऽपि सः ।
२२३६ पुंस्यादिः पूर्वपौरस्त्यप्रथमाद्या अथाऽस्त्रियाम् ॥८०॥
२२३७ अन्तो जघन्यं चरममन्त्यपाश्चात्यपश्चिमाः ।
२२३८ मोघं निरर्थकं स्पष्टं स्फुटं प्रव्यक्तमुल्बणम् ॥८१॥
२२३९ साधारणं तु सामान्यमेकाकी त्वेक एककः ।
२२४० भिन्नार्थका अन्यतर एकस्त्वोऽन्येतरावपि ॥८२॥
२२४१ उच्चावचं नैकभेदमुच्चण्डमविलम्बितम् ।
२२४२ अरुन्तुदन्तु मर्मस्पृगबाधं तु निरर्गलम् ॥८३॥

७, नव्य ७, नवीन ७, नूतन ७, नव ७, ॥७७॥ नूत्न ७ [७ नयाँका नाम] सुकुमार ७, कोमल ७, मृदुल ७, मृदु ७ [४ कोमल(कमलो = मुलायम)का नाम] अन्वञ्च् ८, अन्वक्ष ८, अनुग ८, अनुपद ८ [४ पछीका नाम] ॥(छ)॥७८॥

प्रत्यक्ष ७, ऐन्द्रियक ७ [२ इन्द्रियले ग्रहण गरियेका वस्तुका नाम] अप्रत्यक्ष ७, अतीन्द्रिय ७ [२ इन्द्रियले ग्रहणगर्न नशकिने वस्तुका नाम] एकतान ७, अनन्यवृत्ति ७, एकाग्र ७, एकायन ७, ॥७९॥ एकसर्ग ७, एकाग्रच ७, एकायनगत ७ [७ एकाग्र (एकसूर भयेर चित्तलाउने)का नाम] आदि १, पूर्व ७, पौरस्त्य ७, प्रथम ७, आद्य ७ [५ अघिल्लाका नाम] आदि शब्द विशेषण हो ता पनि नित्य-पुंलिङ्गी छ ॥८०॥ अन्त ५, जघन्य ७, चरम ७, अन्त्य ७, पाश्चात्य ७, पश्चिम ७ [६ पछिल्लाका नाम] अन्त शब्द विशेषण हो ता पनि पुंलिङ्ग-नपुंसकलिङ्गमा मात्र रहन्छ। इयं कन्या सन्ततेः अन्तः (अन्तम्) [ई छोरा सन्तानकी पछिल्ली हुन्) यहाँ कन्याको विशेषण अन्तशब्द स्त्रीलिङ्गी नभयेर पुंलिङ्गी-क्लीवलिङ्गी नै रह्यो। मोघ ७, निरर्थक ७ [२ व्यर्थ (प्रयोजन नभयेका)का नाम] स्पष्ट ७, स्फुट ७, प्रव्यक्त ७, उल्बण ७, [४ स्पष्ट (साफ देखिने सुनिने)का नाम] ॥८१॥ साधारण ७, सामान्य ७ [२ साधारण (सामूला=सबैमा मिल्ने)का नाम] 'सत्यं साधारणो धर्मः' (सत्यभाषण साधारण (सबैको) धर्म हो) 'सामान्योऽयं धर्मसेतुर्नराणाम्' (यो धर्मरूपी पूल सबैको सामान्य (साधारण) हो) इत्यादि। एकाकिन् ७, एक ७, एकक ७ [३ एक्लाका नाम] भिन्न ७, अन्यतर ७, एक ७, त्व ७,

(छ) ई ४ शब्दमध्यमा 'अन्वग् ययौ मध्यमलोक पालः' (भूलोकपालकराजादिलीप पछीजाँदा-भये) 'अन्वक्षमक्षमथनस्य ययुः कपीन्द्राः' (वानरेन्द्रहरू अक्षहन्ता हनूमान्का पछीपछी हिंडे) 'स्वामिनोऽनुपदं यातां वैदेहीं स्मर नन्दिनि !' (नानि ! छोरि ! स्वामिका पछी-पछी गयेकी सीताजीलाई संझन) इत्यादिरूपले ३ शब्दका प्रयोग देखिन्छन्। अनुग-शब्दको प्रयोग पछीलाग्नेलाई कहँदा गरेको देखिन्छ, केवल पछीलाई कहँदा क्लीबलिङ्गी-अव्यय-अनुगशब्द मैले फेलापारेको छैन।

२२४३ प्रसव्यं प्रतिकूलं स्यादपसव्यमपष्ठु च ।
२२४४ वामं शरीरं सव्यं स्यादपसव्यं तु दक्षिणम् ॥८४॥
२२४५ संकटं ना तु संबाधः कलिलं गहनं समे ।
२२४६ संकीर्णे संकुलाकीर्णे मुण्डितं परिवापितम् ॥८५॥
२२४७ ग्रन्थितं सन्दितं दृब्धं विसृतं विस्तृतं ततम् ।
२२४८ अन्तर्गतं विस्मृतं स्यात् प्राप्तप्रणिहिते समे ॥८६॥
२२४९ वेल्लितप्रेङ्खिताधूतचलिताकम्पिता धुते ।
२२५० नुत्तनुन्नास्तनिष्ठ्यूताविद्धक्षिप्तेरिताः समाः ॥८७॥
२२५१ परिक्षिप्तं तु निवृतं मूषितं मुषितार्थकम् ।
२२५२ प्रवृद्धप्रसृते न्यस्तनिसृष्टे गुणिताहते ॥८८॥
२२५३ निर्दिग्धोपचिते गूढगुप्ते गुण्ठितरूषिते ।
२२५४ द्रुतावदीर्णे उद्गूर्णोद्यते काचितशिक्यिते ॥८९॥

अन्य ७, इतर ७ [६ अर्काका नाम] ॥८२॥ उच्चावच ७, नैकभेद ७ [२ अनेक तरहका वस्तुका नाम] उचचण्ड ७, अविलम्बित ७ [२ हतपताउनेका नाम] अरुन्तुद ७, मर्मस्पृश् ७ [२ मर्मछेडने (मुटुकलेजा घोचने)का नाम] अबाध ७, निरर्गल ७ [२ छाडा (छेकथुन नभयेका)का नाम] ॥८३॥

प्रसव्य ७, प्रतिकूल ७, अपसव्य ७, अपष्ठु ७ [४ प्रतिकूल (इष्टविरुद्ध)का नाम] सव्य ३ [१ वायाँतर्फको नाम] अपसव्य ३ [१ दाहिंनाको नाम] ॥८४॥ संकट ३, संबाध १ [२ घुजिचाका नाम] कलिल ३, गहन ३ [२ पस्न नशकिनेका नाम] संकीर्ण ७, संकुल ७, आकीर्ण ७ [३ मिसियेकाका नाम] मुण्डित ७, परिवापित ७ [२ मुण्डनगरिसक्नेका नाम] ॥८५॥ ग्रन्थित ७, सन्दित ७, दृब्ध ७ [३ गुँथियेकाका नाम] विसृत ७, विस्तृत ७, तत ७ [३ फैलियेकाका नाम] अन्तर्गत ७, विस्मृत ७ [२ विर्सियेकाका नाम] प्राप्त ७, प्रणिहित ७ [२ पाइयेकाका नाम] ॥८६॥ वेल्लित ७, प्रेङ्खित ७, आधूत ७, चलित ७, आकम्पित ७, धुत ७ (धूत ७) [७ हल्लेका-हल्लाईयेकाका नाम] नुत्त ७, नुन्न ७, अस्त ७, निष्ठ्यूत ७, आविद्ध ७, क्षिप्त ७, ईरित ७ [७ मिल्काइयेकाका नाम] ॥८७॥ परिक्षिप्त ७, निवृत ७ [२ सवैतर्फवाट घेरियेकाका नाम] मूषित ७, मुषित ७ [२ चोरियेका वस्तुका नाम] प्रवृद्ध ७, प्रसृत ७ [२ फैलियेकाका नाम] न्यस्त ७, निसृष्ट ७ [२ राखियेकाका नाम] गुणित ७, आहत ७ [२ गुनियेका (दोहोरो तेहरो इत्यादि पारियेका, अर्थात् गणित प्रक्रियामा गुणनकर्म गरेर जोरियेका अङ्कप्रभृति)का नाम] ॥८८॥ निदिग्ध ७, उपचित ७ [२ थुप्रियेकाका नाम] गूढ ७, गुप्त ७ [२ लुकेकाका नाम] गुण्ठित ७ (गुण्डित ७), रूषित ७ [२ धुलावस्तुले शरीर पोतियेकाका नाम] जस्तै—भस्मगुण्ठितः (खरानी घसेका) धूलिरूषितः (धूलो पोतियेको)। द्रुत ७, अवदीर्ण ७ [२ पग्लेकाका नाम] उद्गूर्ण ७, उद्यत ७ [२ उजाइयेकाका

२२५५ घ्राणघ्राते दिग्धलिप्ते समुदक्तोद्धृते समे ।
२२५६ वेष्टितं स्याद्वलयितं संवीतं रुद्धमावृतम् ॥९०॥
२२५७ रुग्णं भुग्नेऽथ निशितक्ष्णुतशातानि तेजिते ।
२२५८ स्याद्विनाशोन्मुखं पक्वं ह्रीणह्रीतौ तु लज्जिते ॥९१॥
२२५९ वृते तु वृत्तवावृत्तौ संयोजित उपाहितः ।
२२६० प्राप्यं गम्यं समासाद्यं स्यन्नं रीणं स्नुतं स्रुतम् ॥९२॥
२२६१ संगूढः स्यात् संकलितोऽवगीतः ख्यातगर्हणः ।
२२६२ विविधः स्याद्बहुविधो नानारूपः पृथग्विधः ॥९३॥
२२६३ अवरीणो धिक्कृतश्चाप्यवध्वस्तोऽवचूर्णितः ।
२२६४ अनायासकृतं फाण्टं स्वनितं ध्वनितं समे ॥९४॥

नाम] काचित ७, शिक्यित ७ [२ सिका(सिकहर)मा झुण्ड्याइयेकाका नाम]॥८९॥

घ्राण ७, घ्रात ७ [२ सुँघियेकाका नाम] दिग्ध ७, लिप्त ७ [२ लिपियेका-का नाम] समुदक्त ७, उद्धृत ७ [२ माथीतर्फ उठाइयेकाका नाम] वेष्टित ७, वलयित ७, संवीत ७, रुद्ध ७, आवृत ७ [५ घेरियेकाका नाम] ॥९०॥ रुग्ण ७, भुग्न ७ [२ भाँचियेकाका नाम] निशित ७, क्ष्णुत ७, शात ७, तेजित ७ [४ शानलायेर-उध्यायेर धार लायेका शस्त्रादिका नाम] पक्व ७ [१ नष्ट हुनलागेका-का नाम] ह्रीण ७, ह्रीत ७, लज्जित ७ [३ लाज मानीरहेकाका नाम] ॥९१॥ वृत ७, वृत्त ७, वावृत्त ७ [३ वरणगरियेकाका (कुनैकर्ममा 'त्वामहं वृणे' भनेर गन्धाक्षत्तादि गरियेकाका) नाम] ई ३ शब्द साधारण रोजियेकालाई पनि बताउ-छन् । संयोजित ७, उपाहित ७ [२ मिलाइयेकाका नाम] प्राप्य ७, गम्य ७, समा-साद्य ७ [३ पाइनेका नाम] स्यन्न ७, रीण ७, स्नुत ७, स्रुत ७ [४ बगेकाका नाम] ॥९२॥ संगूढ ७, संकलित ७ [२ जम्मागरियेकाका नाम] अवगोत ७ (विगीत ७), ख्यातगर्हण ७ [२ निन्दा (वदनामी) भयेकाका नाम] विविध ७, बहुविध ७, नानारूप ७, पृथग्विध ७ [४ अनेक तरहका वस्तुका नाम] ॥९३॥ अवरीण ७, धिक्कृत ७ [२ धिक्कार-पाउनेका नाम] पहिले (३९ श्लोकमा) पनि यही-नाम कहियेको छ, अवरीण शब्द थप्नलाई फेरी-यहाँ पुनरुक्ति भयेको हो। अवध्वस्त ७, अवचूर्णित ७ [२ धूलो पारियेका-वस्तुका नाम] अनायासकृतं फाण्टम् उच्यते (सजिलैसँग-बनेको-वस्तुविशेष फाण्ट कहिन्छ) फाण्ट ३ [१ फाण्ट(कषाय विशेष)को नाम] ॥(ज)॥ दहि-मथ्नलाग्दा-नउनी आउने-अगाडी-आउने-फींज फाण्ट

(ज) अष्टावशेषितेऽत्युष्णजले क्वाथ्यपलं क्षिपेत् ।
विसृज्य पटपूतं तज्जलं फाण्ट इति स्मृतः कुडवं च जलम्………।

अष्टावशेषगरि घटायेका १ कुरुवा तात्तातै जलमा ४ तोला क्वाथ-गर्नु-पर्ने-औषधि हालेर एकछिन छोपेर राख्नु, अनि छानेर उपयोगगर्नु, फाण्ट त्यही हो ।

२२६५ बद्धे सन्दानितं मूतमुद्दितं सन्दितं सितम् ।
२२६६ निष्पक्वं क्वथितं पाके क्षीराज्यहविषां शृतम् ।।९५।।
२२६७ निर्वाणो मुनिवह्न्यादौ निर्वातस्तु गतेऽनिले ।
२२६८ पक्वं परिणते गूनं हन्ने मीढं तु मूत्रिते ।।९६।।
२२६९ पुष्टे तु पुषितं सोढे क्षान्तमुद्वान्तमुद्गते ।
२२७० दान्तस्तु दमिते, शान्तः शमिते, प्रार्थितेऽर्दितः ।।९७।।
२२७१ ज्ञप्तस्तु ज्ञपिते छन्नश्छादिते पूजितेऽञ्चितः ।
२२७२ पूर्णस्तु पूरिते क्लिष्टः क्लिशितेऽवसिते सितः ।।९८।।

हो भनि माधवाचार्यले वेदभाष्यमा भनेको छ, अतः फाण्टशब्दका दुवै-अर्थ भये। स्वनित ७, ध्वनित ७ [२ बज्नेका नाम] ।।९४।।

बद्ध ७, सन्दानित ७, मूत ७, उद्दित ७, सन्दित ७, सित ७ [६ बाँधियेकाका नाम] निष्पक्व ७, क्वथित ७ [२ साफ-सँग, क्वाथगरि-पकाइयेका-वस्तुका नाम] क्षीराज्यहविषां पाके शृतम् (दूध-घिउ-हवि ई ३को-पाकलाई-कहँदा शृत-शब्दको प्रयोग हुन्छ) शृत ७ [१ पकायेको दूध, अथवा घिउ, अथवा हविको नाम] ई ३ चीज-देखी-भिन्नवस्तुको-पाकलाई कहँदा शृत शब्दको प्रयोग गर्न-हुदैन श्राण-र-श्रपित शब्दको प्रयोग गर्नुपर्दछ, श्राणः ओदनः, श्रपितः ओदनः (पाकेको-पकाइयेको भात) ।।९५।। निर्वाण ७ [१ मुक्तभयेको[1]-मुनि, निभेको[2] आगो, अस्तायेका[3] सूर्यचन्द्रप्रभृति, सुखपायेका[4] प्राणी, डुवेका[5] हात्ति, भेट्टियेका[6] वस्तु, वायुवाहेक-हिडेको[7] वस्तु, मध्ये १।१ को❀ नाम] निर्वात ७ [१ चलेका-बतासको नाम] पक्व ७, परिणत ७ [२ पाकेका वस्तुका नाम] गून ७, हन्न ७ [२ हगीयेकाको नाम] मीढ ७, मूत्रित ७, [२ मूतियेकाका नाम] ।।९६।। पुष्ट ७, पुषित ७ [२ पोसियेकाका नाम] सोढ ७, क्षान्त ७ [२ सहियेकाका नाम] उद्वान्त ७ (उद्धान्त ७), उद्गत ७ [२ छादियेकाका नाम] दान्त ७, दमित ७ [२ दमनगरियेका(दवाइयेका) र (तपस्याको-क्लेश-सहन शक्ने)का नाम] शान्त ७, शमित ७ [२ शान्तिवालाका नाम] प्रार्थित ७, अर्दित ७ [२ मागियेका-वस्तुका नाम] ।।९७।। ज्ञप्त ७, ज्ञपित ७ [२ जनाइयेका वस्तुका नाम] छन्न ७, छादिन ७ [२ छाइयेका(ढाकियेका)वस्तुका नाम] पूजित ७, अञ्चित ७ [२ पूजियेका-दस्तुका नाम] पूर्ण ७, पूरित ७ [२ भरियेका-वस्तुका

(❀) पूर्वोक्त ७ चीजको निर्वाण शब्द विशेषण हो। त्यसो हुनाले 'निर्वाणः[1] मुनिः' (मुक्त भयेको मुनि—अथवा मुनि मुक्त भयो) 'निर्वाणो[2] वह्निः' (निभेको आगो, अथवा आगो निभ्यो) । 'निर्वाणः[3] सूर्यः' (अस्तायेका सूर्य, अथवा सूर्य अस्ताये) । 'निर्वाणः[4] क्षितिपः' (सुखपायेका राजा, अथवा राजा सुखी भये) । 'निर्वाणः[5] कुञ्जरः' डुबेको हात्ती, अथवा हात्ती डुब्यो) 'निर्वाणः[6] पुत्रः' (भेट्टियेको छोरो, अथवा छोरो भेट्टियो) 'निर्वाणः[7] सिंहः' (हिंडेको सिंह, अथवा सिंह हिँड्यो) । इत्यादिरूपले प्रयोग गर्नु पर्दछ । अन्यत्र यो शब्द विशेषण हुन शक्तैन ।

२२७३ प्रुष्टप्लुष्टोषिता दग्धे तष्टत्वष्टौ तनूकृते ।
२२७४ वेधितच्छिद्रितौ विद्धे विन्नवित्तौ विचारिते ॥९९॥
२२७५ निष्प्रभे विगतारोकौ विलीने विद्रुतद्रुतौ ।
२२७६ सिद्धे निर्वृत्तनिष्पन्नौ दारिते भिन्नभेदितौ ॥१००॥
२२७७ ऊतं स्यूतमुतं चेति त्रितयं तन्तुसन्तते ।
२२७८ स्यादर्हिते नमस्यित, नमसितमपचायितार्चितापचितम् ॥१०१॥
२२७९ वरिवसिते वरिवस्यित, मुपासितं चोपचरितं च ।
२२८० संतापितसंतप्तौ, धूपितधूपायितौ च दूनश्च ॥१०२॥
२२८१ हृष्टे मत्तस्तृप्तः, प्रह्लन्नः प्रमुदितः प्रीतः ।
२२८२ छिन्नं छातं लूनं, कृत्तं दातं दितं छितं वृक्णम् ॥१०३॥
२२८३ स्रस्तं ध्वस्तं भ्रष्टं, स्कन्नं पन्नं च्युतं गलितम् ।
२२८४ लब्धं प्राप्तं विन्नं भावितमासादितं च भूतं च ॥१०४॥
२२८५ अन्वेषितं गवेषित, मन्विष्टं मार्गितं मृगितम् ।
२२८६ आर्द्रं सार्द्रं क्लिन्नं, तिमितं स्तिमितं समुन्न मुत्तं च ॥१०५॥

नाम] क्लिष्ट ७, क्लिशित ७ [२ दुःख-पाउनेका नाम] अवसित ७, सित ७ [२ सकिनेका नाम] ॥९८॥

प्रुष्ट ७, प्लुष्ट ७, उषित ७, दग्ध ७ [४ डढेका-वस्तुका नाम] तष्ट ७, त्वष्ट ७ तनूकृत ७ [३ ताछियेका-वस्तुका नाम] वेधित ७, छिद्रित ७, विद्ध ७ [३ छेडियेका वस्तुका नाम] विन्न ७, वित्त ७, विचारित ७ [३ विचार गरियेका वस्तुका नाम] ॥९९॥ निष्प्रभ ७, विगत ७, अरोक ७ [३ तेजोहीन भयेका (गतं गयेका)वस्तुका नाम] विलीन ७, विद्रुत ७, द्रुत ७ [३ पग्लेका-गलेका वस्तुका नाम] सिद्ध ७, निर्वृत्त ७, निष्पन्न ७ [३ तयार भयेका वस्तुका नाम] दारित ७, भिन्न ७, भेदित ७ [३ चिरियेका फोरियेका वस्तुका नाम] ॥१००॥ ऊत ७, स्यूत ७, उत ७ [३ सियियेका वस्तुका नाम] अर्हित ७, नमस्यित ७,नमसित ७, अपचायित ७, अर्चित ७, अपचित ७ [६ नमस्कार गरियेका(मानियेका) वस्तुका नाम] ॥१०१॥ वरिवसित ७, वरिवस्यित ७, उपासित ७, उपचरित ७, [४ सेवागरियेका वस्तुका नाम] सन्तापित ७, संतप्त ७, धूपित ७, धूपायित ७, दून ७ [५ संतापपरेका-व्यक्तिका नाम] ॥१०२॥ हृष्ट ७, मत्त ७, तृप्त ७, प्रह्लन्न ७ प्रमुदित ७, प्रीत ७ [६ खुशीभयेका-व्यक्तिका नाम] छिन्न ७, छात ७, लून ७, कृत्त ७, दात ७, दित ७, छित ७, वृक्ण ७ [८ काटियेका-वस्तुका नाम] ॥१०३॥ स्रस्त ७, ध्वस्त ७, भ्रष्ट ७, स्कन्न ७, पन्न ७, च्युत ७, गलित ७ [७ खसेका (गिरेका)वस्तुका नाम] लब्ध ७, प्राप्त ७, विन्न ७, भावित ७, आसादित ७, भूत ७ [६ पाइयेका-वस्तुका नाम] ॥१०४॥ अन्वेषित ७, गवेषित ७, अन्विष्ट ७, मार्गित ७, मृगित ७ [५ खोजियेका-वस्तुका नाम] आर्द्र ७, सार्द्र ७, क्लिन्न ७, तिमित ७, स्तिमित ७, समुन्न ७, उत्त ७ [७ चीसा वस्तुका नाम] ॥१०५॥

२२८७ त्रातं त्राणं रक्षित, मवितं गोपायितं च गुप्तं च ।
२२८८ अवगणितमवमताव, ज्ञाते अवमानितं च परिभूते ॥१०६॥
२२८९ त्यक्तं हीनं विधुतं, समुज्झितं धूतमुत्सृष्टे ।
२२९० उक्तं भाषितमुदितं, जल्पितमाख्यातमभिहितं लपितम् ॥१०७॥
२२९१ बुद्धं बुधितं मनितं, विदितं प्रतिपन्नमवसितावगते ।
२२९२ ऊरीकृतमुररीकृत, मङ्गीकृतमाश्रुतं प्रतिज्ञातम् ॥१०८॥
२२९३ संगीर्णविदितसंश्रुत, समाहितोपश्रुतोपगतम् ।
२२९४ ईलितशस्तपणायित, पनायितप्रणुतपणितपनितानि ॥१०९॥
२२९५ अपि गीर्णवर्णिताभि,ष्टुतेडितानि स्तुतार्थानि ।
२२९६ भक्षितचर्वितलीढप्रत्यवसितगिलितखादितप्सातम् ॥११०॥
२२९७ अभ्यवहृतान्नजग्धग्रस्तग्लस्ताशितं भुक्ते ।
२२९८ क्षेपिष्ठक्षोदिष्ठ, प्रेष्ठवरिष्ठस्थविष्ठवंहिष्ठाः ॥१११॥

त्रात ७, त्राण ७, रक्षित ७, अवित ७, गोपायित ७, गुप्त ७ [६ रक्षागरियेका वस्तुका नाम] अवगणित ७, अवमत ७, अवज्ञात ७, अवमानित ७, परिभूत ७ [५ नटेरियेका(हेलाँगरियेका)वस्तुका नाम] ॥१०६॥ त्यक्त ७, हीन ७, विधुत ७, समुज्झित ७, धूत ७, उत्सृष्ट ७ [६ छाडियेका-वस्तुका नाम] उक्त ७, भाषित ७, उदित ७, जल्पित ७, आख्यात ७, अभिहित ७, लपित ७ [७ कहियेका-वस्तुका नाम] ॥१०७॥ बुद्ध ७, बुधित ७, मनित ७, विदित ७, प्रतिपन्न ७, अवसित ७, अवगत ७ [७ बुझियेका-वस्तुका नाम] ऊरीकृत ७, उररीकृत ७, अङ्गीकृत ७, आश्रुत ७, प्रतिज्ञात ७, ॥१०८॥ संगीर्ण ७, विदित ७, संश्रुत ७, समाहित ७, उपश्रुत ७, उपगत ७ [११ कवूल गरियेका वस्तुका नाम] ईलित ७ (ईडित ७), ७ शस्त ७, पणायित ७, पनायित ७, प्रणुत ७, पणित ७, पनित ७, ॥१०९॥ गीर्ण ७, वर्णित ७, अभिष्टुत ७, ईडित ७, स्तुत ७ [१२ स्तुति(तारीफ)गरियेका-वस्तुका नाम] भक्षित ७, चर्वित ७, लीढ ७, प्रत्यवसित ७, गिलित ७, खादित ७, प्सात ७, ॥११०॥ अभ्यवहृत ७, अन्न ७, जग्ध ७, ग्रस्त ७, ग्लस्त ७, अशित ७, भुक्त ७ [१४ खाइयेका वस्तुका नाम] क्षेपिष्ठादयः षट् शब्दाः क्षिप्रादि षट्क प्रकर्षवाचकाः क्षेपिष्ठ आदिरेका छ शब्द क्रमैले क्षिप्रादि ६ शब्दले बुझाइने अर्थको प्रकर्षलाई वुझाउँछन्–अर्थात्–क्षेपिष्ठ ७ [१ अत्यन्तक्षिप्र(खूव छीटो)को नाम] क्षोदिष्ठ ७ [१ अत्यन्त क्षुद्र(खूब सानू)को नाम] प्रेष्ठ ७ [१ अत्यन्त-अभीष्ट-अर्थात् अतिप्रियको नाम] वरिष्ठ ७ [१ अत्यन्तउरु = अर्थात् साह्रै ठुलाको नाम] स्थविष्ठ ७ [१ अत्यन्त स्थूल(साह्रैठुला)को नाम] वंहिष्ठ ७ [१ अत्यन्तबहुल = अर्थात् खूव घेरै-घेरैको नाम] ॥१११॥

साधिष्ठादयः षट् शब्दाः बाढादिषट्कप्रकर्षवाचकाः साधिष्ठ आदि गरेका ६ शब्द क्रमैले बाढ आदि ६ शब्दले वुझाइने अर्थको प्रकर्षलाई बुझाउछन् अर्थात्—साधिष्ठ ७ [१ अत्यन्तबाढ(खूव दृढ)को नाम] द्राघिष्ठ ७ [१

२२९९ क्षिप्रक्षुद्राभीप्सित, पृथुपीवरबहुलप्रकर्षार्थाः ।
२३०० साधिष्ठद्राघिष्ठ स्फेष्ठगरिष्ठह्रसिष्ठवृन्दिष्ठाः ॥११२॥
२३०१ बाढव्यायतबहुगुरु, वामनवृन्दारकातिशये ॥

इति विशेष्यनिघ्नवर्गः ॥१॥

अत्यन्त आयत(दीर्घ)को नाम] स्फेष्ठ ७ [१ अत्यन्त स्फिर(धेरै)को नाम] गरिष्ठ ७ [१ अत्यन्तगुरु(साह्है भारी)को नाम] ह्रसिष्ठ ७ [१ अत्यन्तवामन (ह्रस्व)अर्थात् साह्रै सानु पुडकाको नाम] वृन्दिष्ठ ७ [१ अत्यन्त वृन्दारक (अत्यन्तपूज्य)को नाम] ॥

इति विशेष्यनिघ्नवर्गः ॥१॥

२३०२ प्रकृति प्रत्ययाद्यर्थैः संकीर्णे लिङ्गमुन्नयेत् ।
२३०३ कर्मक्रिया तत्सातत्ये गम्ये स्युरपरस्पराः ॥१॥
२३०४ साकल्यासङ्गवचने पारायणतुरायणे ।
२३०५ यदृच्छा स्वैरिता हेतुशून्या त्वास्या विलक्षणम् ॥२॥
२३०६ शमथस्तु शमः शान्तिर्दान्तिस्तु दमथो दमः ।
२३०७ अपदानं कर्म वृत्तं काम्यदानं प्रवारणम् ॥३॥
२३०८ वशक्रिया संवननं मूलकर्म तु कार्मणम् ।
२३०९ विधूननं विधुवनं तर्पणं प्रीणनावनम् ॥४॥
२३१० पर्याप्तिः स्यात् परित्राणं हस्तवारणमित्यपि ।
२३११ सेवनं सीवनं स्यूतिर्विदरः स्फुटनं भिदा ॥५॥

संकीर्णे प्रकृतिप्रत्ययाद्यर्थैः लिङ्गम् उन्नयेत्, संकीर्णवर्गमा प्रकृतिका र प्रत्यय इत्यादिका अर्थले लिङ्ग जान्नु-पर्दछ, अर्थात् यो-वर्गमा कुनै-शब्द क्रियोपाधिक, कुनै-कर्त्रु पाधिक, कुनै-करणोपाधिक, लेखिनेछन्, प्रकृति-र-प्रत्ययको अनुसन्धान गरेर ('कुन् शब्द, कुन् धातुदेखी कुन्-अर्थमा कुन्-प्रत्यय भयेर वनेको हो ?' यो-कुरा वुझेर) तिन्को लिङ्ग छुट्याउनु पर्दछ, जस्तै--कृ धातुदेखी-कर्तृ भिन्न अर्थमा मन्-प्रत्यय-भयेर-वनेको-२ अच् हुने कर्मन् शब्द 'द्व्यचकमसिसुसन्नन्तं' भन्ने-लिङ्गादिसंग्रहवर्गका-वचनानुसार क्लीवलिङ्गी भयो। कृ धातुदेखी-भावमा-श-प्रत्यय-भयेर-वनेको-क्रिया शब्द 'स्त्रीभावादावनिक्' इत्यादि वचनानुसार स्त्रीलिङ्गी भयो इत्यादि। कर्मन् ३, क्रिया २ [२ कर्म (काम)का नाम] अपरस्परा २।७ [१ निरन्तर-क्रिया[1] र, निरन्तरक्रियावान्[2]को नाम] यो-शब्द पहिलो-अर्थमा स्त्रीलिङ्गी, दोस्रामा विशेष्यनिघ्न छ। 'आसीद्विवाहसमये योषितामपरस्परा' विवाह-हुन-लागेका-वेलामा स्त्रीहरुको अपरस्परा (निरवच्छिन्नकाम) भयो (अर्थात् स्त्रीहरू लगातार काम-गर्न लागे)। यहाँ स्त्रीलिङ्ग भयो अपरस्पराः पथि पान्थाः प्रयान्ति (पान्थहरु वाटामा निरन्तर गमनक्रियावान्-भयेर हिड्छन्-अर्थात् लगातार हिडछन्) यहाँ पुंलिङ्गी-विशेष्य-पान्थशब्दका-अनुसार पुंलिङ्गी भयो, इत्यादि। क्रियाविशेषणको विवक्षा गरेमा अपरस्परं व्रजन्ति (लगातार-हुनेगरी हिंड्छन्) यस्तो हुन्छ। पारायणतुरायणे साकल्यासङ्गवचने (पारायण शब्द र तुरायण शब्द यथाक्रम साकल्य (सकलता) र आसङ्ग (लाग्नु)लाई कहन्छन्) पारायण ३ [१ साकल्य (जम्मै हुनु)को नाम] सप्ताह-पारायण, नवाहपारायण, मासपारायण, इत्यादिमा सातदिनमा-नउदिनमा-महिना-दिनमा जम्मैग्रन्थ समाप्त गर्नु भन्ने अर्थ हो। तुरायण ३ (परायण ३) [१ परायण (आसक्ति = तत्पर हुनु)को नाम] यदृच्छा २, स्वैरिता २ [२ स्वच्छन्दता (आफ्नु लहड-दहड)को नाम] विलक्षण ३ [१ हेतुशून्यस्थिति (विनाकारण एकत-मासको सइरहनु)को नाम] ॥२॥ शमथ १, शम १, शान्ति २ [३ मनोनिग्रह (मनलाई वशपार्नु)का नाम] दान्ति २, दमथ १, दम १ [३ चक्षुरादि इन्द्रियको निग्रहका नाम] अवदान ३ (अपदान ३) [१ भइसकेका कर्मको नाम] काम्य-

२३१२ **आक्रोशनमभीषङ्गः संवेदो वेदना न ना ।**
२३१३ **सम्मूर्च्छनमभिव्याप्तिर्याञ्चाभिक्षाऽर्थनाऽर्दना ।।६।।**
२३१४ **वर्धनं छेदनेऽथ द्वे आनन्दनसभाजने ।**
२३१५ **आप्रच्छनमथाम्नायः संप्रदायः क्षये क्षिया ।।७।।**
२३१६ **ग्रहे ग्राहो, वशः कान्तौ, रक्षणस्त्राणे, रणः क्वणे, ।**
२३१७ **व्यधो वेधे, पचा पाके, हवो हूतौ, वरो वृतौ ।।८।।**
२३१८ **ओषः प्लोषे, नयो नाये, ज्यानिर्जोर्णौ, भ्रमो भ्रमौ ।**
२३१९ **स्फातिर्वृद्धौ, प्रथा ख्यातौ, स्पृष्टिः पृक्तौ, स्रवः स्रवे, ।।९।।**

दान ३, प्रवारण ७ [२ कुनैकामनाले (केही पाउँ भनेर) गरेका-दानका नाम][1] ।।३।। वशक्रिया २, संवनन ३ [२ वशीकरण (वशपार्नु)का नाम] मूलकर्मन् ३, कार्मण ३ [२ टुनामुना (टुनाटानी)का नाम] विधूनन ३, विधुवन ३ [२ हल्लाउनाका नाम] तर्पण ३, प्रीणन ३, अवन ३ [३ तृप्तपार्नुका नाम] ।।४।। पर्याप्ति २, परित्राण ३, हस्तवारण ३ (हस्तधारण ३) [३ कुट्-पीटगर्न-मार्न-आइलाग्नेलाई-छेक्नाका नाम] सेवन ३, सीवन ३, स्यूति ३ [३ सिउनुका नाम] विदर १, स्फुटन ३, भिदा २ [३ फुट्नु-फाटनु-चिरिनुका नाम] ।।५।।

आक्रोशन ३, अभीषङ्ग १ (अभिषङ्ग १), [३ सराप्नु (गालीगर्नु)का नाम] संवेद १, वेदना ६ [२ जान्नुका नाम] संमूर्छन ३, अभिव्याप्ति २ [२ चारैतिरबाट-ढाक्नुका नाम] याञ्चा २, भिक्षा २, अर्थना २, अर्दना २ (अर्थन ३, अर्दन ३,) [६ भाग्नुका नाम]।।६।। वर्धन ३, छेदन ३ [२ काट्नु = बेढाउनुका नाम] आनन्दन ३, सभाजन ३, आप्रच्छन ३ [३ भेटघाट-आलिङ्गन-कुशलप्रश्न-इत्यादिले-आनन्दित-पार्नुका नाम] आम्नाय १, संप्रदाय १ [२ पहिलेदेखी-चली-आयेका-चलनका नाम] क्षय १, क्षिया २ [२ घटनु = खिइनुका नाम] ।।७।। ग्रह १, ग्राह १ [२ समात्नुका नाम] वश १, कान्ति २ [२ इच्छा-गर्नुका नाम] रक्षण १, त्राण ३ [२ रक्षा-गर्नुका नाम] रण १, क्वण १ [२ बज्नुका नाम] व्यध १, वेध १ [२ छेड्नुका नाम] पचा २, पाक १ [२ पकाउनु = पाक्नुका नाम] हव १, हूति २ [२ बोलाउनु = हपार्नुका नाम] वर १, वृत्ति २ [२ रोज्नु = घेर्नुका नाम] ।।८।। ओष १, प्लोष १ [२ डढ्नुका नाम] नय १, नाय १ [२ लैजानुका र नीतिका नाम] ज्यानि २, जीर्णि २ [२

(१) यो अर्थ गतानुगतिकरीतिको हो,—वस्तुतः 'प्रवारण'को अर्थ 'रोजाउनु' हो । "प्रवारणं तु बालानां पूर्वं कार्यमिति श्रुतिः, तद्वणीतां भवानग्रे प्रवार्यस्त्वं हि धर्मतः" इत्यादि भनेर भगवान्-श्रीकृष्णजीले 'एकातिर निःशस्त्र म छु, एकातिर दशकरोड योद्धा छन्, ई २ मध्ये तिमि कुन् रोज्दछौ ? पहिले केटाकेटीले रोज्नु पर्दछ,—तदनन्तर अरुले । दुर्योधनभन्दा तिमी कान्छा छौ, तिमिलाई पहिले रोजाउनु पर्दछ' भनेर अर्जुनलाई रोज्न लगाएर उन्ले निःशस्त्र-भगवान्‌लाई रोजेको कुरा महाभारत उद्योगपर्वका सप्तमाध्यायमा लेखियेको छ ।

२३२० एधा समृद्धौ स्फुरणे स्फुरणा प्रमितौ प्रमा ।
२३२१ प्रसूतिः प्रसवे श्च्योते प्राघारः क्लमथः क्लमेः ॥१०॥
२३२२ उत्कर्षोऽतिशये सन्धिः श्लेषे विषय आशये ।
२३२३ क्षिपायां क्षेपणं गीर्णिर्गिरौ गुरणमुद्यमे ॥११॥
२३२४ उन्नाय उन्नये, श्रायः श्रयणे, जयने जयः ।
२३२५ निगादो निगदे, मादो मद, उद्वेग उद्भ्रमे ॥१२॥
२३२६ विमर्दनं परिमलोऽभ्युपपत्तिरनुग्रहः ।
२३२७ निग्रहस्तद्विरुद्धः स्यादभियोगस्त्वभिग्रहः ॥१३॥
२३२८ मुष्टिबन्धस्तु संग्राहो डिम्बे डमरविप्लवौ ।
२३२९ बन्धनं प्रसितिश्चारः स्पर्शः स्प्रष्टोपतप्तरि ॥१४॥

थोत्रिनुका नाम] भ्रम १, भ्रमि २ [२ घुम्नु र झुक्किनुका नाम] स्फाति २, वृद्धि २ [२ बढनुका नाम] प्रथा २, ख्याति २ [२ प्रसिद्ध-हुनुका नाम] स्पृष्टि २, पृक्ति २ [२ छुनुका नाम] स्नव १, स्रव १ [२ बग्नुका नाम] ॥९॥

एधा २, समृद्धि २ [२ बढ्नु = वृद्धिका नाम] स्फुरण ३, स्फुरणा २ [२ फुर्नु (बुद्धिमा झल्कनु) र फर्फराउनुका नाम] प्रमिति २, प्रमा २ [२ यथार्थगरेर जान्नुका नाम] प्रसूति २, प्रसव १ [२ पैदाहुनुका नाम] श्च्योत १, प्राघार १ [२ चुहुनुका नाम] क्लमथ १, क्लम १ [२ थाक्नु = फतक्कगल्नुका नाम] ॥१०॥ उत्कर्ष १, अतिशय १ [२ बढताहुनुका नाम] सन्धि १, श्लेष १ [२ जोरिनु = टाँसिनुका नाम] विषय १, आशय १ (आश्रय १) [२ आश्रयगर्नु = आडलिनुका नाम] क्षिपा २, क्षेपण ३ [२ मिल्काउनु = हुत्याउनुका नाम] गीर्णि २, गिरि २ [२ निल्नुका नाम] गुरण ३ (गूरण ३), उद्यम १ [२ उचाल्नुका नाम] ॥११॥ उन्नाय १, उन्नय १ [२ माथीलैजानु (उठाउनु) र तर्क गर्नुका नाम] श्राय १, श्रयण ३ [२ सेवागर्नुका नाम] जयन ३, जय १ [२ जित्नुका नाम] निगाद १, निगद १ [२ भन्नुका नाम] माद १, मद १ [२ खुशीहुनु = मस्तहुनुका नाम] उद्वेग १, उद्भ्रम १ [२ दिक्कहुनुका नाम] ॥१२॥ विमर्दन ३, परिमल १ [२ माड्नु = दल्नुका नाम] अभ्युपपत्ति २, अनुग्रह १ [२ मेहर्वानी गर्नुका नाम] अभ्युपपत्ति शब्दको प्रयोग कसैले तकलीफ दिन लागेका वेलामा गरियेका सहायतालाई कहँदामा हुन्छ। निग्रह १ [१ तकलीफदिनु = दण्डदिनुका नाम] अभियोग १, अभिग्रह १ [२ झगरागर्न हाकदिनु = नालिशदिनुका नाम] ॥१३॥ मुष्टिबन्ध १, संग्राह १ [१ मुठिवाँध्नु = मुठ्याउनुका नाम] डिम्ब १, डमर १, विप्लव १ [३ डाँकाप्रभृति उपद्रवका नाम] देशोपद्रव (दङ्गा)का नाम भनि कोही भन्दछन् । हथियार नलिइकन गरेको झगरा (वाझावाझ)का नाम भनी कोही भन्दछन् ! कोही प्रलयका नाम हुन् भन्दछन् । बन्धन ३, प्रसिति २, चार १ [३ बाँध्नुका नाम] स्पर्श १, स्प्रष्टृ १, उपतप्तृ १ [३ उपतापरोग(दाह)र संतापका नाम] ॥१४॥

२३३० निकारो विप्रकारः स्यादाकारस्त्विङ्ग इङ्गितम् ।
२३३१ परिणामो विकारे द्वे समे विकृतिविक्रिये ॥१५॥
२३३२ अपहारस्त्वपचयः समाहारः समुच्चयः ।
२३३३ प्रत्याहार उपादानं विहारस्तु परिक्रमः ॥१६॥
२३३४ अभिहारोऽभिग्रहणं निर्हारोऽभ्यवकर्षणम् ।
२३३५ अनुहारोऽनुकारः स्यादर्थस्याऽपगमे व्ययः ॥१७॥
२३३६ प्रवाहस्तु प्रवृत्तिः स्यात् प्रवहो गमनं बहिः ।
२३३७ वियामो वियमो यामो यमः संयामसंयमौ ॥१८॥
२३३८ हिंसाकर्माऽभिचारः स्याज्जागर्या जागरा द्वयोः ।
२३३९ विघ्नोऽन्तरायः प्रत्यूहः स्यादुपघ्नोऽन्तिकाश्रये ॥१९॥
२३४० निर्वेश उपभोगः स्यात् परिसर्पः परिक्रिया ।
२३४१ विधुरं तु प्रविश्लेषेऽभिप्रायश्छन्द आशयः ॥२०॥

निकार १, विप्रकार १ [२ अपकारका नाम] आकार १, इङ्ग १, इङ्गित ३ [३ काम अनुसारको अह्वुवार र त्यस्लेले गरेको चेष्टाका नाम] परिणाम १, विकार १, विकृति २, विक्रिया २ [४ परिणाम(दूधको विकार मयेर दहि बनेझैं कुनै वस्तुको विकृत अवस्था)का नाम] ॥१५॥ अपहार १, अपचय १ [२ हरिनु-घट्नुका नाम] समाहार १, समुच्चय १ [२ थुप्रिनुका नाम] प्रत्याहार १, उपादान ३ [२ कुनैवस्तुलाई कतैवाट हटाउनुका नाम] विषयवाट मनलाई हटाउनु पनि प्रत्याहार कहिन्छ । विहार १, परिक्रम १ [२ टहलिनुका नाम] ॥१६॥ अभिहार १, अभिग्रहण ३ [२ देख्तादेख्तै हर्नु(लुट्नु, जफतगर्नु)का नाम] निर्हार १, अभ्यवकर्षण ३ [२ गडेका काँढाप्रभृतिलाई युक्तिसाथ निकाल्नुका नाम] अनुहार १, अनुकार १ [२ अनुकरणगर्नु(अर्काले जसो गर्छ उसैगर्नु)का नाम] व्यय १ [१ वस्तुहानि =खर्चका नाम] ॥१७॥प्रवाह १, प्रवृत्ति १ [२ प्रवाह (निरन्तर चल्नु)को नाम] प्रवह १ [१ बाहिर निस्कनुको नाम] वियाम १, वियम १, याम १, यम १, संयाम १, संयम १ [६ संयमका नाम] धारणा-ध्यान-समाधि ई ३को समुदाय संयम कहिन्छ ॥(झ)॥१८॥ अभिचार १ [१ अभिचार (अर्कालाई मार्नाका निमित्त गरिने टुनाटानी प्रभृति) को नाम] जागर्या २, जागरा ४ [२ जागारहनाका (ब्यूँझनाका) नाम] विघ्न १, अन्तराय १, प्रत्यूह १ [३ विघ्न (भड्काउ)का नाम] उपघ्न १ [१ समीपका आश्रयको नाम] काँक्रा-फर्सीका लहराको थाँक्रोजस्तो आश्रयलाई उपघ्न भन्दछन् ॥१९॥ निर्वेश १, उपभोग १ [२ सुख-दुखादि भोग्नुका नाम] परिसर्प १, परिक्रिया २ [२ जहानवच्चा-नौकरचाकरले घेरिनुका नाम] विधुर ३ (७) प्रविश्लेष १ [२ छुट्टिनु(वियोगहुनु)का नाम] विधुरशब्द वियोगवालालाई कहँदा विशेष्यनिघ्न छ । अभिप्राय १, छन्द १, आशय १ [३ आशय(मनसाय)-का नाम] ॥२०॥

(झ) त्रयमेकत्र संयमः [पातञ्जलयोगसूत्र]

२३४२ संक्षेपणं समसनं पर्यवस्था विरोधनम् ।
२३४३ परिसर्या परीसारः स्यादास्या त्वासना स्थितिः ॥२१॥
२३४४ विस्तारो विग्रहो व्यासः स च शब्दस्य विस्तरः ।
२३४५ संवाहनं मर्दनं स्याद्विनाशः याददर्शनम् ॥२२॥
२३४६ संऽतवः स्यात् परिचयः प्रसरस्तु विसर्पणम् ।
२३४७ नीवाकस्तु प्रयामः स्यात् सन्निधिः संनिकर्षणम् ॥२३॥
२३४८ लवोऽभिलावो लवने निष्पावः पवने पवः ।
२३४९ प्रस्तावः स्यादवसरस्त्रसरः सूत्रवेष्टनम् ॥२४॥
२३५० प्रजनः स्यादुपसरः प्रश्रयप्रणयौ समौ ।
२३५१ धीशक्तिर्निष्क्रमोऽस्त्री तु संक्रमो दुर्गसंचरः ॥२५॥
२३५२ प्रत्युत्क्रमः प्रयोगार्थः प्रक्रमः स्यादुपक्रमः ।
२३५३ स्यादभ्यादानमुद्घात आरम्भः सम्भ्रमस्त्वरा ॥२६॥

संक्षेपण ३, समसन ३ [२ छोटयाउनुका नाम] पर्यवस्था २, विरोधन ३ [२ विरोधगर्नुका नाम] परिसर्या २, परीसार १ [२ फैलिनुका नाम] आस्या २, आसना २ (आसन ३), स्थिति २ [३ रहनु = वस्नुका नाम] ॥२१॥ विस्तार १, विग्रह १, व्यास १ [३ विस्तार (फैलावट)का नाम] शब्दस्य च सः विस्तरः (शब्दको विस्तार विस्तर कहिन्छ, विस्तार कहिदैन) विस्तर १ [१ उक्तिको फैलावट (बोलीका प्रपञ्च)को नाम] संवाहन ३, मर्दन ३ [२ मिज्नाका नाम] विनाश १, अदर्शन ३ [२ लोप हुनाका(लोपिनाका = नदेखिनाका) नाम] ॥२२॥ सँस्तव १, परिचय १ [२ परिचय (चिह्नापर्चेरी)का नाम [प्रसर १, विसर्पण ३ [२ बढेर फैलिनुका नाम] नीवाक १, प्रयाम १ [२ धान्यप्रभृतिमा- भयेका आदर (भराइहरुमा घटवढ नपार्नु)का नाम] सन्निधि १, सन्निकर्षण ३ [२ नगीचका नाम] ॥२३॥ लव १, अभिलाव १, लवन ३ [३ काट्नुका नाम] निष्पाव १, पवन १, पव १ [३ धानप्रभृतिलाई वत्ताउनु निफन्नु प्रभृतिले सफा पार्नुका नाम] प्रस्ताव १, अवसर १ [२ औसर (मौका)का नाम] त्रसर १, सूत्रवेष्टन ३ [२ सूत्रवेष्टन (लुगावुन्दा धागोवेर्ने उपकरण औजार-सर्जाम)का नाम] ॥२४॥ प्रजन १, उपसर १ [२ कम्लाउनु (गर्भग्रहणगर्नु)का नाम] प्रश्रय १, प्रणय १ [२ प्रेमका नाम] धीशक्ति २, निष्क्रम १ [२ बुद्धिशक्तिका नाम] ॥ञ॥ संक्रम १, दुर्गसञ्चर १ [२ दुर्गमवाटो र त्यस्मा हिंड्नुरूपक्रिया ई २ का नाम] ॥२४॥ प्रत्युत्क्रम १ (प्रत्युत्क्रान्ति २), प्रयोगार्थ १ (प्रयुद्धार्थ १) [२ लडाई प्रभृति-ठुलो-कार्यमा गरिने उद्योगका नाम] प्रक्रम १, उपक्रम १, अभ्यादान ३ (अभ्याधान ३), उद्घात १, आरम्भ १ [५ प्रारंभका नाम] सम्भ्रम १, त्वरा २

(ञ) वुद्धिशक्ति (बुद्धिका गुण) जति जुन् छन्, ती धीवर्गका द्वितीय श्लोकका टिप्पणीमा देखाइयेका छन्, उहीं हेर्नु ।

२३५४ प्रतिबन्धः प्रतिष्टम्भोऽवदायस्तु निपातनम् ।
२३५५ उपलम्भस्त्वनुभवः समालम्भो विलेपनम् ॥२७॥
२३५६ विप्रलम्भो विप्रयोगो विलम्भस्त्वतिसर्जनम् ।
२३५७ विश्रावस्तु प्रतिख्यातिरवेक्षा प्रतिजागरः ॥२८॥
२३५८ निपाठनिपठौ पाठे तेमस्तेमौ समुन्दने ।
२३५९ आदीनवास्रवौ क्लेशे मेलके सङ्गसङ्गमौ ॥२९॥
२३६० संवीक्षणं विचयनं मार्गणं मृगणा मृगः ।
२३६१ परिरम्भः परिष्वङ्गः संश्लेष उपगूहनम् ॥३०॥
२३६२ निर्वर्णनं तु निध्यानं दर्शनालोकनेक्षणम् ।
२३६३ प्रत्याख्यानं निरसनं प्रत्यादेशो निराकृतिः ॥३१॥
२३६४ उपशायो विशायश्च पर्यायशयनार्थकौ ।
२३६५ अर्तनं च ऋतीया च हृणीया च घृणार्थकाः ॥३२॥
२३६६ स्याद्व्यत्यासो विपर्यासो व्यत्ययश्च विपर्यये ।
२३६७ पर्ययोऽतिक्रमस्तस्मिन्नतिपात उपात्ययः ॥३३॥

[२ हतपतका नाम] ॥२६॥

प्रतिबन्ध १, प्रतिष्टम्भ १ [२ रोकिनाका नाम] अवनाय १, निपातन ३ [२ पछार्नुका नाम] उपलम्भ १, अनुभव १ [२ प्रत्यक्ष देख्नु सुन्नु प्रभृति अनुभवका नाम] समालम्भ १, विलेपन ३ [२ शरीरमा चन्दन-कस्तूरी प्रभृति लाउनाका नाम] ॥२७॥ विप्रलम्भ १, विप्रयोग १ [२ लोग्ने-स्वास्नीको वियोगजस्तै (पृथक् स्थिति)का नाम] विलम्भ १, अतिसर्जन ३, [२ दानका नाम] विश्राव १, प्रतिख्याति २ [२ अत्यन्त प्रसिद्ध हुनुका नाम] अवेक्षा २, प्रतिजागर १ [२ रखवारीगर्नु (कुर्हनु)का नाम] ॥२८॥ निपाठ १, निपठ १, पाठ १ [३ पढनाका नाम] तेम १, स्तेम १, समुन्दन ३ [३ भिज्नुका नाम] आदीनव १, आस्रव १ (आश्रव १), क्लेश १ [४ तकलीफ (क्लेश)का नाम] मेलक १, सङ्ग १, संगम १ [३ सम्मेलन = भेटघाटका नाम] ॥२९॥ संवीक्षण ३ (अन्वीक्षण ३, अन्वेषण ३, गवेषण ३), विचयन ३, मार्गण ३ (मार्गणा २), मृगणा २, मृग १ [५ खोज्नाका नाम] परिरम्भ १ (परीरम्भ १), परिष्वङ्ग १, संश्लेष १, उपगूहन ३ [४ आलिङ्गन(अङ्कमाल)का नाम] ॥३०॥ निर्वर्णन ३, निध्यान ३, दर्शन ३, आलोकन ३, ईक्षण ३ [५ हेर्नाका नाम] प्रत्याख्यान ३, निरसन ३, प्रत्यादेश १, निराकृति २ [४ प्रत्याख्यानगर्नु(चाहिँदैन भन्ने आशायले दूर गर्नु)का नाम] ॥३१॥ उपशाय १, विशाय १ [२ पालैपालासँग सुत्नाका नाम]॥ अर्तन ३, ऋतीया २, हृणीया २, घृणा २ [४ घृणा(घीन)र दयाका नाम] ॥३२॥ व्यत्यास १, विपर्यास १, व्यत्यय १, विपर्यय १ [४ वित्यासपर्नु (एक थोक हुनुपर्नेमा अर्कैथोक हुनु)का नाम] पर्यय १, अतिक्रम १, अतिपात १, उपात्य १ [४ अतिक्रमणगर्नु(नटेर्नु)का नाम] ॥३३॥

२३६८ प्रेषणं यत् समाहूय तत्र स्यात्प्रतिशासनम् ।
२३६९ स संस्तावः क्रतुषु या स्तुतिभूमिर्द्विजन्मनाम् ॥३४॥
२३७० निधाय तक्ष्यते यत्र काष्टे काष्ठं स उद्घनः ।
२३७१ स्तम्बघ्नस्तु स्तम्बघनः स्तम्बो येन निहन्यते ॥३५॥
२३७२ आविधो विध्यते येन तत्र विष्वक्समे निघः ।
२३७३ उत्कारश्च निकारश्च द्वौ धान्योत्क्षेपणार्थकौ ॥३६॥
२३७४ निगारोद्गारविक्षावोद्ग्राहास्तु गरणादिषु ।
२३७५ आरत्यवरतिविरतय, उपरामे ऽथाऽस्त्रियां तु निष्ठेवः ॥३७॥
२३७६ निष्ठ्यूतिर्निष्ठेवनं निष्ठीवनमित्यभिन्नानि ।
२३७७ जवने जूतिः साति स्त्ववदवसाने स्यादथ ज्वरे जूर्तिः ॥३८॥
२३७८ उदजस्तु पशुप्रेरण, मकरणिरित्यादयः शापे ।
२३७९ गोत्रान्तेभ्यस्तस्य वृन्दमित्यौपगवकादिकम् ॥३९॥

प्रतिशासन ३ [१ नौकरचाकर प्रभृतिलाई बोलायेर काम अह्राउनाको नाम] संस्ताव १ [१ यज्ञमा शस्त्रस्तोत्र(मंत्रविशेष)पढने ब्राह्मणले वस्ने ठाउँको नाम] ॥३४॥ उद्घन १ [१ अचानु (काठ काट्ता ताछता तलतिर राखिने काठ)को नाम] स्तम्बघ्न १, स्तम्बघन १ [२ झाङ्फाँड्ने हतियार(हँसिया-खुर्पा प्रभृति)का नाम] ॥३५॥ आविध १ [१ छेडने ज्यावल(सुइसो, वर्मीप्रभृति)को नाम] निघ १ [१ लम्बाई चौडाई वरावरभयेका काठप्रभृतिको नाम] उत्कार १, निकार १ [२ धान्यलाई उँभो उराल्नुका नाम] ॥३६॥ निगार १ [१ निल्नुको नाम] उद्गार १ [१ डकार्नु, उगेल्नुको नाम] विक्षाव १ [१ छ्यूँ गर्नुको नाम] उद्ग्राह १ [१ उरालेको चीज समात्नु(लोक्ना)को नाम] आरति २, अवरति २, विरति २ (उपरति २), उपराम १ (उपरम) [६ थालेका कामवाट हटनु] निष्ठेव १ ॥३७॥ निष्ठ्यूति २, निष्ठेवन ३, निष्ठीवन ३ [४ थुक्नुका नाम] जवन ३, जूति २ [२ वेगलिनु(हानिनु)का नाम] साति २, अवसान ३ [२ सकिनु(समाप्तहुनु)का नाम] ज्वर १, जूर्ति २[२ रोगहुनुका नाम] ॥३८॥उदज १ [१ गाई भैसी वैल घोडा प्रभृति पशुलाई धपाउनु, हाँक्नुको नाम]अकरणि २ [१ गर्न नपायेस् भनि सराप्नुको नाम] त्यस्तै—अभवनिः [१ रहन-नपायेस् भनि सराप्नुको नाम] अजीवनिः [१ बाँच्न नपायेस् भनि सराप्नुको नाम] इत्यादि । गोत्रान्तेभ्यः (गोत्रार्थमा भयेका अणादि प्रत्यय अन्त्यमा हुने शब्ददेखी) तस्य वृन्दम् इति (तस्य समूहः भन्ने अर्थमा) औपगवकादिकं प्रयुज्यते (औपगवक इत्यादि शब्द प्रयोग गरिन्छ) औपगवक ३ [१ उपगुनामक कुनै व्यक्तिका सन्तानका समूहको नाम] यहाँ उपगु शब्दवाट गोत्रार्थमा अण् प्रत्यय भयेर औपगव भयो—त्यसवाट समूहार्थमा वुञ् प्रत्यय भयेर औपगवकम् भयो । यस्को अर्थ देखाइहालियो । त्यस्तै—गार्गकम् (गर्गका सन्तान गार्ग्य, तिन्का वथान्) वात्स्यकम् (वत्सका सन्तान वात्स्य, तिन्का वथान्) इत्यादि जान्नु ॥३९॥

२३८० आपूपिकं शाष्कुलिकमेवमाद्यमचेतसाम् ।
२३८१ माणवानां तु माणव्यं सहायानां सहायता ॥४०॥
२३८२ हल्या हलानां ब्राह्मण्यबाडव्ये तु द्विजन्मनाम् ।
२३८३ द्वे पर्शुकानां पृष्ठानां पार्श्वं पृष्ठ्यमनुक्रमात् ॥४१॥
२३८४ खलानां खलिनी खल्याप्यथ मानुष्यकं नृणाम् ।
२३८५ ग्रामता जनता धूम्या पाश्या गल्या पृथक् पृथक् ॥४२॥
२३८६ अपि साहस्रकारीषचार्मणाथर्वणादिकम् ॥

इति संकीर्णवर्गः ॥२॥

अचेतसां वृन्दम् आपूपिकं शाष्कुलिकम् इत्यादि ज्ञेयम् (अचेतन पदार्थका समूह-लाई भन्दा आपूपिक, शाष्कुलिक इत्यादि शब्द जान्नुपर्दछ) १ आपूपिक ३ [१ अपूप (माल्पुवा-पुवा)को समुदायको नाम] शाष्कुलिक ३ [१ जिलेबी-अथवा सेलरोटीको समुदाय (थुप्रो)को नाम]माणव्य ३ [१ माणव(बालक)को समुदायको नाम] सहायता २[१ सहायका समूहको नाम] ॥४०॥ हल्या २ [१ हलाका समूहको नाम] ब्राह्मण्य ३, बाडव्य ३ [२ ब्राह्मणसमूहका नाम] पार्श्व ३ [१ पर्शुका(कोखाका हाड = करङ)-का समूहको नाम] पृष्ठ्य ३ [१ यज्ञियकर्मविशेषका समूहको नाम] खलिनी २, खल्या २ [२ खलाका समुदायका नाम] मानुष्यक ३ [१ मानिसका समुदायको नाम] ग्रामता २[१ ग्रामसमूहको नाम] जनता २ [१ जनसमूहको नाम] धूम्या २ [१ धूमसमूहको नाम] पाश्या २ [१ पाशसमूहको नाम] गल्या २ [१ गल(कण्ठ)-समूहको नाम] ॥४२॥ साहस्र ३ [१ हजारका समूहको नाम] कारीष ३ [१ करीषका(गुइँठाका) समूहको नाम] चार्मण ३ [१ चर्म(छाला)का समूहको नाम] आथर्वण ३ [१ अथर्वमन्त्रका समूहको नाम] इत्यादि ॥

इति संकीर्णवर्गः ॥२॥

२३८७ नानार्थाः केऽपि कान्तादिवर्गेष्वेवात्र कीर्तिताः ।
२३८८ भूरिप्रयोगा ये येषु पर्यायेष्वपि तेषु ते ॥१॥
२३८९ आकाशे त्रिदिवे नाको लोकस्तु भुवने जने ।
२३९० पद्ये यशसि च श्लोकः शरे खड्गे च सायकः ॥२॥
२३९१ जम्बुकौ क्रोष्टुवरुणौ पृथुकौ चिपिटार्भकौ ।
२३९२ आलोकौ दर्शनद्योतौ भेरीपटहमानकौ ॥३॥
२३९३ उत्सङ्गचिह्नयोरङ्कः कलङ्कोऽङ्कापवादयोः ।
२३९४ तक्षको नागवर्धक्योरर्कः स्फटिकसूर्ययोः ॥४॥

केऽपि नानार्थाः अत्र कान्तादिवर्गेषु एव कीर्तिताः (कुनै-अनेकार्थक शब्द यहाँ कान्त-खान्तादिवर्गमा मात्रै कहियेका छन्, अघीअघी आफ्ना पर्याय शब्दका साथ राखियेका छैनन्) जस्तै--जम्बुकशब्द वरुणार्थक थियो तापनि प्रचेतस्-वरुण-पाशिन् इत्यादि पर्याय शब्दका साथ त्यो राखियेन, [त्यस्को कारण—जम्बुकशब्द वरुण-भन्ने अर्थलाई विरलतया वुझाउछ, "त्यस्तो शब्दलाई ज्यादा प्रयोग गरिने शब्दका साथ राखेर धोका पार्नु हुदैन" यही विचार हो] ये येषु अर्थेषु भूरिप्रयोगाः, ते तेषु पर्यायेषु अपि (अपि शब्दात् इहापि) कीर्तिताः (जो शब्द जुन्-अर्थमा ज्यादा प्रयोग गरिनेछन्, ती शब्द ती पूर्वोक्त पर्यायशब्दका साथमा पनि यहाँ पनि) कहियेका छन् । जस्तै--आकाश र स्वर्गलाई उत्तिकै प्रसिद्धिले बुझाउने नाकशब्द 'विहायसोऽपि नाकोऽपि' 'स्वरव्ययं स्वर्गनाक' ई दुवैठाउमा आफ्ना पर्यायशब्दका साथ कहियेर पनि 'आकाशे त्रिदिवे नाकः' यस्तारूपले फेरी पनि कहियो । [यस्को कारण—नाकशब्द दुवै अर्थमा समानतया प्रसिद्ध छ, "यस्तो यो शब्द आफ्नाआफ्ना पर्याय शब्दका सरहमा निःशङ्कतया प्रयोग गर्न शकिन्छ" यस्तो बोध गराउने इच्छा हो] अर्थात् अघीअधी प्रसिद्ध अर्थलाई बुझाउने अनेकार्थ शब्द आफ्नाआफ्ना पर्याय शब्दका साथमा राखिये, अव तिनै शब्द समानरूपले प्रसिद्ध भयेका अनेक अर्थलाई पनि वुझाउछन् भन्नाका निमित्त फेरी राखियेका छन्, त्यसो हुनाले पुनरुक्ति दोषको (शब्द दोहरिये भन्ने) शङ्का गर्नु हुदैन। नाक १ [आकाश । स्वर्ग । २ को नाम] लोक १ [स्वर्गादि लोक । जन । २ को नाम] श्लोक १ [छन्दोवद्धवाक्य = श्लोक । यश । २ को नाम] सायक १ [बाण । खड्ग । २ को नाम] ॥२॥ जम्बुक १ [स्याल् । वरुणदेवता । २ को नाम] पृथुक १ [चिउरा । बालक । २ को नाम] आलोक १ [हेर्नु = देख्नु । उज्यालो । २ को नाम] आनक १ [कर्नाल बाजा । दमात्रा बाजा । २ को नाम] ॥३॥ अङ्क १ [काख । चिह्न । १-२ प्रभृति अङ्क । ३ को नाम] कलङ्क १ [चिह्न । वदनामी । २ को नाम] तक्षक १ [तक्षकनामक नाग । काठको काम-गर्ने कालीगढ = सिकर्मी । २ को नाम] अर्क १ [स्पटिक पत्थर । सूर्य । २ को नाम] ॥४॥

२३९५ मारुते वेधसि ब्रध्ने पुंसि कः, कं शिराम्बुनोः ।
२३९६ स्यात्पुलाकस्तुच्छधान्ये संक्षेपे भक्तसिक्थके ।।५।।
२३९७ उलूके करिणः पुच्छमूलोपान्ते च पेचकः ।
२३९८ कमण्डलौ च करकः सुगते च विनायकः ।।६।।
२३९९ किष्कुर्हस्तेवितस्तौ च शूककीटे च वृश्चिकः ।
२४०० प्रतिकूले प्रतीकस्त्रिष्वेकदेशे तु पुंस्ययम् ।।७।।
२४०१ स्याद्भूतिकं तु भूनिम्बे कत्तृणे भूस्तृणेऽपि च ।
२४०२ ज्योत्स्निकायां च घोषे च कोशातक्यथ कट्फले—।।८।।
२४०३ सिते च खदिरे सोमवल्कः स्यादथ सिह्लके ।
२४०४ तिलकल्के च पिण्याको बाह्लीकं रामठेऽपि च ।।९।।
२४०५ महेन्द्रगुग्गुलूलूकव्यालग्राहिषु कौशिकः ।
२४०६ रुक्तापशङ्कास्वातङ्कः स्वल्पेऽपि क्षुल्लकस्त्रिषु ।।१०।।
२४०७ जैवातृकः शशाङ्केऽपि खुरेऽप्यश्वस्य वर्तकः ।
२४०८ व्याघ्रेऽपि पुण्डरीको ना यवान्यामपि दीपकः ।।११।।
२४०९ शालावृकाः कपिक्रोष्टुश्वानः स्वर्णेऽपि गैरिकम् ।
२४१० पीडार्थेऽपि व्यालीकं स्यादलीकं त्वप्रियेऽनृते ।।१२।।

क १ [वायु । ब्रह्मा । सूर्य । ३ को नाम] क ३ [टाउको । पानी । २ को नाम] पुलाक १ [तुच्छधान्य = फवटा । संक्षेप । भातको सीता । ३ को नाम] ।।५।। पेचक १ [लाटोकोसेरो । हात्तिको-पुच्छरका-फेदको-समीप-भाग । २ को नाम] करक १ [दारिम । कमण्डलु=झारी=करुवा । २ को नाम] करक २ (करका २) [असिनाको नाम] विनायक १ [बुद्ध । गणेश । गरुड । ३ को नाम] ।।६।। किष्कु ४ [१ हात । १ वित्ता । २ को नाम] वृश्चिक १ [ऊनीवस्त्र काट्ने कृमिविशेष । विच्छी । २ को नाम] प्रतीक ७ [प्रतिकूल = भनेजस्तो नभयेका वस्तुको नाम] प्रतीक १ [एकदेश=एकछेउको नाम] ।।७।। भूतिक ३ [चिराइतो । रोहिस(गंधे)तृण । कुकुरमुतेझार । ३ को नाम] कोशातकी २ [घिरौंलो । पाटेतोरियाँ । २ को नाम] सोमवल्क १ [काफल । सेतो-खयर । २ को नाम] ।।८।। पिण्याक १ [लोवान-धूपविशेष । पिना । २ को नाम] बाह्लीक ३ [कश्मीरी केसर । हिङ् । २ को नाम] ।।९।। कौशिक १ [इन्द्र । गुग्गुलु-गोकुल धूप । लाटोकोसेरो । सर्पसमात्ने=सर्पजीवी=मदारी । ४ को नाम] आतङ्क १ [रोग । ताप । शङ्का । ३ को नाम] क्षुल्लक ७ [थोरै । चुत्थो । २ को नाम] ।।१०।। जैवातृक १ [चन्द्रमाको नाम] जैवातृक ७ [आयुष्मान् = आयु धेरै हुनेको नाम] वर्तक १ [घोडाको खुर । वट्टाई । २ को नाम] पुण्डरीक १ [बाघको नाम] पुण्डरीक ३ [सेता-कमलको नाम] दीपक १ [ज्वानु । मयूरको कल्की । वत्ति । ३ को नाम] ।।११।। शालावृक १ [वानर । स्याल । कुकुर । ३ को नाम] गैरिक ३ [सुवर्ण । गेरु । २ को नाम] व्यलीक ३ [पीडा=तकलीफको नाम]

२४११ **शीलान्वयावनूके द्वे शल्के शकलवल्कले।**
२४१२ **साष्टे शते सुवर्णानां हेम्न्युरोभूषणे पले—॥१३॥**
२४१३ **दीनारेऽपि च निष्कोऽस्त्री कल्कोऽस्त्री शमलैनसोः।**
२४१४ **दम्भेऽप्यथ पिनाकोऽस्त्री शूलशङ्करधन्वनोः ॥१४॥**
२४१५ **धेनुका तु करेण्वां च मेघजाले च कालिका।**
२४१६ **कारिका यातनावृत्त्योः कर्णिका कर्णभूषणे ॥१५॥**
२४१७ **करिहस्तेऽङ्गुलौ पद्मबीजकोश्यां, त्रिषूत्तरे।**
२४१८ **वृन्दारकौ रूपिमुख्यावेके मुख्यान्यकेवलाः ॥१६॥**
२४१९ **स्याद्दाम्भिकः कौक्कुटिको यश्चादूरेरितेक्षणः।**
२४२० **लालाटिकः प्रभोर्भालदर्शी कार्याक्षमश्च यः ॥१७॥**
२४२१ **"भूभृन्नितम्बवलयचक्रेषु कटकोऽस्त्रियाम्।**
२४२२ **सूच्यग्रे क्षुद्रशत्रौ च रोमहर्षे च कण्टकः ॥१॥**
२४२३ **पाकौ पक्तिशिशू मध्यरत्ने नेतरि नायकः।**

व्यलीक ७ [अप्रिय (मन्नपरेको)वस्तुको नाम] अलीक ३ [झूटाको नाम] अलीक ७ [झूटो बोल्ने। अप्रियवस्तु। २ को नाम]॥१२॥

अनूक ३ [स्वभाव। वंश=खान्दान। २ को नाम] शल्क ३ [टुक्रा=चोइटो। बोक्रो (छाला)। २ का नाम] निष्क ५ [१०८ सुवर्ण। छातिमा लाउने सुवर्णको गहना। ४ तोला। दीनार=असर्फी। ४ को नाम] कल्क ५ [विष्ठा। पाप। दम्भ। कल्क = पानीमा पिंधेका औषधिको पिण्ड=लुगदी। ४ को नाम] पिनाक ५ [त्रिशूल। महादेवको धनु। २ को नाम]॥१४॥ धेनुका २ [हथिनी=हात्तिकी ढोई। पहिलोवेत व्यायेकी-गाई। २ को नाम] कालिका २ [मेघको घटा। कालीदेवी। २ को नाम] कारिका २ [यातना=सजा। सूत्रको अभिप्राय बताउने श्लोकबद्ध वाक्य=कारिका। २ को नाम] कर्णिका २ [कानको गहना। हात्तिका सूँडका टुप्पाको तीखो स्थान। माझको औंलो। कमलका फूलको मध्यभाग। ४ को नाम] वृन्दारक ७ [राम्रो। श्रेष्ठ। २ को नाम] वृन्दारक १ [देवताको नाम] एक ७ [मुख्य। अर्को। यउटा। फगत। ४ को नाम]॥१६॥ कौक्कुटिक ७ [दाम्भिक=अर्कालाई देखाउनमात्र धर्म गर्ने-वास्तव पापी। नगीचै वरीपरी हेर्ने। २ को नाम] लालाटिक ७ [के अह्राउछन् भनेर मालिकको निधारतिर हेर्ने स्वामिभक्त नौकर। काम सिद्ध गर्न नशक्ने भयेर मालिकको पुर्पुरोतिर हेर्ने हुतिहारा नौकर। २ को नाम]॥१७॥

"कटक ५ [पर्वतको थुम्को। बाला। सैन्यनिवास=छाउनी। ३ को नाम] कण्टक १ [सियाको टुप्पो। क्षुद्रशत्रु। रोमाञ्च। काँढो। ४ को नाम]॥१॥ पाक १ [पाक्नु। बालक। २ को नाम] नायक १ [हारकामाझको रत्न=लटकन।

---

(१) १ तोला सुनलाई सुवर्ण भन्ने संज्ञा छ। १०८ सुवर्ण, १०८ तोला भयो।
कर्षं सुवर्णस्य सुवर्णसंज्ञम्। [लीलावती]

२४२४ पर्यङ्कः स्यात्परिकरे स्याद् व्याघ्रेऽपि च लुब्धकः ॥२॥
२४२५ पेटकस्त्रिषु वृन्देऽपि गुरौ देश्ये च देशिकः ।
२४२६ खेटकौ ग्रामफलकौ धीवरेऽपि च जालिकः ॥३॥
२४२७ पुष्परेणौ च किञ्जल्कः शुल्कोऽस्त्री स्त्रीधनेऽपि च ।
२४२८ स्यात्कल्लोलेऽप्युत्कलिका वार्धकं भाववृन्दयोः ॥४॥
२४२९ करिण्यां चापि गणिका दारकौ बालभेदकौ ।
२४३० अन्धेऽप्यनेडमूकः स्याट्टङ्कौ दर्पाश्मदारणौ ॥५॥"

इति पञ्च क्षेपकाः ॥ इति कान्ताः ॥

२४३१ मयूखस्त्विट्करज्वालास्वलिबाणौ शिलीमुखौ ।
२४३२ शङ्खो निधौ ललाटास्थ्नि कम्बौ न स्त्रीन्द्रियेऽपि खम् ॥१८॥
२४३३ घृणिज्वाले अपि शिखे—

॥ इति खान्ताः ॥

नेता=नाइके । २ को नाम] पर्यङ्क १ [सामग्री । पलङ् । २ को नाम] स्नुबधक १ [बाघ । व्याधा । २ को नाम] कुनै पुस्तकमा "आर्द्रायामपि लुब्धकः" यस्तो पाठ छ । त्यस्को अर्थ—'आर्द्रानक्षत्रलाई पनि लुब्धक शब्दले कहन्छ' यो हो । पेटक ७ [समुदाय । पेटारी=वट्टा । २ को नाम] देशिक ४ [गुरु—गुर्माको नाम] देशिक ७ [देशमा भयेका वस्तुको नाम] खेटक १ [(१)ग्रामविशेष । ढाल । २ को नाम] जालिक १ । ७ [माझी । जाल हाल्ने । झेली । ३ को नाम] ॥३॥ किञ्जल्क १ [फुलको धुलो । कमलको केसर । २ को नाम] शुल्क ५ [स्त्रीधन = दाइजोपेवा । महशूल । फीस । ज्याला । ४ को नाम] उत्कलिका २ [ठुलातरङ्ग । उत्कण्ठा । २ को नाम] वार्धक ३ [वुढा-वुढोपना—वार्धक्य । वुढावुढीको बथान । २ को नाम] ॥४॥ गणिका २ [हथिनी । वेश्या । २ को नाम] दारक १ (२) [१ बालक-बालिकाको नाम] दारक ७ [फोर्ने, चीर्ने व्यक्तिको नाम] अनेडमूक ७ [अन्धो । कान् नसुन्ने—लाटो । २ को नाम] टङ्क १ [घमण्ड । ढुङ्गा काटने हथियार=छिनु । २ को नाम] ॥५॥" इति पञ्चक्षेपकाः । इति कान्ताः ॥

मयूख १ [कान्ति । किरण । ज्वाला । ३को नाम] शिलीमुख १ [भ्रमर=भँवरा । बाण । २ को नाम] शङ्ख ५ [शङ्खको नाम] शङ्ख १ [९ निधिमध्यको तेस्रो शङ्खनिधि । निधारको हाड=खप्पर । २को नाम] ख ३ [इन्द्रिय । आकाश । २ को नाम] ॥१८॥ शिखा २ [किरण । ज्वाला । टुपी । ३ को नाम] इति खान्ताः॥

(१) खास-खेतीको वृत्ति गरेर वस्ने मानिसले पूर्ण भयेको ग्राम (गाउँ)लाई खेटक भन्दछन् । 'खेटाश्च कर्षक ग्रामाः' वृह०

शैलवृक्षौ नगावगौ ।
२४३४ आशुगौ वायुविशिखौ शरार्कविहगाः खगाः ॥१९॥
२४३५ पतङ्गौ पक्षिसूर्यौ च पूगः क्रमुकवृन्दयोः ।
२४३६ पशवोऽपि मृगा वेगः प्रवाहजवयोरपि ॥२०॥
२४३७ परागः कौसुमे रेणौ स्नानीयादौ रजस्यपि ।
२४३८ गजेऽपि नागमातङ्गावपाङ्गस्तिलकेऽपि च ॥२१॥
२४३९ सर्गः स्वभावनिर्मोक्षनिश्चयाध्यायसृष्टिषु ।
२४४० योगः सन्नहनोपायध्यानसङ्गतियुक्तिषु ॥२२॥
२४४१ भोगः सुखे स्त्र्यादिभृतावहेश्च फणकाययोः ।
२४४२ चातके हरिणे पुंसि सारङ्गः शबले त्रिषु ॥२३॥
२४४३ कपौ च प्लवगः शापे त्वभिषङ्गः पराभवे ।
२४४४ यानाद्यङ्गे युगः पुंसि युगं युग्मे कृतादिषु ॥२४॥
२४४५ स्वर्गेषुपशुवाग्वज्रदिङ्नेत्रघृणिभूजले ।
२४४६ लक्ष्यदृष्टया स्त्रियां पुंसि गौर्लिङ्गं चिह्नशेफसोः ॥२५॥
२४४७ शृङ्गं प्राधान्यसान्वोश्च वराङ्गं मूर्धगुह्ययोः ।
२४४८ भगं श्रीकाममाहात्म्यवीर्ययत्नार्ककीर्तिषु ॥२६॥

॥ इति गान्ताः ॥

नग १ । अग १ [२ पर्वत । वृक्ष । २ का नाम] आशुग १ [वायु । बाण । २ को नाम] खग १ [बाण । सूर्य । पक्षी । ३ को नाम] ॥१९॥ पतङ्ग १ [पक्षी । सूर्य । पुतली । भकुण्डो । ४ को नाम] पूग १ [सुपारी । समुदाय । २ को नाम] मृग १ [हरिण । सामान्य पशु । २ को नाम] वेग १ [प्रवाह । वेग=शीघ्रगति । २ को नाम ॥२०॥ पराग १ [फुलको धूलो । बुकुवा । सामान्य धूलो । ३ को नाम] नाग १ [नाग = सर्पविशेष । हात्ती । २ को नाम] मातङ्ग १ [हात्ती । चण्डाल पोडे । २ को नाम] अपाङ्ग १ [तिलक=टीका । नेत्रको छेउ । २ को नाम] ॥२१॥ सर्ग १ [स्वभाव । दान । निश्चय । काव्यको अध्याय । सृष्टि । ५ को नाम] योग १ [तयारी=सन्नद्ध हुनु । उपाय । ध्यान । सङ्गम । युक्ति । ५ को नाम] भोग १ [सुख । कुटुम्बपोषण । सर्पको फणा । सर्पको शरीर । ४ को नाम] सारङ्ग १ [काका-कुल=पक्षी । हरिण=मृग । भ्रमर (भँवरा) । ३को नाम] सारङ्ग ७ [चित्रवर्णहुने-वस्तुको नाम] ॥२३॥ प्लवग १ [वानर । भ्याउतो । २को नाम [अभिषङ्ग १ [शाप=सराप । तिरस्कार । हार्नु । ३को नाम] युग १ [रथका-हलाका-जूवाको नाम] युग ३ [युगल=जोला=जोडा । सत्यत्रेतादि युग । २को नाम] गो १ [स्वर्ग । गोरु । किरण । वज्र । ४ को नाम] गो २ [गाई । आँखा । बाण । दिशा । वाणी । पृथिवी । जल । इन्द्रिय । जिह्वा । ९को नाम] लिङ्ग ३ [चिह्न । पुरु-षेन्द्रिय । २ को नाम] ॥२५॥ शृङ्ग ३ [प्राधान्य=मुख्यता । पर्वतको टाकुरा । टुप्पो । सिङ् । ४ को नाम] वराङ्ग ३ [शिर=टाउको । स्त्रीन्द्रिय=योनि । २को

२४४९ परिघः परिघातेऽस्त्रेऽप्योघो वृन्देऽम्भसां रये ।
२४५० मूल्ये पूजाविधावर्घोऽहोदुःखव्यसनेष्वघम् ॥२७॥
२४५१ त्रिष्विष्टेऽल्पे लघुः –

॥ इति घान्ताः ॥

काचाः शिक्य मृद्भेदहग्रुजः ।
२४५२ विपर्यासे विस्तरे च प्रपञ्चः पावके शुचिः ॥२८॥
२४५३ मास्यमात्ये चात्युपधे पुंसि मेध्ये सिते त्रिषु ।
२४५४ अभिष्वङ्गे स्पृहायां च गभस्तौ च रुचिः स्त्रियाम् ॥२९॥

॥ इति चान्ताः ॥

२४५५ "प्रसन्ने भल्लुकेऽप्यच्छो गुच्छस्तवकहारयोः ।
२४५६ परिधानाञ्चले कच्छो जलप्रान्ते त्रिलिङ्गकः ॥१॥"

॥ इति क्षेपकछान्ताः ॥

२४५७ केकिताक्ष्यविहिभुजौ दन्तविप्राण्डजा द्विजाः ।
२४५८ अजा विष्णु हरच्छागाः गोष्ठाध्वनिवहा व्रजाः ॥३०॥

नाम] भग[1] ३ [लक्ष्मी (दौलत) । शोभा । इच्छा । ऐश्वर्यं । पराक्रम । प्रयत्न । कीर्ति । स्त्रीन्द्रिय । भाग्य । ९ को नाम] भग १ [सूर्यको नाम] ॥ इति गान्ताः ॥

परिघ १ [परिघात=सर्वनाश । परिघनामक-मुसलाकार शस्त्र । ज्योतिषप्रसिद्ध योगविशेष । ३को नाम] ओघ १ [समूह । पानीको वेग । २को नाम] अर्घ १ [मोल । पूजाको अङ्गीभूत उपचार = अर्घ । २ को नाम] अघ ३ [पाप । दु:ख । व्यसन=कुलत । ३ को नाम] ॥२७॥ लघु ७ [इष्ट=मन्परेको । सानु । छीटो (फुर्तिलो) । हलुको । ४ को नाम] ॥ इति घान्ताः ॥ काच ७ [सिका=सिकहर । काँच । नेत्ररोगविशेष (वादल) । ३ को नाम] प्रपञ्च १ [उलूटिनु । फैलिनु । ठग्नु । ३को नाम] शुचि १ ॥२८॥ [अग्नि । आषाढ महिना । परीक्षागर्दा शुद्ध-ठहरियेको (इमान्दार) मन्त्री । ३ को नाम] शुचि ७ [शुद्धवस्तु । सेतो वस्तु । २ को नाम] रुचि २ [(रुचि मनःप्रवृत्ति=मन लाग्नु) । इच्छा । किरण । कान्ति । ४ को नाम] ॥ इति चान्ताः ॥ "अच्छ १ [भालूको नाम] अच्छ ७ [स्वच्छ=निर्मलको नाम] गुच्छ १ [गुँथो=थुँगो । ३२ लुङ्हुने मोतीको हार । २ को नाम] कच्छ १ [धोती=सारी=फरियाको छेउको नाम] कच्छ ७ [जल प्रायदेश = पानी प्रशस्त भयेको स्थानको नाम] ॥१॥" इति क्षेपकछान्ताः ॥ अहिभुज् १ [मयूर । गरुड । २ को नाम]

(१) ऐश्वर्यस्य[1] समग्रस्य, धर्मस्य[2], यशसः[3], श्रियः[4], । (ई ६-लाई षडैश्वर्य भन्दछन्,
ज्ञान[5]-वैराग्ययोश्चैव[6] षण्णां भग इतीरणा ॥ (ई-हुनेलाई भगवान् भन्दछन्

२४५९ धर्मराजौ जिनयमौ कुञ्जो दन्तेऽपि नस्त्रियाम् ।
२४६० वलजे क्षत्रपूर्द्वारि वलजा वल्गुदर्शना ॥३१॥
२४६१ समे क्ष्मांशे रणेऽप्याजिः प्रजा स्यात् सन्ततौ जने ।
२४६२ अब्जौ शङ्खशशाङ्कौ च स्वके नित्ये निजं त्रिषु ॥३२॥

॥ इति जान्ताः ॥

२४६३ पुंस्यात्मनि प्रवीणे च क्षेत्रज्ञो वाच्यलिङ्गकः ।
२४६४ संज्ञा स्याच्चेतना नामहस्ताद्यैश्चार्थसूचना ॥३३॥

॥ इति ञान्ताः ॥

२४६५ काकेभगण्डौ करटौ गजगण्डकटी कटौ ।
२४६६ शिपिविष्टस्तु खलतौ दुश्चर्मणि महेश्वरे ॥३४॥
२४६७ देवशिल्पिन्यपि त्वष्टा दिष्टं दैवेऽपि नद्वयोः ।
२४६८ रसे कटुः कट्वकार्ये त्रिषु मत्सरतीक्ष्णयोः ॥३५॥
२४६९ रिष्टं क्षेमाशुभाभावेष्वरिष्टे तु शुभाशुभे ।
२४७० मायानिश्चलयन्त्रेषु कैतवानृतराशिषु ॥३६॥

द्विज १ [दाँत । ब्राह्मण । ब्राह्मण-क्षत्रिय-वैश्य । फुलवाटपैदाहुने-माछा-सर्प-पक्षिप्रभृति । ४ को नाम] अज १ [विष्णु । शङ्कर । बोको । ३को नाम] व्रज १ [गोठ । बाटो । समूह । ३को नाम] ॥३०॥

धर्मराज १ [बुद्ध । यमराज । २ को नाम] कुञ्ज ५ [हाथीको दाँत । लतागृह । २को नाम] वलज ३ [खेत । शहरको मूल ढोका । २ को नाम] वलजा २ [हेराई राम्रो भयेकी स्त्रीको नाम] ॥३१॥ आजि २ [सम्मजग्गा । लडाई । २को नाम] प्रजा २ [सन्तान । रैती । २ को नाम] अन्ज १ [शङ्ख । चन्द्रमा । २को नाम] अब्ज ३ [कमलको नाम] निज ७ [आतमीय (आफ्नु) वस्तु । अविनाशी (नित्य) वस्तु । २को नाम] ॥३२॥ ॥ इति जान्ताः ॥ क्षेत्रज्ञ १ [आत्माको नाम] क्षेत्रज्ञ ७ [सिपालुको नाम] संज्ञा २ [चेतना = चेत् । बुद्धि । नाम । इशारा = सान् । ४को नाम] ॥३३॥ इति ञान्ताः ॥ करट १ [काग । हात्तीको गण्डस्थल । २को नाम] कट १ [हात्तीको गण्डस्थल । कटि (कम्मर) । २को नाम] शिपिविष्ट १ [महादेवको नाम] शिपिविष्ट ७ [खल्वाट = कपाल खुइलियेको-व्यक्ति । चर्मरोग हुने(छाला खराब भयेको)व्यक्ति । २को नाम] ॥३४॥ त्वष्टृ १ [विश्वकर्मा । सूर्य । त्वष्टा नामक प्रजापति । ३को नाम] त्वष्टृ ७ [ताच्छ्ने व्यक्तिको नाम] दिष्ठ ३ [दैव = भाग्यको नाम] दिष्ट १ [काल = समयको नाम] दिष्ट ७ [दिइयेको वस्तु । बताइयेको = आज्ञा गरियेको वस्तु । २को नाम] कटु १ [पीरोरस । १को नाम] कटु ३ [अकर्तव्यको नाम] कटु ७ [रिस गर्ने व्यक्ति । तीक्ष्ण = कडा = खरो-व्यक्ति । २को नाम] ॥३५॥ रिष्ट ३ [कल्याण । अकल्याण । पाप । नाश । ४को नाम] रिष्ट ७ [पूर्वोक्त कल्याणादि

२४७१ अयोघने शैलशृङ्गे सीराङ्गे कूटमस्त्रियाम् ।
२४७२ सूक्ष्मैलायां त्रुटिः स्त्री स्यात् कालेऽल्पे संशयेऽपि सा ॥३७॥
२४७३ आर्त्युत्कर्षाश्रयः कोटयो मूले लग्नकचे जटा ।
२४७४ व्युष्टिः फले समृद्धौ च दृष्टिर्ज्ञानेऽक्षिण दर्शने ॥३८॥
२४७५ इष्टिर्यागेच्छयोः सृष्टं निश्चिते बहुनि त्रिषु ।
२४७६ कष्टे तु कृच्छ्रगहने दक्षामन्दागदेषु च—॥३९॥
२४७७ पटुर्द्वौ वाच्यलिङ्गौ च—

॥ इति टान्ताः ॥

नीलकण्ठः शिवेऽपि च ।

२४७८ पुंसि कोष्ठोऽन्तर्जठरं कुसूलोऽन्तर्गृहं तथा ॥४०॥
२४७९ निष्ठा निष्पत्तिनाशान्ताः काष्ठोत्कर्षे स्थितौ दिशि ।
२४८० त्रिषु ज्येष्ठोऽतिशस्तेऽपि कनिष्ठोऽतियुवाल्पयोः ॥४१॥

॥ इति ठान्ताः ॥

४ चीज हुने व्यक्तिको नाम] अरिष्ट ३ [शुभ । अशुभ = खङ्गो । सूतिका गृह = सुत्केरी कोठा = कुना । ३को नाम] कूट ५ [माया = इन्द्रजाल प्रभृति । निर्विकार-स्थिर-रहने वस्तु । यन्त्र=व्याघ्रादि जानवरहरूलाई फसाउन थापिने खोर-पासो प्रभृति । छलकपट । असत्य । थुप्रो । फलाम पीटने घन । पहाडको टाकुरो । हलाको फाली हाल्नेठाऊँ । ९को नाम] ॥३६॥

त्रुटि २ [सुखुमेल । ह्रस्व अक्षरको उच्चारण गर्दा लाग्ने समयको चतुर्थांश-समय = ३ त्रसरेणुकाल । थोरै अंश । सन्देह । ४को नाम] ॥३७॥ कोटी २ (कोटि २) [धनुको टुप्पो । उत्कर्ष=कल्पनाको विस्तार = विद्वान्हरुले शास्त्रार्थमा चढाइने कोटि । कोण=कुनु । करोड संख्या । ४को नाम] जटा २ [फेद । जमेका केश (लट्टा) वेदविकृति = पद-घनपछीको जटा । जटामसी । ४को नाम] व्युष्टि २ [गरियेका कार्यको फल । समृद्धि । २को नाम] दृष्टि २ [ज्ञान । आँखा । देख्नु । ३को नाम] ॥३८॥ इष्टि २ [यज्ञ । इच्छा । २को नाम] सृष्ट ३ [निश्चयको नाम] सृष्ट ७ [सृष्टिगरियेको = वनाइयेको । धेरै वस्तु । २को नाम] कष्ट ३ [तकलीफको नाम] कष्ट ७ [कष्टदायक । दुर्गमवस्तु । २को नाम] पटु ७ [सिपालु । जाँगरिया । नीरोग । ३को नाम] द्वौ वाच्यलिङ्गौ च (कट-पटुशब्द अर्थविशेषले विशेष्यनिघ्न पनि छन्) ॥ इति टान्ताः ॥ नीलकण्ठ १ [महादेव । मयूर । नीलकण्ठ पक्षी । ३को नाम] ॥ कोष्ठ १ [पेटको भित्रीभाग । भकारी = कोठा । ३को नाम] ॥४०॥ निष्ठा २ [उत्पत्ति । नाश = हराउनु । अन्त=खतंहुनु=सकिनु । ३को नाम] काष्ठा २ [उन्नति । मर्यादा । दिशा । १८ निमेषको काल । ४को नाम] ज्येष्ठ १ [ज्येष्ठ

२४८१ दण्डोऽस्त्री लगुडेऽपि स्याद् गुडो गोलेक्षुपाकयोः ।
२४८२ सर्पमांसात्पशू व्याडौ गोभूवा च स्त्रिवडा इलाः ॥४२॥
२४८३ क्ष्वेडा वंशशलाकापि नाडी नालेऽपि षट्क्षणे ।
२४८४ काण्डोऽस्त्री दण्डबाणार्ववर्गावसरवारिषु ॥४३॥
२४८५ स्याद्भाण्डमश्वाभरणेऽमत्रे मूलवणिग्धने ।

॥ इति डान्ताः ॥

२४८६ भृशप्रतिज्ञयोर्बाढं प्रगाढं भृशकृच्छ्रयोः ॥४४॥
२४८७ शक्तस्थूलौ त्रिषु दृढौ व्यूढौविन्यस्त संहतौ ।

॥ इति ढान्ताः ॥

२४८८ भ्रूणोऽर्भके स्त्रैणगर्भे बाणो बलिसुते शरे ॥४५॥
२४८९ कणोऽतिसूक्ष्मे धान्यांशे संघाते प्रमथे गणः ।
२४९० पणो द्यूतादिषूत्सृष्टे भृतौ मूल्ये धनेऽपि च ॥४६॥

१ [ज्येष्ठ महिनाको नाम] ज्येष्ठ ७ [जेठो । श्रेष्ठ । २को नाम] कनिष्ठ ७ [कान्छो । अतिसानु । अतिथोरै । ३को नाम] ॥४१॥॥ इति ठान्ताः ॥

दण्ड ५ [लहुरो । दण्ड = सजाय । सूर्यका पारिपार्श्विकदेवताविशेष । ३को नाम] दण्ड १ [१ घडीको समयको नाम] गुड १ [डल्लो । गुड = चाकु । २को नाम] व्याड १ [सर्प । मासुखाने-व्याघ्रवृकादि-पशु । २को नाम] इडा २, इला २ [२ गाई । भूमि । वाणी । बुधकी स्त्री । ४का नाम] ॥४२॥ क्ष्वेडा २ [वाँसका सिन्का, कप्टेरा । सिंहनाद । २को नाम] क्ष्वेड १ [विषको नाम] नाडी २ [डांठ । १ घडीको समय । रोगपरीक्षागर्न वैद्यले हेरिने नाडी । ३को नाम] काण्ड ५ [लहुरो । बाण । खराव ? । खण्ड = आँख्ला । मौका । पानी । ६को नाम] ॥४३॥ भाण्ड ३ [घोडाको साज । भाँडा । व्यापारीको मूलधन = साऊँ=डोको । ३को नाम] ॥ इति डान्ताः ॥ बाढ ३ [अत्यन्त=खूव । प्रतिज्ञावचन = हाँ-हो । २को नाम] 'पठ पाठ्यं साधु, न चेत् बाढं लज्जितः स्याः (पढनु पर्ने कुरा राम्रोगरी पढ, नत्र खूब लज्जित हुनेछस्) 'जानासि काशीं पुरीम् ? (काशीपुरीलाई जान्दछौ ?) बाढम्, अध्यवात्सं बहूनि वर्षाणिताम्' (हाँ, वसेको थियें धेरै वर्ष त्यहाँ) इत्यादि रूपले वाढ शब्दको प्रयोग देखिन्छ । अर्जुन-भीष्महरु प्रतिज्ञाले प्रसिद्ध भये भन्दा "अर्जुनभीष्मादयः बाढेन प्रसिद्धा आसन्" यस्तो हुँदैन,—'प्रतिज्ञया प्रसिद्धा आसन्' यस्तो हुन्छ । प्रगाढ ३ [अत्यन्त । मुश्कील । २को नाम] दृढ ७ [समर्थ । बलीयो । २ को नाम] व्यूढ ७ [राखियेको । व्याहगरियेको । बटुलियेको । गाँठियेको । ४को नाम]॥ इति ढान्ताः ॥ भ्रूण १ [बालक । गर्भ । २को नाम] बाण १ [बाणासुर । बाण । २को नाम] ॥४५॥ कण १ [अतिसानु हिस्सा । कनिका । २को नाम] गण १ [समूह । देवता प्रभृतिको डफ्फा । २को नाम] पण १ [जूवाको थपनी । ज्याला । मोल ।

२४९१ मौर्व्यां द्रव्याश्रिते सत्त्वशौर्यसन्ध्यादिके गुणः ।
२४९२ निर्व्यापारस्थितौ कालविशेषोत्सवयोः क्षणः ॥४७॥
२४९३ वर्णो द्विजादौ शुक्लादौ स्तुतौ वर्णं तु वाऽक्षरे ।
२४९४ अरुणो भास्करेऽपि स्याद्वर्णभेदेऽपि च त्रिषु ॥४८॥
२४९५ स्थाणुः शर्वोऽप्यथ द्रोणः काकेऽप्याजौ रवे रणः ।
२४९६ ग्रामणीर्नापिते पुंसि श्रेष्ठे ग्रामाधिपे त्रिषु ॥४९॥
२४९७ ऊर्णा मेषादिलोम्नि स्यादावर्ते चान्तरा भ्रुवोः ।
२४९८ हरिणी स्यान्मृगी हेमप्रतिमा हरिता च या ॥५०॥
२४९९ त्रिषु पाण्डौ च हरिणः स्थूणा स्तम्भेऽपि वेश्मनः ।
२५०० तृष्णे स्पृहापिपासे द्वे जुगुप्साकरुणे घृणे ॥५१॥
२५०१ वणिक्पथे च विपणिः सुरा प्रत्यक् च वारुणी ।
२५०२ करेणुरिभ्यां स्त्री नेभे द्रविणं तु बलं धनम् ॥५२॥
२५०३ शरणं गृहरक्षित्रोः श्रीपर्णं कमलेऽपि च ।
२५०४ विषाभिमरलोहेषु तीक्ष्णं क्लीबे खरे त्रिषु ॥५३॥

धन । पैसा । ५को नाम] गुण १ [धनुको ताँदो । रूपरसादि गुण । सत्त्वरजतम ई ३ गुण । शौर्यधैर्य प्रभृति सद्‌गुण । सन्धि-विग्रह-यान-आसन-द्वैध-आश्रय नामक नीतिगुण । अ ए ओ इन्को संज्ञा । ६को नाम] क्षण १ [फुर्सद । १० पला समय । उत्सव । ३को नाम] वर्ण ७ [ब्राह्मण-क्षत्रियादि । शुक्लरक्तादि । स्तुति । ३को नाम] वर्ण ५ [अक्षरको नाम] अरुण १ [सूर्य । सूर्यका सारथि । रातोवर्ण । ३को नाम] अरुण ७ [रातोवर्णहुने वस्तुको नाम] ॥४८॥ स्थाणु १ [शङ्करजी । मूढो = टिम्बा । २को नाम] द्रोण १ [द्रोणपरिमाण = १६ पाथी । काग । पाण्डवगुरु = द्रोणाचार्य । ३को नाम] रण १ [अबाजको नाम] रण ५ [लडाईको नाम] ग्रामणी १ [नाउ = हजाम १को नाम] ग्रामणी ७ [श्रेष्ठ व्यक्ति । ग्रामाधिपति (द्वारे = जिम्मादार) । को नाम] ॥४९॥ ऊर्णा २ [भेडाप्रभृतिको रउँ = ऊन । आँखिभौंका माझको रउँको भुँवरी । २को नाम] हरिणी २ [मृगी । सुवर्णप्रतिमा । हरियोवर्णहुने स्त्री व्यक्ति । ३को नाम] ॥५०॥ हरिण १ [मृग । पाण्डुवर्ण । २को नाम] हरिण ७ [पाण्डुवर्णहुने वस्तुको नाम] स्थूणा २ [घरको स्तम्भ=थाम । लोहप्रतिमा । २को नाम] तृष्णा २ [इच्छा । तिर्खा=प्यास । २को नाम] घृणा २ [दया । घीन । २को नाम] ॥५१॥ विपणि २ [बजार । बेच्ने वस्तु । पसल=दूकान । ३को नाम] वारुणी २ [मदिरा । पश्चिमदिशा । २को नाम] करेणु १ [हथिनीको नाम] करेणु १ [हात्तीको नाम] द्रविण ३ [बल । धन । २को नाम] ॥५२॥ शरण ३ [घर । रक्षक । २को नाम] श्रीपर्ण ३ [गिनेरी=वनौषधिविशेष । कमल । २को नाम] तीक्ष्ण ३ [विष । लडाई । फलाम । ३को नाम] तीक्ष्ण ७ [तीखो । खरो । अतितातो । ३को नाम] ॥५३॥

२५०५ प्रमाणं हेतु मर्यादाशास्त्रेयत्ता प्रमातृषु ।
२५०६ करणं साधकतमं क्षेत्रगात्रेन्द्रियेष्वपि ॥५४॥
२५०७ प्राण्युत्पादे संसरणयसंबाधचमूगतौ ।
२५०८ घण्टापथेऽथ वान्तान्ने समुग्दिरण मुन्नये ॥५५॥
२५०९ अतस्त्रिषु—विषाणं स्यात्पशुश्रृङ्गे भदन्तयोः ।
२५१० प्रवणं क्रमनिम्नोर्व्योर्व्या प्रह्वे ना तु चतुष्पथे ॥५६॥
२५११ संकीर्णौ निचिताशुद्धाविरिणं शून्यमूषरम् ।
२५१२ "सेतौ च वरणो वेणी नदीभेदे कचोच्चये ॥"

॥ इति णान्ताः ॥

२५१३ देवसूर्यौ विवस्वन्तौ सरस्वन्तौ नदार्णवौ ॥५७॥
२५१४ पक्षिताक्ष्यौं गरुत्मन्तौ शकुन्तौ भासपक्षिणौ ।
२५१५ अग्न्युत्पातौ धूमकेतू जीमूतौ मेघपर्वतौ ॥५८॥
२५१६ हस्तौ तु पाणिनक्षत्रे मरुतौ पवनामरौ ।
२५१७ यन्ता हस्तिपके सूते भर्ता धातरि पोष्टरि ॥५९॥
२५१८ यानपात्रे शिशौ पोतः प्रेतः प्राण्यन्तरे मृते ।
२५१९ ग्रहभेदे ध्वजे केतुः पार्थिवे तनये सुतः ॥६०॥

प्रमाण ३ [हेतु (अग्निको ज्ञापक धुँवाझै, कुनै वस्तुको ज्ञापक) । मर्यादा (थिति) । शास्त्र । इयत्ता (यत्ति भन्ने ठेगान) । जान्ने । ५को नाम] करण ३ [करण = कारणको सहाय । खेत । शरीर । इन्द्रिय । ४को नाम ॥५४॥ संसरण ३ [वरावर जन्मनु मर्नु । घुइँचो नपारेर खुकुलोसंग फौज हिडनु । मूलवाटो । ३को नाम] समुग्दिरण ३=समुद्धरण ३ [छादेको अन्न । उचाल्नु । उगेल्नु । ३को नाम] ॥५५॥ विषाण ७ [पशुको सिङ् । हाथीको दाँत । २को नाम] प्रवण ७ [क्रमैसँग ढलुवा भयेको स्थान=वह्रालो । नम्र । तत्पर । ३को नाम] प्रवण १ [चौवाटाको नाम] ॥५६॥ संकीर्ण ७ [मिसियेको । ढाकियेको । २को नाम] इरिण ७ [शून्य स्थान= सन्नाटा । नुनिलो माटो भयेको स्थान=ऊषर भूमि । २को नाम] "वरण १ पर्खाल । पूल= साँघु । सिप्लिकान । ३को नाम] वरण ३ [वरणगर्नु = रोज्नु = छान्नुको नाम] वेणी २ [वेणीनदी । नदीको सानु जलप्रवाह । चुल्ठो । ३को नाम]" ॥इति णान्ताः॥ विवस्वत् १ [देवता । सूर्य । २को नाम] सरस्वत् १ [नद । समुद्र । २को नाम] ॥५७॥ गरुत्मत् १ [सामान्य पक्षी । गरुड । २को नाम] शकुन्त १ [कुखुरा-जस्तो= भासनामक पक्षी । साधारण पक्षी । २को नाम] धूमकेतु १ [अग्नि । पुच्छ्रे-तारो । २को नाम] जीमूत १ [मेघ । पर्वत । २को नाम] ॥५८॥ हस्त १ [हात । हस्तानक्षत्र । २को नाम] मरुत् १ [बतास । देवता । २को नाम] यन्तृ १ [माहुते । सारथि । २को नाम] यन्तृ ७ [नियामक=खटन गर्नेको नाम] भर्तृ ७ [धारण गर्ने । पोषण गर्ने । २को नाम] भर्तृ १ [पतिको १ नाम] ॥५९॥ पोत १ [डुङ्गा । बालक । २को नाम] प्रेत १ [पिशाचको नाम] प्रेत ७ [मरेका व्यक्ति-

२५२० स्थपतिः कारुभेदेऽपि भूभृद्भूमिधरे नृपे ।
२५२१ मूर्धाभिषिक्तो भूपेऽपि ऋतुः स्त्रीकुसुमेऽपि च ॥६१॥
२५२२ विष्णावप्यजिताव्यक्तौ सूतस्त्वष्टरि सारथौ ।
२५२३ व्यक्तः प्राज्ञेऽपि दृष्टान्तावुभौ शास्त्रनिदर्शने ॥६२॥
२५२४ क्षत्ता स्यात् सारथौ द्वाःस्थे क्षत्रियायां च शूद्रजे ।
२५२५ वृत्तान्तः स्यात् प्रकरणे प्रकारे कात्स्न्र्यवार्तयोः ॥६३॥
२५२६ आनर्तः समरे नृत्यस्थाननीवृद्विशेषयोः ।
२५२७ कृतान्तो यमसिद्धान्तदैवाकुशलकर्मसु ॥६४॥
२५२८ श्लेष्मादि रसरक्तादि महाभूतानि तद्गुणाः ।
२५२९ इन्द्रियाण्यश्मविकृतिः शब्दयोनिश्च धातवः ॥६५॥

को नाम] केतु १ [केतुग्रह[1]। ध्वजा=झण्डा । २को नाम] सुत १ [राजा । छोरो । २को नाम] ॥६०॥

स्थपति १ [वास्तुशास्त्रमा पारङ्गत भयेको कारीगर। बृहस्पतिसव-नाम भयेको—सर्वस्वदान गर्नु पर्ने महायज्ञगर्ने सकस। श्रेष्ठव्यक्ति । ३को नाम] भूभृत् १ [पर्वत। राजा। २को नाम] मूर्धाभिषिक्त १ [राजा। प्रधान मन्त्री। क्षत्रिय। ३को नाम] ऋतु १ [स्त्रीको रज। वसन्तादि ऋतु। २को नाम] ॥६१॥ अजित १ [विष्णुभगवान्को नाम] अजित ७ [जित्न नशकियेको व्यक्तिको नाम] अव्यक्त १ [विष्णुभगवान्को नाम] अव्यक्त ७ [अस्पष्टको नाम] सूत १ [कारीगर। सारथि। २को नाम] व्यक्त १ [पण्डितको नाम] व्यक्त ७ [स्पष्टको नाम] दृष्टान्त १ [दृष्टान्त = उदाहरण। शास्त्र। २को नाम] ॥६२॥ क्षत्तृ १ [सारथि। ढोके=पाले । क्षत्रियकन्यामा शूद्रबाट जन्मेको सन्तान। ३को नाम] वृत्तान्त १ [मौका। प्रकार (भाव = सत्ता = वस्तुधर्म)। पूर्णता। हालखबर। ४को नाम] आनर्त १ [लडाई । नाचने स्थान = रङ्गभूमि। देश-विशेष=द्वारका प्रान्त। ३ को नाम] कृतान्त १ [यमराज। निर्णय गरियेको कुरा। देव। दुष्कर्म। ४को नाम] धातु १ [कफ-वात-पित्त ई ३। रस-रक्त-मांस-मेद-

(१) केतुग्रहको-पूजनादि-गर्दा केतु धेरै-हुनाले 'केतुभ्योनमः' इत्यादि-रूपले बहुवचनान्तै प्रयोग-गर्नु-पर्दछ भनि कर्मकाण्डी-पण्डितहरू हुल्लड मचाउँछन्। वास्तवमा-ता "कोही मुनिहरू एकसये एक (१०१) केतु छन् भन्दछन्, कोही हजार (१०००) छन् भन्दछन्। नारद-महर्षि-भने यौटै-केतु बहुरूपी भयेको छ भन्दछन्" यस्तो-तात्पर्य-भयेको-बृहत्संहिताको वचनको आधार मानेर रूपभेदको विवक्षाले 'केतुभ्यो नमः' यस्तो-प्रयोग गरे-पनि हुन्छ, भेदविवक्षा नगरेर 'केतवे नमः' यस्तो-प्रयोग-गरे-पनि हुन्छ।

शतमेकाधिकमेके सहस्रमपरे वदन्ति केतूनाम्।
बहुरूपमेकमेव प्राह मुनिर्नारदः केतुम् ॥ [बृहत्संहिता]

२५३० कक्षान्तरेऽपि शुद्धान्तो नृपस्यासर्वगोचरे ।
२५३१ कासूसामर्थ्ययोः शक्तिर्मूर्तिः काठिन्यकाययोः ॥६६॥
२५३२ विस्तारवल्ल्योर्व्रततिर्वसती रात्रिवेश्मनोः ।
२५३३ क्षयार्चयोरपचितिः सातिर्दानावसानयोः ॥६७॥
२५३४ अर्तिः पीडाधनुष्कोटयो र्जातिः सामान्यजन्मनोः ।
२५३५ प्रचारस्पन्दयो रीतिरीतिर्डिम्बप्रवासयोः ॥६८॥
२५३६ उदयेऽधिगमे प्राप्तिस्त्रेता त्वग्नित्रये युगे ।
२५३७ वीणाभेदेऽपि महती भूतिर्भस्मनि संपदि ॥६९॥
२५३८ नदीनगर्योर्नागानां भोगवत्यथ सङ्गरे ।
२५३९ सङ्गे सभायां समितिः क्षयवासावपि क्षितिः ॥७०॥
२५४० रवेर्चिश्च शस्त्रं च वह्निज्वाला च हेतयः ।
२५४१ जगती जगति च्छन्दो विशेषेऽपि क्षितावपि ॥७१॥

अस्थि-मज्जा-शुक्र ई ७। पृथ्वी-जल-तेज-वायु-आकाश ई ५ महाभूत । भूतगुण=गन्ध-रस-रूप-स्पर्श-शब्द ई ५ । इन्द्रिय । पाषाणविकार=गेरु-हरिताल-मनःशिला इत्यादि । शब्दप्रकृति=भू सत्तायाम्, एध वृद्धौ, इत्यादि व्याकरणप्रसिद्ध धातु । ई ७ को नाम] ॥६५॥

शुद्धान्त १ [राजाको भित्रियेढोका (डेउढी)। खोपी । २को नाम] शक्ति २ [वर्छी । सामर्थ्य । २को नाम] मूर्ति २ [काठिन्य=साह्रोपना । शरीर । २को नाम] ॥६६॥ व्रतति २ [फैलावट । लहरा । २को नाम] वसति २ [रात्रि । घर । २को नाम] अपचिति २ [क्षय=घट्नु । पूजा = सत्कार । २को नाम] साति २ [दान = दिनु । समाप्ति=सकिनु । २को नाम] ॥६७॥ अर्ति २ (आर्ति २) [पीडा=तकलीफ । धनुको टुप्पो । २को नाम] जाति २ [गोत्त्वादि जाति । जन्म । २को नाम] रीति २ [चाल=चलन । पितल । वग्नु । साहित्य-प्रसिद्ध वैदर्भीपाञ्चाल्यादि रीति । ४को नाम] ईति २ [६ प्रकारका देशोपद्रव[1] । प्रवास=हिडाई । २को नाम] ॥६८॥ प्राप्ति २ [उत्त्पत्ति । लाभ । २को नाम] त्रेता २ [दक्षिणाग्नि-गार्हपत्य-आहवनीय ई ३ अग्नि । त्रेतायुग । २को नाम] महती २ [नारदमुनिकी वीणाको नाम] महत् ७ [ठुलावस्तुको नाम] भूति २ [खरानी । संपत्ति । २को नाम] ॥६९॥ भोगवती २ [पातालकी नागनगरी । पातालगङ्गा । २को नाम] समिति २ [लडाई । सङ्गम । सभा । ३को नाम] क्षिति २ [क्षय=घट्नु । वास=वसाई । पृथिवी । ३को नाम] ॥७०॥ हेति २ [सूर्य-

---

(१) अतिवृष्टि १, अनावृष्टि २, मूसा ३, सलह ४, सुगा ५, समीपवर्ती (छिमेकी) राजा ६, ई ६ ईति नामक देशोपद्रव हुन् ।

अतिवृष्टिरनावृष्टिर्मूषकाः शलभाः शुकाः ।
अत्यासन्नाश्च राजानः षडेता ईतयः स्मृताः ॥

२५४२ पङ्क्तिश्छन्दोऽपि दशमं स्यात् प्रभावेऽपि चायतिः ।
२५४३ पत्तिर्गतौ च मूले तु पक्षतिः पक्षभेदयोः ॥७२॥
२५४४ प्रकृतिर्योनिलिङ्गे च कैशिक्याद्याश्च वृत्तयः ।
२५४५ सिकताः स्युर्वालुकाऽपि वेदे श्रवसि च श्रुतिः ॥७३॥
२५४६ वनिता जनितात्यर्थानुरागायां च योषिति ।
२५४७ गुप्तिः क्षितिव्युदासेऽपि धृतिर्धारणधैर्ययोः ॥७४॥
२५४८ बृहती क्षुद्रवार्ताकी छन्दोभेदे महत्यपि ।
२५४९ वासिता स्त्रीकरिण्योश्च वार्ता वृत्तौ जनश्रुतौ ॥७५॥
२५५० वार्तं फल्गुन्यरोगे च त्रिष्वप्सु च घृतामृते ।
२५५१ कलधौतं रूप्यहेम्नोर्निमित्तं हेतुलक्ष्मणोः ॥७६॥
२५५२ श्रुतं शास्त्रावधृतयोर्युगपर्याप्तयोः कृतम् ।
२५५३ अत्याहितं महाभीतिः कर्म जीवानपेक्षि च ॥७७॥

किरण । शस्त्र=हथियार । अग्निज्वाला । ३को नाम] जगती २ [जगत्=लोक । १२ अक्षरको १ पाउहुने छन्दोविशेष । पृथिवी । ३को नाम] ॥७१॥

पङ्क्ति २ [लश्कर=लहर । १० अक्षरको १ पाउहुने छन्द । दश संख्या । ३-को नाम] आयति २ [१ सामर्थ्य । उत्तरकाल = फलप्राप्तिसमय । २को नाम] पत्ति २ [हिंडनु । प्यादा = सिपाही । ३ घोडा, १ रथ, १ हाथी, ५ प्यादाको समूहरूप क्षुद्रसेना । ३को नाम] पक्षति २ [पखेटाको फेद । परेवातिथि । २को नाम] ॥७२॥ प्रकृति २ [योनि । लिङ्ग । माया । ३को नाम] वृत्ति २ [२ नाटयशास्त्रमा प्रसिद्ध भयेका कैशिकी-भारती-सात्वती-आरभटी नामक ४ वृत्ति । जीवनवृत्ति । व्याकरण-प्रसिद्ध, कृत्तद्धित समासैकशेषसनाद्यन्त धातुरूप नामक ५ वृत्ति । योगशास्त्रप्रसिद्ध प्रमाण-विपर्यय-विकल्प-निद्रा-स्मृतिरूप ५ चित्तवृत्ति । सूत्रको व्याख्यान । चालचलन । ६को नाम] सिकता २ [बालुवा भयेको ठाउँ । २को नाम] श्रुति २ [वेद । कान । सुन्नुक्रिया । ३को नाम] वनिता २ [प्रेमवती स्त्री । साधारण स्त्री । २को नाम] गुप्ति २ [पृथिवीको खाडल । रक्षागर्नु । लुकाउनु । ३को नाम] धृति २ [धारण-गर्नु । धैर्य । २को नाम] ॥७४॥ बृहती २ [बिही । ९ अक्षरको १ पाउ हुने छन्द । ठुली स्त्री व्यक्ति । ३को नाम] बृहत् ७ [ठुलो वस्तुको नाम] वासिता २ [स्त्री (पोथी) । हथिनी । २को नाम] वासित ३ [पक्षीका अवाजको नाम] वासित ७ वासेका(करायेका)कुखुरा प्रभृतिको नाम] वार्ता २ [जीवनवृत्ति । हालखवर । २को नाम] ॥७५॥ वार्त ७ [तुच्छ = चुत्थो । रोग छुटेको व्यक्ति । २को नाम] घृत ३ [घिउ । पानी । २को नाम] अमृत ३ [अमृत । पानी । २को नाम] कलधौत ३ [चाँदी । सुवर्ण । २को नाम] निमित्त ३ [कारण । चिह्न । २को नाम] ॥७६॥ श्रुत ३ [शास्त्रको नाम] श्रुत ७ [सुनियेका कुराको नाम] कृत ३ [सत्ययुगको नाम] कृत ७ [गरियेकाको नाम] कृतम् ८ [पुग्यो भन्ने कुरा बुझाउने शब्द] जस्तै—कृतं कृतं ते तपसा महर्षे ! (हेमहर्षे ! तिम्रा तपस्याले अलं भयो = अब तपस्या

२५५४ युक्ते क्ष्मादावृते भूतं प्राण्यतीते समे त्रिषु ।
२५५५ वृत्तं पद्ये चरित्रे त्रिष्वतीते दृढनिस्तले ॥७८॥
२५५६ महद्राज्यं चावगीतं जन्ये स्याद्गर्हितं त्रिषु ।
२५५७ श्वेतं रूप्येऽपि रजतं हेम्नि रूप्ये सिते त्रिषु ॥७९॥
२५५८ त्रिष्वतो जगदिङ्गेऽपि रक्तं नील्यादि रागि च ।
२५५९ अवदातः सिते पीते शुद्धे बद्धार्जुनौ सितौ ॥८०॥
२५६० युक्तेऽतिसंस्कृते मर्षिण्यभिनीतोऽथ संस्कृतम् ।
२५६१ कृत्रिमे लक्षणोपेतेऽप्यनन्तोऽनवधावपि ॥८१॥
२५६२ ख्याते हृष्टे प्रतीतोऽभिजातस्तु कुलजे बुधे ।
२५६३ विविक्तौ पूतविजनौ मूर्च्छितौ मूढसोच्छ्रयौ ॥८२॥
२५६४ द्वौ चाम्लपरुषौ शक्तौ शिती धवलमेचकौ ।
२५६५ सत्ये साधौ विद्यमाने प्रशस्तेऽभ्यर्हिते च सत् ॥८३॥
२५६६ पुरस्कृतः पूजितेऽरात्यभियुक्ते ऽग्रतः कृते ।
२५६७ निवातावाश्रयावातौ शस्त्राभेद्यं च वर्म यत् ॥८४॥

गर्नु पर्दैन पुग्यो पुग्यो)। अत्याहित ३ [ठुलो डर । मरुला भन्ने डर नमानेर गरेको उग्रकर्म । २को नाम] ॥७७॥

भूत ३ [मुनासीव । पृथिवी-जल-तेज-वायु-आकाश ई ५ तत्त्व । प्राणी । साचो । ४को नाम] भूत ७ [भइसकेको । तुल्य । २को नाम] वृत्त ३ [पद्य = छन्दोबद्ध-वाक्य । चरित्र । २को नाम] वृत्त ७ [भइसकेको । बलीयो । बाटुलो । रहेको । ४को नाम] ॥७८॥ महत् ३ [राज्यको नाम] महत् ७ [ठुलाको नाम] अवगीत ३ [लोकापवादको नाम] अवगीत ७ [निन्दित = खरावको नाम] श्वेत १ [श्वेतवर्णको नाम] श्वेत ३ [चाँदीको नाम] श्वेत ७ [सेतावस्तुको नाम] रजत ३ [सुन् । चाँदी । २को नाम] रजत ७ [सेतावस्तुको नाम]॥७९॥ अतः त्रिषु (अवडप्रान्तका तान्तवर्गसमाप्तिसम्मका शब्द तिनै लिङ्गमा रहेका छन्) । जगत् ७ [चल-वस्तुको नाम] जगत् ३ [तत्तत् लोकका नाम] रक्त ७ [रँगाइयेको । प्रेमीभयेको । २को नाम] अवदात ७ [सेतोवस्तु । पहेलोवस्तु । शुद्धवस्तु । ३को नाम] सित ७ [बाँधियेको । सेतोवस्तु । २को नाम] ॥८०॥ अभिनीत ७ [मुनासीव भयेको । खूव सप्रेको । सहिष्णु । ३को नाम] संस्कृत ७ [बनाइयेको = सुधारियेको । शास्त्रले शुद्ध गरियेको। २को नाम] अनन्त ७ [अन्त्य नपाइने वस्तुको नाम] अनन्त १ [शेषनागको नाम] अनन्त ३ [आकाशको नाम] ॥८१॥ प्रतीत ७ [प्रसिद्ध । प्रसन्न । २को नाम] अभिजात ७ [कुलीन = खान्दानी । विद्वान् । २को नाम] विविक्त ७ [पवित्र । एकान्तमा रहेको । २को नाम] मूर्छित ७ [मूर्छापरेको । बढेको। २को नाम] शुक्त ७ [अमिल्यायेको । सुकायेको। २को नाम] शिति ७ [सेतो ।कालो। २को नाम] सत् ७ [साँचो = सत्य । सन्त । असल । रही रहने । माननीय । ५को नाम] ॥८३॥ पुरस्कृत ७ [मानियेको । शत्रुले चढाई गरियेको । अघिसारियेको ।

२५६८ जातोन्नद्धप्रवृद्धाः स्युरुच्छ्रिता उत्थितास्त्वमी ।
२५६९ वृद्धिमत्प्रोद्यतोत्पन्ना आदृतौ सादरार्चितौ ॥८५॥

॥ इति तान्ताः ॥

२५७० अर्थोऽभिधेयरैवस्तुप्रयोजननिवृत्तिषु ।
२५७१ निपानागमयोस्तीर्थमृषिजुष्टे जले गुरौ ॥८६॥
२५७२ समर्थस्त्रिषु शक्तिस्थे सम्बद्धार्थे हितेऽपि च ।
२५७३ दशमीस्थौ क्षीणरागवृद्धौ वीथीपदव्यपि ॥८७॥
२५७४ आस्थानी यत्नयोरास्था प्रस्थोऽस्त्री सानुमानयोः ।
२५७५ "शास्त्र द्रविणयोर्ग्रन्थः संस्थाधारे स्थितौ मृतौ ॥"

॥ इति थान्ताः ॥

२५७६ अभिप्रायवशौ छन्दावब्दौ जीमूतवत्सरौ ॥८८॥
२५७७ अपवादौ तु निन्दाज्ञे दायादौ सुतबान्धवौ ।
२५७८ पादा रश्म्यङ्घ्रितुर्यांशाश्चन्द्राग्न्यर्कास्तमोनुदः ॥८९॥

३को नाम] निवात ७ [आश्रयणगरियेको । हावा नभयेको । हथियारले छेडन नशकिने कवच । ३को नाम] ॥८४॥

उच्छ्रित ७ [उत्पन्न भयेको । चढेको = वढेको । ठाडो भयेको । अग्लो । ४को नाम] उत्थित ७ [उठेको = उन्नतितर्फ लागेको । तयारभयेको । उत्पन्न भयेको । ३को नाम] आदृत ७ [आदर गर्ने । आदर गरिने । २को नाम] ॥ इति तान्ताः ॥८५॥ अर्थ १ [शब्दवाट बुझिनेवस्तु(अर्थ)। धन । वस्तु = सामान्य चीज । प्रयोजन (मतलव)। कतैवाट हटनु = निवृत्ति । ५को नाम] तीर्थ ३ [निपान (इनारका अगलवगलमा पानी अडयाइराख्न वनायेको जलाशय = खाल्डो । पानीघाट = पँधारो । शास्त्र । ऋषिमुनिले स्नानसन्ध्यागरिने जलाशय । गुरु । ५को नाम] ॥८६॥ समर्थ ७ [सालर्थ्यवान् = शक्तिशाली । परस्पर सम्बन्धभयेका समासयोग्य पद । हितकारी । ३को नाम] दशमीस्थ ७ [विरक्त=वैराग्यवान् । बूढो । २को नाम] वीथी २ [वाटो । लश्कर=पङ्क्ति । नाटकविशेष । ३को नाम] ॥८७॥ आस्था २ [सभा । प्रयत्न । प्रतिज्ञा । आदर । ४को नाम] प्रस्थ ५ [पर्वतको टाकुरो । प्रस्थपरिमाण = १ पाथी । २को नाम] ग्रन्थ १ [शास्त्र । धन= गुठिला=गठरी । २को नाम] संस्था २ [आधार=कुनै असल-अथवा खराव काम गर्ने ठाउँ । थिती । मरण । ३को नाम] ॥ इति थान्ताः ॥ छन्द १ [अभिप्राय= मन्साय । अधीन । २को नाम] अब्द १ [मेघ । संवत्सर । २को नाम] ॥८८॥ अपवाद १ [निन्दा । आज्ञा=विशेषवचन । २को नाम] दायाद १ [पुत्र । बान्धव । २को नाम] पाद १ [किरण । खुट्टा । चौथाई=१ पाउ । ३को नाम] तमोनुद १ [चन्द्रमा । अग्नि । सूर्य । ३को नाम] ॥८९॥

२५७९ निर्वादो जनवादेऽपि शादो जम्बाल शष्पयोः ।
२५८० सारावे रुदिते त्रातर्याक्रन्दो दारुणे रणे ॥९०॥
२८८१ स्यात्प्रसादोऽनुरागेऽपि सूदः स्याद्व्यञ्जनेऽपि च ।
२५८२ गोष्ठाध्यक्षेऽपि गोविन्दो हर्षेऽप्यामोदवन्मदः ॥९१॥
२५८३ प्राधान्ये राजलिङ्गे च वृषाङ्गे ककुदोऽस्त्रियाम् ।
२५८४ स्त्री संविज्ज्ञानसंभाषाक्रियाकाराजि नामसु ॥९२॥
२५८५ धर्मे रहस्युपतिषत्स्यादृतौ वत्सरे शरत् ।
२५८६ पदं व्यवसितत्राणस्थानलक्ष्माङ्घ्रिवस्तुषु ॥९३॥
२५८७ गोष्पदं सेविते माने प्रतिष्ठा कृत्यमास्पदम् ।
२५८८ त्रिष्विष्टमधुरौ स्वादू मृदू चातीक्ष्णकोमलौ ॥९४॥
२५८९ मूढाल्पापटुनिर्भाग्या मन्दाः स्युर्द्वौ तु शारदौ ।
२५९० प्रत्यग्राप्रतिभौ विद्वत्सुप्रल्भौ विशारदौ ॥९५॥

॥ इति दान्ताः ॥

२५९१ व्यामो वटश्च न्यग्रोधा वुत्सेधः कायउन्नतिः ।
२५९२ पर्याहारश्च मार्गश्च विवधौ वीवधौ च तौ ॥९६॥

निर्वाद १ [लोकापवाद=वदनामी । निर्णयगरियेको कुरा । २को नाम] शाद १ [हिलो । घाँस=तृण । २को नाम] आक्रन्द १ [रुनुकराउनु । रक्षक । भयानक लडाईको घमासानी । ३को नाम] ॥९०॥ प्रसाद १ [प्रेम । प्रसन्नता । निर्मलता । वाक्य सुन्दासुन्दैमा तुरन्त अर्थवोध गराउने काव्यगुण । ४को नाम] सूद १ व्यञ्जन=तिहुन्-तर्कारी-अचार-इत्यादि भोजनोपकरण । भान्से । २को नाम] गोविन्द १ [गोठको मालिक । कृष्णभगवान् । २को नाम] आमोद १ [हर्ष । असलवास्ना । २को नाम] मद १ [हर्ष । घमण्ड । हाथीप्रभृतिको मद । वीर्य । ४को नाम] ॥९१॥ ककुद ५ [मुख्यत्व=प्रधानता । छत्रचामरादि राजचिह्न । साँढेको जुरो । ३को नाम] संविद् २ [ज्ञान । वातचीत । कामगर्ने मतो । लडाई । ४को नाम] ॥९२॥ उपनिषद् २ [धर्म । रहस्य=गोप्यकुरा । वेदको ज्ञानकाण्ड । ३को नाम] शरद् २ [शरदृतु । संवत्सर । २को नाम] पद ३ [उदद्योग । रक्षा । स्थान । चिह्न । पाउ । वस्तु । सुप्तिङन्त । ७को नाम] गोष्पद ३ [गाईका-पाइलाको-डोवकिलो । गाई-चरने स्थान=गोचर । २को नाम] आस्पद ३ [इज्जत(दर्जा) । काम । २को नाम] स्वादु ७ [मन्परेको । गुलियो । मीठो । ३को नाम] मृदु ७ [नरम=कमलो । ठण्डा । २को नाम] ॥९४॥ मन्द ७ [मूर्ख । थोरै=अलिअलि । जुम्सो । अभागी । ४को नाम] शारद् ७ [नयाँ । अधृष्ट । २को नाम] विशारद ७ [पण्डित । धृष्ट । २को नाम] ॥९५॥ इति दान्ताः ॥ न्यग्रोध १ [तेर्स्यायेका २ हात वरावरको लमाईं । वटवृक्ष(वर) । २को नाम] उत्सेध १ [शरीर । ऊचाई । २को नाम] विवध १, वीवध १ [खर्पन । बाटो । इन्द्रिय स्थिर गर्ने ध्यानादि उपाय । ३को नाम] ॥९६॥

२५९३ परिधिर्यज्ञियतरोः शाखायामुपसूर्यके ।
२५९४ बन्धकं व्यसनं चेतःपीडाधिष्ठानमाधयः ॥९७॥
२५९५ स्युः समर्थननीवाकनियमाश्च समाधयः ।
२५९६ दोषोत्पादेऽनुबन्धः स्यात् प्रकृत्यादिविनश्वरे ॥९८॥
२५९७ मुख्यानुयायिनि शिशौ प्रकृतस्यानुवर्तने ।
२५९८ विधुर्विष्णौ चन्द्रमसि परिच्छेदे विलेऽवधिः ॥९९॥
२५९९ विधिर्विधाने दैवेऽपि प्रणिधिः प्रार्थने चरे ।
२६०० बुधवृद्धौ पण्डितेऽपि स्कन्धः समुदयेऽपि च ॥१००॥
२६०१ देशे नदविशेषेऽब्धौ सिन्धुर्ना सरितिस्त्रियाम् ।
२६०२ विधा विधौ प्रकारे च साधु रम्येऽपि च त्रिषु ॥१०१॥
२६०३ वधूर्जाया स्नुषा स्त्री च सुधा लेपोऽमृतं स्नुही ।
२६०४ सन्धा प्रतिज्ञा मर्यादा श्रद्धा संप्रत्ययः स्पृहा ॥१०२॥
२६०५ मधु मद्ये पुष्परसे क्षौद्रेऽप्यन्धं तमस्यपि ।
२६०६ अतस्त्रिषु समुन्नद्धौ पण्डितम्मन्यगर्वितौ ॥१०३॥

परिधि १ [यज्ञिय (यज्ञोपयोगी) वृक्षको हाँगा। परिवेष (सूर्य र चन्द्रमा प्रभृतिको घेरा)। २को नाम] आधि १ [ऋणलिंदा राखिने बन्धक। कुलत। मनोव्यथा। राख्ने स्थान। ४को नाम] ॥९७॥ समाधि १ [समाधान = शङ्काको निराकरण। मौनभाव। कबूल। योगको अन्तिम अवस्था। ४को नाम] अनुबन्ध १ [दोषको उत्पत्तिविशेष। प्रकृति-प्रत्ययको विनाशी अंश = लोपहुने इत्संज्ञक वर्ण। मुख्यको पछिलाग्ने (पुछर लाग्ने=पछ्याउने) बालक प्रभृति । चलायेको काम चलाउनु। ४को नाम] चोरीरूप दुष्कर्म भयेपछी असत्यभाषणरूप दोष नभई रहदैन, असत्यभाषण चोरीको अनुबन्ध हो। मद्यपान भयेपछी आचारभ्रंश नभई रहदैन, आचारभ्रंश मद्यपानको अनुबन्ध हो। इत्यादि ॥९८॥ विधु १ [विष्णु। चन्द्रमा। २को नाम] अवधि १ [अवधि = मियाद। प्वाल। २को नाम] ॥९९॥ विधि १ [गर्नु। विधिविधान । ब्रह्मा। दैव=भाग्य। ४को नाम] प्रणिधि १ [प्रार्थना गर्नु। चर=चेवा=जासूस। ३को नाम] बुध १ [पण्डित। बुधग्रह। २को नाम] वृद्ध ७ [पण्डित। बूढो। २को नाम] स्कन्ध १ [समुदाय। काँध। काप= हाँगाफाटने ठाउँ। ३को नाम] ॥१००॥ सिन्धु १ [सिन्धदेश। सिन्धनद। समुद्र। ३को नाम] सिन्धु २ [नदीको नाम] विधा २ [विधिविधान । विधि=तरीका। २को नाम] साधु ७ [परोपकारी। राम्रो। असल। ३को नाम] ॥१०१॥ वधू २ [आफ्नी स्त्री। बुहारी। सामान्य स्त्री। दुलही। ४को नाम] सुधा २ [चून। अमृत। सिहुँडी। ३को नाम] सन्धा २ [प्रतिज्ञा । मर्यादा=थिती। २को नाम] श्रद्धा २ [राम्रोपत्यार। इच्छा। २को नाम] ॥१०२॥ मधु ५ [मदिरा। फुलको रस। मह। ३को नाम] मधु १ [चैत्रमहिनाको नाम] अन्ध ३ [अन्धकारको नाम] अन्ध ७ [अन्धा (नेत्रहीन)को नाम] समुन्नद्ध ७ [पण्डितम्मन्य (आफुलाई

२६०७ **ब्रह्मबन्धुरधिक्षेपे निर्देशेऽथावलम्बितः ।**
२६०८ **अविदूरोऽप्यवष्टब्धः प्रसिद्धौ ख्यातभूषितौ ॥१०४॥**
॥ इति धान्ताः ॥
२६०९ **सूर्यवह्नी चित्रभानू भानू रश्मिदिवाकरौ ।**
२६१० **भूतात्मानौ धातृदेहौ मूर्खनीचौ पृथग्जनौ ॥१०५॥**
२६११ **ग्रावाणौ शैलपाषाणौ पत्रिणौ शरपक्षिणौ ।**
२६१२ **तरुशैलौ शिखरिणौ शिखिनौ वह्निबर्हिणौ ॥१०६॥**
२६१३ **प्रतियत्नावुभौ लिप्सोपग्रहावथ सादिनौ ।**
२६१४ **द्वौ सारथिहयारोहौ वाजिनोऽश्वेषुपक्षिणः ॥१०७॥**
२६१५ **कुलेऽप्यभिजनो जन्मभूम्यामप्यथ हायनः ।**
२६१६ **वर्षार्चिर्व्रीहिभेदाश्च चन्द्राग्न्यर्का विरोचनाः ॥१०८॥**
२६१७ **केशेऽपि वृजिनो विश्वकर्मार्कसुरशिल्पिनोः ।**
२६१८ **आत्मा यत्नो धृतिर्बुद्धिः स्वभावो ब्रह्म वर्ष्म च ॥१०९॥**

पण्डित ठान्ने लण्ठ) । घमण्डी । २को नाम] ॥१०३॥

ब्रह्मबन्धु ७ [ब्राह्मणको निन्दा गर्दा प्रयोग गरिने शब्द । ब्राह्मणको निर्देश । २को नाम] ॥(क)॥ अवष्टब्ध ७ [थामियेको (समातियेको) । नगीचको । २को नाम] प्रसिद्ध ७ [प्रख्यात भइसकेको । सिँगारियेको । २को नाम] ॥१०४॥ इति धान्ताः ॥ चित्रभानु १ [सूर्य । अग्नि । २को नाम] भानु १ [किरण । सूर्य । २को नाम] भूतात्मन् १ [ब्रह्मा । शरीर । २को नाम] पृथग्जन १ [मूर्ख । नीच । २को नाम ॥१०५॥ ग्रावन् १ [पर्वत । ढुङ्गो । २को नाम] पत्रिन् १ [बाण । पक्षी । २को नाम] शिखरिन् १ [वृक्ष । पर्वत । २को नाम] शिखिन् १ [अग्नि । मयूर । २को नाम] ॥१०६॥ प्रतियत्न १ [मन्सुवा । गुणाधान (संस्कार) । २को नाम] सादिन् १ [सारथि । घोडसवार । २को नाम] वाजिन् १ [घोडा । बाण । पक्षी । ३को नाम] ॥१०७॥ अभिजन १ [खान्दान । जन्मभूमि । पुर्खाहरुवसेको अवस्थल । ३को नाम] हायन ५ [वर्षको नाम] हायन १ [तेज-किरण । धानविशेष । २को नाम] विरोचन १ [चन्द्रमा । अग्नि । सूर्य । ३को नाम] ॥१०८॥ वृजिन १ [केश=रउँको नाम]

(क) साधारण-निन्दा-वुझाउने-ब्रह्मबन्धु-शब्द शिष्टप्रयोगानुसार केवलजातिमात्रले-ब्राह्मण-भयेको-ब्राह्मणोचित-धर्मनहुने-अधमब्राह्मणलाई भन्नु-पर्दा प्रयोग-गरिन्छ—

यद् ब्रह्मबन्धोः शिर आततायिनः, गाण्डीवमुक्तैर्विशिखैरुपाहरे [भागवत]

यहाँ 'आततायी-ब्राह्मणाधम (काठो)-अश्वत्थामाको शिर गाण्डीवधनुबाट-छुटेका-बाणले काटेर ल्याउँछु' भन्दा जातिपुरस्कार-गरेर (जात उट्केर) ब्राह्मणनिन्दागरेको स्पष्ट बुझिन्छ । ब्रह्मबन्धु-शब्द उपलक्षक हो, जातिपुरस्कार-गरेर-निन्दा-गर्दा क्षत्त्रियलाई क्षत्त्र-बन्धु भनेर प्रयोग-गरेको पनि देखिन्छ 'किं नु स्यात् क्षत्त्रबन्धुभिः' [भागवत]

२६१९ शक्रो घातुकमत्तेभो वर्षुकाब्दो घनाघनः ।
द्रुष्ठु ८ [खराबलाई बुझाउँछ] सुष्ठु ८ [असललाई बुझाउँछ]—दुवै जस्तै–
(८-९) द्रुष्ठु ते चापलं भूयः, सुष्ठु बुद्धिस्तु तावकी ।

सायम् ८ [साँझ(वेलुका)लाई बुझाउँछ] प्रगे ८, प्रातर् ८ [विहानालाई बुझाउँछन्]—दुवै जस्तै—

(१०-११) सायं कुलायमायान्ति, निर्गच्छन्ति प्रगे खगाः ।
निकषा ८ [नगीचलाई बुझाउँछ] जस्तै—

---

(१) अँ जान्छौ ? बाटा-वाटामा सफा पानि पिउदै, ठिक्कै गरि हिंड्दै, हितवस्तु खाँदै, घर पुगेर प्रेमपत्र पठाये हौ ।

(२) हे जगज्जननि ! (दुर्गे) विपत्तिले परवश पारियेका मेरा ऊपर दुवै नजर राखिवक्सनुहवोस् ।

(३) हँ ! चोर ता होइन ? ।

(४) विहाना(उषाकालमा) उठेर उषापति(अनिरुद्ध)का पितामह(कृष्ण)लाई संझोस् ।

(५) संपूर्ण कल्याणका खानिस्वरूप भयेका गणाधिपति(गणेशजी)लाई नमस्कार छ ।

(६) कठिन (असजिलो) हुनाले मैले बुझिन, विस्तारपूर्वक फेरि बुझाउनुहोस् ।

(७) अतिक्षुद्र व्यक्ति पनि निन्दा गर्न योग्य छैन, पृथ्वीपति(राजा)को वारेमा के भन्नुपर्दछ ।

(८-९) तेरो चञ्चलपना साह्रै खराब छ, तेरो बुद्धि ता वेस (असल) थियो ।

(१०-११) पक्षीहरू साँझमा गुँडमा आउछन्, विहाना निस्कन्छन् ।

२९५५ परुत् परार्यैषमोऽब्दे पूर्वे पूर्वतरे यति ।
२९५६ अद्यात्राह्न्यथ पूर्वेऽह्नीत्यादौ पूर्वोत्तरापरात् ॥२०॥
२९५७ तथाऽधरान्यान्यतरेतरात् पूर्वेद्युरादयः ।

(१) प्रयान्ति निकषा ग्रामं सहकार फलार्थिनः ।
परुत् ८ [पूर्ववर्ष(पोहोर)लाई बुझाउँछ] जस्तै—
(२) अहं विमुच्य सदनं परुत् काशीं समागतः ।
परारि ८ [पूर्वतर वर्ष(पह्लार)लाई बुझाउँछ] जस्तै—
(३) आसं पुरारि कृपया परारि तु गृही सुखी ।
एषमस् ८ [वर्तमान वर्ष(यो साल)लाई बुझाउँछ] जस्तै—
(४) कृषिवाणिज्यहीनानामैषमो विषमा दशा ।
अद्य ८ [आजलाई बुझाउँछ] जस्तै—
(५) अद्य संपाद्य कार्याणि सद्य आयाहि याहि भोः ! । 'पूर्वे अह्नि इत्यादौ' (अघिल्ला दिनमा इत्यादि विवक्षा गरेमा) पूर्वोत्तरापरात्, अधरान्यान्यतरेतरात् (पूर्व १, उत्तर २, अपर ३, अधर ४, अन्य ५, अन्यतर ६, इतर ७ ई ७ शब्दबाट) [सद्यः परुत् ५ । ३ । २२ इत्यादि सूत्रले एद्युस् प्रत्यय हुने हुनाले] पूर्वेद्युः आदयः शब्दाः (पूर्वेद्युः आदि गरेका ७ शब्द बन्दछन्)

पूर्वेद्युस् ८ [पूर्वदिन (हिजो)] उत्तरेद्युस् ८ [पल्लोदिन (भोलि पल्ट)] जस्तै-
(६) पूर्वेद्युर्नाऽभवत्कार्यमुत्तरेद्युर्भवेदपि ।
अपरेद्युस् ८ [अर्को दिन] अधरेद्युस् ८ [पछिल्लो (गयेको) दिन] जस्तै—
(७) अपरेद्युः समागच्छाऽधरेद्युः क्व गतोऽभवः ? ।
अन्येद्युस् ८, अन्यतरेद्युस् ८ [२ अर्को दिन] जस्तै—
(८) अन्येद्युरात्मानुचरस्य भावं जिज्ञासमाना मुनिहोमधेनुः ।
जिज्ञासमानान्यतरेद्युरात्मानुगस्य भावं मुनिहोमधेनुः ।
महीपतेर्हार्दमथेतरेद्युर्जिज्ञासमाना मुनिहोमधेनुः ।
—यस्तो परिवर्तनले सबै पर्याय प्रयुक्त हुन शक्तछन् ।

---

(१) आपका फलको खायश गर्नेहरू गाउँको नगीच जान्छन् ।
(२) म घर छाडेर पोहोर काशी आयें ।
(३) पुरारि(शङ्करजी)का कृपाले पह्लार ता म गृहस्थ र सुखी थियें ।
(४) खेतीपाती र बन्दव्यापार नभयेका मानिसको यो साल कठिन हालत छ ।
(५) जाउ हैं ! आज काम सिघ्यायेर तुरन्त आउ ।
(६) हिजो काम भयेन भोली होइहाल्छ की ? ।
(७) अर्का दिन आउ, हिजो कहाँ गयेका थियौ ?
(८) अर्का दिन आफ्ना अनुयायी-राजाको भाव(भक्ति)जान्न इच्छा गर्ने वशिष्ठकी गाई–इत्यादि।

२९५८ उभयद्युश्चोभयेद्युः परेत्वह्नि परेद्यवि ॥२१॥
२९५९ ह्यो गतेऽनागतेऽह्निश्वः परश्वस्तु परेऽहनि ।
२९६० तदा तदानीं युगपदेकदा सर्वदा सदा ॥२२॥
२९६१ एतर्हि संप्रतीदानीमधुना सांप्रतं तथा ।

उभयद्युस् ८, उभयेद्युस् ८ [दुइ दिन] जस्तै—

(१) व्रतवासरसन्देहादुभय(ये)द्युरुपावसत् ।

परेद्यवि ८ [पल्लोदिन (भोली-पर्सी)] जस्तै—

(२) अद्य गच्छ क्षणो नास्ति समागच्छेः परेद्यवि ।

ह्यस् ८ [हिजो] श्वस् ८ [भोली] परश्वस् ८ [पर्सी] जस्तै—

(३) ह्यो द्वितीयाऽभवत्, श्वस्तु चतुर्थी भविता तिथिः । परश्वः पञ्चमी, तस्यामक्षरारम्भणं शिशोः ।

तदा ८, तदानीम् ८ [त्यसबखतमा] जस्तै—

(४) यदाभिमन्युं विरथमेकाकिनमनायुधम् ।
यूयं संभूय षट् जघ्न क्व ते धर्मस्तदा गतः ? । इत्यादि ।

युगपत् ८, एकदा ८ [एकैफेर (एकै चोटी)] जस्तै—

(५) परस्सहस्रायुगपत् पार्थेन प्रहिताः शराः ।

सर्वदा ८, सदा ८ [सँदै(धै)] जस्तै—

(६) सर्वदाऽस्माभिराराध्यः सदा श्रीमान् गदाधरः ।

एतर्हि ८, संप्रति ८, इदानीम् ८, अधुना ८, सांप्रतम् ८ [५ ऐले] जस्तै--

(७) एतर्हि बर्हिणगणाः परितो नटन्ति,
वर्षन्ति सम्प्रति घनाः, कृषका इदानीम् ।
नन्दन्ति, वृद्धिमधुना दधते तटिन्यो,
निद्राति साम्प्रतमधीश्वर इन्द्रिरायाः ॥

---

(१) व्रत गर्ने दिन सन्दिग्ध भयेकाले दुवै दिन उपवास गरे (निराहार रहे) ।

(२) आज जाउ, फुर्सद छैन, भोलीपर्सीतिर आये ।

(३) हिजो द्वितीया थियो, भोली चतुर्थी हुनेछ, पर्सी पञ्चमी हो,–त्यसैमा बालकको अक्षरारम्भ ।

(४) जुन समयमा विरथी, अकेला, निःशस्त्र, भयेका—अभिमन्युलाई तिमीहरु ६ जना वीर संमिलित भयेर मारेथ्यौ, त्यसवेलामा तेरो धर्म कहाँ गयेको थियो ? [ऐले आफुलाई आपत्ति पर्न लाग्दा धर्म खोज्दछस् ? । अगी तैंले मारेका धर्मले ऐले तलाई अवश्य मार्दछ, 'धर्म एव हतो हन्ति धर्मो रक्षति रक्षितः' यो कुरा निश्चित छ] ।

(५) पृथापुत्र अर्जुनले हजारौ बाण एकसाथ छाडे ।

(६) सदासर्वदा हामीले सदाश्रीमान् रहेका गदाधर(विष्णुभगवान्)को आराधना गर्नु पर्दछ ।

(७) ऐले (वर्षाकालमा) चारैतर्फ मयूरका बथान नाच्न लागेका छन्, ऐले किसानहरू खुशी भई रहेका छन् । ऐले नदीहरू वृद्धिधारण गर्दछन् (बढदैछन्) ऐले लक्ष्मीपति भगवान् सुकला भइरहीवक्सेको छ ।

३७

२९६२ दिग्देशकाले पूर्वादौ प्रागुदक्प्रत्यगादयः ॥२३॥

इत्यव्ययवर्गः ॥४॥

पूर्वादौ दिग्देशकाले प्रागुदक् प्रत्यगादयः [शब्दाः प्रयोक्तव्याः] पूर्वदिशा, पूर्वदेश, पूर्वकाल प्रभृति अर्थ बुझाउनु परेमा प्राक् प्रभृति (उदक-प्रत्यक्) शब्दको प्रयोग गर्नुपर्दछ,) अर्थात्--

प्राक् ८ [पूर्वदिशा, पूर्वदेश, पूर्वकाल, ३ तीनलाई बुझाउँछ] जस्तै--

(१) प्राग्वर्तते पूः कलिकाताभिधाना ।

(२) प्राङ्मन्दिरं नः सदनाच्छूलपाणेः ।

(३) प्राग्भूतले प्रादुरभूद्रामभद्रः ।

यस्तै प्रकारले--

उदक् ८ [उत्तर दिशा, उत्तर देश, उत्तर (उप्रान्तको) काल, ३लाई बुझाउँछ] प्रत्यक् ८ [पश्चिम दिशा, पश्चिम देश, पश्चिम (पछिल्लो)काललाई बुझाउँछ आदि शब्द पढेको हुनाले—

अवाक् ८ [दक्षिणदिशा, दक्षिण देश, दक्षिण (वल्लो)काललाई बुझाउँछ ।

उत्तरात् ८, उत्तरेण ८, उत्तरतस् ८ [उत्तरदिशा, उत्तरदेश, उत्तर(पल्लो) काललाई बुझाउँछन्]

अधरात् ८, अधरेण ८ [ऊधो(तल्लो भाग)लाई बुझाउँछन् ।

दक्षिणात् ८, दक्षिणेन ८, दक्षिणा ८, दक्षिणाहि ८, दक्षिणतस् ८ [दक्षिणदिशा र दाहिनेतर्फ बुझाउँछन्] ।

इत्यव्ययवर्गः ॥४॥

---

(१) कलिकाता (कलकत्ता) नाम्नी नगरी पूर्वदिशामा छ ।

(२) शङ्करजीको मन्दिर हाम्रो घरभन्दा पूर्व छ ।

(३) अघी रामचन्द्रजी भूतलमा प्रकट हुनुभयेथ्यो ।

अथ स्त्रीलिङ्गसंग्रहः ॥

२९६३ सलिङ्गशास्त्रैः सन्नादिकृत्तद्धितसमासजैः ।
२९६४ अनुक्तैः संग्रहे लिङ्गं संकीर्णवदिहोन्नयेत् ॥१॥
२९६५ लिङ्गशेषविधिर्व्यापी विशेषैर्यद्यबाधितः ।

लिङ्गकोसमेत-विधान-गर्ने 'स्त्रियां क्तिन्' 'पुंसि संज्ञायां घः प्रायेण' 'नपुंसके भावे क्तः' 'ल्युट् च' इत्यादि वचनले-सहित-भयेका-सन्, क्यच्, काम्यच्, इत्यादि प्रत्यय अन्त्यमा हुने र कृत्प्रयान्त, तद्धितप्रत्ययान्त, समासविधायक शास्त्रले विधान गरियेका, पहिले प्रायः नकहियेका शब्दको [यो संग्रहवर्गमा संग्रह हुनेछ, यस्मा पनि] संकीर्ण-वर्गमाझैं, कहिं प्रकृतिले, कहिं प्रत्ययले लिङ्ग छुट्याउनु पर्दछ ।

जस्तै—अर्धर्चं, ध्वज, कुशप्रभृति-प्रकृति देखिये भने 'अर्धर्चाः पुंसि च' भन्ने शास्त्रका अनुसार पुंलिङ्ग र क्लीबलिङ्ग हुने रहेछ भनि बुझ्नुपर्‍यो । क्तिन् प्रत्ययान्त गति, मति प्रभृति शब्द देखिये भने 'स्त्रियां क्तिन्' भन्ने शास्त्रका अनुसार स्त्रीलिङ्ग हुने रहेछ भनि बुझ्नुपर्‍यो। ल्युट् प्रत्ययान्त भावे क्त प्रत्ययान्त गमन, गत, प्रभृति शब्द देखिये भने 'ल्युट् च' 'नपुंसके भावे क्तः' इत्यादि शास्त्रानुसार क्लीबलिङ्ग बुझनुपर्‍यो । इत्यादि ।

लिङ्गशेषको विधानगर्ने-वचन, विशेषवचनले-बाधित-छैन भने व्यापक हुन्छ । अर्थात्—'स्त्रियामीदूद्विरामैकाच् सयोनिप्राणिनाम च' इत्यादि वचनले ई-ऊ अन्त्यमा हुने-एकअच् भयेका-धी-भ्रू आदि शब्द विशेष वचनले-वाधित छैनन् र 'स्त्रीयामीदूत्—' इत्यादिवचन व्यापक-भयेर धी-भ्रू प्रभृति-शब्दको स्त्रीलिङ्ग बुझाउछन् । नी-लू-प्रभृति-शब्द यहि वचनको-अनुसार स्त्रीलिङ्गी-हुनुपर्दथे तापनि 'कृतः कर्तर्यसंज्ञायाम्' भनि पछि-देखाइने-वचनको-अनुसार कर्तामा-विधानगरियेका-कृत्प्रत्ययान्त-हुनाले तिनै-लिङ्गमा-रहने हुन्छन्, यो स्त्रीलिङ्गविधानगर्ने वचनको बाध हुन्छ ।

'योनि (भग)भयेका-प्राणिलाई-कहने-शब्द स्त्रीलिङ्गी हुन्छन्' भनि यो-वचन-ले-भन्दछ ता-पनि स्त्रीलाई-कहने-दारशब्द 'पुं भूम्निदाराः' यो-अधिकहियेका-वचनानुसार पुंलिङ्गी-बहुवचनान्तै हुन्छ, त्यो शब्दमा यो-सामान्य वचनलाई त्यो विशेष-वचनले बाध गर्दछ। [लिङ्ग-विधायक 'सामान्य वचनलाई लिङ्गविधायक-विशेष-वचनले बाध गर्दछ'] यति कुरामा खूब हेक्का राख्नु-पर्दछ ।

२९६६ स्त्रियामीदूद्विरामैकाच् सयोनिप्राणिनाम च ॥२॥
२९६७ नाम विद्युन्निशावल्लीवीणादिग्भूनदीह्रियाम् ।
२९६८ अदन्तैर्द्विगुरेकार्थो न स पात्रयुगादिभिः ॥३॥

अब-उप्रान्त 'स्त्रियाम्' यो-वचनको-अधिकार छ (अर्थात् अर्को-लिङ्गविधान गर्ने-अर्कोवचन-नआउनुज्याल अब बताइने शब्द स्त्रीलिङ्गी मनि जान्नुपर्दछ) ।

१ ईदूद्विरामैकाच् स्त्रियाम् (ईकार-ऊकार अन्त्यमा हुने-एकअच्भयेको-शब्द स्त्रीलिङ्गमा रहन्छ) । जस्तै—धीः २, श्रीः २, भ्रूः २, इत्यादि ।

सयोनिप्राणिनाम च स्त्रियाम् (योनि(भग)भयेका-प्राणिलाई-कहने-शब्द पनि स्त्रीलिङ्गमा रहन्छ) । जस्तै—माता २, दुहिता २, स्वसा २, इत्यादि ।

स्त्रीलाई-कहने-दारशब्द-र-कलत्रशब्द 'पु भूम्निदाराः' 'कलत्रं श्रोणि-भार्ययोः' ई २ बाधक विशेष वचनानुसार पुंलिङ्गमा र क्लीवलिङ्गमा रहन्छ ।

विद्युत्[1]-निशा[2]-वल्ली[3]-वीणा[4]-दिग्[5]-भू[6]-नदी[7]-ह्रियाम्[8] नाम स्त्रियाम् (बिजुली[1], रात्रि[2], लता[3], वीणा[4], दिशा[5], पृथ्वी[6], नदी[7], लज्जा[8] यती—८ चीजलाई-कहने-शब्द स्त्रीलिङ्गमा रहन्छ) जस्तै—

(१) विद्युत् २, तडित् २ । (२) रात्रिः २, त्रियामा । (३) लता २, वीरुत् । (४) वीणा २, विपञ्ची २ । (५) दिक् २, हरित् २ । (६) भूमिः २, अचला २ । (७) तटिनी २, सरित् २ (८) त्रपा २, लज्जा २ ।

'अदन्तैः एकार्थः द्विगुः स्त्रियाम्' (ह्रस्व अकार अन्त्यमा हुने मूल-लोक आदि गरेका शब्दसँग समाहार अर्थमा गरेको द्विगु (संख्या पूर्वमा हुने) समास स्त्रीलिङ्गी हुन्छ) जस्तै— पञ्चानां मूलानां समाहारः = पञ्चमूली २ [पाँच थरी मूलको समुदाय] । त्रयाणां लोकानां समाहारः = त्रिलोकी २ [तीन लोकको समुदाय] चतुर्णां श्लोकानां समाहारः =चतुःश्लोकी २ [चार श्लोकको समुदाय] इत्यादि ॥(क)॥

पात्रयुगादिभिः सः न स्त्रियाम् (पात्र, युग, भुवन, इत्यादि शब्दसँग भयेको समाहार-द्विगुसमास भने स्त्रीलिङ्गी हुँदैन) जस्तै—'पञ्चानां पात्राणां समाहारः=पञ्च-पात्रम् ३ [पाँचोटा पात्रको समुदाय] चतुर्णाम् युगानां समाहारः = चतुर्युगम् ३ [चार युगको समुदाय] त्रयाणां भुवनानां समाहारः =त्रिभुवनम् ३ [तीन भुवन-(लोक)को समुदाय] इत्यादि ॥३॥(ख)॥

(क) अकारान्तोत्तरपदो द्विगुः स्त्रियामिष्टः (वा०) । (ख) पात्राद्यन्तस्य न (वा०) ।

२९६९ तल्, वृन्दे, येनिकटच्यत्रा, वैरमैथुनिकादिवुन् ।
२९७० स्त्रीभावादावनिक्तिण्वुलण्च्ण्वुच्क्यब्युजिञङ्निशाः ॥४॥

तल् स्त्रियाम् (तल् प्रत्ययान्तशब्द जुन्सुकै अर्थको भये पनि स्त्रीलिङ्गी हुन्छ) जस्तै—शुक्लस्य भावः =शुक्लता २ [सेतोपना] चपलस्य भावः =चपलता २ [चञ्चलपना] ॥(ग)॥ ग्रामाणां समूहः = ग्रामता २ [गाउँको समूह] जनानां समूहः =जनता २ [जनको समूह] इत्यादि ॥(घ)॥

वृन्दे येनिकटच्यत्राः स्त्रियाम् (समूह अर्थमा विधान गरियेका य[1], इनि[2], कटच्यच्[3], त्र[4], ई ४ प्रत्यय अन्त्यमा हुने शब्द स्त्रीलिङ्गी हुन्छन्) जस्तै—क्रमैले पाशानां समूहः पाश्या २ [पाशको समूह] वातानां समूहः =वात्या २ [वायुसमूह=हुरी] खलानां समूहः =खलिनी २ [खलाको समूह] पद्मानां समूहः =पद्मिनी २ [कमलसमूह] रथानां समूहः =रथकट्या [रथको समूह] गवां समूहः =गोत्रा २ [गाईको समूह] इत्यादि ॥(ङ)॥

वैरमैथुनिकादिवुन् स्त्रियाम् (वैर[1] अर्थमा र मैथुनिका[2] (यौनसंबन्ध) अर्थमा भयेको वुन् प्रत्ययान्तशब्द स्त्रीलिङ्गी हुन्छ) जस्तै—क्रमैले अश्वमहिषयोर्वैरम् = अश्वमहिषिका २ [घोडा र राँगाको वैरभाव] काकोलूकयोर्वैरं = काकोलूकिका २ [काग र लाटाकोसेराको वैरभाव] अत्रिभरद्वाजयोर्मैथुनिका=अत्रिभरद्वाजिका २ ॥(च)॥ [अत्रि र भरद्वाजको वैवाहिक नाता] वत्सगर्गयोर्मैथुनिका वत्सगर्गिका २ [वत्स र गर्गको वैवाहिक नाता] इत्यादि ।

'स्त्रियाम्' भन्ने सूत्रका अधिकारमा भाव-करण प्रभृति अर्थमा विधान गरियेका [1]अनि, क्तिन्[2], ण्वुल्[3], णच्[4], ण्वुच्[5], क्यप्[6], युच्[7], इञ्[8], अङ्[9], नि[10], श[11], यती ११ प्रत्यय अन्त्यमा हुने शब्द स्त्रीलिङ्गी हुन्छन् जस्तै—अङ्कका क्रमले—(❀)

(ग) तस्य भावस्त्वतलौ० । (घ) ग्रामजनवन्धुभ्यस्तल् । (ङ) पाशादिभ्यो यः । इनित्रकटचचश्च—खलादिभ्य इतिः । खलगोरथात् । (च) द्वन्द्वाद्वुन् वैरमैथुनिकयोः ।

(❀) (१) आक्रोशे नञ्यनिः ।
(२) स्त्रियां क्तिन् ।
(३) रोगाख्यायां ण्वुल् बहुलम् ।
(४) कर्मव्यतिहारे णच् स्त्रियाम्, णचः स्त्रियामञ् ।
(५) पर्यायार्हर्णोत्पत्तिषु ण्वुच् ।
(६) व्रजयजोर्भावे क्यप् ।
(७) ण्यासश्रन्थो युच् ।
(८) विभाषाख्यानपरिप्रश्नयोरिञ् च इञ् वपादिभ्यः ।
(९) षिद्भिदादिभ्योऽङ् ।
(१०) ग्लाम्लाज्याहाभ्योनिः ।
(११) कृञः श च इच्छा ।

२९७१ उणादिषु निरूरीश्च ङ्याबूङन्तं चलं स्थिरम् ।
२९७२ तत्क्रीडायां प्रहरणं चेन्मौष्टा पाल्लवा ण दिक् ॥५॥

अनि—(१) अजीवनिः २ [बाँच्न नपायेस् भनेर दियेको सराप] (१) अकरणिः २ [गर्न नपायेस् भनि दियेको सराप] इत्यादि। क्तिन्—(२) कृतिः २ [गर्नु] भूतिः २ [हुनु] इत्यादि। ण्वुल्—(३) प्रच्छर्दिका २ [छादने रोग] प्रवाहिका २ [छेर्ने रोग] इत्यादि। णच्—(४) व्यावक्रोशी २ [पालैपालाले गाली गर्नु चिच्च्याउनु=वाझावाझ] व्यात्युक्षी २ [परस्पर पानी छ्यापाछ्याप-गर्नु] इत्यादि। ण्वुच्—(५) शायिका २ [सुत्ने-पालो] इक्षुभक्षिका २ [उखुखाने पालो] इत्यादि। क्यप्—(६) व्रज्या २ [हिंडाई] इज्या २ [यज्ञगराई=यज्ञ] इत्यादि। युच्—(७) कारणा २ [वेदना-तकलीफ] आसना २ [वसाई] इत्यादि। इञ्—(८) कारिः २ [गराई] वापिः २ [रोपाई] इत्यादि। अङ्—(९) पचा २ (पकाई] छिदा २ [कटाई] इत्यादि। नि—(१०) ज्यानिः २ [वृद्धता] हानिः २ [नुक्सान] इत्यादि। श—(११) क्रिया २ [गराई] इच्छा २ [चाह] इत्यादि ॥४॥

उणादिषु निरूरीः च स्त्रियाम् (औणादिक नि[1] प्रत्यय, ऊ[2] प्रत्यय, ई[3] प्रत्यय अन्त्यमा हुने शब्द स्त्रीलिङ्गमा रहन्छ) जस्तै-क्रमैले (१) श्रेणिः २ [पङ्क्ति=लहर] श्रोणि २ [कटी] इत्यादि। (२) चमूः २ [सेना] कषूः २ [जीविका, गुञ्जिठाको आगो, कुलो] इत्यादि। (३) तरीः २ [डुङ्गा] तन्त्रीः [तार] इत्यादि।

ङ्याबूङन्तं चलं स्थिरं स्त्रियाम् (ङ्यन्त[1], आबन्त[2], ऊङन्त[3], शब्द चलवाचक अचलवाचक जस्तो भये पनि स्त्रीलिङ्गमा रहन्छ) जस्तै क्रमैले—

(१/१) चलवाचक ङ्यन्त—नारी २ [स्त्री] गौरी २ [पार्वती]
(१/२) अचलवाचक ङ्यन्त—कदली २ [केरा] तिन्तिडी २ [अमिलो]
(२/१) चलवाचक आबन्त—भार्या २ [स्त्री] उमा २ [पार्वती]
(२/२) अचलवाचक आबन्त—माला २ [माला] हरिद्रा २ [हलेदो]
(३/१) चलवाचक ऊङन्त—श्वश्रूः २ [सासू] कद्रूः २ [नागमाता]
(३/२) अचलवाचक ऊङन्त—कर्कन्धूः २ [बयर] अलाबूः २ [तुम्बा]

'तदस्यां प्रहरणमिति क्रीडायां णः' भन्ने सूत्रले 'त्योवस्तु-जुन्क्रीडामा-प्रहरण (हान्ने कुरा) हुन्छ' भन्ने-अर्थमा प्रहरणवाचक-शब्ददेखी-विधान-गरियेको-ण प्रत्यान्तशब्द स्त्रीलिङ्गी हुन्छ। 'मुष्टिः प्रहरणम् अस्यां क्रीडायां' भन्ने विवक्षा गर्दा ण प्रत्ययले सिद्धभयेको मौष्टा शब्द र, 'पल्लवः प्रहरम् अस्यां क्रीडायां' भन्ने विवक्षा गर्दा ण प्रत्ययले सिद्धभयेको पाल्लवाशब्द स्त्रीलिङ्गीभयो। मौष्टा २ [मुड्कीमुटकीले-हानेर-गर्नु-पर्ने-क्रीडा (खेल)=मुक्कामुक्कि] पाल्लवा २ [स्याउलैस्याउलाले-हानाहान- गर्नु-पर्ने-खेल] आदि पदको-अर्थबुझाउने-दिक्शब्दले दाण्डा २ [डण्डाले-हानाहान-गरिने खेल] मौण्डा २ [टाउका-टाउकाले-हानाहान-गर्नु-पर्ने (जुध्नु-पर्ने) खेल]इत्यादि वुझ्नु पर्दछ ॥ ५ ॥

२९७३ घञो ञः सा क्रियाऽस्यां चेद्दाण्डपाता हि फाल्गुनी ।
२९७४ श्यैनम्पाता च मृगया तैलम्पाता स्वधेति दिक् ॥६॥
२९७५ स्त्री स्यात्काचिन्मृणाल्यादिर्विविवक्षापचये यदि ।
२९७६ लङ्का शेफालिका टीका धातकी पञ्जिकाऽऽढकी ॥७॥
२९७७ सिध्रका सारिका हिक्का प्राचिकोल्का पिपीलिका ।
२९७८ तिन्दुकी कणिका भङ्गिः सुरङ्गासूचिमाढयः ॥८॥
२९७९ पिच्छावितण्डाकाकिण्यःश्चूर्णिः शाणी द्रुणी दरत् ।
२९८० सातिः कन्था तथाऽऽसन्दी नाभी राजसभाऽपि च ॥९॥
२९८१ झल्लरी चर्चरी पारी होरा लट्वा च सिध्मला ।
२९८२ लाक्षा लिक्षा च गण्डूषा गृध्रसी चमसी मसी ॥१०॥

॥ इति स्त्रीलिङ्गसंग्रहः ॥

'घञः साऽस्यां क्रियेति ञः' भन्ने-सूत्रले घञ्-प्रत्ययान्त-कुनै-शब्ददेखी 'त्यो क्रिया छ जस्मा' यस्तो-विवक्षा-गर्दा ञ-प्रत्यय भयेर सिद्ध-हुने दाण्डपात, श्यैनम्पात, तैलम्पात, प्रभृति-शब्द स्त्रीलिङ्गमा रहन्छन् ।

'दण्डको छ पात (पतन) जस्मा' यस्तो-विवक्षा-गरेर ञ-प्रत्ययले-सिद्ध भयेको दाण्डपात-शब्द स्त्रीलिङ्गी भयेर दाण्डपाता भयो ।

दाण्डपाता २ [दण्डको पात (पतन)-गरायेर-गरिने-खेल-हुने (संप्रदायानुसार-डण्डीवियो-खेलिने) फाल्गुनी-पूर्णिमाको नाम] त्यस्तै-श्येनपातोऽस्यां वर्तते (बाजको पतन जस्मा हुन्छ) यस्तो-विवक्षा-गर्दा श्यैनम्पाता शब्द स्त्रीलिङ्गी हुन्छ ।

श्यैनम्पाता २ [सधायेको वाजपक्षीलाई झंटन लगायेर-गरिने-चराको शिकार] त्यस्तै—तिलपातः अस्यां वर्तते (तिलपतन जस्मा हुन्छ) यस्तो-विवक्षा गर्दा तैलम्पाता शब्द स्त्रीलिङ्गी हुन्छ ।

तैलम्पाता २ [तिलपात-गरेर-(तिल हालेर) गरिने-स्वधा (तर्पण) ॥ ६ ॥

यदि अपचये विवक्षा, तदा काचित् मृणाल्यादिः स्त्री स्यात् (सानू भन्ने विवक्षा-गरेदेखी मृणाली-आदि गरेका कुनै-शब्द स्त्रीलिङ्गमा रहन्छन् । अर्थात् अघी पुंलिङ्ग-नपुंसकलिङ्गमा देखाइयेका-शब्दवाट-बुझिने-वस्तुलाई सानू-भनी-बुझाउनु-परयो-भने त्यो-शब्दलाई स्त्रीलिङ्गी बनाउनु-पर्दछ । तर यो नियम सर्वत्र लाग्दैन, शिष्टहरूले-प्रयोग-गरेका-ठाउमा-मात्र बुझ्नुपर्छ, जस्तै—मृणालशब्द नपुंसकलिङ्गी हो, सानू मृणाल भन्नु परयो-भने मृणाली २ हुन्छ । त्यस्तै सानू-पात्र भन्दा पात्री २ सानू-वन भन्दा वनी २, सानू-कुम्भ भन्दा कुम्भी २, सानू-वंश भन्दा वंशी २, सानू-छत्र भन्दा छत्री २, इत्यादि शिष्टप्रयोगानुसार गर्न हुन्छ । आफ्ना-इच्छाले सानू-घोडा भन्दा अश्वा-अश्वी, सानू-पुत्र भन्दा पुत्री, सानू-घर भन्दा गृही, इत्यादि प्रयोग बनाउन पाइँदैन ।

'ङ्याबूङन्तं चलं स्थिरं' भन्ने-वचनले ङ्यन्त-आबन्त-ऊङन्त-शब्द स्त्री-लिङ्गी

हुन्छन् भनिं सामान्यरूपले भनियो। अब त्यसैका-उदाहरणरूप-केही-शब्द देखाईन्छन्, ती-शब्द र अर्थ हेर—

शब्द	अर्थ	शब्द	अर्थ	शब्द	अर्थ
लङ्का २	लङ्कापुरी	शेफालिका २	नेवारी फूल	टीका २	व्याख्या
धातकी २	घयाँरो	पञ्चि(ञ्जि)-का २	पूर्णव्याख्या, बही-खाता २	आढकी २	रहर
सिध्रका २	वृक्षविशेष	सारिका २	मैनाचरो, सारौ	हिक्का २	बाडुली
प्राचिका २	डाँस	उल्का २	ज्वाला	पिपीलिका	कमिला
तिन्दुकी २	तिंदू	कणिका २	कनिका, सानूटुक्रा	भङ्गि २	ढाँचा, छाँट
सुरङ्गा २	सुरुङ्	सूची(चि) २	सुइरो,सीयो,सूची,	माढि २	पातका नसा
पिच्छा २	सिमल्को खोटो	वितण्डा २	वादविवादविशेष	काकिणी २	१ दाम (दोकडा)
चूर्णि २	गद्यविशेष (चूर्णिका)	शाणी २	सुन् घस्ने कसी	द्रुणी २	कन्सुत्लो
दरत् २	भीर, डर	साति २	दान, समाप्ति	कन्था २	थाङ्ना,माटाको गाह्रो
आसन्दी २	वेत्रासन (कुर्सी, मूढा)	नाभि २	नाइटो	राजसभा २	राजाको सभा
		चर्चरी २	हस्तवाद्य(ताल)	पारी २	हात्तीको खुट्टाको बन्धन
झल्लरी २	झ्याली	लट्वा २	भँगेरा		
होरा २	लग्न, घडी	लिक्षा २	लिखा	सिध्मला २	सुकेको माछा = सिद्रा
लाक्षा २	लाहा	चमसी २	प्रणीतापात्रविशेष	गण्डूषा	कुल्ला
गुध्रसी २	वातरोगविशेष			मसी२ मषी२	मसी

॥ इति स्त्रीलिङ्गसंग्रहः ॥

२९८३ पुंस्त्वे सभेदानुचराः सपर्यायाः सुरासुराः ।
२९८४ स्वर्गयागाद्रिमेघाब्धिद्रुकालासिशरारयः ॥११॥
२९८५ करगण्डोष्ठदोर्दन्तकण्डकेशनखस्तनाः ।

सभेदानुचराः सपर्यायाः सुरासुराः पुंस्त्वे [भेदले-र-अनुचर(सेवक)ले सहित-भयेका-देववाचक-दैत्यवाचक शब्दका विशेषवचनले-नहड्कियेका-पर्याय सवै पुंलिङ्गमा रहन्छन्] जस्तै—देववाचकशब्द—अमरः १, निर्जरः १, देवः १ इत्यादि । देव-भेदवाचकशब्द—आदित्य:, विश्वे १, वसवः १ इत्यादि । देवानुचरवाचकशब्द—जयः १, विजयः १, पुण्यशीलः इत्यादि पुंलिङ्गी भये । 'दैवतानि पुंसि वा' 'देवता स्त्रियाम्' यो-विशेष वचनले-हट्कियेको, दैवतशब्द पुंलिङ्ग र नपुंसकलिङ्गमा, देवता शब्द स्त्रीलिङ्गमा रह्यो ।

दैत्यवाचकशब्द—दैत्यः १, दैतेयः १, दनुजः १, इत्यादि । दैत्यभेदवाचक शब्द—विरोचनः १, बलिः १, बाणः १ इत्यादि । दैत्यानुचरवाचकशब्द—कूष्माण्डः १, चण्डः १, मुण्डः १ इत्यादि पुंलिङ्गी भये ।

स्वर्गयागाद्रिमेघाब्धिद्रुकालासिशरारयः पुंस्त्वे (१ स्वर्ग, २ यज्ञ, ३ पर्वत, ४ मेघ, ५ समुद्र, ६ वृक्ष, ७ समय, ८ खड्ग, ९ बाण, १० शत्रु—ई १०लाई-कहने-शब्द पुंलिङ्गमा रहन्छन्) जस्तै—अङ्कका क्रमले—

(१) स्वर्गः १, नाकः १, त्रिदिवः १, इत्यादि । (२) यज्ञः १, मखः १, क्रतुः १, इत्यादि । (३) अद्रिः १, गिरिः १, पर्वतः १ इत्यादि । (४) मेघः १, घनः १, जलदः १ इत्यादि ।(❀) (५) समुद्रः १, अब्धिः १, सागरः १ इत्यादि । (६) वृक्षः १, महीरुहः १, शाखी १ इत्यादि । (७) समयः १, कालः १, दिष्टः १ इत्यादि । (८) खड्गः १, असिः १, कौक्षेयकः १ इत्यादि । (९) बाणः १, शरः १, विशिखः १, इत्यादि × । (१०) शत्रुः १, रिपुः १, अरिः १ इत्यादि ।

करगण्डोष्ठदोर्दन्त कण्ठकेशनखस्तनाः पुंस्त्वे—१ कर (राजग्राह्यभाग = पोता), २ किरण, ३ गण्ड(गाला), ४ ओष्ठ, ५ बाहु, ६ दन्त, ७ कण्ठ, ८ केश, ९ नख, १० स्तन ई १० चीजलाई-कहने-शब्द बाधकवचन-नभयेका छन् भने पुंलिङ्ग हुन्छन् । जस्तै अङ्कका क्रमले--

(१) भागधेयः १, करः१, बलिः १ इत्यादि । (२) किरणः १, उस्रः १, मयूखः १ इत्यादि । (३) गण्डः १, कपोलः १, कटः १ इत्यादि । (४) ओष्ठः १, अधरः १, दशनच्छदः १ इत्यादि । (५) भुजः १, बाहुः १, प्रवेष्टः १ इत्यादि । (६) दन्तः १, दशनः १, द्विजः १ इत्यादि । (७) कण्ठः १, गलः १, जम्भः १ इत्यादि । (८) केशः १, कचः १, शिरोरुहः १ इत्यादि । (९) पुनर्भवः १, कररुहः १, पुनर्नवः १ इत्यादि । (१०) स्तनः १, कुचः १, वक्षोजः १, इत्यादि ।

(❀) मेघवाचकशब्दमा अभ्रशब्द 'अभ्रंमेघो' भन्ने-बाधकवचनले क्लीवलिङ्ग हुन्छ ।
(×) बाणवाचकशब्दमा इषुशब्द 'इषुर्द्वयोः' भन्ने-बाधकवचनले पुंलिङ्ग-स्त्रीलिङ्ग हुन्छ ।

२९८६ अह्लाहान्ताः, क्ष्वेडभेदा, रात्रान्ताः प्रागसंख्यकाः॥१२॥
२९८७ श्रीवेष्टाद्याश्च निर्यासा, असन्नन्ता अबाधिताः ।
२९८८ कशेरुजतुवस्तूनि हित्वा तुरुविरामकाः ॥१३॥
२९८९ कषणभमरोपान्ता यद्यदन्ता अमी अथ ।

अह्लाहान्ताः (पुंस्त्वे अह्न-अह-अन्त्यमा-हुने-शब्द पुंलिङ्गमा रहन्छन्) जस्तै--सायाह्नः १ [दिनको-पछिल्लो तृतीयांश] मध्याह्नः १ [दिनका ३ भागमा-मध्यम भाग] पूर्वाह्णः १ [दिनका ३ भागको प्रथम-भाग] अपराह्णः १ [दिनका–३ भागको तेस्रो भाग] इत्यादि । द्व्यहः १ [दुइ दिनको समुदाय] त्र्यहः १ [तीन दिनको समुदाय] इत्यादि ।

क्ष्वेडभेदाः पुंस्त्वे (विषभेदका-वाचकशब्द पुंलिङ्गमा रहन्छन्) जस्तै— सौराष्ट्रिकः १, शौक्लिकेयः १, ब्रह्मपुत्रः १ [विषविशेष] इत्यादि ।

प्रागसंख्यकाः रात्रान्ताः पुंस्त्वे (पूर्वतिर-संख्यावाचक-शब्द-नहुने-रात्रअन्तमा हुने शब्द पुंलिङ्गमा रहन्छन्) जस्तै-सर्वरात्रः [सबै रात] अहोरात्रः १ [दिनरात] पूर्वरात्रः १ [रात्रीको-पहिला हिस्सा] अर्धरात्रः १ [आधा रात] अपररात्रः १, पररात्रः १ [रात्रिको-पछिल्लो-हिस्सा] इत्यादि । संख्यापूर्वमा-हुने-रात्रान्तशब्द ता पुंलिङ्गी हुदैनन्, क्लीवलिङ्गी हुन्छन् जस्तै—पञ्चरात्रम् ३ [पाँचरात] सप्तरात्रम् ३ [सात रात] गणरात्रम् [धेरै रात] इत्यादि ॥१२॥

श्रीवेष्टाद्याः निर्यासाः पुंस्त्वे (श्रीवेष्ट-आदि-गरेका-सल्ला प्रभृतिका खोटालाई कहने शब्द पुंलिङ्गमा रहन्छन्) । श्रीवेष्टः १ [सल्लाको खोटो] गुग्गुलुः १ [गुग्गुल-धूप], रालः १ [सालधूप] इत्यादि ।

अबाधिताः असन्नन्ताः पुंस्त्वे (विशेषवचनले-बाधित नभयेका-अस्-अन्त्यमा-हुने र अन्-अन्त्यमा हुने-शब्द पुंलिङ्गी हुन्छन्) जस्तै—

अङ्गिरस्-अङ्गिराः १ । चन्द्रमस्-चन्द्रमाः १ । वेधस्-वेधाः १ । इत्यादि ।

वयस्-वयः ३ । मनस्-मनः ३ । अप्सरसः अप्सरसः २ । यहाँ विशेषवचनले बाध भयेर पुंलिङ्ग भयेन ।

कृष्णवर्त्मन्-कृष्णवर्त्मा १ । मघवन्-मघवा १ । यज्वन्-यज्वा १ । इत्यादि ।

लोमन्-लोम ३ । दामन्-दाम ३, दामा २ । पर्वन्-पर्व ३ । यहाँ-विशेषवचनले बाध-भयेर पुंलिङ्ग भयेन ।

कशेरुजतुवस्तूनि हित्वा तुरुविरामकाः (शब्दाः) पुंस्त्वे (कशेरुशब्दवाहेक-रु-अन्त्यमा-हुने-शब्द र जतु-वस्तु-शब्दवाहेक-तु-अन्त्यमाहुने-शब्द पुंलिङ्गमा रहन्छन्) कुरुः १, मेरुः १, सुमेरुः १ इत्यादि । हेतुः १, सेतुः १, धातुः १ इत्यादि । कसेरु ३, जतु ३, वस्तु ३, यहाँ पुंलिङ्ग भयेन क्लीबलिङ्ग भयो ॥१३॥

क-ष-ण-भ-म-रो-पान्ताः यदि अदन्ताः (तदा) (पुंस्त्वे (अकारान्तशब्दका उपान्तमा (अकारभन्दा पहिले) क[1]-ष[2]-ण[3]-भ[4]-म[5]-र[6] ई-अक्षर छन्-भने ती शब्द

२९९० पथनयसटोपान्ता गोत्राख्याश्चरणाह्वयाः ॥१४॥
२९९१ नाम्न्यकर्तरि भावे च घञजबूनङ्णघाथुचः ।
२९९२ ल्युः कर्तरीमनिज् भावे को घोः किः प्रादितोऽन्यतः ॥१५॥

पुंलिङ्गमा रहन्छन्) जस्तै क्रमैले—(१) लोकः १, शोकः १, अङ्कः १ । (१) रोषः १, तोषः १, दोषः १ । (३) गुणाः १, घुणः १, पाषाणः १ । (४) कुम्भः १, दम्भः १, दर्भः १ । (५) होमः १, धूमः १, ग्रामः १ । (६) शरः १, शीकरः १, निर्झरः १ । इत्यादि ।

प-थ-न-य-स-टो-पान्ताः पुंस्त्वे (प[१]-थ[२]-न[३]-य[४]-स[५]-ट[६] ई अक्षर-उपान्तमा-हुने-अकारान्त शब्द पुंलिङ्गमा रहन्छन्) जस्तै—(१) यूपः १, कूपः १, भूपः १ । (२) सार्थः १, नाथः १, शपथः १ । (३) इनः १, जनः १, अपघनः १ । (४) नयः १, आयः १, समयः १ । (५) रसः १, हासः १, पनसः १ । (६) पटः १, सरटः १, करटः १ । इत्यादि ।

गोत्राख्याः चरणाह्वयाः पुंस्त्वे (गोत्रवाचकशब्द-र-वेदशाखावाचकशब्द पुंलिङ्गमा रहन्छन्) जस्तै—गौतमः १, अत्रिः १, भरद्वाजः १ इत्यादि । माध्यन्दिनीयः १, कठः १, बह्वृचः १ इत्यादि ॥१४॥

संज्ञामा, कर्तृभिन्न कारकमा, भावमा, विधान गरियेका घञ्[१]-अच्[२]-अप्[३]-नङ्[४]-ण[५]-घ[६]-अथुच्[७] यति सात (७) प्रत्यय अन्तमा हुने शब्द पुंलिङ्गी हुन्छन्, क्रमैले-जस्तै—(१) घञ्—प्रासः १, वेदः १, प्रतापः १ । (२) अच्—चयः १, जयः १, नयः १ । (३) अप्—करः १, लवः १, स्तवः १ । (४) नङ्—यज्ञः १, यत्नः १, प्रश्नः १ । (५) ण—न्यादः । (६) उरश्छदः १, प्रच्छदः । (७) अथुच्—वेपथुः १, श्वयथुः १ इत्यादि ।

कर्तरि ल्युः पुंस्त्वे ('नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः' भन्ने-सूत्रले कर्तामा-भयेको-ल्युप्रत्यय-अन्तमा-हुनेशब्द पुंलिङ्गमा रहन्छ) नन्दनः १, मधुसूदनः १, मदनः १ इत्यादि । भावे इमनि च् कः च पुंस्त्वे ('पृथ्वादिभ्य इमनिज्वा'ले भावमा भयेको इमनिच्-प्रत्यय-अन्तमा हुने-शब्द र 'सुपस्थिः'ले-भावमा हुने-क प्रत्ययान्तशब्द पुंलिङ्गमा रहन्छ) । गुरोर्भावः = गरिमा १ । लघोर्भावः = लघिमा १ । महतः भावः = महिमा १ इत्यादि❀ । आखूनां उत्थानम् = आखूत्थः १, प्र = स्थानम् = प्रस्थः । इत्यादि ।

प्रादितः अन्यतः च घोः किः पुंस्त्वे प्रपराप्रभृति उपसर्ग-उपपद-भयेमा 'उपसर्गे घोः किः' भन्ने-सूत्रले-घुसंज्ञक(दा-धा)धातुवाट-हुने-कि[१]-प्रत्यय-अन्त्यमा-हुने-शब्द र, उपसर्गवाहेक-उपपद-छँदामा-कर्ममा-र-अधिकरणमा 'कर्मण्यधिकरणे च' भन्ने-सूत्रले-घुसंज्ञक(दा-धा)धातुवाट-हुने-कि[२] प्रत्ययान्त-शब्द पनि पुंलिङ्गी हुन्छन्,

---

(❀) इमनिच् प्रत्ययान्त—गरिमा, लघिमा, महिमा प्रभृति शब्दले धेरै मानिसलाई स्त्रीलिङ्गको भ्रान्ति पार्दछन्, र 'इयं महिमा' इत्यादि—अशुद्ध बोलाउँदछन्, विधि-शब्दले-पनि धेरैलाई स्त्रीलिङ्गको भ्रान्ति-पारेर 'इयं विधिः' बोलायेको छ । छात्रहरूले यस्मा विशेष हेक्का राख्नु-पर्दछ ।

२९९३ द्वन्द्वेऽश्वबडवावश्वबडवा, न समाहृते ।
२९९४ कान्तः सूर्येन्दुपर्यायपूर्वोऽयः पूर्वकोऽपि च ॥१६॥
२९९५ वटकश्चानुवाकश्च रल्लकश्च कुडङ्गकः ।
२९९६ पुङ्खो न्यूङ्खः समुद्गश्च विटपट्टघटाः खटः ॥१७॥
२९९७ कोट्टार घट्ट हट्टाश्च पिण्डगोण्डपिचण्डवत् ।
२९९८ गडुः करण्डो लगुडो वरण्डश्च किणो घुणः ॥१८॥
२९९९ दृतिसीमन्तहरितो रोमन्थोद्गीथबुद्बुदाः ।
३००० कासमर्दोर्बुदः कुन्दः फेनस्तूपौ सयूपकौ ॥१९॥
३००१ आतपः क्षत्रिये नाभिः कुणपक्षुरकेदराः ।
३००२ पूरक्षुरप्रचुक्राश्च गोलहिङ्गुलपुद्गलाः ॥२०॥
३००३ वेतालमल्लभल्लाश्च पुरोडाशोऽपि पट्टिशः ।
३००४ कुल्माषो रभसश्चैव सकटाहः पतद्ग्रहः ॥२१॥

॥ इति पुंलिंगसंग्रहः ॥

जस्तै—क्रमैले—(१) निधिः १, आधिः १, विधिः १, परिधिः १, प्रधिः १ इत्यादि। (२) उदधिः १, जलधिः १, पयोधिः १, वारिधिः १ इत्यादि ॥१५॥

समाहारवाहेकको-द्वन्द्वसमास-गरेमा १ घोडा र १ घोडी यस्तो-विवक्षा-गर्दा अश्वश्च बडबा च = अश्वबडबौ, यस्तो-पुंलिङ्गी-द्विवचनान्त-शब्द हुन्छ, २ घोडा २ घोडी यस्तो-विवक्षा-गर्दा अश्वौ-च-बडबे-च = अश्वबडबाः यस्तो-पुंलिङ्गी-बहुवचनान्त-शब्द हुन्छ, बहुत्त्व(३।४ प्रभृति घोडा, ३।४ प्रभृति घोडी)को-विवक्षा-गर्दा-पनि अश्वाश्च बडवाश्च = अश्वबडबाः यस्तो-पुंलिङ्गी-बहुवचनान्त-शब्द हुन्छ। यहाँ द्वन्द्वसमास गरेपछि 'परवल्लिङ्गं द्वन्द्वतत्पुरुषयोः' भन्ने-सूत्रले पल्लोपद(बडवा)को लिङ्ग भयेर 'अश्वबडबे' यस्तो स्त्रीलिङ्गी-द्विवचनान्त-रूप-पायेमा त्योसूत्रलाई-बाधेर-'पूर्ववदश्वबडबौ' भन्नेसूत्रले-पूर्वपद(अश्व)को लिङ्ग (पुंलिङ्ग) भयेको हो ।

'अश्वश्च बडवा च अनयोः समाहारः यस्तो-विवक्षा-गरेर समाहारद्वन्द्वसमास गरेमा ता 'विभाषा वृक्षमृगतृणधान्यव्यञ्जनपशुशकुन्यश्वबडबपूर्वापराधरोत्तराणाम्' भन्ने-सूत्रले विकल्प-एकवद्भाव र 'स नपुंसकम्' भन्नेसूत्रले-नपुंसकलिङ्ग-समेत भयेर 'अश्वबडबम्' यस्तो पनि, 'अश्वबडबौ' यस्तो पनि हुन्छ ।

सूर्येन्दुपर्यायपूर्वः अयः पूर्वकोपि कान्तः पुंस्त्वे सूर्यशब्दका-पर्यायशब्द, चन्द्र-शब्दका-पर्यायशब्द-पूर्वमा-हुने र अयस्शब्द-पूर्वमा हुने कान्तशब्द पुंलिङ्गमा रहन्छ। सूर्यकान्तः १, भानुकान्तः १, रविकान्तः १, [सूर्यको-किरणपर्दा-आगोनिस्कने-मणि-विशेष] चन्द्रकान्तः १, इन्दुकान्तः १, शशिकान्तः १, [चन्द्रको-किरणपर्दा-पानी-निस्कने-मणिविशेष] अयस्कान्तः १ [फलामतान्ने-लोहविशेष = चुम्बकलोह] ॥१६॥

पूर्वोक्त-नियमका-उदाहरण-जस्ता केही पुंलिङ्ग शब्द देखाइन्छन्, ती शब्द र तिन्को अर्थ हेर—

शब्द	अर्थ	शब्द	अर्थ	शब्द	अर्थ	शब्द	अर्थ
वटकः	वारा, मस्यौरा	गोण्डः	नाइटो	कुन्दः	निधिविशेष,	गोलः	डल्लो
अनुवाकः	वेदको अंश	पिचण्डः	पेट-भुँडी		कर्मीले काठ	हिङ्गुलः	हिङ्गुल
रल्लकः	कम्बल	गडुः	गाँड		कुँध्नेचक्रा-	पुद्गलः	आत्मा
	च्याङ्रो				कार यन्त्र-		शरीर २
कुडङ्गकः	लताकोझाङ्	करण्डः	बट्टा, पेटारी		विशेष	वेताल	भूतले आ-
पुङ्खः	बाणको छेउ	लगुडः	लहुरो	फेनः	फीज		वेशगरेको
न्यूङ्खः	सामकोओंकार	वरण्डः	मुखरोग	स्तूपः	थुप्रो, ढिस्को		मुर्दा
समुद्ग(क):	पेटारी, वाकस	किणः	ठेला	यूपः	पशुबलिस्त-	मल्लः	पहलवान
	वट्टा, प्रभृति				म्भ = मौलो	भल्लः	भालू-बाण
विटः	गुण्डा	घुणः	घुन	आतपः	घाम		विशेष
पट्टः	सिलौटो घुलौटो	दृतिः	छालाको थै-	नाभिः	क्षत्रिय विशेष	पुरोडाशः	श्रौतकर्ममा
	पट्टी, सिलेट		लो (मसक)		(आग्नोध्रपुत्र		होमगरिने
धटः	जोख्ने तराजू		खलाती	कुणपः	मुर्दा		हवि,होमशेष
खटः	अँध्यारोइनार	सीमन्तः	चुल्ठो सिउँदो	क्षुरः	छुरा	पट्टिशः	शस्त्रविशेष
	कफ, छिनु,	हरित्	हरियोवर्ण	केदरः	कामलाग्ने	कुल्माषः	उसीनेको
	प्रहार ४	रोमन्थः	चर्वितचर्वण		वस्तु		जउ
कोट्टारः	इनार		उग्राउनु				
		उद्गीथः	सामवेद	पूरः	प्रवाह	रभसः	वेग,हडवडीर
घट्टः	घाट			क्षुरप्रः	बाणविशेष	कटाहः	कराही
हट्टः	हाट, बजार	बुद्बुदः	पानीको			पतद्ग्रहः	फिकदानी
पिण्डः	डल्लो		फोका				
				चुक्रः	चरी अमिलो		
		कासमर्दः	गुल्मरोग				
					चूक अमिलो		
			विशेष				
		अर्बुदः	पर्वतविशेष				
			(आबू)				

॥ इति पुंलिङ्गसंग्रहः ॥



३००५ द्विहीनेऽन्यच्च खारण्यपर्णश्वभ्रहिमोदकम् ।
३००६ शीतोष्णमांसरुधिरमुखाक्षिद्रविणं बलम् ॥२२॥
३००७ फलहेमशुल्बलोहसुखदुःखशुभाशुभम् ।
३००८ जलपुष्पाणि लवणं व्यञ्जनान्यनुलेपनम् ॥२३॥
३००९ कोटयाः शतादिः संख्याऽन्या वा लक्षा नियुतं च तत् ।

अव नपुंसकलिङ्गको-अधिकार आरम्भ भयो, अव-उप्रान्त-कहिने-शब्द बाधक-वचन छैन भने नपुंसकलिङ्गमा रहन्छन् । बाधकवचन भये-नभयेको कुरा ग्रन्थाभ्यास राम्रो गर्ने बुद्धिमान्-छात्रले जान्दछ, जुन् जुन् वस्तुको यहाँ नाउँ लिइन्छ, त्यस्का-पर्याय अघी प्रथम-द्वितीय-तृतीयकाण्डमा वतायेके छन् तिन्लाई झट्ट संझ्यो-भने बाधकवचन-भये-नभयेको झट्टै थाहा हुन्छ, अर्थात् पहिलेको ग्रन्थ बुझेर उपस्थित राख्नुपर्दछ ।

२ श्लोकले-देखाईयेका-ख-अरण्यप्रभृतिशब्दका-पर्याय नपुंसकलिङ्गमा रहन्छन् । अर्थात्—ख = आकाश[1] = इन्द्रियं[2], अरण्य = वन[3], पर्ण = पात[4], श्वभ्र = प्वाल[5], हिम = हिउँ[6], उदक = पानी[7], शीत = चीसो[8], उष्ण = तातो[9], मांस = मासु[10], रुधिर = रगत[11], मुख = मुख[12], अक्षि = आँखा[13], द्रविण = धन[14], बल = बल[15], फल=फल[16] हेम=सुवर्ण[17], शुल्व=तामो[18], लोह=फलाम[19], सुख=सुख[20], दुःख=दुःख[21], शुभ=शुभ[22], अशुभ=अशुभ[23], जलपुष्प=पानिमाहुने फूल[24], लवण = नून[25], व्यञ्जन = तिहुन्तर्कारीप्रभृति[26], अनुलेपन=लेपन गरिने चन्दनादि[27], ई २७ चीजलाई कहनेशब्द नपुंसकलिङ्गमा रहन्छन् । यती-कुरा मोटामोटी-थाहा-पाये-पछी पूर्वोक्त २७ वस्तुका नाम संझदै लिङ्गनिर्णय-गर्न ग्रन्थ-आउने-मानिसले सहज शक्तछ, ग्रन्थ नआउनेले पत्रपल्टाउदै हेर्दै लिङ्गनिर्णय गर्नु-पर्ला । जस्तै—आकशवाचक-क्लीबलिङ्गी हुन्छन् भनेर साधारणतया यहाँ भनियो, तर विहायसोऽपि नाकोऽपि' यसवचनले विहायस र नाकशब्दलाई पुंलिङ्गी वनायो, व्योम पुष्कर अम्बर-प्रभृति-अरु-शब्द क्लीवलिङ्गी नै छन्, द्यो शब्द र दिव् शब्दलाई 'द्योदिवौ द्वे स्त्रियाम्' यसवचनले स्त्रीलिङ्गी बनायो । पर्ण=पातवाचकशब्द क्लीबलिङ्गी हुन्छन् भनियो, तदनुसार 'पत्रं पलाशं छदनं दलं पर्णं' इनिहरु क्लीवलिङ्गी भये 'छदः पुमान्' यस वचनले छद शब्दलाई पुंलिङ्गी बनायो । इत्यादि वुझ्नुपर्दछ ॥२२॥२३॥

कोटयाः अन्या शतादिः संख्या द्विहीने (कोटिशब्दवाहेक-शतम्, सहस्रम्, आदि गरेका-संख्यावाचक शब्द क्लीवलिंगी हुन्छन्) लक्षा वा द्विहीने, तत् नियुतं च (लक्षाशब्द विकल्पले क्लीवलिंगमा छ, अर्थात् स्त्रीलिंगमा पनि छ, त्यही-लक्ष नियुत पनि कहिन्छ) 'शतं सहस्रमयुतं नियुतं प्रयुतं मतम्, स्त्रो कोटिरर्बुदमिति-क्रमाद्दशगुणोत्तरम्' भनि रत्नकोशमा लाखलाई नियुत पनि भनेको छ ।

३०१० द्व्यच्कसिसुसन्नन्तं यदनान्तमकर्तरि ॥२४॥
३०११ त्रान्तं सलोपधं शिष्टं रात्रं प्राक्संख्यायान्वितम् ।
३०१२ पात्राद्यदन्तैरेकार्थो द्विगुर्लक्ष्यानुसारतः ॥२५॥

द्व्यच्क (दुई अच् भयेको) अस्[१]-इस्[२]-उस्[३]-अन्[४] अन्त्यमा हुने-शब्द क्लीबलिङ्गी हुन्छन् । जस्तै—

(१) द्व्यच्क असन्त—मनः ३, पयः ३, तेजः ३, अनः ३ इत्यादि ।
(२) द्व्यच्क इसन्त—सर्पिः ३, हविः ३, रोचिः ३, शोचिः ३ इत्यादि ।
(३) द्व्यच्क उसन्त—वपुः ३, यजुः ३, धनुः ३, अरुः ३ इत्यादि ।
(४) द्व्यच्क अन्नन्त—चर्म ३, वर्म ३, मर्म ३, कर्म ३ इत्यादि ।

यत् अकर्तरि अनान्तं तत् द्विहोने (जो कर्ताभिन्नअर्थमा भयेका प्रत्ययले-अन अन्तमाहुने-शब्द छन् तो-पनि क्लीबलिङ्गमा रहन्छन्, जस्तै गमनम् ३, दानम् ३, रमणम् ३ इत्यादि ।

कर्तामा विधानगरेको-अनान्तशब्द ता विशेष्यनिघ्नलिङ्गी हुन्छ, क्लीबलिङ्गी हुदैन, नन्दयतीति नन्दनः पुरुषः, नन्दना नारी, नन्दनं कुलम् इत्यादि ॥२४॥

त्रान्तं सलोपधं शिष्टं द्विहीने (त्र[१]-अन्त्यमा-हुनेशब्द, [२]स-उपधामा-हुने-शब्द, [३]ल-उपधामा-हुने-शब्द, बाधकवचनले छाडियेको छ-भने क्लीवलिङ्गमा रहन्छ, जस्तै क्रमैले—(१) त्रान्त—पात्रं, दात्रं, वस्त्रम् । (२) सोपध—बिसं, बुसम्, अन्धतमसम् । (३) लोपध—कुलं, कूलं, मूलम् इत्यादि ।

प्राक्संख्ययाअन्वितं रात्रं द्विहीने (संख्यावाचक र संख्यासंज्ञक[२] शब्द पूर्वतिर-हुने रात्रशब्द क्लीबमा रहन्छ) । जस्तै—(१) पञ्चरात्रम्, सप्तरात्रम् । (२) बहुरात्रम्, गणरात्रम्, कतिरात्रम् इत्यादि ।

पात्राद्यदन्तैः एकार्थः द्विगुः लक्ष्यानुसारतः द्विहीने (पात्र-भुवन-आदिगरेका अकारान्तशब्दका-साथमा-भयेको-समाहारको-विवक्षा गर्दा-भयेको-दिगु (संख्यापूर्वक) समास (एकवचनान्त छ भने) लक्ष्यानुसार (शिष्टहरूले-प्रयोग-गरेको-देखिये-सम्म) नपुंसकलिङ्गमा रहन्छ (शिष्टहरूको प्रयोग नदेखीकन हामीहरूले त्यस्तो-प्रयोग गर्नु-हुदैन) ।

पञ्चपात्रम् ३, त्रिभुवनम् ३, चतुर्युगम् ३, इत्यादि शिष्टको प्रयोग देखिन्छ । अन्यत्र 'अकारान्तोत्तरपदो द्विगुः स्त्रियामिष्टः' यसवचनका अनुसार त्रिलोकी, सप्तशती, पञ्चशती इत्यादि स्त्रीलिङ्ग हुन्छ, त्रिलोकम्, सप्तशतम्, पञ्चशतं भन्नु हुदैन, इत्यादि ॥२५॥

३०१३ द्वन्द्वैकत्वाऽव्ययीभावौ पथः संख्याव्ययात्परः ।
३०१४ षष्ठ्याश्छाया बहूनां चेद्विच्छायं संहतौ सभा ॥२६॥
३०१५ शालार्थापि परा राजाऽमनुष्यार्थादराजकात् ।
३०१६ दासीसभं नृपसभं रक्षःसभमिमा दिशः ॥२७॥
३०१७ उपज्ञोपक्रमान्तश्च तदादित्वप्रकाशने ।

द्वन्द्वैकत्वाऽव्ययीभावौ, संख्याऽव्ययात्परः पथः च द्विहीने (समाहारमा-द्वन्द्व-समासगर्दा-एकवचनान्त-भयेका-शब्द[1], अव्ययीभावसमासले-समस्तभयेकाशब्द[2], संख्यावाचकपूर्वमा-हुने-अव्यय पूर्वमा हुने समासान्त-अ-प्रत्ययभयेको-पथिन्‌बाटबनेको-[3]पथ[4] शब्द नपुंसकलिंगमा रहन्छ) जस्तै क्रमैले—

(१) समाहारद्वन्द्वैकवचनान्त—पाणिपादम् ३, शिरोग्रीवम् ३, रथिकाश्वारोहम् ३, इत्यादि ।

(२) अव्ययीभावसमास—अधिहरि ३, उपगोष्ठम् ३, अनुपदम् ३, इत्यादि ।

(३) संख्यापूर्वक पथशब्द—द्विपथम् ३, त्रिपथम् ३, चतुष्पथम् ३ इत्यादि ।

(४) अव्ययपूर्वक पथशब्द—विपथम् ३, कापथम् ३ इत्यादि ।

शष्ठ्याः छाया बहूनां चेत् द्विहीने (पूर्वपद बहुवचनान्त राखेर षष्ठीतत्पुरुष-समासभयेको-छाया अन्तमा-हुनेशब्द नपुंसकलिंगमा रहन्छ) जस्तै—वीनाम् (पक्षिणाम्) छाया=विच्छायम् ३, गृहाणां छाया = गृहच्छायम् ३, इक्षूणां छाया = इक्षुच्छायम् ३, इत्यादि क्लीबलिङ्ग हुन्छ, पूर्वपद बहुवचनान्त-राखियेन-भने-छायाशब्द विकल्पले क्लीबलिङ्ग हुन्छ, जस्तै—वेः (पक्षिणः) छाया = विच्छायम् ३ = विच्छाया २ । गृहस्य छाया = गृहच्छायम् ३ = गृहच्छाया इत्यादि ।

संहतौ सभा द्विहीने (षष्ठीतत्पुरुष समासमा-उत्तरपद भयेको-समूह-अर्थलाई कहने-सभाशब्द क्लीबलिंगमा रहन्छ) जस्तै-स्त्रीणां सभा=स्त्रीसभम् ३ इत्यादि ॥२६॥

राजाऽमनुष्यार्थात् अराजकात् पराशालार्था सभा अपि द्विहीने ([1]घरभन्ने र समुदाय भन्ने अर्थ भयेको-सभाशब्द-अन्त्यमा-हुने-षष्ठीतत्पुरुषसमास-पूर्वतिर राजशब्दवाहेक-[1]राजवाचक अरु शब्द छ, अथवा [2]अमनुष्य(यक्ष-राक्षस-पिशाचादि प्राणि)वाचक शब्द छ भने क्लीबलिङ्गी हुन्छ) जस्तै—क्रमैले—दासीनां-सभा (गृहं समुदायो वा) = दासीसभम् ३ । नृपाणां सभा(समुदायः गृहं वा)=नृपसभम् ३ । रक्षसां सभा(समुदायः गृहं वा) = रक्षःसभम् ३ भयो । खास-राजशब्द-राखेको छ-भने-पूर्वोक्त-नियम लाग्दैन,-जस्तै—राज्ञां सभा (गृहं, समुदायो वा)=राजसभा । इत्यादि ॥२७॥

उपज्ञोपक्रमान्तः तत्पुरुषः तदादित्वप्रकाशने द्विही ने (उपज्ञा (आदि ज्ञान), उपक्रम (आरम्भ) ई २ शब्द-अन्त्यमा-हुने-तत्पुरुषसमास पनि उपज्ञाको र उपक्रमको

३०१८ कोपज्ञकोपक्रमादिकन्थोशीनरनामसु ॥२८॥
३०१९ भावे नणकचिद्भ्योऽन्ये, समूहे भावकर्मणोः।
३०२० अदन्तप्रत्ययाः पुण्यसुदिनाभ्यां त्वहः परः ॥२९॥
३०२१ क्रियाव्ययानां भेदकान्येकत्वेऽप्युक्थतोटके।
३०२२ चोचं पिच्छं गृहस्थूणं तिरीटं मर्मयोजने ॥३०॥
३०२३ राजसूयं वाजपेयं गद्यपद्ये कृतौ कवेः।
३०२४ माणिक्य भाष्यसिन्दूरचीरचीवरपिञ्जरम् ॥३१॥
३०२५ लोकायतं हरितालं विदलस्थालबाह्लवम्।

॥ इति नपुंसकसंग्रहः ॥

आदित्व (प्रथमत्व) बुझिन्छ भने क्लीबलिंगी हुन्छ) जस्तै—'कस्य (ब्रह्मणः) उपज्ञा (प्रथमज्ञानविषयः) = भन्दा, कोपज्ञम् ३=प्रजा' [ब्रह्माले-प्रथम-जानियेकी प्रजा] भयो। त्यस्तै—'कस्य(ब्रह्मणः) उपक्रमः (आरम्भविषय) भन्दा, कोपक्रमम् ३=लोकः' [ब्रह्माले-प्रथम-आरम्भगरियेको-लोक] भयो, त्यस्तै—'नन्दस्य उपक्रमः=नन्दोपक्रमम् ३—द्रोणः' [नन्दराजाले प्रथम-आरंभगरेको (चलायेको) द्रोणपरिमाण] हुन्छ। इत्यादि।

उशीनरनामसु कन्था द्विहीने (उशीनरदेशवासोलाई-कहने-कुनैशब्द-पूर्वपद भयेको-कन्था शब्द-अन्त्यमा-हुने तत्पुरुषसमास क्लीबलिंगमा रहन्छ) जस्तै—'सौशमीनां कन्था' भन्दा सौशमिकन्थम् ३ [उशोनरदेशवासो-कसैको कन्था] भयो। इत्यादि ॥२८॥

भावे न-ण-क-चिद्भ्यः अन्ये भावकर्मणोः अदन्तप्रत्ययाः द्विहीने (न प्रत्यय, ण प्रत्यय, क प्रत्यय, चकारको इत्संज्ञा हुने अच् युच् इत्यादि प्रत्ययबाहेक कृतप्रत्ययान्त र समूहमा-भावमा-कर्ममा-तद्धित प्रत्यय-भयेर-अकारान्तभयेका शब्दनपुंसकलिंगमा रहन्छन्) जस्तै—भवितव्यम् ३, भवनीयम् ३, ब्रह्मभूयम् ३ इत्यादि। नप्रत्यय अन्त्यमा-हुने स्वप्नः, प्रश्नः, इत्यादि, णप्रत्यहुने न्यादः इत्यादि, कप्रत्ययहुने आखूत्थः प्रस्थः इत्यादि, चित्(अच्)प्रत्यय हुने चयः जय इत्यादि,—पुंलिङ्गमा चित् (युच्) प्रत्ययहुने-कारणा-आसना इत्यादि स्त्रीलिङ्गमा रहन्छन्। समूहार्थका तद्धितप्रत्यय—भिक्षाणां समूहः भैक्षम् ३, काकानां समूहः काकम् ३, इत्यादि क्लीबलिङ्ग हुन्छन्। भावार्थका तद्धितप्रत्यय—गोर्भावः=गोत्वम् ३, कविर्भावः= कवित्वम् ३, मनुष्यस्य भावः मनुष्यत्वम् ३, इत्यादि क्लीबलिङ्ग हुन्छन्। कर्मार्थक तद्धित—राज्ञः कर्म=राज्यम् ३, इत्यादि क्लीब हुन्छन्।

पुण्यसुदिनाभ्यां परः अहः द्विहीने (पुण्य-र-सुदिनशब्ददेखी-पर रहेको टच्-प्रत्ययान्त-अहन्शब्द (अह) क्लोबलिङ्गमा रहन्छ। पुण्याहम् ३, सुदिनाहम् ३॥२९॥

क्रियाभ्ययानां भेदकानि द्विहीने एकत्वेऽपि (क्रियाविशेषण-र-अव्ययका-विशेषण शब्द क्लीब लिंगमा रहिकन केवल एकवचनान्त हुन्छन्)जस्तै—मृदु ३ पचति, शीघ्रम् ३ गच्छति, मन्दम् ३ हसति, यहाँ पचनक्रिया-गमनक्रिया-हसनक्रियाका-विशेषण-भयेका-मृदु-शीघ्र-मन्द शब्द क्लीबलिङ्ग एकवचनान्त छन् । प्रातः कमनीयम् ३, यहाँ 'प्रातः' यो-अव्ययपदको-विशेषण हुनाले कमनीयशब्द क्लीबलिङ्गी भयो, इत्यादि । अवउप्रान्त क्लीबलिङ्गमा रहने-केही शब्द उदाहरणरूपले देखाइन्छन्, ती-शब्द र तिन्को अर्थ हेर—

शब्द	अर्थ	शब्द	अर्थ	शब्द	अर्थ
उक्थम्	सामवेदविशेष	तोटकम्	१२ अक्षरको १ पाउ हुने छन्दोविशेष	चोचम्	खायेर वाँकी रहेको फल, तालको फल, केराको फल । ३
पिच्छम्	मयूरकोप्वाँख	गृहस्थूणम्	घरको थाम	तिरीटम्	वेर्नेकुरा, ईश्वरीयमहिमा । २
मर्म	मर्मस्थान	योजनम्	४ कोश	राजसूयम्	यज्ञविशेष
वाजपेयम्	यज्ञविशेष	गद्यम्	गद्य(दण्डक)	पद्यम्	श्लोक
माणिक्यम्	मानिकरत्न	भाष्यम्[1]	सूत्रको व्याख्यानविशेष	सिन्दूरम्	सिन्दूर
चीरम्	वस्त्रविशेष	चीवरम्	रूखकावोक्राको वस्त्र	पिञ्जरम् (पञ्जरम्)	पिंजरा
लोकायतम्	नास्तिकशास्त्र	हरितालम्	हरिताल	विदलम्	वंशपात्र(प्याङ प्रभृति)
स्थालम्	थाल	बाह्लवम्	बह्लृदेशोत्पन्न केशर		

॥३०–३१॥

॥ इति नपुंसकसंग्रहः ॥

(१) सूत्रार्थो वर्ण्यते यत्र वाक्यैः सूत्रानुसारिभिः ।
स्वपदानि च वर्ण्यन्ते भाष्यं भाष्यविदो विदुः ॥
दिव्यदृष्टि भएका-ऋषिहरूले केवल-अर्थको सूचना-मात्र-गर्ने अर्थ-खुलस्त-नवुझिने गरि वनायेका सूत्रको अर्थलाई सूत्रानुसारी-भयेका-आफ्ना-वाक्यले खुलस्त पारिदिने, आफुलेवोलेका-वाक्यका एक एक पदको तात्पर्य-बुझाउने व्यास-पतञ्जलि-शंकर प्रभृतिले-गरेको-व्याख्यान-ग्रन्थलाई भाष्यवेत्ताहरू भाष्य भन्दछन् ।

२०२६ पुंनपुंसकयोः शेषोऽर्धर्चपिण्याककण्टकाः ॥३२॥
२०२७ मोदकस्तण्डकष्टङ्कः शाटकः कर्पटोऽर्बुदः ।
२०२८ पातकोद्योगचरकतमालामलका नडः ॥३३॥
२०२९ कुष्ठं मुण्डं शीधु बुस्तं क्ष्वेडितं क्षेमकुट्टिमम् ।
२०३० सङ्गमं शातमानार्मंशम्बलाव्ययताण्डवम् ॥३४॥
२०३१ कवियं कन्दकार्पासं पारावारं युगन्धरम् ।
२०३२ यूयं प्रग्रीवपात्रीवे यूपं चमसचिक्कसौ ॥३५॥

शेषः पुंनपुंसकयोः (अघी-पुंलिग-स्त्रीलिंग-क्लीबलिंगगा-देखाइयेका शब्दबाहेकका शब्द शेष हुन्, ती बाधकवचन-छैन-भने पुंलिगमा र क्लीबलिंगमा रहन्छन् ती-शब्द र तिन्को अर्थं हेर—

शब्द	अर्थं	शब्द	अर्थं
अर्धर्चः(र्चम्)	ऋचाको आधा	पिण्याकः(कम्)	पीना
कण्टकः(कम्)	काँढा	मोदकः(कम्)	लड्डू
तण्डकः(कम्)	रोग	टङ्कः(कम्)	ढुङ्गा काट्ने शस्त्र (टाँकी=छिनु)
शाटकः(कम्)	धोती=शाडी।	कर्पटः(टम्)	वस्त्र
अर्बुदः(दम्)	मासुको अंकुरउम्रने रोगविशेष, खर्ब्रो, दश करोड, ३	पातकः(कम्)	पाप
उद्योगः(गम्)	उद्योग	चरकः(कम्)	आयुर्वेदीयग्रन्थविशेष
तमालः(लम्)	तमालवृक्ष	आमलकः(कम्)	अमलाको फल
नडः(डम्)	नकंट, प्वाल २	कुष्ठः(ष्ठम्)	कुष्ठरोग, कूट वनौषधि विशेष २
मुण्डः(डम्)	टाउको	शीधुः(धु)	मदिरा
बुस्तः(स्तम्)	भुटेकोमासु, फलको निःसार भाग (खोस्टा-बोक्रा इत्यादि) ३	क्ष्वेडितः (तम)	वीरपुरुषको-रणगर्जना
क्षेमः(मम्)	क्षेम-कुशल	कुट्टिमः(मम्)	ढुङ्गाप्रभृति-छापेको दृढभूमि
सङ्गमः(मम्)	संगम (भेट)	शतमानः (नम्)	४ तोला(१ पल) चाँदी, आढक (४ पाथी) प्रमाण, २

३०३३ अर्धर्चादौ घृतादीनां पुंस्त्वाद्यं वैदिकं ध्रुवम् ।
३०३४ तन्नोक्तमिह लोकेऽपि तच्चेदस्त्यस्तु शेषवत् ॥३६॥

॥ इति पुंनपुंसकशेषः ॥

शब्द	अर्थ	शब्द	अर्थ
शम्बलः(लम्)	साँबल (पान्थभोज्य)	अव्ययः(यम्)	स्वर्-अन्तर्-इत्यादि-शब्द
ताण्डवः(वम्)	नाच	कवियः(यम्)	घोडाप्रभृतिको-लगाम
कन्दः(दम्)	वनौषधि प्रभृतिको गानु	कार्पासः(सम्)	क्रपास (रुवो)
पारावारः(रम्)	वारपार	युगन्धरः(रम्)	रथको-जुवा-अड्याउने-कीलो
यूपः(पम्)	यज्ञको-पशुबन्धनस्तम्भ (मौलो)	प्रग्रीवः(वम्)	आँखीझ्याल, वृक्षको टुप्पो, २
पात्रीवः(वम्)	यज्ञपात्रविशेष	यूषः (षम्)	पकायेका-अन्नादिको-रस (झोल)
चमसः(सम्)	सोमपानगर्ने-पात्रविशेष	चिक्कसः (सम्)	यज्ञपात्रविशेष, जउको पीठो । २

'अर्धर्चाः पुंसि च' भन्ने-सूत्रमा देखाइयेकागणपाठमा घृत-आदिगरेका-कुनै-शब्दको २ लिङ्ग(पुं०क्ली०) देखिन्छ, त्यो वेदमा-मात्र प्रयोग-गरिने हो, त्यसो-हुनाले ती घृतादि-शब्दको यहाँ उल्लेख गरियेन, [लौकिक-लिङ्गको-व्यवस्था-गर्न-बनाइयेका-ग्रन्थमा वैदिकलिङ्गको प्रसङ्ग गरियेन] लोकमा-पनि घृतादि-शब्दको कहीं शिष्टहरुले २ लिङ्गमा प्रयोग गरेको देखियो-भने [शास्त्र अनन्त छ, मैले नदेख्तैमा यसै हो भनि ठोकुवा-कुरा गर्नु-हुदैन] त्यो-पनि पछि-बताइने 'ज्ञेयं शिष्ट प्रयोगतः' यसवचनका-अनुसार शुद्ध हो भनि जान्नु-पर्दछ ॥३६॥

॥ इति पुंनपुंसकशेषः ॥

३०३५ स्त्रीपुंसयोरपत्यान्ता द्विचतुःषट्पदोरगाः ।
३०३६ जातिभेदाः पुमाख्याश्च स्त्रीयोगैः सह मल्लकः ।।३७।।

अपत्यान्ताः शब्दाः स्त्रीपुंसयोः (अपत्य (सन्तान) अर्थमा-विधानगरियेका-अण्[१]-यञ्[२] इत्यादिप्रत्यय-अन्त्यमाहुने-शब्द पुंलिङ्ग-र-स्त्रीलिङ्गमा रहन्छन्) जस्तै—

१ अण्—उपगोः-अपत्यं-पुमान्=औपगवः १, उपगोः-अपत्यं-स्त्री औपगवी २, इत्यादि ।

२ यञ्—गर्गस्य-अपत्यं-पुमान् = गार्ग्यः १, गर्गस्य-अपत्यं-स्त्री गार्गी २, इत्यादि ।

द्विचतुःषट्पदोरगाः स्त्रीपुंसयोः (द्विपद[१] (दुईखुट्टे मनुष्यादि) चतुष्पद[२] (चारखुट्टे गवादि) षट्पद[३] (६खुट्टे भ्रमरादि)लाई कहने शब्द [४]सर्पलाई कहने शब्द भालेको-विवक्षा-गरे पुंलिङ्गमा, पोथीको-विवक्षा-गरे स्त्रीलिङ्गमा रहन्छन्) जस्तै—

(१) द्विपद—मानुषः १, मानुषी २, मानवः १, मानवी २, नरः १, नारी २, इत्यादि ।

(२) चतुष्पद—हरिणः १, हरिणी २,। महिषः १, महिषी,। अजः १, अजा २, इत्यादि ।

(३) षट्पद—भ्रमरः १, भ्रमरी २, भृङ्गः १, भृङ्गी २, षट्पदः १, षट्पदी २, इत्यादि ।

(४) सर्प—उरगः १, उरगी २, भुजगः १, भुजगी २, नागः १, नागी २, इत्यादि ।

जातिभेदाः स्त्रीपुंसयोः (जातिविशेषवाचकशब्द पुंलिंग र स्त्रीलिंगमा विवक्षा-नुसार रहन्छन्) जस्तै—ब्राह्मणः १, ब्राह्मणी २ । क्षत्रियः १, क्षत्रिया २ = क्षत्रियाणी २ । अर्यः १, अर्या २ = अर्याणी २ । शूद्रः १, शूद्रा २ इत्यादि ।

पुमाख्याः स्त्रीयोगैः सह स्त्रीपुंसयोः (पुरुषवाचक-शब्द स्त्रीयोगले-युक्त-हुँदा ('तस्य स्त्री' यस्तो विवक्षा-गरिंदा (स्त्रीलिंगमा र पुंलिंगमा रहन्छन्) जस्तै—

ब्राह्मणः १, (ब्राह्मणस्य स्त्री) ब्राह्मणी २ । क्षत्रियः १, (क्षत्रियस्य स्त्री) क्षत्रियी २ । अर्यः १, (अर्यस्य स्त्री) अर्यी २ । शूद्रः १, (शूद्रस्य स्त्री) शूद्री २ । गोपः १ (गोपस्य स्त्री) गोपी २ । भवः १, (भवस्य स्त्री) भवानी २ । इन्द्रः १, (इन्द्रस्य स्त्री) इन्द्राणी २ इत्यादि ।

अब उदाहरणरूपले २ लिङ्ग (स्त्री० पुं०) मा-रहने-शब्द देखाइन्छन्, ती र तिन्को अर्थ हेर—

३०३७ ऊर्मिर्वराटकः स्वातिर्वर्णको झाटलिर्मनुः ।
३०३८ मूषा सृपाटी कर्कन्धूर्यष्टिः शाटी कटी कुटी ॥३८॥

॥ इति स्त्रीपुंसशेषसंग्रहः ॥

३०३९ स्त्रीनपुंसकयोर्भावक्रिययोः ष्यञ् क्वचिच्च वुञ् ।
३०४० औचित्यमौचिती मैत्र्यं मैत्री, वुञ् प्रागुदाहृतः ॥३९॥

शब्द	पुंलिङ्ग	स्त्रीलिङ्ग	अर्थ	शब्द	पुंलिङ्ग	स्त्रीलिङ्ग	अर्थ
मल्लक	मल्लकः	मल्लिका	बेली(फूल)	ऊर्मि	ऊर्मिः	ऊर्मिः	तरङ्ग
वराटक	वराटकः	वराटिका	कौडी, कमल गट्टा २	स्वाति	स्वातिः	स्वातिः	स्वातिनक्षत्र
वर्णक	वर्णकः	वर्णिका	लेपनगर्ने वस्तु	झाटलि	झाटलिः	झाटलिः	पाँडर=मोखा
मनु	मनुः	मनुः	मन्त्र	मूष	मूषः	मूषा	सुन्‌चाँदी गाल्ने भाँडो
सृपाटि	सृपाटिः	सृपाटिः (टी)	परिमाण-विशेष	कर्कन्धू	कर्कन्धूः	कर्कन्धूः	वय्रर
यष्टि	यष्टिः	यष्टिः	लठ्ठी	शाट	शाटः	शाटी	धोती-साडी
कट,कटि	कटः, कटिः	कटिः कटी	कटी (कम्मर)	कुट	कुटः	कुटी	योगीहरुको छाप्रो,झोपड़ी

॥ इति स्त्रीपुंसशेषसंग्रहः ॥

स्त्रीनपुंकयोः (अब-उप्रान्तका-शब्द स्त्रीलिंगमा-र-क्लीबलिंगमा रहन्छन्, यो अधिकारवचन हो)। भावक्रिययोः ष्यञ् स्त्री नपुंसकयोः (भाव-र-कर्ममा-विधान गरिने-ष्यञ्-प्रत्यय-अन्त्यमा-हुने-शब्द स्त्रीलिंग-र-नपुंसकलिंगमा रहन्छ) जस्तै—'उचितस्य भावः कर्म वा=औचित्यम् ३=औचिती २। मित्रस्य भावः कर्म वा=मैत्र्यम् ३, मैत्री २। चपलस्य भावः कर्म वा=चापल्यम् ३ = चापली २। चञ्चलस्य भावः कर्म वा=चाञ्चल्यम् ३, चाञ्चली २ इत्यादि।

भावक्रिययोः वुञ् क्वचित् स्त्रीनपुंसकयोः (भाव-र-कर्ममा-भयेको-वुञ्प्रत्यय-अन्त्यमा हुने शब्द कुनै स्त्रीलिंगमा, कुनै क्लीबलिंगमा, कुनै दुवै-लिंगमा रहन्छन्) जस्तै—अहो पुरुषस्य कर्म=आहो पुरुषिका २, शिष्योपाध्याययोः कर्म शैष्योपाध्यायिका २। रमणीयस्य-भावः कर्म-वा-रामणीयकम् ३, कमनीयस्य-भावः-कर्मवा कामनीयकम् ३। मिथुनस्य भावः कर्म वा मैथुनिका २, मैथुनकम् ३, इत्यादि पहिले उदाहरणरूपले कहियेको छ ॥३९॥

३०४१ षष्ठ्यन्तप्राक्पदाः सेनाछायाशालासुरानिशाः ।
३०४२ स्याद्वा नृसेनं श्वनिशं गोशालमितरे च दिक् ॥४०॥
३०४३ आबन्नन्तोत्तरपदो द्विगुश्चापुंसि नश्च लुप् ।
३०४४ त्रिखट्वं च त्रिखट्वी च त्रितक्षं च त्रितक्ष्यपि ॥४१॥

॥ इति स्त्रीनपुंसकशेषसंग्रहः ॥

३०४५ त्रिषु पात्री पुटी वाटी पेटी कुवलदाडिमौ ।

॥ इति त्रिलिङ्गशेषसंग्रहः ॥

पूर्वतिर कुनै-षष्ठ्यन्तपद-राखेर परतिर सेना[1], छाया[2], शाला[3], सुरा[4], निशा[5], ई ५ शब्द राखेर तत्पुरुषसमासगरेमा समस्तपद क्लीबलिङ्गमा पनि स्त्रीलिङ्गमा पनि रहन्छ जस्तै—

नृणां (मनुष्याणां) सेना[1]=नृसेनम् ३, नृसेना २। शुनाम् (कुक्कुराणां) निशा[5]=श्वनिशम् ३, श्वनिशा । गवां शाला[3]=गोशालम् ३, गोशाला २। इत्यादि अरु बुझ्नु-पर्दछ, जस्तै—वृक्षस्य छाया[2]=वृक्षच्छायम् ३, वृक्षच्छाया २।(❀) यवानां सुरा[4] (मदिरा)=यवसुरम् ३, यवसुरा २। इत्यादि ॥४०॥

आप्-प्रत्ययान्त र अन्-अन्त्यमा-हुनेशब्द पर राखेर गरेको द्विगु(संख्यापूर्वक)-समास छ भने समस्तपद क्लीबलिङ्ग-र-स्त्रीलिङ्गमा रहन्छ, अन्-अन्त्यमा-हुनेशब्द-का-नकारको लोप-समेत हुन्छ । जस्तै—

तिसृणाम् खट्वानां समाहारः=त्रिखट्वम् ३=त्रिखट्वी २। त्रयाणां तक्ष्णां समाहारः=त्रितक्षम् ३, त्रितक्षी २ [यहाँ तक्षन्शब्दका-नकारको लोपसमेत भयो] त्यस्तै—पञ्चानां शालानां समाहारः=पञ्चशालम् ३, पञ्चशाली २, चतुर्णाम्-उक्ष्णाम् समाहारः=चतुरुक्षम् ३, चतुरुक्षी २ इत्यादि जान्नु ॥४१॥

॥ इति स्त्रीनपुंसकशेषसंग्रहः ॥

अब ६ शब्द तीनै-लिङ्गमा रहन्छन् । पात्री ७ [भाँडा] पुटी ७ [दुना, खोचा, बोहोता, डव्वा, प्याङ्, प्रभृति] वाटी ७ [घरनेरको-वघैचा । बाटो । घडेरी ४] पेटी ७ [पेटारी, साधारण ढकनावाला-सन्दूक, कन्तूर, वाकस=वेगप्रभृति] कुवल ७ [बयरको फल] दाडिम ७ [दारिम-अनार] ।

॥ इति त्रिलिङ्गशेषसंग्रहः ॥

(❀) पूर्वपद बहुवचनान्त राखेमा २ लिङ्ग हुदैनन्, क्लीबलिङ्गमात्र हुन्छ । 'छाया बाहुल्ये' भन्ने-सूत्रले यो-कुरा सिद्ध छ ।

३०४६ परलिङ्गं स्वप्रधाने द्वन्द्वे तत्पुरुषेऽपि तत् ॥४२॥
३०४७ अर्थान्ताः प्राद्यलंप्राप्तापन्नपूर्वाः परोपगाः ।
३०४८ तद्धितार्थो द्विगुः संख्यासर्वनामदन्तकाः ।४३॥

स्वप्रधाने द्वन्द्वे परलिङ्गं भवति, तत्पुरुषेऽपि तत् (परलिंगं) भवति (समास-गरिने-सबै-पद-प्रधान-भयेको-(अर्थात्-इतरेतरयोग हुझाउन-गरिने) द्वन्द्वसमासमा जुन्-पद सब-भन्दा पर छ त्यसैको-लिङ्ग समस्तपदमा रहन्छ, तत्पुरुषसमासमा पनि त्यसै-गरि परपदको लिङ्ग रहन्छ) जस्तै—

'कुक्कुटश्च मयूरी च=अनयोः इतरेतरयोगः' भन्दा 'कुक्कुडमयूर्यौ' यस्तो मयूरीशब्दको-लिङ्गानुसार-समस्तपद स्त्रीलिङ्गी भयो । 'मयूरी च कुक्कुटश्च' भन्दा 'मयूरीकुक्कुटौ' यस्तो कुक्कुट-शब्दको-लिङ्गानुसार समस्तपद पुंलिङ्गी भयो इत्यादि ।

ब्राह्मणस्य कुलम्' भन्दा षष्ठी-तत्पुरुषसमास-भयेर कुलशब्दको-लिङ्गानुसार 'ब्राह्मणकुलम्' यो-समस्तपद क्लीबलिङ्गी भयो, 'कुलस्य ब्राह्मणः' भन्दा पूर्वोक्त-समास-भयेर ब्राह्मणशब्दको-लिङ्गानुसार 'कुलब्राह्मणः' यो-समस्तपद पुंलिङ्गी भयो इत्यादि ।।४२॥

अर्थान्ताः शब्दाः परोपगाः भवन्ति (अर्थ-शब्द-अन्त्यमा-हुने-तत्पुरुषासमास-गरेका-शब्द-विशेष्य-निघ्नलिंगी हुन्छन्) जस्तै—'द्विजाय-अयम् = द्विजार्थः सूपः [ब्राह्मण-कानिमित्तको दाल] यहाँ द्विजार्थशब्द विशेष्य-सूपशब्दको-अनुसार पुंलिङ्गी भयो । 'द्विजाय इयम् = द्विजार्था-रसाला' [ब्राह्मणका-निमित्तको-शिखर्नी] यहाँ रसाला-शब्दको-अनुसार द्विजार्थ-शब्द स्त्रीलिङ्गी भयो । 'द्विजाय-इदम् = द्विजार्थं = पयः' [बाहुनका-निमित्तको दूध, या पानी] यहाँ पयस्शब्दको-अनुसार द्विजार्थशब्द क्लीव-लिङ्गीभयो' इत्यादि ।

प्राद्यलंप्राप्तापन्नपूर्वाः शब्दाश्च परोपगाः (प्र[1]पराप्रभृति-उत्सर्ग, अलम्[2], प्राप्त[3] आपन्न[4] ई ४ थरी-शब्द-पूर्वमा-हुने-तत्पुरुषसमासले-सिद्ध-भयेका-शब्द पनि विशेष्यनिघ्न हुन्छन्) जस्तै-क्रमैले—

(१) प्रादिपूर्वतत्पुरुषमालाम्—अतिक्रान्तः = अतिमालः =पुरुषः । मालाम् अतिकान्ता = अतिमाला, नारी । मालाम्-अतिक्रान्तम् = अतिमालम् = कुलम्, इत्यादि ।

(२) अलंपूर्वतत्पुरुष—अलंकुमार्यै = अलंकुमारिः पुरुषः, अलंकुमारिः नारी, अलंकुमारि कुलम् इत्यादि ।

(३) प्राप्तपूर्वतत्पुरुष—जीविका—प्राप्तः[1] प्राप्ता[2], प्राप्तम्[3], प्राप्त[1]जीविकः प्राप्त[2]-जीविका, प्राप्त[3]जीविकम्, पुरुषः[1], नारी[2], कुलम्[3] इत्यादि ।

२०४९ बहुव्रीहिरदिङ्नाम्नामुन्नेयं तदुदाहृतम् ।

(४) आपन्नपूर्वतत्पुरुष—जीविकाम् आपन्नः, आपन्ना, आपन्नम् = आपन्नजीविकः, आपन्नजीविका, आपन्नजीविकम्, पुरुषः, नारी, कुलम्, इत्यादि ।

